# महामानव सम्यक् सम्बुद्ध

## अद्वितीय व्यक्तिको अनुपम जीवन गाथा



Ven. Weragoda Sarada Mahathero

अनुवादकः भिक्षु निग्रोध (सिद्धार्थ)

https://dhamma.digital

# महामानव सम्यक् सम्बुद्ध
## अद्वितीय व्यक्तिको अनुपम जीवन गाथा

Dhamma.Digital

Author
**Ven. Weragoda Sarada Maha Thero**
Singapore

अनुवादक - भिक्षु निग्रोध 'सिद्धार्थ'
विश्व शान्ति विहार

https://dhamma.digital

प्रकाशक :
**बाँला महर्जन, बैलाछेँ सपरिवार**
दथुलँ, शंखमुल

अनुवादक :
**भिक्षु निग्रोध 'सिद्धार्थ'**
विश्व शान्ति विहार

© सर्वाधिकार :
**प्रकाशकमा सुरक्षित**

आवरण तस्वीर :
**बोधिसत्त्व सिद्धार्थ, लुम्बिनी**

अनुवाद संस्करण : १००० प्रति, **उपासिका बाँला महर्जनको महारथारोहण जंकोको उपलक्ष्यमा**

प्रकाशन वर्ष : बु. सं २५६५, ने. सं. ११४१, ई. सं. २०२१
वि. सं. २०७८ असार १३ गते

मुद्रण : **न्यू नेपाल प्रेस**
१४२ मनकामना मार्ग, नागपोखरी, नक्साल, काठमाडौं । फोनः ४५३३९२९
e-mail: newnepalpress011@gmail.com

https://dhamma.digital

# भिं महारथारोहण जंकु




उपासिका आमा बाँला महर्जन

https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital

# दिवंगत बुबाको निर्वाण कामना



**उपासक श्री माईला महर्जन, बैलाछेँ**

*जन्म : बि.सं. १९८८ भाद्र गुँला पारु परिसमाप्ती दिन*

*दिवंगत : बि.सं. २०६२ पुस २५ गते, सोमवार*

https://dhamma.digital

Dhamma.Digital

# दिवंगत गुरूवरको निर्वाण कामना



**दिवंगत संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर**

*जन्म : बि.सं. १९९६ मंसिर ६ गते*

*दिवंगत : बि.सं. २०७७ असार १९ गते, शुक्रबार*

https://dhamma.digital

# प्रकाशन दाता परिवार

## बाँला महर्जन, गर्छँ बैलाछँ

छोरा श्याम महर्जन – बुहारी मैयाँ महर्जन, शंखमुल, नयाँ बानेश्वर
नातीनी मञ्जु महर्जन – ज्वाईं विजय तामाङ्ग, अमेरीका
नातीनी सोनी महर्जन – ज्वाईं सञ्जय महर्जन, अष्ट्रेलिया
नातीनी सनम महर्जन – ज्वाईं विवेक महर्जन, गुइ टोल

–

छोरा गोपाल महर्जन – बुहारी चन्द्रकुमारी महर्जन, दँथु लँ, शंखमुल
छोरा नाती जेन महर्जन – बुहारी सविना महर्जन, दँथु लँ, शंखमुल
छोरा पनाती जेलेन महर्जन
नातीनी जेनी महर्जन – ज्वाईं क्षितिज सिं, धोबिघाट

–

छोरा राधेश्याम महर्जन – बुहारी गुणलक्ष्मी महर्जन, शंखमुल, नयाँ बानेश्वर
छोरा नाती राज महर्जन – बुहारी वर्षा महर्जन (घले), शंखमुल, नयाँ बानेश्वर
छोरा नाती अमन महर्जन, शंखमुल, नयाँ बानेश्वर

–

छोरा भिक्षु निग्रोध 'सिद्धार्थ', विश्व शान्ति विहार

–

छोरी राममाया महर्जन – ज्वाईं शंकर महर्जन, धोबिघाट
छोरी नाती गौतम महर्जन – बुहारी लक्की महर्जन (थाई), थाइल्याण्ड
छोरी पनाती मार्बिन
छोरी नाती गजेन्द्र महर्जन – बुहारी सम्झना महर्जन, धोबिघाट
छोरी पनाती हेजेल महर्जन
छोरी नातीनी गमिका महर्जन – ज्वाईं सन्देश महर्जन, जापान
छोरी पनाती श्रावक महर्जन
सहित सम्पूर्ण महर्जन परिवार

https://dhamma.digital

# THE GREATEST MAN WHO EVER LIVED

## THE SUPREME BUDDHA


**AUTHOR:**
VEN. WERAGODA SARADA MAHA THERO



**EDITOR:**
Edwin Ariyadasa

**ILLUSTRATOR:**
P. Wickramanayake

**GRAPHIC CONCEPTS:**
Piyaratna Hewabatage



**EDITORIAL ADVISORY BOARD:**
Ven. Dr. K. Sri Dhammananda Maha Nayaka Thero
Ven. Dr.P. Gnanarama Maha Thero
Prof. Vini Vitharana
Ven. W. Sunanda
Sito Woon Chee
Ang Lian Swee (Sita)

**ADVISORY BOARD:**
Ven. Buddhasasanayotika J. Osada (**Japan**)
Ven. Sek Joy Ek (**Singapore**)
Mr. Wang Khee Pong (**SBMC Patron**)
Mdm. Ann Lee Kim Moi (**SBMC Patron**)
Mr. Peter Teo (**SBMC Patron**)
Mr. William Chua Geok Eng (**SBMC Patron**)
Ms. Vajira Siriwardana (**SBMC Legal Adviser**)
Mr. Sito Woon Chee (**SBMC President**)
Mr. Daya Satharasinghe (**SBMC Vice President**)
Mr. Chua Kim Huat (**SBMC Vice President**)
Ven. Sek Chuan Jie (**SBMC Hon. Secretary**)
Mdm. Tan Gim Hong (**SBMC Asst. Hon. Secretary**)
Mr. Chia Teck Siong (**SBMC Hon. Treasurer**)
Mr.D.S. Weeranarayana (**SBMC Hon. Asst. Treasurer**)
Mr. Ee Fook Choy (**SBMC Committee**)
Mr. Yeo Kit Leng (**SBMC Committee**)
Mr. Gan Kim Song (**SBMC Committee**)
Mr.Upul Rodrigo (**SBMC Committee**)
Mdm. Sito Sook Leng (**SBMC Auditors**)
Mdm. Lim Guat Eng (**SBMC Auditors**)
Ms. Manel de Silva (**Trade Commissioner**)
Mrs. Rose Weerakoon
Ms. Gertrude Weerakoon



Dhamma Digital
https://dhamma.digital

**Ven. Weragoda Sarada Nayaka Maha Thero**
**Chief Prelate, Singapore**
**THE SINGAPORE BUDDHIST MEDITATION CENTRE**
**No. 1, Jalan Mas Puteh, Singapore 128607**
Tel: 65-67783330, 65-94656570, 94-770589498
E-mail:vensarada@ymail.com weragodas1941@gmail.com

12 June, 2021

## CONGRATULATORY MESSAGE

Ven. Nepal Bhikshu Nigrodha
Secretary,
Vishwa Shanti Vihara
Nepal.

Dear Venerable Sir,

It gives me immense pleasure to learn that my good friend from Nepal Bhikshu Nighrodha is going to publish a translated version of my book "The Greatest Man who Ever Lived - The Supreme Buddha" into Nepalese language on the occasion of his mother Banla Maharjan's 90th birthday and also to commemorate his late Master Jnanapurnika Mahathero's first death anniversary, whom I also had the pleasure of meeting several times.

May your loving mother have long life and good health and may Master Jnanapurnika attain the Supreme Bliss of Nibbana.

I congratulate and extend my best wishes for the publication and success of your book.

May the Blessings of the Noble Triple Gem be with you.

With Metta,

Sarada

Ven. Weragoda Sarada Nayaka Maha Thero
Chief Prelate, Singapore

https://dhamma.digital

संघनायक नेपाल
Sanghanayaka of Nepal

संघनायक भिक्षु बोधिसेन महास्थविर
बोधिचर्या विहार, बनेपा-८, नेपाल
सम्पर्क : ९७७-०११-६६१७८९, ९८४१४८८३३०

Sanghanayaka Ven. Bodhisen Mahathero
Bodhicharya Vihar, Banepa-8, Nepal
Contact : 977-011-661789, 9841488330

# शुभ आर्शीवाद वचन

नेपालका सातौं संघनायक दिवंगत श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको एक शिष्य आवुसो भिक्षु निग्रोधले अंग्रेजी पुस्तक The Greatest Man Who Ever Lived (The Supreme Buddha) लाई **महामानव सम्यक् सम्बुद्ध** भनी नेपाली भाषामा अनुवाद गरि प्रकाशनमा ल्याउन लागेको थाँहा पाउँदा ज्यादै खुशी लागेको छ ।

उहाँले आफ्नो जन्मदाता आमा उपासिका बाँला महर्जनको तेस्रो जंकु महारथारो हणको पुनीत उपलक्ष्यमा यस महत्त्वपूर्ण पुस्तक धर्मदान गर्ने जानकारी पाउँदा असाध्यै हर्ष साथ साधुवाद दिन चाहन्छु ।

दिवंगत गुरु प्रति कृतज्ञता व्यक्त गरि समर्पण गरिएको यस पुस्तक धेरै भन्दा धेरै पाठक एवं जिज्ञासुहरूलाई लाभ हुनेछ भन्ने विश्वास साथ भविष्यमा पनि आवुसो भिक्षु निग्रोधले उत्तरोतर प्रगति गर्दै जान सकोस् भनि सुभाशीष दिन चाहन्छु ।

.........................................

**भिक्षु बोधिसेन महास्थविर**
संघनायक, महासद्धम्मजोतिकधज
बोधिचर्या विहार, बनेपा

२०७८ जेठ २९ गते, शनिवार

https://dhamma.digital

जि.प्र.का.दर्ता नं.: २९७/०४७/०४८

नमो तस्स लोकहितस्य तथागतस्स

NAMO TASSA LOKAHITASSA TATHAGATASSA

**विश्व शान्ति विहार**

**VISHWA SHANTI VIHARA**

मीनभवन, काठमाडौं, नेपाल, फोन नं.: ०१-४६२२९८४

(स्थापित: वि.सं. २०४१)

# धर्म प्रीतिको शब्दहरू

विश्व शान्ति विहारका उपप्रमुख भिक्षु श्रद्धेय निग्रोधबाट नेपालीमा अनुदित "**महामानव सम्यक् सम्बुद्ध**" पुस्तक प्रकाशन हुन गइरहेकोमा धर्मप्रीतिको अनुभव भएको छ ।

भगवान बुद्धको जीवनी, उपदेश भएका पुस्तकहरू अध्ययन गर्ने क्रममा मनमा बुद्धको गुण अनुस्मरण गर्न पाई अपार धर्मप्रीति उत्पन्न भई श्रद्धा उत्पन्न हुन्छ । जब बुद्धप्रति श्रद्धा उत्पन्न हुन्छ उहाँको उपदेश, शिक्षामा अझ बढी अभिरुची जाग्छ । र बुद्धको उपदेशलाई यस अवस्थामा पुऱ्याउन सहयोग गरिरहनु भएका भिक्षु संघप्रति श्रद्धा, आस्था, सम्मानको भाव प्रकट हुन्छ ।

परियत्ति शिक्षाको प्रारम्भिक प्रथम, दुतिय र तृतीय वर्षको नयाँ पाठ्यपुस्तक सम्पादनमा अनुभव तथा थेरवाद बुद्धिष्ट एकेडमीमा अध्यापनको अनुभव, विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय सम्मेलनहरूमा सहभागिताको आधारमा अंग्रेजीमा दक्खल हुनुभएका सहोदर भिक्षु निग्रोधले सिंगापुरका प्रशिद्ध भन्ते भिक्षु सरद महास्थविरद्वारा लिखित **The Greatest Man who ever live The Supreme Buddha** को नेपालीमा अनुवाद गरी आफ्नो अनन्त गुणवान आमा बाँला महर्जनको तेश्रो जंकोको उपलक्ष्यमा आमाको सुस्वास्थ लाभको कामना गरी यो पुस्तक प्रकाशन हुनु निश्चय नै खुशीको कुरा हो ।

२०४७ सालदेखि संगै विश्व शान्ति विहारमा श्रद्धेय गुरुवर भन्तेको सामीप्यमा रही संगसंगै एकआपसमा समन्वय राखी शासनको सेवा गर्न पाइरहेका छौं । वहाँले अनुवादको क्षेत्रमा अझ बढी कलम चलाउन सकी बौद्ध साहित्यिक क्षेत्रमा थप योगदान गर्न सकून् भनी मैत्री कामना गर्न चाहन्छु ।

यो पुस्तकले भगवान बुद्धको जीवनी, उहाँको जीवनमा कस्ता कस्ता व्यक्तिहरू परिवर्तन भएर दुःख मुक्तिको अवस्था निर्वाण लाभ गरी जीवन सफल पारे भन्ने आदि कुराहरू हामीले प्रेरणा लिन ठूलो मद्दत गर्नेछ । यो पुस्तक प्रकाशनको क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा लागि पर्नु भएका सबैलाई मंगलमैत्री कामना व्यक्त गर्न चाहन्छु ।

.......................................

**भिक्षु बोधिज्ञान**

विहार प्रमुख

विश्व शान्ति विहार, मीनभवन ।

२०७८ जेठ २९ गते, शनिवार

Vishwa Shanti Vihar, 465 Ekadanta marga, Meenbhawan, Ward No. 31, New Baneshwar, P.O. Box: 183, Kathmandu, Nepal
Phone: 977-1-4622984, 4622250, 9851167525, E-mail: bodhijnana@gmail.com, vishwa2556@gmail.com, Website: www.geocities.jp/viswa_shanti_vihar

Dhamma.Digital

https://dhamma.digital

# धर्मकीर्ति विहार संरक्षण कोष

**धर्मकीर्ति विहार, पत्र मञ्जुषा नं. ४९९२**
**श्रीघः, नघल टोल, काठमाडौं**
**फोन नं. ४२५९४६६**
**इमेल** : dharmakirtivihar@mail.com.np



अध्यक्ष
**भिक्षुणी धम्मवती**
फोन नं. ४२५९४६६

उपाध्यक्ष
**भिक्षुणी धम्मदिन्ना**
फोन नं. ४२५९४६६

**श्री द्रव्यमानसिंह तुलाधर**
फोन नं. ९८५११०५९५९

सचिव
**श्रीमती प्रफुल्ल कमल ताम्राकार**
फोन नं. ९८४१३३३६६०

कोषाध्यक्ष
**श्री अजयरत्न स्थापित**
फोन नं. ९८५१०२०९९०

सह-सचिव
**श्रीमती रमा कंसाकार**
फोन नं. ९८४१९८६१५४

सह-कोषाध्यक्ष
**श्री अरुणसिद्धि तुलाधर**
फोन नं. ९८४१४८९१५७

सदस्यहरु
**अनगारिका खेमावती गुरुमां**
फोन नं. ९८४१२९७९१५

**अनगारिका दानवती गुरुमां**
फोन नं. ९८४१५३२१२३

**श्री हिराकाजी शाक्य**
फोन नं. ९८४३२१८४८७

**श्री मोतिकाजी शाक्य**
फोन नं. ५५३८५५३

**श्री मदनरत्न मानन्धर**
फोन नं. ९८५१०३००८५

**श्री अगम्यरत्न कंसाकार**
फोन नं. ९८४१४०७०५५

**श्रीमती कीर्ति तुलाधर**
फोन नं. ९८४१२००९३५

**श्री उद्योगरत्न तुलाधर**
फोन नं. ९८४१२७०९११

**श्रीमती मीना तुलाधर**
फोन नं. ९८४१२८०६७३

**श्री नविन चित्रकार**
फोन नं. ९८४१४३९१५०


मिति: २०७८/०२/१५

# शुभ-कामना !

बुद्ध जन्मभूमि नेपालको आधुनिक कालका प्रव्रजित भिक्षुहरूको चौथो पुस्ताका एक सक्षम प्रव्रजित भिक्षुको रुपमा श्रद्धेय निग्रोध भन्ते पनि एक हुन् भन्दा सायद कसैको पनि दुईमत नहोला । आफ्ना गुरु श्रद्धेय ज्ञानपूर्णिक भन्तेको कदमलाई पछ्याउँदै उहाँले पनि ग्रन्थ अनुवाद कार्यमा हात अगाडि बढाउनु भएकोमा अति हर्षित भएकी छु । यस कुशल कार्यको निरन्तरताका लागि उहाँलाई शुभ कामना दिन चाहन्छु ।

उहाँ भन्तेका जन्मदाता माता बांला: मय्जु उपासिकाको तेश्रो महारथारोहण (९० बर्ष) को उपलक्ष्यमा उहाँ उपासिकालाई सुखी, निरोगी र दीर्घायु होस् भन्ने मंगल मैत्रीको पनि कामना गर्दछु ।

....................................

**धम्मवती गुरुमां**
*शासन धज धम्माचरिय*
*अग्ग महा गन्थवाचक पण्डित*
**अध्यक्ष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः, काठमाडौं

Dhamma.Digital

**Theravada Buddhist Academy**
(Affiliated with Lumbini Buddhist University)
**Vishwa Shanti Vihara,**
Meenbhawan, Kathmandu

Ref. No.                                                    Date: ..................................

# मंगलमय शुभकामना

भिक्षु वेरागोडा सारद महाथेर (Ven. Weragoda Sarada Mahathero) द्वारा अंग्रेजी भाषामा लेख्नुभएको The Greatest Man Who Ever Lived (The Supreme Buddha) 'दि ग्रेटेष्ट म्यान् हु इभर लिभ्द' नामक पुस्तक पहिलो पटक सन् १९९८ मा सिंगापुरबाट प्रकाशन गरिएको थियो । यो पुस्तकमा बुद्धको जीवनी र व्यक्तित्वका विविध पक्षहरूलाई रोचक ढंगले सचित्र वर्णन गरिएको छ । यस्तो महत्वपूर्ण पुस्तक थेरवाद बुद्धिष्ट एकेडेमीका अध्यक्ष हुनु भएका श्रद्धेय भिक्षु निग्रोध महास्थविरबाट नेपाली भाषामा अनुवाद गरी नेपाली साहित्यमा अनुपम योगदान गर्नुभएको मात्र नभई नेपालीहरूलाई बुद्धको व्यक्तित्वका विविध पक्षहरू राम्ररी अध्ययन गर्ने मौका प्रदान गर्नुभएकोमा म उहाँलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु । साथै उहाँको कलमबाट भविष्यमा पनि यस्तै अमूल्य कृतिहरूको प्रकाशन होस् भन्ने आकांक्षा सहित उहाँको सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

Dhamma.Digital

......................................

**डा. महेन्द्र रत्न शाक्य**
प्राचार्य
**थेरवाद बुद्धिष्ट एकेडेमी**
विश्व शान्ति विहार,
नयाँ बानेश्वर, काठमाडौं

२०७८ जेठ ३० गते



https://dhamma.digital

https://dhamma.digital

# भूमिका

श्रद्धेय निग्रोध भन्तेज्यूबाट अनुवाद भएको **"महामानव सम्यक् सम्बुद्ध"** पुस्तकको पाण्डुलिपिबाट प्रुफ हेर्ने सौभाग्य पाएँ ।

नेपालका सुपुत्र, विश्ववन्ध, विश्व शान्ति अग्रनायक सांसारिक दुःखबाट मुक्तिका प्रदायक भगवान् बुद्धको चरित्र, व्यक्तित्व, योगदान र अनुपम करुणाको व्यापक विषयलाई समेटिएर लेखिएको लोकप्रिय पुस्तक नेपाली भाषामा पनि रुपान्तरण हुनु नेपाली भाषी सबैका लागि अत्यन्त सुखका विषय मान्नु पर्दछ । साथै खस नेपाली साहित्यको भण्डारमा एक महत्वपूर्ण उपलब्धि ठान्नै पर्दछ ।

पच्चीसवटा अध्यायमा विभक्त र प्रत्येक अध्यायलाई आकर्षक शिर्षकले सजाइएको यस पुस्तक भित्र महामानव बुद्धको विशेषता, तत्कालीन समाजबारे बुद्धको आफ्नै विश्लेषण र मार्गदर्शन आफ्नो जीवनका महत्वपूर्ण अंशबारे बुद्धको आफ्नै भनाई आदि उल्लेख हुनु, ठाउँ-ठाउँमा मूलपालिको उद्धरण र त्यसको त्रिपिटक श्रोतको प्रमाण दिनु, कट्टर पन्थी जैन शिक्षा भारत बाहिर फैलन किन सकेन भन्ने विश्लेषण, प्रसङ्ग मिलाएर जातक कथाको उदाहरण प्रस्तुत हुनु, अन्य धार्मिक ग्रन्थ, रिति र संस्कार बारे बुद्धको धारणा बारे स्पष्ट बुझाइनु, जातीवाद सम्बन्धमा बुद्धको स्पष्ट भनाई पस्किनु, बुद्धको दिनचर्यामा बाईस घन्टा जनसेवामा लाग्नुका अनुपम उदाहरणहरू प्रस्तुत हुनु आदि कारणले गर्दा सम्पूर्ण क्षेत्रका पाठकवर्गलाई एउटा नौला स्वाद, नयाँ तथ्य र बुद्ध शिक्षाको व्यावहारिक पक्षलाई उजागर गर्ने अत्यन्त सफल कृति मान्न सकिन्छ ।

बुद्धद्वारा तत्कालीन प्रचलित जन भाषामा शिक्षा प्रचार गर्नू भएको यथार्थ, आफ्नो धर्ममा गुरु मुष्टि नभएको बुद्ध स्वयंद्वारा उद्घोष भएको तथ्य, हिंस्रकलाई अहिंस्रकमा परिणत गरी अर्हत् अंगुलीमाल बनाउनु भएको प्रसङ्ग, गणिका अम्बपालीलाई अर्हत् हुन सक्ने गरी विपश्यना सिकाउनु भएको घटना, अपशब्द प्रयोग गरी गाली गर्ने र श्राप दिन नहुने सल्लाह, खेतको सन्धियारसँग मित्रवत् सम्बन्ध राख्नु पर्नाको कारण, बुद्धद्वारा रोगी भिक्षुको सेवा सुश्रुषाको विवरण, दासीलाई दासत्वबाट मुक्त गर्न उनको प्रस्ताव स्वीकार गरेको घटना, धनलाई कालो सर्पको उपमा र नभन्दै त्यसमा फसेका कृषकको उद्धारको कारुणिक उदाहरण, भोकाएको मानिसलाई पेट भरी खान दिएर मात्र धर्मको कुरा सुनाउनु भएको व्यावहारिक दृश्यन्त, बुद्धलाई नचिन्ने व्यक्तिलाई आफ्नो परिचय नदिइकनै हृदय परिवर्तन गराई मुक्तिको मार्गमा पठाएको मैत्रीपूर्ण प्रसङ्ग, सामाजिक सुधारका महान अभियन्ता, लोकतन्त्र र समाजवादका मार्गदर्शक बुद्धको बारे विविध प्रमाणहरूको प्रस्तुत, भिक्षुसंघको विवाद निरुपणमा लोकतान्त्रिक

https://dhamma.digital

पद्धति प्रयोगका उदाहरणहरूको बारेमा जिज्ञासुहरूलाई राम्रै खुराक यस पुस्तक भित्र पाइन सक्छन् ।

एउटा प्रसङ्गमा बुद्धले आफूलाई महामावन दावी गरे पनि सर्वसाधारण मनुष्य सरह नै आफ्नो शरीरको संरचना रहेको र तिर्खा, रोग र वृद्धत्वले गाँजेको कुरा स्वयंबाट उद्घोष गरेको कुरा यो पुस्तकमा पढ्न पाइन्छ ।

"पापलाई त्याग्न नसकिने भए त्यसलाई छोड् भनी भन्ने थिइन्, पापलाई छोडेमा अवश्य कुशल राम्रो र सुख वृद्धिहुन्छ" भन्ने बुद्धको स्पष्ट भनाई पनि यसै भित्र पाइन्छ। यसै गरी "मनुष्यले गुण र शील आचरण विकास गऱ्यो भने देवताले पनि रक्षा गर्नुका साथ साथै आदर पनि गर्ने गर्छ" भन्ने बुद्धको टिप्पणी पनि थाहा पाउन सकिन्छ ।

वातावरण विषयमा बुद्ध कतिको संवेदनशील हुनुहुन्थ्यो भन्ने प्रमाण उहाँले प्रायः उपदेश खुल्ला आकास मुनी रुखको छहारीमा गर्नु हुने घटनाले पुष्टि गर्दछ। कृषकहरूलाई कृषि कर्मकै ज्वलन्त उदाहरणबाट शिक्षा दिने गर्नु हुन्थ्यो र आफूले पनि कृषि कर्म गर्ने गरेको खुलासा पनि यस पुस्तकमा पाइन्छ ।

बुद्धको उपदेश शैलीमा प्रत्यक्ष प्रमाण दिने अद्वितीय तरीका पाइन्छ जस्तो कि मृतक नर्तकी सिरमाबाट शरीरको अनित्यता र रुप लावण्यको वास्तविक स्वभावलाई प्रदर्शन गर्नु भएको घटना, कृशा गौतमीलाई घरघरमा तोरी माग्न पठाई मृतक छोरा विउँतिन्न भन्ने प्रत्यक्ष स्व ज्ञानको उत्पादन गराउनु भएको घटनालाई लिन सकिन्छ ।

बुद्ध एक महा कारुणिक, महा करुणावान हुनुहुन्थ्यो भन्ने थुप्रै उदाहरणका वीच एउटा घटना यहाँ उल्लेख गर्नु प्रासंगिक होला जस्तो छ। १२५० जना भिक्षुहरूका साथ भेट भएका बुद्धलाई भोजनको निमन्त्रणा गर्दा दातालाई गाह्रो होला भनेर बुद्धले निमन्त्रणा अस्वीकार गर्नुभएको थियो। विरोधीहरूको तीव्र विरोध, अवरोध निन्दा बीचमा उनीहरूलाई क्षमा गर्दै करुणा राख्दै अगाडि बढ्न सक्ने एक मात्र व्यक्तित्व बुद्ध नै हुन्, भन्ने उद्घोष यसमा पाइन्छ। बुद्धत्व प्राप्तिका लागि आफूले दुष्करचर्या गरेको बारे बुद्धको आफ्नै भनाई पनि उल्लेख भएको यस पुस्तकमा बुद्धलाई अद्वितीय कुशल बक्ताको रुपमा चित्रण गरिएको पाइन्छ। यसै गरी बुद्धलाई धर्म गुरुहरू मध्येमा प्रगतिशील व्यक्तित्व एक कुशल मनोरोग विशेषज्ञ, मनोवैज्ञानिक हुनु भन्ने विभिन्न प्रमाण र उदाहरणहरूबाट प्रष्ट्याइएको पाइन्छ। मानिसहरूमा चवालिस प्रकारका मनोरोग हुने र त्यसको निवारणका उपायहरू पनि बताईएको छ। साथै विभिन्न शारीरिक रोगको उपचारका विधिहरूको पनिवर्णन पाइन्छ ।

कुनै उपायले पनि तालिम नहुने घोडालाई सारथीले मारे झैं कुनै पनि उपायले सम्भव नभएको मानिसलाई आफूले पनि मार्ने बुद्धको खुलासा, तर कसरी भन्ने बारे थाहा पाउन पनि यही पुस्तक अध्ययन गर्नु होस् ।

संसारमा सुखपूर्वक सुत्नेहरू मध्ये आफू पनि एक भएको बुद्धको भनाई साह्रै घतलाग्दो

https://dhamma.digital

हुन सक्छ। बुद्धले कस्तो वचन बोल्नु हुन्छ। अरुलाई चित्त दुख्ने गरी बोल्नु हुन्छ वा हुन्न ? भन्ने बारेमा पनि जानकारी पाउन सकिन्छ।

भयानक र डरलाग्दा मनुष्य, अमनुष्यहरू पनि बुद्ध समक्ष घुँडा टेकेका घटनाहरू पाइने यस पुस्तक भित्र बुद्धको प्रभावशाली व्यक्तित्वको वर्णन पनि पाइन्छ। बुद्धको अनुहार मात्र हेरीरहन पनि भिक्षु बन्न आएको प्रसङ्ग र उसलाई सहीमार्ग देखाईएको आदर्श उदाहरण पनि भेटिन्छ।

ऋद्धि चमत्कारको सृजना कसले र कसरी गर्छ ? यसको मूल्य कति हो ? भन्ने दृष्टान्त उदाहरण दिनु हुँदै बुद्धले आफ्ना शिष्यहरूलाई यसतर्फ नलाग्न सतर्क गराउनु भएको प्रसँग पनि उल्लेख छ।

बुद्धद्वारा आफू धार्मिक राज्यको धार्मिक राजा भएको उद्घोषका साथै आफूसँग राज्यलाई चाहिने सेनापति देखि लिएर नागरिक आदि सम्पूर्ण अवयव मौजूद रहेको जिकिर पनि भेटिन्छ।

लुम्बिनी स्थित अशोक स्तम्भ लगायत अन्य स्तम्भहरूमा कुँदिएका ऐतिहासिक दस्तावेजहरूको चर्चा सहित बुद्धले बुद्धत्व प्राप्त गर्नु भएको बोधि वृक्षको अस्तित्व आज पर्यन्त रहेको प्रमाण पनि प्रस्तुत गरिएको पाइन्छ। तथागतको महापरिनिर्वाणको प्रसङ्ग सँगसँगै बुद्धको अस्तिधातु संरक्षण, उत्खन्न र प्रतिस्थापन गरी बनाईएका दशवटा स्तूपहरूको वर्णनका साथै श्रीलंकामा बुद्धको अस्तिधातु सम्बन्धित प्रचलित र रोचक प्रसङ्गको पनि उल्लेख गर्दै धातु विभाजनको वर्णनबाट टुंगिएको यो महत्वपूर्ण, जानकारी मूलक र ऐतिहासिक प्रामाणिक विवरणहरूले भरिएको यस पुस्तक सबैका लागि पठनीय संग्रहनीय र मननीय हुने कुरामा शायद दुईमत रहने देखिदैन।

पुस्तकबारे आफ्नो केही कुराहरू व्यक्तगर्ने मौका प्रदान गर्नु भएकोमा श्रद्धेय निग्रोध भन्तेज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु।

सब्बे सत्ता भवन्तु सुखीतत्ता।

२०७८/०२/०६ गते
सोह्रखुट्टे, काठमाडौं

**मदनरत्न मानन्धर**
सह-प्राध्यापक

https://dhamma.digital

https://dhamma.digital

# मेरो दुई शब्द

**सब्ब दानं धम्मदानं जिनाति**, सबै दान मध्ये धर्म दान उत्कृष्ट छ। धर्म दानले सबै दानलाई जित्छ भन्ने बुद्ध वचनलाई स्मरण गर्न चाहन्छु।

गत वर्ष Covid 19 को विश्वव्यापी महामारीले लकडाउन अवस्था सिर्जना भयो। केहि वर्ष अगाडि देखि Venerable Weragoda Sarada Mahathero, Singapore को अंग्रेजी पुस्तक The Greatest Man Who Ever Lived (The Supreme Buddha) नेपालीमा अनुवाद गर्न पाए हुन्थ्यो भन्ने मनमा लागेको थियो। त्यसैले लकडाउनको समय सदुपयोग गरि अनुवाद कार्य शुरु गरें।

**पुजा च पुजनेय्यानं एतं मङ्गल मुत्तमं** पुजा गर्न योग्यलाई पुजा गर्नु मङ्गल हो भन्ने बुद्ध वचन गुणानुस्मरण गरी यस वर्ष २०७८ असार १३ गते आफ्नो जन्मदाता आमा भाग्यमानी उपासिका बाँला महर्जनको तेस्रो जंकु महारथारोहणको उपलक्ष्यमा धर्मदान गर्ने लक्ष्य अनुरुप यो पुस्तक तयार भएको हो। हुनत बिज्ञान प्रविधिको आधुनिक समाजमा धर्म चिन्तनको, ज्ञानको तथा अध्यात्मको लागि समय निकाल्न निकै गाह्रै भैसकेको छ। मानिसहरूको समाज पूर्ण रुपमा यान्त्रिक, स्मार्ट जेनेरेसन तथा भौतिकवादी भैसकेको छ। पुस्तक ग्रन्थहरू तथा लाइब्रेरीहरू पुरानो संस्कृति भैसकेको अवस्था रहेको छ। तैपनि अध्ययनले मानवलाई पूर्ण मानव बनाउँछ भन्ने भनाईलाई अनुशरण गरि यो पुस्तक अनुवाद गरि प्रकाशमा ल्याएको छु।

नेपाली समाजमा भगवान बुद्धलाई जान्ने बुझ्ने चिन्ने तथा पूजा गर्ने आ-आफ्नो शैली रहेको छ। ती परम्परागत संस्कृति बाहेक पनि हिन्दू, बौद्ध, जैन, क्रिश्चयन, मुस्लिम अनुयायीहरूले बुद्धलाई विभिन्न कोणबाट बुझ्ने गरेको छ। तर यस महामानव सम्यक सम्बुद्ध (अद्वितीय व्यक्तिको अनुपम जिवन गाथा) पुस्तकले भगवान बुद्धलाई ऐतिहासिक तथा बिज्ञान सम्मत रुपमा दर्शाउने कोशिस गरेको छ। नेपालको लुम्बिनीमा जन्मनु भएको तथागत भगवान बुद्ध Scientific रुपमैं Blessed One, Awaken One तथा Enlightement One हुनुहुन्छ भनी बुद्धको महिमा विभिन्न पक्षबाट देखाउने कोशिस गरिएको छ।

यस पुस्तकका मुल लेखकबाट अनुवादको अनुमति पाएकोमा आफूलाई धर्म गौरवको महशुस भएको छ। साथै विश्व शान्ति विहारका आवुसो उत्तरो तथा पद्मकीर्ति विहारका ध्यानवति गुरुमाँको सहयोग विना अनुवाद कार्य सम्भव थिएन अतः यस धर्मदानमा आवश्यक सम्पूर्ण सहयोग गर्नुहुने उहाँहरूलाई हृदय देखि आभार व्यक्त गर्दछु।

https://dhamma.digital

अंग्रेजी अनुवाद भाषा शैली त्रुटि भएकोमा शुद्धाशुद्धि हेरि सहयोग गरिदिनु हुने नेपाली शिक्षिका उर्मिला शाक्य (सापकोटा), यशोधार मा. वि., टक्सार, भोजपुरका पूर्व प्र.अ. हाल विराटनगरका उपासक गणेश बज्राचार्य तथा सह प्रध्यापक मदनरत्न मानन्धर प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु । पालि शुद्धा शुद्धि हेर्नुहुने श्रद्धेय भिक्षु संकिच्चलाई पनि सहयोगका लागि साधुवाद दिन चाहन्छु । अन्य सहयोगको लागि श्रद्धेय बोधिज्ञान भन्ते, प्रदिप शाक्य 'घोषक' तथा मीम शाक्यलाई पनि धन्यवाद दिन चाहान्छु ।

यस पुस्तकको लागि मंगल सुभाषिस शुभकामना दिनुहुने श्रद्धेय संघनायक भिक्षु बोधिसेन महास्थविर, आदरणीय धम्मावती गुरुमां प्रति कृतज्ञी छु । साथै श्रद्धेय बोधिज्ञान महास्थविर तथा महेन्द्ररत्न शाक्यको मैत्रीयुक्त शुभकामनाको लागि अन्तर हृदय देखि अनुमोदन गर्दछु । प्रुफ हेर्ने, भाषा मिलाउनमा मात्र नभइ भूमिका प्रक्कथन समेत लेखि प्रेरणा दिनु हुने बौद्ध विद्वान् मदनरत्न मानन्धर प्रति आभारी छु ।

पुस्तक प्रकाशनको जिम्मा मेरो घर परिवार बाँला महर्जन सपरिवारले लिइदिए । तसर्थ प्रात स्मरणिय आचार्य गुरु दिवंगत संघनायक भिक्षु ज्ञानपूणिक महास्थविर तथा दिवंगत बुबा माईला महर्जनको निवार्ण कामना गरी यो पुस्तक समर्पण गरेको छु । त्यस्तै गरी ममतामयी आमा बाँला महर्जनको महारथारोहणको मंगल उपलक्ष्यमा उहाँको सु-स्वास्थ्य चिरायु कामना सहित प्राणि जगतमा कोरोना न्युनिकरण भई शान्ति स्वस्थि होस् भनि कामना गर्दछु । समयमै पुस्तक छापि सहयोग गर्नहुने न्यू नेपाल प्रेस परिवारलाई पनि हार्दिक धन्यवाद छ। मेरो प्रयासमा भएका त्रुटिहरूमा यहाँहरूको सुझावको अपेक्षा पनि गर्दछु ।

**॥ चिरं तिट्ठतु सद्धम्मो ॥**

Dhamma.Digital

**भिक्षु निग्रोध 'सिद्धार्थ'**

२०७८ असार ०१ गते

विश्व शान्ति विहार

मीन भवन

# विषय-सूचि


| अध्याय | विषय | पेज नम्बर |
|---|---|---|
| अध्याय १ | भगवान् बुद्ध कुनै ईश्वर वा देवता होइनन् | १ |
| अध्याय २ | महानतम बुद्ध : एक महान् गुरु | १५ |
| अध्याय ३ | भगवान् बुद्ध अहिंसाका महान प्रवर्तक | ३२ |
| अध्याय ४ | भगवान् बुद्ध : सबैभन्दा बढी दुःख झेल्ने व्यक्तित्व | ३६ |
| अध्याय ५ | भगवान् बुद्ध एक आध्यात्मिक अगुवा हुन् जसले मानव कल्याणको लागि महान् समर्पण गरे | ४० |
| अध्याय ६ | भगवान् बुद्ध : मानव मध्ये अनुशासित व्यक्तित्व | ४५ |
| अध्याय ७ | भगवान् बुद्ध एक ऐतिहासिक र प्रामाणिक आध्यात्मिक गुरु | ४९ |
| अध्याय ८ | सबैभन्दा बढी दोषारोपित समाज सुधारकभगवान् बुद्ध | ५७ |
| अध्याय ९ | भगवान् बुद्ध एक अगुवा सिद्धान्तकार | ६० |
| अध्याय १० | युवा संघ सुरु गर्नेआध्यात्मिक युवा गुरु : भगवान् बुद्ध | ६४ |
| अध्याय ११ | के बुद्ध धर्मले धार्मिक ग्रन्थ, रिति र संस्कारलाई मान्दछ ? | ६८ |
| अध्याय १२ | सर्वज्ञ बुद्ध, परम पथप्रदर्शक | ७२ |
| अध्याय १३ | बैचारिक र सामाजिक क्रान्तिकाधार्मिक नेता : भगवान् बुद्ध | ८० |
| अध्याय १४ | सत्य सिद्ध गर्नुहुने महान् पराक्रमी बुद्ध | ९० |
| अध्याय १५ | धर्मको प्रतिपादक र प्रवक्ताः बुद्ध | ९७ |
| अध्याय १६ | भगवान् बुद्ध : धर्मगुरु मध्येमा प्रगतिशील व्यक्तित्व | १०३ |
| अध्याय १७ | भगवान् बुद्ध एक महान् उपदेशक र प्रवचक | १०८ |


https://dhamma.digital

अध्याय १८ तथागत भगवान् बुद्ध एक कुशल मनोरोग विशेषज्ञ १२१

अध्याय १९ भगवान् बुद्ध अतुलनीय सुन्दर व्यक्तित्व १२९

अध्याय २० भगवान् बुद्ध एक महान् मनोवैज्ञानिक १४०

अध्याय २१ भगवान् बुद्ध धार्मिक राज्यको धार्मिक राजा १४९

अध्याय २२ भगवान् बुद्ध : त्रिलोक गुरु १५८

अध्याय २३ भगवान् बुद्ध संसारका महाकारुणिक तथागत १६५

अध्याय २४ भगवान् बुद्ध सामाजिक सुधारका महान् अभियन्ता १८०

अध्याय २५ भगवान् बुद्ध लोकतन्त्र र समाजवादको मार्गदर्शक १८९

वसल सुत्त : (वृषल चण्डाल सम्बन्धित देशना) १९९

**भगवान् बुद्धको पवित्र अस्थिधातु** (अङ्गार) २३५

**बुद्धको पवित्र अस्तिधातु शुभारम्भको कथा** २३६

**भारतमा रहेको भगवान् बुद्धको अस्थिधातुको इतिहास** २४१

**श्रीलंकामा बुद्धको अस्थिधातु सम्बन्धित प्रचलित कथा** २४४

**हालको अवस्थामा अस्थिधातुको विवरण** २४५

**महापरिनिर्वाण सूत्र - पवित्र अस्थिधातु वितरण** २४७

**महाकाश्यपको उपस्थिति** २४८

**अस्थिधातुको माग** २४९

**द्रोण ब्राह्मणको हस्तक्षेप** २५१

**स्तुपको स्थापना** २५३


Dhamma.Digital

# भीषणयुद्ध

यो सम्पूर्ण ब्रह्माण्ड नै युद्धको ठूलो भूमि हो ।
जहाँ त्यहिँ युद्ध भइरहेको हुन्छ । प्राणीको अस्तित्व भन्नु नै
भयानक रोगहरूसँगको व्यर्थ लडाई हो
जहाँ अणुको अणुसँग, परमाणुको परमाणुसँग र
इलेक्ट्रोनको इलेक्ट्रोनसँग संघर्ष भइरहेको हुन्छ ।
अशिक्षित मनमा रुप, शब्द, रस
आदिको अर्न्तक्रियाले अझ यो भन्दा घमासान युद्ध भइरहेको हुन्छ ।
युद्ध जस्तो दुःखमय अस्तित्वले
सुखको अवस्था पनि छ भन्ने प्रमाणित गर्दछ ।
जसलाई हामी निर्वाण भन्दछौँ ।

*- Ven. Narada Thera, "The Bodhisatta Ideal"*

https://dhamma.digital



# भगवान् बुद्ध कुनै ईश्वर वा देवता होइनन्

उहाँ एक असाधारण, अद्वितीय मानव हुनुहुन्छ । भगवान् बुद्धलाई राम्ररी नचिनेका र नजानेका व्यक्तिहरूले उहाँलाई ईश्वर, देवता भनी पूजा गर्दछन् । तर बुद्ध स्वयं त्यस प्रकारको पूजा अर्चना वा उपासना आवश्यक नरहेको बताउनु हुन्छ र उहाँले यी चीजहरूको कहिल्यै अपेक्षा पनि गर्नु भएन ।

"हेर भिक्षुहरू, लाभ सत्कार प्रशंसा स्तुति एवं मान सम्मान ग्रहणयोग्य कुरा होइनन् । यी चीजबाट बच्नु नै राम्रो छ । यो झन डरलाग्दो र भययुक्त छ । जीवनमा दुःख मुक्त हुन यी लाभ सत्कारले बाधा पुऱ्याउँछ ।

(**दारूनो भिक्खवे लाभ सक्कार सिलोको कटुको, फरुसो अन्तरायिको, अनुत्तरस्स योगक्खेमस्स अधिगमाय**)"

*- (संयुक्तनिकाय, लाभसक्कारसंयुत्त)*

भगवान् बुद्ध मानिसहरूको समाजमा घुल्नुभयो । त्यसताकाका मानिसहरूको अज्ञानता, चेतनाको अभाव, गलत धारणा र मिथ्या आचरणबारे गहन ढंगले अध्ययन गर्नुभयो । उहाँ जस्ता युग पुरूष महामानवहरूले बाह्य पूजा प्रशंसा वरदानलाई कहिल्यै पनि समर्थन गर्नु भएन । एक दिन भगवान् बुद्ध **सेतब्या** नगरको **उक्कट्ठ** भन्ने शहरमा एक्लै हिँडिरहनुभएको थियो । द्रोण नामक एक ब्राह्मण पनि त्यही बाटो भएर यात्रा गर्दै थिए । बाटोमा उसले बुद्धको पाइला (पदचिन्ह) देख्यो । त्यस पाइलालाई हेर्दै उसले विचार गऱ्यो "यो पाइला कदापि साधारण मनुष्यको हुन सक्दैन ।" भगवान् बुद्ध बाटोको पारिपट्टीगएर एउटा रूखमुनि विश्राम गरिरहनु भएको समयमा द्रोण ब्राह्मण पनि हिँड्दै बुद्ध सामु पुगे । बुद्धको शोभायमान रूपको दर्शन गरी मन प्रशन्न पारी उनले बुद्धलाई प्रश्न गरे, "तपाई ईश्वर, देवता हो ?"

भगवान् बुद्ध : "ब्राह्मण म देवता होइन ।"

ब्राह्मण : "तपाई गन्धर्व (अलौकिक साङ्गीतिक देवता) हो ?"



https://dhamma.digital

भगवान् बुद्ध : "ब्राह्मण म गन्धर्व पनि होइन ।"
ब्राह्मण : "तपाई यक्ष हो ?"
भगवान् बुद्ध : "म यक्ष पनि होइन ।"
ब्राह्मण : "तपाई मनुष्य हो ?"
भगवान् बुद्ध : "म अब मनुष्य पनि होइन ।"

ब्राह्मण : "जब मैले तपाईलाई देवता हो कि भनी सोध्दा तपाईले होइन भन्नुभयो । जब मैले तपाईलाई रूप धारण गरेको गन्धर्व, यक्ष वा मनुष्य हो भनी सोध्दा पनि तपाई कुनै पनि होइन भन्नुभयो । यदि त्यसो हो भने तपाई आफै भन्नुहोस् कि तपाई को हो ?"

भगवान् बुद्ध : "हे ब्राह्मण यदि म देवता भएको भए मसँग थुप्रै इन्द्रिय आशक्ति हुनेथियो । तर मैले ती सबै इच्छा आशक्तिहरू निर्मूल पारिसकें । त्यसैले म देवता होइन । यदि म गन्धर्ब भएको भए मसँग इच्छा आशक्ति भरिपूर्ण हुनुपर्थ्यो तर मैले ती सबै उखेलेर फालिसकें । त्यसैले म गन्धर्व पनि होइन ।

हे ब्राह्मण, म यक्ष भएको भए अरू यक्ष सरह नै थुप्रै आकांक्षा कामनापूर्ण हुन्थे, तर म सम्पूर्ण रूपमा ती आशक्तिहरूबाट मुक्त भइसकें । म यक्ष, देवता होइन न त हे ब्राह्मण, म एक साधारण मनुष्य नै हुँ । साधारण मनुष्यमा हुने क्लेश ममा छैन । म निर्मल छु । आशक्तिको भावबाट मुक्त छु । त्यसैले हे ब्राह्मण, नीलो कमलको फूल, रातो कमलको फूल तथा सेतो कमलको फूल पानी मै उम्रिन्छ । तर पनि त्यो पानीमाथि नै फुल्छ र हिलो मैलो पानीबाट अलग्ग रहन्छ । त्यसैगरी म पनि यो संसारमा मनुष्यको बीचमा रहे पनि अलग्ग र शुद्ध छु । म मनुष्य लोकमै जन्में । संसारमा रहेका अरू साधारण पुरूष महिला सरह नै हुर्के तर म संसारको विषयवस्तुमा आशक्त रहिनँ । त्यसैले हे ब्राह्मण, म अद्वितीय असाधारण महामानव हुँ । जसले साधारण मनुष्यमा रहेका सबै कमी कमजोरीहरूलाई उखेलेर विनाश गरी क्लेशमुक्त भईसके (**उत्तर मनुस्सो**) । संक्षिप्तमा म बुद्ध हुँ । हे ब्राह्मण मलाई बुद्ध भनेर नै जान्नुहोस्, बुद्ध भनेर नै चिन्नुहोस् ।" - *(अंगुत्तरनिकाय, चतुक्क निपात, दोनालोकसुत्त)*

भगवान् बुद्ध र ब्राह्मण बीचको यो संवाद प्रसंगले मनुष्य भन्ने शब्दले साधारण व्यक्ति जसमा मानसिक विकार, आशक्ति, क्लेश भएकाहरूलाई जनाउँछ भने त्यस्ता कमीकमजोरीबाट मुक्त, चेतनाको उच्चतम विन्दुमा पुगेका व्यक्तिलाई मात्र बुद्ध भनिन्छ । अन्यथा अरू प्राणी जगतमा सुर, असुर, नर तथा नागरूप पनि रहेका छन् ।

बुद्धको जीवनीलाई दुई भागमा विभाजन गर्न सकिन्छ । सर्वप्रथम राजकुमार सिद्धार्थको रूपमा जन्मनु भएदेखि बोधिज्ञान प्राप्त नगरेसम्मको अवधि ३५ वर्षलाई साधारण मनुष्यको रूपमा लिन सकिन्छ । जब उहाँले बोधिवृक्षमुनि बोधिज्ञान प्राप्त



https://dhamma.digital



*द्रोण नामको ब्राह्मण भगवान बुद्ध जानुभएकै बाटोबाट जाँदा बुद्धको पाइतालाको छाप देखे । त्यो देखेर उसले विचार गरे, "यो त एक साधारण मान्छेको पाइतालाको छाप हुनै सक्दैन ।"*



https://dhamma.digital

गर्नुभयो, सम्पूर्ण राग, द्वेष र मोहबाट मुक्त हुनुभयो, उहाँ अद्वितीय असाधारण, ऐतिहासिक व्यक्तित्व हुनुभयो । साथै साधारण मनुष्यसँग अब उपरान्त तुलना गर्न नमिल्ने हुनुभयो । बुद्ध ज्ञानसँगै उहाँ अतुलनीय हुनुभयो । उहाँको तुलना अब स्वयं बुद्धसँग मात्रै गर्न मिल्ने भयो । त्यसैले मनुष्यको बीचमा उहाँ जागृत अनुपम व्यक्ति हुनुभयो । व्यक्तिहरूको माझमा अद्वितीय हुनुभयो । त्यसैले दुई अद्वितीय व्यक्तिहरू वा बुद्धहरू एकैसाथ उत्पन्न हुँदैनन् । त्यसैले उहाँ अनुत्तर सम्यक सम्बुद्ध हुनुभयो ।

राजकुमार सिद्धार्थ मनुष्य परिवारमा जन्मनु भयो, मनुष्य रूपमै उहाँ हुर्कनु भयो । तर उहाँ बुद्ध भएर जिउनु भयो र प्राणी मात्रको बहुजन हित र सुखको निमित्त आफ्नो जीवन यापन गरी अद्वितीय व्यक्तिको रूपमा उहाँ बित्नुभयो । लोभ, लालच, रिस, अहंकार, अज्ञानता, घमण्ड, इर्ष्या, द्वेष जस्ता भावनाहरू सबै मानिसमा पाइन्छन् । तर उहाँ यी चीजबाट पूर्ण रूपमा परिशुद्ध हुनुहुन्छ । उहाँ विशेषतः श्रेष्ठ मनुष्य गुणहरू जस्तैः मैत्री, करूणा, मुदिता, उपेक्षा, सदाचार, एकाग्रता तथा समाधिबाट पूर्ण हुनुहुन्छ । जुन साधारण मनुष्यहरूमा कमै पाइन्छ । बुद्धले त्यो समयमा आफ्नो ठाउँमा चलेको भाषा वा सर्वसाधारणले बुझ्ने भाषा नै बोल्नु हुन्थ्यो । अरू साधारण मानिसहरूले सेवन गरे सरह नै खानपिन गर्नु हुन्थ्यो । उहाँको समयमा थुप्रै ठाउँमा उहाँले प्रयोग गर्नुभएको शब्द मनुष्य गुणले नै बोलेको प्रतीत हुन्थ्यो । त्यसैले एक ठाउँमा उहाँले यस्तो भन्नुभयो, "अब म बृद्ध भएँ, अब म केही समयमात्र बाँच्नेछु, म अब संसार त्यागी परिनिर्वाण हुनेछु । मेरो जिम्मेवारी तथा कार्यहरू अब तिमीहरूले सम्पादन गर्नु ।"

यी शब्दहरू बुद्धका अन्तिम वाणीहरू मध्येका हुन् । जसरी एक वृद्ध बुबाले आफ्ना बच्चाहरूलाई अन्तिम शैय्याबाट सम्झाउने गर्दछ । त्यही प्रकार र शैलीमा मानिसहरू बीचमा बुद्धले आज्ञा हुनुभयो । "हे आनन्द ! म अब बृद्ध र कमजोर भएँ, वर्षले पाको भएँ, म अब ८० वर्षको बृद्ध भएँ । जसरी एउटा पुरानो जीर्ण रथलाई बाँधेर बलियो बनाई राखेको हुन्छ त्यसैगरी यो जीर्ण शरीरलाई बाँधेको छु । मेरो आफ्नो शक्तिले रक्षा गरिरहेको छु । (**अहम खो पन आनन्द, एतरहि जिन्नो, वुड्ढो, महल्लको, अद्धगतो वयो अनुप्पतो, आसितिको मे वयो वत्तति, सेय्याथापि आनन्द जज्जर सकतं वेध मिस्सकेन यापेति, एव मेव खो आनन्द वेध मिस्सकेन मञ्जे तथागतस्स कायोयापेति ।**"

*- (महापरिनिब्बानसुत्त, ८० वर्षको उमेर हुँदा बुद्धले व्यक्त गर्नुभएको वाक्य)*

चुन्द कुमार पुत्रले अर्पण गरेको भोजन सेवन पश्चात भगवान् बुद्ध असाध्यै विरामी हुनुभयो । त्यसबेला उहाँले आनन्दलाई तीन पटक अनुरोध गर्नुभयो, "आनन्द ! म निकै तिर्खाएको छु, पिउने पानी छिट्टै मेरो लागि लिएर आउनु ।" यी वाक्यांश बुद्धले प्रयोग गरेको देखिन्छ । तसर्थ उहाँ रोगी व्यक्ति तथा तिर्खाएको भाव पनि प्रस्ट देखिन्छ ।



https://dhamma.digital

वक्कली एक व्यक्ति, जो बुद्धको रूप लावण्य शोभामा आकर्षित भएर भिक्षु भएका थिए र बुद्धलाई जहिले पनि हेरिरहन्थे । एक पटक बुद्धले वक्कली भिक्षुलाई भन्नुभयो, "वक्कली ! यो फोहोर युक्त शरीरबाट तिमीले के लाभ पाउँछौं ? (**किम ते वक्कली इमिना पूतिकायेन ?**)" यस उपदेशले उहाँको शरीर पनि सर्वसाधारण मानिसको शरीर सरह नै ३२ प्रकारका (कोट्ठास) अशुभ, दुर्गन्ध तथा फोहोर युक्त शरीर नै धारण गरिराखेको प्रस्ट हुन्छ ।

एक समयमा बुद्धले यसो भन्नुभयो, "हेर भिक्षुहरू हो ! मेरो कुरा सुन्ने हो भने एक चीज त्याग गर्नु । त्यो चीज त्याग गर्‍यौ भने म वाचा गर्दछु, म जिम्मेवारी लिन्छु कि तिमीहरू दुःख मुक्त अनागामी तहमा पुग्नेछौ । त्यो एक मात्र त्याग गर्नुपर्ने विषय तृष्णा आशक्ति हो ।" (**एकधम्मं भिक्खवे पजहथ । अहं भो पाटिभोगो अनागामिकाय । कतमं एकधम्मं : लोभं भिक्खवे एक धम्मं ।**)

भगवान् बुद्धको शब्दमा म बाचा गर्छु, म जिम्मेवारी लिन्छु एक साधारण मनुष्यको भनाईको रूपमा सुन्न सकिन्छ । सबै व्यक्तिहरूले सदैव म वाचा गर्छु, म जिम्मेवारी लिन्छु भन्दैनन् । यी शब्दहरू, भनाईहरू स्वयम् दरिलो आत्मविश्वास हेराई, भोगाई र अनुभवजन्य ज्ञानबाट प्रस्तुत र उजागर हुन्छन् । आफ्नो परिनिर्वाण कालको अन्तिम अवस्थाको अन्तिम शैय्याबाट बुद्धले भिक्षुहरूलाई यसो भन्नुभयो, "कसैलाई मेरो बारेमा, धर्म र संघको बारेमा एवं मार्ग, शिक्षा, नियम संगत बारेमा केही शंका दुविधा भए शंका निवारणार्थ अहिले मसँग सोध्नु । पछि कालान्तरमा अपशोच नगर्नू ।" र फेरि थप्नु भयो "हामीले हाम्रो गुरु शास्ता तथागत जीवित हुँदा यी प्रश्नहरू गर्न पाएनौं । त्यस सम्बन्धी दुविधा शंका निवारण गर्न पाएनौं भनी पश्चात्ताप नहोस् । तिमीहरू माझ केही प्रश्न छ भने, सोध्नु पर्ने छ भने अहिले मौका हो । यदि कसैलाई मसँगसिधै प्रश्न सोध्नमा असहज संकोच लाग्छ भने अन्यमित्र साथी मार्फत पनि आफ्नो जिज्ञासा राख्न सकिन्छ ।" उहाँले यसरी तीन पटक दोहोर्‍याउनु भयो, तर सबै भिक्षुहरू संयम, शान्त र निःशब्द बसे ।

- *(महापरिनिब्बानसुत्त, दीघनिकाय तथा अंगुत्तरनिकाय, चतुक्कनिपात)*

उहाँ एक प्रमुख प्रवचक, पथप्रदर्शक भए जस्तै प्राकृतिक रूपमा स्वभाविक दया माया राख्नु हुन्थ्यो । उहाँले अन्तिम शैय्याको अन्तिम घडिको अन्तिम श्वासपूर्व भिक्षुहरूलाई अनुरोध गर्नुभयो । अन्तिम आग्रह पनि तीन पटक दोहोर्‍याउनुभयो र भन्नुभयो कि केही नजानेको, नबुझेको, अपुग वा उहाँको जीवन, व्यवहार, विचार इत्यादि विषयमा केही प्रश्न भए पनि सोध्न सकिन्छ । यो विधि उहाँको जीवनको शुद्धताको प्रतीक हो । थाहा नभएका चीजहरू शुद्धरूपमा गोप्य नराखी उजागर गर्ने क्षणको रूपमा लिन सकिन्छ ।



https://dhamma.digital



*"हे ब्राह्मिण, नीलो कमल, रातो कमल र सेतो कमल सबै पानीमै उम्रिन्छन् । तर पानीमै उम्रिएतापनि त्यो फुल हिलोमैलो र पानीबाट अलग्ग भएर माथि आउँछ । दुषित हुँदैन । त्यसरी नै, म पनि यो संसारमा मानिसहरूको बीचमा जन्मिए र हुर्किए । तर म यो संसार र मनुष्यत्त्व भावबाट अलग्ग भइसकेको छु । मलाई यो संसारदेखि तृष्णा छैन । त्यसैले ब्राह्मिण, म मा एक साधारण मानिसमा जस्तो कमिकमजोरी केहि पनि नभएकोले म एक उच्च तहको, संसार पार गरिसकेको व्यक्ति हुँ ।"*



https://dhamma.digital

उहाँले जीवनको अन्तिम क्षणको श्वासमा पनि आफ्नो लोकजन प्रतिको समर्पण र सेवा दर्शाउनुभयो ।

यस्ता गुरु, नेता, धार्मिक व्यक्ति, मातापिता वा सज्जनहरू संसार परित्यागको अवस्थामा पनि यसप्रकारले अरूको विचार गर्ने व्यक्तित्व मानव इतिहासमा उहाँ जस्तो अन्य कोही विरलै होलान् । सेवा समर्पणमा लागेकाहरूका लागि यो एउटा महान् उदाहरण हो, होइन र ? साथै सेवा कार्यमा लागेकाहरूको लागि महान् प्रेरणा होइन र ?

हे भिक्षुहरू, पापलाई छोड, पापलाई त्याग्नु पर्छ । पापलाई छोड भनी भन्ने थिइनँ, यदि पापलाई त्याग्न नसकिने भएको भए । यसर्थ म पापबाट अलग रहँ किनकि यो त्याज्य विषय हो । पापलाई छोडेर केही नराम्रा र दुःख उपजन्य आए म पाप त्याग भनी भन्दिनथें । तर पापलाई छोडेमा अवश्य कुशल राम्रो र सुख वृद्धि हुन्छ ।

*(अंगुत्तरनिकाय, दुक्खनिपात)*

यी बुद्धवाणीबाट एक आमा र बुबाले आफ्ना सन्तानलाई सम्झाउने बुझाउने हिसाबले प्यारो छोरा, छोरी नराम्रो कार्य नगर, पापबाट बच भने जस्तै उहाँले अकुशल कर्म नगर पापबाट बच्नाले मात्रै राम्रो मंगल हुन्छ भन्ने भाव देखाउनु भएको पाउँछौं । यद्यपि यी कुराहरू देवताहरूले आएर भन्न आउँदैनन् ।

"हे भिक्षुहरू, यदि अरूहरूले पनि दान दिने र त्याग गर्नुको महत्व मैले जस्तै बुझेको भए कसैले पनि आफ्नो खाना खान अगाडि एक गाँस भए पनि अरूलाई नदिइकन खाँदैन थियो होला । ती व्यक्तिहरू दुःखित हुँदैनन् । यदि कसैले माग्न आउँछ भनेआफूले खाईरहेको खाजाको अन्तिम भाग गाँस पनि त्याग्दछन् ।" *(इतिवुत्तक पालि, एकक निपात)* । जसले महान परित्याग गरे उहाँकै भनाइको रूपमा यो वाक्यांशलाई लिन सकिन्छ ।

एक समयमा बुद्ध बाथ रोगबाट ग्रस्त हुनुभयो । आवुसो उपवान बुद्धलाई सेवा गर्दै हुनुहुन्थ्यो । भगवान् बुद्धले उहाँ भिक्षुलाई भन्नुभयो, "उपवान मेरो लागि केही तातोपानी लिएर आउनु ।" यस सन्दर्भमा पनि उहाँसँग हामीले मानव गुण निहित भएको पाउँछौं ।

एक समयमा आवुसो भिक्षु महाकाश्यपलाई लिएर भगवान् बुद्ध रूखको छहारीमुनि बस्नुभयो । भगवान् बुद्धलाई प्रायः गरी रूखको छहारी प्यारो लाग्छ भन्ने देखिन्छ । आवुसो भिक्षु महाकाश्यपले मखमलको चीवर चारपटक पट्याएर भुईमा विछ्याई दिनुभयो । भगवान् बुद्ध त्यस आसनमा विराजमान भई यसो भन्नुभयो, "महाकाश्यप, तपाईंको चीवर कपडा असाध्यै नरम छ ।" आवुसो भिक्षु महाकाश्यपले जवाफ दिए, "भगवान् शास्ता मप्रति करुणा राखी यो चीवर ग्रहण गर्नुहोला ।" भगवान् बुद्धले भन्नुभयो, "काश्यप के तिमी मेरो चीवर लगाउँछौ ? यो त खस्रो तथा मसानघाटमा फालेको झुत्रो



https://dhamma.digital

मैलो कपडाबाट बनेको छ ।" महाकाश्यपले सहर्ष स्वीकार गरी भगवान् बुद्धलाई आफ्नो चीवर सुम्पिएर आफूले त्यो झुत्रो कपडाबाट बनेको चीवर नै लिनुभयो ।

*(संयुक्त निकाय, कस्सपसंयुक्त)* ।

उहाँ भगवान् बुद्धले भिक्षु महाकाश्यपको मखमली कपडा चीवर नरम रहेको इंगित गर्नुभयो । त्यसपश्चात काश्यपले मखमली चीवर अर्पण गरेर बुद्धको खस्रो कपडा आफूले लगाएर चीवर साट्नुभयो । यसरी एक आपसमा साटासाट गर्ने प्रक्रियाले समानता, मैत्रीपूर्ण, भ्रातृत्व र मित्रवत् व्यवहार बुद्ध र महाकाश्यप बीच भएको देखिन्छ ।

एक समयमा पञ्चवर्ग दायक नामक ब्राह्मण आफ्नो घरको आगनमा खाना खाँदै थिए । उनकी श्रीमतीले खाना पस्किदैं थिइन् । ती दुबैको पुण्य संस्कारलाई हेर्नुभई भगवान् बुद्ध उनीहरूको घरमा भिक्षाटन गर्न जानुभयो । बुद्धलाई देखेर ब्राह्मणको श्रीमतीले यस्तो विचार गरिन् । यदि मेरो श्रीमान्ले बुद्धलाई देख्यो भने आफूलाई पस्किएको खाना उनलाई चढाउनेछन् । फेरि सबै खाना पकाउनु पर्नेहुन्छ । यस्तो विचार गरी श्रीमानलाई छेक्ने गरी उनी दैलोमा उभिइन् । भगवान् बुद्ध पनि फेरि देखुन् भनी अगाडि उभिए । ब्राह्मणीले टाउको हल्लाएर बुद्धलाई संकेत गर्दै निस्कन भनी । भगवान् बुद्धले पनि टाउको हल्लाउँदै ननिस्कने भाव देखाए । ब्राह्मणकी श्रीमतीले ठूलो स्वरमा हाँसेर झोक्किएर पुनः टाउको हल्लाएर असमर्थता जनाइन् ।

उनी त्यसप्रकारले हाँसेको देखी ब्राह्मणले टाउको घुमाएर हेरे । बुद्ध भिक्षाटनको लागि आफ्नो घर दैलोमा आएको देखेर आफूलाई पस्किएको आधा खाना दान गरे । बुद्धले बाँकी रहेको खाना भए पनि नकार्नु भएन । बुद्धले भन्नुभयो, "हे ब्राह्मण हाम्रो लागि खानाको कुनै भाग भएपनि हुन्छ । चाहे त्यो पहिलो, दोस्रो गाँस वा अन्तिम भाग नै किन नहोस् । हामीहरू पनि प्रेत जस्तै हो । (परदतुपजिवी) । जो अरूले दिएको खानामा भर पर्छन् ।" ब्राह्मण आश्चर्य र अचम्भित भए पनि आफूले दिएको बाँकी रहेको खानाको भाग बुद्धले स्वीकार्नु भयो । भगवान् बुद्ध प्रति ब्राह्मण असाध्यै खुसी र प्रशन्न भए ।

- *(धम्मपद अर्थकथा, पञ्चवर्ग, दायक ब्राह्मण वत्थु)*

भगवान् बुद्धले बहुजनको हित सुखको निम्ति आफ्नो जीवन समर्पण गर्नुभयो । साथै अरूले पनि त्यसको प्रेरणा लिएर राम्रो कार्य गर्न सकोस् भनी भोजनको गाँस स्वीकार्नु भएको हो भन्ने आशय यस कथामा देखिन्छ ।

एक बिहान भगवान् बुद्ध चीवर पारूपण गरी हातमा भिक्षापात्र धारण गरी उदय नाम भएको ब्राह्मणको घरमा जानुभयो । भिक्षाचरणमा आउनु भएका उहाँलाई त्यो ब्राह्मणले पात्रभरि भोजन चढाए । अर्को दिन पनि पुनः भगवान् बुद्ध उसैको घरमा जानुभयो । दोस्रो दिन पनि ब्राह्मणले पात्रभरि नै भोजन दान दियो । तेस्रो दिन पनि एवम्



https://dhamma.digital



*"हे आनन्द ! अब म कमजोर भइसके, पाको उमेर भइसक्यो, बुढो भए । अब त म ८० वर्षको भइसके । जसरी पुरानो रथलाई बाँधेर मात्र जोडिराखेको हुन्छ त्यसरी नै मेरो शरीर पनि मेरो ऋद्धिबलले मात्र चलिरहेको छ ।"*



https://dhamma.digital

प्रकारले भगवान् बुद्ध त्यही घरमा भिक्षा जानुभयो । ब्राह्मणले पनि पात्र भरिभराउ गरी भिक्षादान दिए । उक्त दिन ब्राह्मणले बुद्धलाई सम्बोधन गरे, "तपाई मेरो घरमा लगातार भिक्षा आउनु भयो । के तपाई खानामा लोभी हुनुहुन्छ?" भगवान् बुद्धले भन्नुभयो, "खेती गर्नेले बारम्बार अन्न छर्छ । उसले बारम्बार खेत जोतेर देशलाई बारम्बार अन्न दिन्छ । माग्नेहरूले पनि बारम्बार माग्ने गर्छन् । दाताहरूले पनि त्यही अनुसार बरोबर दिँदै गर्छन् । यसरी दिनेहरू फेरि बारम्बार देव लोकमा जाने गर्छन् । जसले गाई पालेको हुन्छ, उसलाई बारम्बार दुध प्राप्त हुन्छ । सानो बाछी उसको आमाकोमा बारम्बार दौडिरहेको हुन्छ । प्राणीहरू पटक पटक बेहोस् भइरहन्छन् । प्राणीलाई बारम्बार संकट आइपर्छ । जीवन बरोबर गर्भमा प्रवेश भइरहन्छ । एवम् प्रकारले प्राणीहरू मरिरहेका हुन्छन् । प्राणीहरूलाई फेरि बारबार मसान घाटमा लगिरहेको हुन्छ । प्रज्ञावान व्यक्ति मरण दुःखबाट मुक्त भई बारबार जन्म लिनु नपर्ने हुन्छ ।"

*(संयुक्त निकाय, ब्राह्मण संयुक्त)*

यहाँ भगवान् बुद्ध स्वयम् उदय ब्राह्मणको घरमा लगातार ३ पटक भिक्षा दानको लागि जानुभयो । त्यो ब्राह्मणले सोचेजस्तै खानाको लोभले पुग्नु भएको होइन कि बुद्धको महाकरुणा चित्तको ज्ञानले ब्राह्मणले सत्य धर्मलाई साक्षात्कार गर्नेछ भन्ने थाहा पाउनु भएर यसरी लगातार जानु भएको हो ।

भगवान् बुद्धले यस प्रसंगमा 'बारम्बार' भनी उक्त ब्राह्मणसँग कुरा गर्नुभयो । उहाँले ब्राह्मणलाई परिवर्तन गर्न यो बाटो अपनाउनु भयो । फेरि पनि दोहोऱ्याएर मनुष्यको गुणाङ्ग वृद्धिको लागि महान् करुणा राख्नुभयो ।

भिक्षुको लागि लाभ, सम्मान, कीर्ति, प्रशंसा इत्यादि सबै जटिल पक्ष हुन् । यी पक्षहरूले सर्वप्रथमतः बाहिरी छालामा प्रवेश गर्दछन् । त्यसपछि यी कुराहरू भित्री छालामा गाडिन्छन् । फेरि शरीरको मांशपेशीमा प्रवेश गर्छन् । त्यहाँबाट पनि नसामा बस्न गई हड्डिमा छिर्ने गर्छन् र अन्तमा हड्डिको मासीसम्म पनि यसले असर पार्ने गर्दछ । *(संयुक्त निकाय, लाभ सत्कार संयुक्त)*

जुन व्यक्तिले लाभ, सम्मान, प्रशंसा, पद, प्रतिष्ठाको लोभ, सम्पत्तिको भोग, यश, कीर्ति यी सबै कठोर, जटिल, डरलाग्दो, विनाशकारी, हानीकारक हुने ठान्दछ, यी कुनै ईश्वर वा भगवान्ले दिइने होइन । यो प्रसंग भगवान् बुद्धले यी भौतिक क्षणिक आकांक्षामा नभुलिकन आफ्नै अनुभवजन्य ज्ञानले सत्य बोध गरी भन्नु भएको हो ।

बुद्धले एक समयमा काश्यप भिक्षुलाई यसरी सम्बोधन गर्नुभयो 'हे काश्यप, तिमी अब धेरै वृद्ध भयौ । मसानको कात्रो कपडाले बनाएको चीवर बिग्रिएर झुत्रो धागो सरह भइसक्यो, जुन तिमीलाई निकै गरुङ्गो छ । त्यसैले दाताहरूले चढाएको सामान्य



https://dhamma.digital

चीवर लगाऊ। भिक्षादान छोड्द्यौ। घर घरमा गएर तयारी खाना खान निमन्त्रणा स्वीकार गर। अब तिमी मसँगै त्यसको लागि सधैं सँगै बस।' भिक्षु काश्यपले सविनय उत्तर दिनुभयो, 'हे भगवान् म जङ्गलमा एक्लै लामो समयदेखि बस्दै आएको। लामो समयदेखि एकान्त अरञ्ञ जङ्गलमा बस्नुको गुणमा रमाएको छु। धेरै समयदेखि भिक्षाचरण गर्दै आफ्नो जीवन यापन गर्दै आएको छु। मसानबाट कात्रो कपडालाई नै चीवर बनाई लगाइराखेको छु। सबैलाई म आफ्नो शील सम्झी पालन गरिराखेको छु। लामो समयदेखि अल्पेक्षु भई त्रिचीवर धारण गर्नुमा आफ्नो शील मानेको छु। धुताङ्ग शील रक्षा गर्नु नै मेरो शील सम्झिन्छु। यसैमा सुख आराम छ। हुलमुलबाट अलग्ग भई एकान्त प्रेमी हुनु नै मेरो जीवनको लक्ष हो। यसैमा प्रयत्नशील भई कठोर नमानी सहजता पूर्वक अगाडि बढाउँछु।' बुद्धले उहाँलाई प्रशंसा गर्नुभयो 'तिम्रो विचार असाध्यै राम्रो छ। हे काश्यप! बहुजन हितको निमित्त, सत्वप्राणीहरूको कल्याणको निमित्त, काश्यप, तिमी निरन्तर धुताङ्ग चीवर लगाएर पिण्डपात्र सेवन गरेर जङ्गलमै निरन्तर एकान्त बस्नमा निरन्तरता देउ।

*(संयुक्तनिकाय, कस्सपसंयुत्त)*

यी वाक्यबाट बुद्धमा मानव गुण सहितको करुणा झल्किन्छ। "अब तिमी वयोवृद्ध भयौ, त्यसैले पुरानो गरुङ्गो झुत्रो चीवर धारण नगर्नु। दिनानुदिन भिक्षा लिएर नखानु। जङ्गलमा एकान्त नबसिकन मसँगै नजिक बस्नु।" कस्तो मैत्री, सद्भाव र करुणा भाव तथा मानवीय संवेदना सहित व्यावहारिक दयाभाव! यी बुद्धका भनाईबाट बुद्ध एक महान् अद्वितीय मानव हुनुहुन्छ भन्ने सयौं प्रकारले झल्किन्छ।

उहाँ आफैले आफ्नो गुणगान गर्नु भएको नभईकन त्यस बेलाका श्रद्धालुहरूले र उहाँलाई देवता मान्नेहरूले समेत देवत्व भन्दा माथि राखेर सम्मान गरेको पाइन्छ। भगवान् बुद्ध कुनै श्रृष्टिकर्ता ईश्वर होइनन्। संसारको श्रृष्टि गर्न उहाँको जन्म भएको होइन। संसारको जगत प्राणीको कायकर्म सम्बन्धमा उहाँले कहिल्यै जिम्मेवारी लिनु भएन। बुद्धले त संसारलाई दुःखमय रूपमा चित्रित गर्नुभयो।

एकदिन कुनै एक व्यक्तिले भगवान् बुद्धलाई लोकसंसार जगत कहाँ पर्दछ (**कस्मिंलोको पतिट्ठितो**) भनी सोध्दा उहाँले जवाफ दिनु भयो कि, "यो संसार जगत दुःखमा अवस्थित छ (**दुक्खे लोको पतिट्ठितो**)"। बुद्धले तीनवटा विषय लक्षणहरू **अनित्य** (क्षणभङ्गुर), **दुःख** (समस्या) र **अनत्त** (आफ्नो नभएको) स्वभाव संसारमा भएका सबै चीजमा देख्नु भयो। यसै विषयमा त्रिलक्षणको रूपमा बुद्धले बताउँदै आउनु भयो। त्यसैले उहाँले श्रृष्टिकर्ता पालनकर्ताको सन्दर्भमा खोज गर्नु भनेको समय मात्रै बर्बाद गर्नु हो भन्नु भयो। यस विषयमा बुद्ध मौन हुनुभएको देखिन्छ।



https://dhamma.digital

## भगवान् बुद्ध मुक्तिदाता होइनन् :

भगवान् बुद्ध जसले जहिले पनि नित्य आत्म हुँदैन, त्यसैले आत्मलाई सुरक्षा, जगेर्ना गर्नु वा बचाउनु आवश्यक छैन भन्नुहुन्छ। बुद्धले दु:ख मुक्तिको बाटो, मार्ग देखाउने मात्र हो । अरूबाट शरण लिएर बरदान प्राप्त गरेर मुक्त भइन्छ भन्ने विचार राख्नेहरूलाई भगवान् बुद्धले आफ्नो नाथ आफै हो, आफ्नो रक्षक आफै हो भन्नुहुन्छ। त्यसैले अरूले कसरी तार्न सक्छ ?

यी तथ्य र घटनाहरूबाट स्पष्ट हुन्छ भगवान् बुद्ध न त ईश्वर हुन् न त रक्षक, मुक्तिदाता नै हुन् । उहाँ केवल महान् महामानव हुन् । जो सत्वप्राणीको सुख कल्याणको लागि मानिस भएर जन्मिनु भयो । मनुष्य हुनु भएकोले नै उहाँ बुद्ध हुनुभयो । मनुष्य जीवनमा मात्रै बुद्ध भाव संभव छ । कुनै पनि देवी देवता त्यो तहमा पुग्न सक्दैनन् । बुद्ध भएर नै मनुष्य भावको उच्चतम तहमा ज्ञान हासिल गर्नुभयो । उहाँ एक आध्यात्मिक गुरु जसले आफ्नो गुण र सदाचार भावले मनुष्यहरू बीचमा शुद्ध तथा आर्यत्वमा पुग्नु भई देवत्व भन्दापनि माथिसम्मको प्रभाव राख्नु भयो ।

एक जना देवता बुद्धको नजिक दर्शन गर्न आई बुद्धलाई आदर गरे (**अञ्ञतरा देवता भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि**) । ब्रह्माहरू पनि बुद्धलाई भेट्न आउँथे । दायाँ घुँडा टेकेर दुई हात जोडिकन शिर निहुराई आदर गौरव राखि बुद्धलाई प्रश्न सोध्ने गर्दथे (**अथखो ब्रह्मा सहम्पत्ति एकंसं उत्तरा संघं करित्वा दक्खिना जानु मण्डलं पुथुवियं निहन्त्वायेन भगवा तेन अञ्जलिं पनामेत्वा भगवन्तं एतदवोच**) ।

कुनै एक समयमा २ स्थानमा जब महाब्रह्मा र देवी देवताहरू बुद्धलाई आदर गर्न आए । मनुष्यहरूको बीचमा बुद्ध मात्र यस्तो पात्र हुनुहुन्थ्यो, जो सबै देव ब्रह्माहरूले गरेको पूजा सत्कार अभिवादन ग्रहण गर्नयोग्य हुनुभयो । त्यस काल युगका सर्वसाधारण मानिसहरू पनि यस्तो अद्भूत दृश्य हेर्न र देख्न पाउँदा अचम्मित हुन्थे ।

बुद्धले जहिले पनि 'मनुष्यले गुण र शील आचरण विकास गऱ्यो भने देवताले पनि रक्षा गर्नुका साथसाथै आदर पनि गर्ने गर्छ' भनी भन्नुहुन्थ्यो । मानिसले चाहेको खण्डमा पुण्य भावले दृष्य अदृष्य रूपमा रहेका दैवी शक्तिहरू पनि प्राप्त गर्न सक्दछन् । त्यसैले देवताको शरण र पुकार प्रार्थनामा जानुभन्दा पनि आफूमा निहित शक्ति र उर्जालाई विकास गर्नुपर्दछ भन्ने मान्यता रहेको छ (**अत्त दीपा विहरथ, अत्त सरणा न अञ्ञसरणा**) ।

बुद्धका यी उपदेश वाक्यहरूबाट मनुष्य पक्षको विश्लेषण गर्दा आत्मकेन्द्रित आत्मविश्वास, आत्मगौरव, आत्मशैली उच्च रूपमा विकास गर्न प्रेरणा दिन्छ । बुद्धले फेरि पनि मनुष्य भावलाई जोड दिँदै 'मनुष्यले चाहेको खण्डमा आफ्नो ज्ञान, आफ्नो



https://dhamma.digital

प्रयत्न, आफ्नो शक्तिले संसारका सबै कुरा प्राप्त गर्ने सामर्थ्य र शक्ति राख्दछ । यस्तो सामर्थ्यता खेर फाली कुनै दैवीय शक्तिमा लाग्नु, आधारलिनु लज्जाको विषय हो' भनी ध्यानाकर्षण गराउने गर्नुहुन्छ ।

बुद्धले सामान्यजनलाई सदैव नैतिक गुण धर्म विकास गर्न, कुशल कर्म र गुण धर्म विकास गर्न, सुरु गर्न प्रेरणा दिनु हुन्थ्यो, "**आरभथ ! निक्खमथ ! युञ्जथ ! बुद्धसासने**", अर्थात्, "शुभारम्भ गर, प्रस्थान गर, बुद्धशासनको लागि संघर्षशील भएर अगाडि बढ ।"

यस प्रकार महान् सुख सन्तोष, सन्तुलन तथा गौरव प्राप्तिका लागि हामी बौद्ध अनुयायीहरू बुद्धको मार्गमा ऐतिहासिक रूपमा अद्वितीय महामानवलाई मार्ग निर्देशक गुरुको रूपमा पुज्न पाएकोमा धन्य छौँ । मानव इतिहासमा महामानव बुद्ध सदैव कृतज्ञ रहेको छ ।



**चम्किलो सूर्य**

*आँधीहुरी, कलह, द्वेष र हिंसामय यो संसारमा भगवान् बुद्धको सन्देश*
*एक चम्किलो सूर्यजस्तै चम्किन्छ ।*
*विशेषतः अहिले विश्व नै ध्वस्त पार्नसक्ने थर्मोन्यूक्लियर हातहतियार*
*धेरै देशहरूसँग भइसकेको अवस्थामा भगवान् बुद्धको उपदेशको*
*आवश्कता झन् धेरै महसुस भएको छ ।*
*२५०० वर्षको इतिहासले यस कुरालाई अझ जीवन्त र सत्य*
*पारिदिएको छ । त्यसैले यस अमर सन्देशलाई मनन गरेर हाम्रो*
*जीवनमा उतार्ने प्रयास गरौँ ।*
*आणविक बमको त्रासलाई पनि उपेक्षित भावले सामना गरेर*
*अलिकति भएपनि सम्यक दृष्टि र सम्यक कर्मान्तलाई अगाडि सार्न*
*प्रयास गरौँ ।*

*- Sri Nehru - Former Prime Minister of India*



https://dhamma.digital



*उहाँले आनन्दलाई तीन बार यसरी अनुरोध गर्नुभयो, "हे आनन्द ! म धेरै तिर्खाएको छु । चाँडै मलाई पानी ल्याइदेऊ न ।"*



https://dhamma.digital



# महानतम बुद्ध : एक महान् गुरु

प्रेरणादायी आचार्य शिक्षक गुरुहरूको संदर्भमा अलग्ग स्थानभएका आध्यात्मिक गुरुको रूपमा भगवान् बुद्ध पुग्ने गर्छन् । शिक्षाविद्, अध्यापक, शिक्षा क्षेत्रको विज्ञान, शैक्षिक प्रविधि, शैक्षिक मनोविज्ञानमा पनि बुद्धलाई अग्र स्थानमा राखेको पाइन्छ । बौद्धहरूले त बुद्धलाई तीनलोकका गुरुको रूपमा मान्दछन्, पूज्दछन् । साँचो अर्थमा आख्यान हुनेगरी शुद्ध आदरभाव तथा वास्तवमा श्रद्धा हुनेगरी असंख्य शिष्यहरूलाई मार्ग दर्शन गराउनु हुने गुरुको श्रेय बुद्धलाई जान्छ । मानव समाजको गुरु वर्गको क्षेत्रमा बुद्ध जत्तिको आध्यात्मिक गुरु अरू छैनन् भने पनि हुन्छ । प्रारम्भमा उहाँका ५ शिष्यहरू मात्र थिए । तर कालान्तरमा उहाँ परिनिर्वाण हुँदासम्ममा उहाँका शिष्यहरू सयौं हजार कोश टाढा रहेका जम्बुद्वीपका थुप्रै शहर प्रदेशहरूमा फैलिसकेका थिए । मानव समाजको इतिहासमा सम्भवतः लाखौंको संख्यामा उहाँको प्रवचन, उहाँको उपदेश, उहाँको अनुशासन, उहाँको शिक्षाले समाजका सबै तहमा प्रभाव रही उहाँको नीति निर्देशन शिक्षा अनुसार अद्वितीय सभ्यता शुरु भयो । यति छोटो समयमा भूगोलको सीमा नाघेर असंख्य शिष्य शिष्याहरू वृद्धि हुनुमा बुद्धको महिमा आफै झल्किन्छ । उहाँको उपदेश, सत्संगत सुनेर अरू धर्मका गुरुहरू पनि सयौं, हजारौंको संख्यामा उहाँको शरणमा गई उहाँलाई गुरु मानेका देखिन्छन् ।

त्यस बखतका अन्य धर्मावलम्बीका गुरुहरू जसले आफ्ना अनुयायीहरू गुमाउनु पऱ्यो, उनीहरूले बुद्धलाई जादुगर तथा मोहनी लगाउन जान्ने भनेर आरोप लगाउने कुरा सुनेर लिच्छवी राजा भद्दियले बुद्ध समक्ष सोध्नु भयो,"भगवान्, के यो कुरा साँचो हो कि तपाईले जादु टुनामुना गरी, मन्त्रमुग्ध पारी, मोहनी लगाई मानिसहरूलाई आफूप्रति आकर्षित तथा आफ्नो बशमा पार्नुहुन्छ ?" बुद्धले उत्तर दिनुभयो, "हे राजन्, कुनै कुरा सुन्यो भन्दैमा, अर्कोले भन्यो भन्दैमा तुरुन्त स्वीकार नगर । साथै एक पुत्रबाट अर्को पुत्र वंश परम्परा आयो भन्दैमा, इतिहासमा लेखेको भन्दैमा, ग्रन्थमा उल्लेख गरेको भन्दैमा स्वीकार नगर । किनभने ती कुराहरू सत्यतथ्य सिद्धान्तपरक नहुन पनि सक्छ । सत्य भएको खण्डमा मात्रै त्यो कुरालाई अंगीकार गर । आफूले आफूलाई जाँचेर, बुझेर,



https://dhamma.digital

परीक्षण गरेर सत्य सम्झेमात्रै स्वीकार गर (**सुतं मेतं भन्ते मायावी समणो गोतमो आवत्तनी मायं जानाति । सो अञ्ञ तीत्थयानं सावके आवत्तेती ती एथ तुम्हे भद्दिय मा परम्पराय मा इतिकिराय अत्तनाञ्च जानेय्याथ**) ।"

*- (अंगुत्तर निकाय, चतुक्कनिपात, भद्दियसुत्त)*


बुद्धको उपदेश र भनाईबाट कुशल कर्म र नराम्रो कार्य के हो भनेर देखाई दिनुहुन्छ । तर उहाँले कहिले पनि कसैलाई आफ्नो चेला बन्न भन्नु भएन । यी घटनाहरूबाट पनि उहाँ एक कुशल गुरु ठहरिएकोले स्वस्फूर्त हजारौँको संख्यामा उहाँको अनुयायी शिष्य हुन चाहनेहरू निस्के । अरु धर्म गुरुहरूले उहाँ प्रति ईर्ष्या, जलन गरेकै देखिन्छ । मुख्य शिक्षाको पद्धति, विधि, समय अनुकूल गुरुले अवस्था अनुकूल मनोवैज्ञानिक तरीकाले सिकाउँदा विद्यार्थीहरूले ध्यान दिएर सुन्ने हुन्छ । पालि भाषामा अनुयायी विद्यार्थी शिष्यलाई श्रावक भनिन्छ । जसको अर्थ ध्यान दिएर राम्ररी सुन्ने भन्ने बुझिन्छ । बुद्धको वाणीलाई ध्यान पुऱ्याएर सुन्ने अनुसरण गर्नेहरूलाई बुद्ध श्रावक भनी प्रशिक्षित गराइएको छ । भगवान् बुद्ध सत्वप्राणीका लागि महाकरुणावान् हुनुहुन्थ्यो । त्यसैले उहाँले कुनै पनि शिष्यहरूलाई हप्काउने तर्साउने गर्नुहुन्नथ्यो । न त उहाँले कसैलाई काखी च्याप्ने, पुलपुल्याउने वा धिक्कार गरी दुत्कार्ने गर्नुहुन्थ्यो । उहाँले कुनैपनि शिष्यलाई अपमानित गर्ने गर्नुभएन । साथै कसैलाई अमानवीय तरीकाले सजाय, दण्ड पनि दिनु भएन ।

उहाँको सिकाई बुझाई पाठमा अनुयायी शिष्यहरूले नबुझ्ने, भ्रममा पर्ने गरी कुनै शब्द बोल्नु भएन, सिकाउनु पनि भएन । बुद्धले शैक्षिक, विज्ञान तथा मनोविज्ञान अनुरुप व्यक्तिको चरित्र र स्वभावलाई हेरी उसलाई सुहाउने गरी ज्ञान दिनुहुन्थ्यो । उहाँको समयमा उहाँभन्दा जेष्ठ धुरन्धुर र प्रकाण्ड विद्वानहरू आएर प्रश्न सोध्ने क्रममा अन्तमा उहाँका आज्ञाकारी अनुयायी विद्यार्थीको रुपमा शिष्यत्व ग्रहण गर्थे । उहाँ अग्रणी गुरु जसमा अरुको चित्त स्थिति बारे बुझ्ने शक्ति, समस्या तथा उनीहरूको पूर्व अवस्था तथा पूर्वजन्म बारे जान्ने शक्ति, ज्ञान थियो । (**परचित्तविजाननञाण, पुब्बेनिब्बासानुस्सति**) कुनै पनि ज्ञान शिक्षा लिन आउने अनुयायीहरूलाई क्रमशः त्यो व्यक्तिको ठम्याई, बुझाई, उसको कार्य शैली, उसको चरित्र यो यो प्रकारको थियो, उसको विचार, मनको धारणा यस प्रकारको थियो, त्यति मात्र नभईकन पूर्व जन्ममा उसको कर्म यसरी सम्बन्धित थियो भन्ने जोडेर सिलसिला मिलाएर बुझाउनु हुन्थ्यो ।

बुद्धले ठूलो दण्डको रुपमा नहेरी शिष्यको रुपमा दिनु भएको सजाय ब्रह्मदण्ड भनी उल्लेख छ । ब्रह्मदण्डलाई आध्यात्मिक क्षेत्रमा उच्च सजायको रुपमा आर्य दण्ड भनी उल्लेख गरिएको छ । यस्तो सजाय भोग्ने व्यक्तिलाई नजिकको साथीसँग सम्बन्धित व्यक्तिहरूले नबोली बहिष्कार गर्ने गर्दछ । भिक्षु छन्दलाई बहिष्कार स्वरुप यो दण्ड



https://dhamma.digital



*भिक्षु वक्कलि भगवान बुद्धको असिम शारीरिक सौन्दर्यताबाट मोहित भएर उहाँलाई मात्र हेरिराख्नको लागि भए पनि प्रव्रजित हुन आएका थिए । एकचोटि भगवान् बुद्धले वक्कलिलाई सोध्नुभयो, "हे वक्कलि ! यो दुषित शरीरबाट तिमीलाई के फाइदा प्राप्त हुन्छ ?"*



https://dhamma.digital

दिइएको थियो। राजकुमार सिद्धार्थको बाल्य अवस्थादेखिको नजिकको साथी हुँ भन्दै अहं व्यवहार घमण्डी भएर भिक्षु भईसकेपछि पनि अग्रश्रावक सारिपुत्र तथा अग्रश्रावक मौद्गल्यायन जस्ता महान् अर्हत् भन्तेहरूलाई गन्दैन थिए। उनले बुद्ध बाहेक अरु कसैलाई मान्दैन थिए। उसको घमण्ड तथा अहंकार साम्य पार्न बुद्धले उसलाई ब्रह्मदण्ड घोषणा गर्नुभएको थियो।

भगवान् बुद्धले ज्ञान उपदेश दिनुहुँदा विशेष प्रकारको विधि अपनाउनु भई ज्वलन्त उदाहरण, उपयोगी उपमा दिनुहुन्थ्यो। यदि ती उपमा र उपमेय जोडेको खण्डमा हजारौँको संख्यामा पुग्ने छ। उहाँले प्रभावकारी उदाहरण तथा नमुनाहरू दैनिक जीवनका व्यवहारहरू तथा वातावरणबाटै लिनुहुन्थ्यो।

उदाहरणको रुपमा यी प्रसंगहरू लिन सकिन्छ। जसरी वैलगाडाको पांग्रा आफूसँगै गोरुको पछाडि पछि लाग्दछ (**चक्कं व वहतो पदं**), जसरी आफ्नो छायाँ नटुटिकन शरीर सँगसँगै साथ आउँदछ (**छाया व अनपायिनी**), जसरी सर्पले आफ्नो पुरानो छालालाई छोड्छ (**उरगो छिन्नमिव तवं पुरानं**), बादल मुक्त चन्द्रमाले प्रकाश छरे जस्तै (**अब्भामुत्तोव चन्दिमा**), तुफान हावा हुरीले कमजोर रुखलाई ढालेजस्तै (**वातो रुक्खं व दुब्बलं**), जसरी चम्चाले तिउन तरकारीको स्वाद थाहा पाउँदैन (**दब्बी सूप रसं यथा**), गोरु साँढे जस्तै मोटाउनु (**बलिवद्दो व जीरति**), जसरी दुध दुहुनासाथ दही जम्दैन (**सज्जु खीरं व मुच्चति**), जसरी कुशल खेताला पानीको जानकारले आफूलाई मन लागेको ठाउँमा पानी लैजान्छ (**उदकं हि नयन्ति नेत्तिका**), जसरी गोठालाले आफ्नो वस्तुभाउलाई लट्ठीले चराउन डोऱ्याउँछ (**यथा दण्डेन गोपालो गावो पाचेति गोचरं**), खेतको दोष घाँस हो (**तिन दोसानि खेत्तानि**) आदि।

यसरी बुद्धका शिक्षाहरू पूर्णतया उपमा तथा उदाहरणबाट भरिएको छ। बुद्धले हजारौं कथाहरू वर्णन गर्नुभएको छ। साथै त्यसलाई सुन्ने श्रोताहरूले ध्यान दिएर बुझोस् भनीकन ती घटना परिघटना संयोगहरूलाई सिलसिलाबद्ध ढंगले लघुकथाको रुपमा छोटो रोचक कथाको रुपमा बुझाईदिनु हुन्छ। उहाँले बताउनु भएको सबै ५५० वटा पूर्वजन्मका जातक कथाहरू त्यस बेलाको अनुयायी शिष्यहरूलाई विभिन्न अवसरमा विधि घटनासँग सम्बन्ध जोडेर बुझाईदिनु भएको ज्ञानको संगालो नै हो।

भगवान् बुद्धले सर्वप्रथम शिक्षा सेवा दिने क्रममा प्रश्न उत्तर सोध्नुहुन्छ। अनुयायीहरूको प्रश्न र जिज्ञासालाई पनि महत्व दिनु हुन्छ। यसरी कुनै एक विशेष विषयमा छलफल गरी त्यो विषयको विद्या प्रविधिलाई परिचित गराउँदै जिज्ञासुहरूको ध्यान केन्द्रित हुनेगरी नबुझेसम्म बुझाउने गर्नुहुन्छ।

बुद्धकालीन समयमा उहाँ जुनसुकै विहारमा बस्नु भएपनि त्यहाँ सामुहिक भेला



https://dhamma.digital

कक्ष हुन्थ्यो । यी सामुहिक भेला कक्षको मुख्य भागको बीचमा सदैव गौरवका साथ भगवान्‌को आसन हुन्थ्यो । जब जिज्ञासुहरू बीच केही विषयमा छलफल हुन्थ्यो भगवान् बुद्ध उक्त धर्म सभामा सहभागी हुनुहुन्थ्यो । अनि उहाँ त्यस भेलाको छलफलमा सरीक भई संघ सदस्यहरूलाई यस्तो भन्नुहुन्थ्यो, "म यहाँ आउनुपूर्व तिमीहरू के विषयमा छलफल गरिरहेका थियौ ? (**कायनुत्थ भिक्खवे एतरहि कथाय सन्निसिन्नाति**)

त्यस वृहत भेलामा शान्तसँग बसेकाहरू मध्ये कुनै एक भिक्षुले उठेर अभिवादन गर्दै भन्ने गर्थे, "हे भगवान्, हामीहरू यी ३२ प्रकारका अनावश्यक कुरामा आनन्द मज्जा लिएका छैनौं । जस्तै राजा चोरहरूको बारेमा इत्यादि (**राज कथा, चोर कथा**) हामीहरूको फलाना फलाना घरमा संजोगबश फलाना-फलानो भिक्षुसंघ सम्बन्धित घटेको घटना बारे चर्चा गरिरहेका थियौं ।" यस सन्दर्भमा घटनाको यथार्थ विवरण लिनुभई यस घटनाको सम्बन्धमा कसैले थाहा नपाएको नौलो कुराको प्रकट गर्नुहुन्थ्यो । यसबेला समागममा भेला भएका सहभागी भिक्षुहरूले भगवान्‌को गुणगान गरी आदरभाव दर्शाउथे ।

बुद्धले अरु धर्म गुरुले जस्तै आफ्नो विहार क्षेत्र तथा धर्मसभालाई मात्र ज्ञान दिनुहुन्नथ्यो । भगवान् बुद्धले जिज्ञासु श्रोतागणलाई प्रायः गरी खुल्ला हावा, आकाशमुनि सिकाउने गर्नुहुन्थ्यो । भगवान् बुद्धको सिकाई कक्षा भनेकै सार्वजनिक स्थान, मसानघाट, पहाडी गुफा, कन्दरा, रुखको छायाँमुनि खुल्ला खेत, जन्तु चराउने चउर, गरीबको छाप्रो, सर्वसाधारण हिड्ने बाटो तथा जङ्गल हुन्थे । यी ठाउँहरूको परिसरमा रहेको प्रकृतिको सेरोफेरो वातावरण नजीक हुन्थ्यो । भगवान् बुद्धले प्रकृतिको ती स्थानमा रहेका चीजवस्तु, घटना सन्दर्भ यसै समयको संयोगलाई जोड्दै उनीहरूकै आँखाले देख्ने, हेर्ने, बुझ्ने गरी प्रष्टसँग प्रमाण दिएर बुझाउनु हुन्थ्यो ।

बुद्धले सदैव व्यावहारिक दृष्टि राखी सिकाउने क्रममा आफ्ना शिष्यहरूले भाँडोमा खुट्टा धुन पानी भरीलिएर आउँथे । त्यसबेला उहाँले त्यही विषयमा सिकाउने बुझाउने गर्नुहुन्थ्यो । जसले गर्दा शिष्य शिष्याहरू दुःखमुक्त भई निर्वाणगामी अर्हत् हुन्थे ।

भगवान् बुद्धले भिक्षु चुलपन्थकलाई ज्ञानको विधि सिकाउने क्रममा एक नयाँ सेतो कपडालाई बारम्बार दोहोऱ्याई तेहेऱ्याई हातले दल्न र मल्न लगाउनु भयो र घामलाई हेरिकन बारबार "**रजो हरणं, रजो हरणं**" भनेर ध्यान गर्न लगाउनु भयो । अर्थात् मैल, दाग हटेर जाओस भन्ने विषयवस्तु दिनु भयो । यस युवा भिक्षुले ४ महिनासम्म समय दिएर पनि एउटा गाथा कण्ठ गर्न नसकेपछि आफै अफसोस मानी अयोग्य ठानिरहेका उक्त भिक्षुलाई अरहत्व ज्ञान प्राप्त हुने गरी बुद्धले मनोवैज्ञानिक उपचार गर्नुभयो ।

भगवान् बुद्ध जब कृषकहरूले काम गरिरहेको खेतमा जानु हुन्थ्यो तब उहाँले



https://dhamma.digital



*"हे भिक्षुहरू ! यदि यहाँ उपस्थित कसैलाई बुद्ध, धर्म र संघ अथवा मार्गको बारेमा केहि शंका संदेह भए अहिले नै मलाई सोधिहाल्नु । फेरि पछि सोध्न पाएन भनेर पछुताउनुपर्ला ।"*



https://dhamma.digital

कसरी हलोको प्रयोग गर्ने, कसरी खेत जोत्ने, असल कृषक, असल अन्न तथा वस्तुभाउ, कृषि उत्पादनको उपमा दिनुहुन्थ्यो । जब उहाँ मानिसहरू नुहाईधुवाई गर्न नदीमा पुग्नु हुन्थ्यो तब पाप पखाल्ने भनेर नुहाउँदै गरेका ती मानिसहरूलाई पवित्र नदीको पानीले पखाल्दैमा, पाप धोइदैंन, शुद्ध चोखो भईदैन भनी सम्झाउनु हुन्थ्यो (**किं सुन्दरिका करिस्सति ? किं पयोगा** ?) । जब उहाँ जङ्गलमा जानु हुन्थ्यो उहाँले के कस्ता कुरा सिकाउनु भयो र के कस्ता कुरा सिकाउनु भएन तुलना गर्न रुखबाट झरेका पातहरू, खसेर सुकेका पातहरू तथा रुखमै बाँकी रहेका पातहरूको उदाहरण दिनु हुन्थ्यो । त्यस्तै गरी जब उहाँ श्मशानमा जानु हुन्थ्यो जिज्ञासुहरूलाई मरेको शरीर वा लासलाई उदाहरणको रुपमा देखाउनु हुन्थ्यो ।

एकदिन भगवान् बुद्धले असाध्यै सुन्दरी नतर्की सिरिमाको मृत्यु भएको खबर सुन्नुभयो । भगवान् बुद्धले त्यसबेलाका राजा कोसललाई तुरुन्त दाहसंस्कार नगर्न निर्देशन दिनुभयो । उक्त नतर्की निकै प्रख्यात तथा सम्पूर्ण शहरको मन जित्न सफल भएकी सुन्दरी थिइन् । बुद्धको आज्ञा अनुसार राजाले सिरिमाको लाशलाई ४ दिनसम्म जनावरबाट सुरक्षित हुनेगरी सजाएर राखे । ४ औं दिनमा बुद्धले राजा सहित शहरका मानिसहरू पनि भेला गर्न लगाए । राजाको आदेश अनुसार मानिसहरू थुप्रै भेला हुन आए । त्यसबेला बुद्धले सिरिमाको शरीर पाउन (उनी जिउँदो अवस्थामा १ घण्टाको) एक हजार सुनको कार्षापण मूल्य राखेको थियो ।

राजा कोसलले सुरुवातमा एक हजार कार्षापण मूल्यबाट मोलतोल गरी विक्री गर्ने घोषणा भयो । मानिसहरूलाई प्रतिस्पर्धा गरी मोलमाल गरी लिन अनुमति दिए । कसैले लिन नमाने पछि ५०० कार्षापणमा झारी यसको मूल्य अन्तमा १ कार्षापणमा झऱ्यो । तैपनि कसैले मूल्य राखेन । त्यसपछि राजाले निःशुल्क लैजान भने तर कसैले लान चाहेन । यसरी मानिसहरूले भेलाभएकाहरूलाई शरीरको अनित्यता, रुपलावण्यको धर्मलाई चिर्नुभयो ।

एवम् तरिकाले मानिसहरूलाई जो रुप सुन्दरतामा आकर्षित हुन्थे, उनीहरूलाई व्यावहारिक पाठ सिकाउनु हुन्थ्यो । जुन अवसरमा बुद्धले कोही कोही व्यक्तिलाई सिकाउन, सम्झाउन व्यक्ति अनुसार समय अनुसार नजीक र टाढा बसेर अवस्था अनुकूल विभिन्न उपाय प्रयोग गरी प्रभावकारी ढंगले बुझाउनु हुन्थ्यो । त्यतिबेला यौवन अवस्थामा पुगेकी कृषागौतमीको आफ्नो एक्लो छोरा बितेछ । कृषालाई मरेको मान्छे फेरि फर्किएर आउँदैन भन्ने ज्ञान भएन । उनी थुप्रै वैद्यकहाँ गई मरेको छोरा लिएर गइन्, उपचारको लागि । बिउँझाइदिन आग्रह गर्छिन् । सबैसँग हरेस खाइकन छोराको लास बोकी बुद्धको शरणमा पुग्छिन् । छोरालाई जीवित गरिदिन पुकार्छिन् । त्यसपछि महाकरुणावान भगवान्



https://dhamma.digital

बुद्ध जो महान् मनोवैज्ञानिक हुनुहुन्थ्यो । मनोचिकित्सकको रुपमा उनको अनुरोधलाई नकार्न भगवान् बुद्धले त्यस्तो समयमा धर्म उपदेश दिएर उनले वियोगको दु:ख खपिएको अवस्थामा मनमा लिंदैनन् भन्ने बुझी उहाँले यस्तो भन्नुभयो,तर बुद्धले केही सर्त सहित उपकार गरिदिने भन्नुभयो । मैले भनेको औषधि लिएर आउनु ।

"के औषधि भगवान् ? एक मुट्ठी तोरि ? त्यो त ज्यादै सजिलो छ । म छिट्टै लिएर आउँछु ।" त्यति भनी उनी जान हतारिइन् । तर एकछिन पर्ख, भगवानले भन्नुभयो, "त्यो एक मुट्ठी तोरि यस्तो घरबाट लिएर आउनुपर्छ जहाँ परिवारको कोही पनि नबितेको होस् ।" हवस् म छिट्टै लिएर आउँछु भनी कृषा गौतमी आफ्नो मरेको बच्चा बोकी जेतवन विहारबाट निस्केर श्रावस्ती शहरको मूल बाटो हुँदै उनी पहिलो घरमा गइन् । "बुद्धले मेरो छोरालाई बचाउँछु भन्नुभएको छ त्यसैले कृपया एक मुट्ठी तोरि दिनुहोस् ।" त्यस घर गृहणीले केही तोरि कृषालाई दिइन् । त्यसपछि उनले सोधिन्, "तपाईको घरमा कोही मरेको छ ?" "छ । मेरो हजुरबा मरेको छ । हाम्रो बुबा बितेको छ, दाजु मरेको छ ।" "त्यसो हो भने यो तोरि मलाई हुँदैन । मलाई त्यस्तो घरबाट तोरि चाहिन्छ जहाँ कोही पनि नमरेको होस् । म अर्को घरमा जान्छु ।" कृषा गौतमी अर्को घरमा गइन् । तोरि पाइन । त्यहाँ पनि मृत्यु भएको रहेछ । फेरि अर्को घरमा गईन् । शहरको प्रत्येकजसो सयौं घरमा पुगिन् । सबैले त्यही जवाफ दिए । सत्यको बिहानी उनको मनमा विस्तारै विस्तारै उदय भयो ।

मृत्यु मेरो छोराको मात्र भएको रहेनछ । सबैले त्यो वियोग भोग्नु पर्ने रहेछ भन्ने महशुस गरिन् । एक हातमा बिहानीको उज्यालो सँगै यथार्थ बोध गरिन् भने अर्को हातमा लास लिएर बसेकी थिइन । प्रकृतिको यथार्थ सत्यलाई अनित्य बोध गरी आफ्नो छोराको लासलाई अन्त्येष्टी गरिन् । त्यसपछि बुद्धकहाँ फर्की भगवान्लाई नमस्कार गरी बसे । के तिमीले तोरी लिएर आयौ त? भगवान् अब मैले मृत्युको स्वभाव प्रकृतिको नियमलाई सत्य बोध गरें । अनुकम्पापूर्वक मलाई पनि प्रवजित गरी शरणमा लिनुहोस् र दु:ख मुक्तिको बाटो मृत्युबाट अलग्ग हुने धर्म अभ्यास गर्ने छु । भगवान् बुद्धले प्रवजित गरी उनीलाई भिक्षुणी संघमा प्रवेश गराउनुभयो । भिक्षुणी भएको केही समयपश्चात् नै सांसारिक दु:खबाट मुक्त भई अर्हत भइन् ।

यो कथाको घटनाक्रममा पुत्र वियोगको दु:ख थाम्न नसकी चित्तविदित भई पागल जस्ती भएकी आमा थिइन् । त्यस्तो बेला धर्म उपदेशले काम गर्दैन थियो । त्यसैले उहाँले मृत्युको स्वभाव बुझाउन उनमा चेतना जगाउन यो विधि अपनाउनुभएको देखिन्छ ।

केही गुरु आचार्यहरू उहाँ जस्तै थिएनन् । त्यसबेलाका विद्यार्थीहरूले नबुझेर प्रश्न गर्दा उहाँले जस्तो उचित उत्तरसँग चित्त बुझ्दो जवाफ मिल्दैनथियो । बुद्धको पालामा



https://dhamma.digital



*“हे भिक्षुहरू ! यदि अरुलाई पनि मलाई जत्तिकै दानको महत्त्व थाहा भएको भए कसैले पनि एक मुट्ठि भएपनि अरुलाई दान नदिईकन खाँदैन थिए । कोहि पनि लोभी हुने थिएनन् । यदि कोहि लिने इच्छुक भए आफूलाई खाइरहेको खानाको अन्तिम भाग समेत त्यस व्यक्तिलाई सुम्पिन्थे ।”*



https://dhamma.digital

असाध्यै नाम चलेका पुरणकाश्यप सहित ६ जना आध्यात्मिक गुरुहरू थिए। उनीहरू बुद्ध भन्दा उमेरले जेष्ठ थिए। त्यसबेलाका साधुसन्त तिर्थङ्कर समूहका गुरु थिए। उनीहरू धार्मिक नेता थिए। नाम चलेका प्रसिद्ध सम्मान पाएको हुनाले उनीहरूलाई लाभसत्कार पनि प्राप्त थियो। धेरै जनाले उनीहरूलाई दार्शनिकको रुपमा मान्थे। त्यसताका एक जिज्ञासुको रुपमा सुप्रिय परिव्राजक जसले ती सबै धर्म गुरुकहाँ गई प्रश्न गर्थ्यो। तर उनीहरूले सन्तोषजनक जवाफ दिएनन्। उनीहरू रिसाउँथे। उनीहरूले उसैमाथि दोष थुपार्थे। उनीहरूले रिसाई रिसाई शारीरिक संकेत गरी तर्साउने, धम्काउने गर्दथे।

सुप्रिय परिव्राजकको मनमा यस्तो विचार आयो। यी गुरुहरू वृद्ध छन्, जेष्ठ छन्। पाको छन्, उमेरले जीर्ण र कमजोर भईसके, आफ्नो धर्ममा कट्टरताका साथ लागेका छन्। बाहिरका मानिसहरूले साधुसन्तका रुपमा पुज्दछन्। उनीहरूले आफ्नो लामो जीवन धर्ममै बिताए (**जिन्ना, वुद्धा, महल्लका, अद्धगता, वयो अनुप्पत्ता, थेरा, रतञ्ञु चिर पब्बजिता**)। तर उनीहरूलाई जीवन जगतको बारे शंका भएको प्रश्न सोध्दा बुझाउनुको सट्टा रिसाउँछन्, झर्को मान्छन्। तर्साएर मलाई नै दोष दिन्छन्। यदि उनीहरूले यस्तो व्यवहार गर्नेहो भने परिव्राजक जीवन छोडेर म गृहस्थ हुन्छु।

तर जे भए पनि म गौतमलाई एकचोटि भेट्छु, उहाँ समक्ष आफ्नो जिज्ञासा प्रश्न सोध्नेछु। गौतम भर्खरको नव जवान हुनुहुन्छ। उहाँ युवाहरूसँगै प्रवज्यामा कान्छो कनिष्क हुनुहुन्छ (**समणो हि गोतमो दहरो चे व जातिया, नवो च पब्बज्जाय**)। तर मैले उहाँ भर्खरको युवा सम्झनु हुँदैन। उहाँसँग महान् सिद्धि ज्ञान छ। उहाँले आशंका भएका विषयहरूलाई कुशलता पूर्वक प्रेरणा दिएर समाधान गर्नुहुन्छ। (**समणो खो दहरोति न परिभवतब्बो, दहरोपि वेस समणो गोतमो महिद्धिके होति महानुभावो**)। त्यसकारण यी गुण भएका उहाँ गौतम समक्ष गई म प्रश्न राख्नेछु।

सुप्रिय परिव्राजक बुद्धकहाँ गई अभिवादन गरी यसो भने "मेरो मनमा थुप्रै शंका उपशंका छन्। यस सम्बन्धमा म तपाईसँग सोध्ने छु। मलाई के तपाईले जवाफ दिनुहुन्छ ?'हे सुप्रिय, तिमी आफ्नो जिज्ञासा मेटाउन ७०० योजन टाढादेखि लामो बाटो गरी आएका छौ। तिमीले चाहेको सबै प्रश्न सोध्न सक्छौ। म सबै प्रश्नको जवाफ एक-एक गरी बुझ्ने गरी नियम मुताबिक तर्कसंगत रुपमा दिनेछु। (**दूरतो व आगतोसि सभिय पञ्हे पुच्छितुं आकंखमानो तेसन्तकरो भवामि ते पञ्हे ते पुट्ठो – अनुपुब्बं, अनुधम्मं व्याकरोमी ते**)

सुप्रिय असाध्यै आश्चर्यचकित भए। यो मेरो लागि निकै आश्चर्य हो। अरु गुरुहरूको सेवा र सामिप्यमा रहेपनि प्रश्न सोध्न सम्भव थिएन। तर तपाई श्रमण गौतमले सहर्षपूर्वक मलाई स्वीकार्नु भयो। (**अच्छरियं वतभो, अब्भूतं वतभो यावताहं**



https://dhamma.digital

**अञ्ञेसु समण ब्राह्मणेसु ओकास कम्म मत्तम्पि नालत्थं किं मे इधं समणेन गोतमेन ओकास कम्मं कतं**) । उ आशाको हर्ष खुसी भएर प्रश्न राखे । (सुत्तनिपात, सुप्रिय सुत्र)

यस प्रसंगको कथाले भगवान् बुद्ध महानतम गुरु हुनुहुन्छ भन्ने देखिन्छ । जो कोहीले बुद्धलाई प्रश्न सोध्न आउँदा उहाँले सविनयपूर्वक निसंकोच तरीकाले उत्तर दिने गर्नुहुन्छ । खुसीका साथ बुझाउनु हुन्छ । उहाँले आफ्नो बुद्धत्व ज्ञान करुणा हृदय अन्तर मन देखि उजागर हुने गरी बुझाई दिनुहुन्छ । प्रश्नकर्ता तथा जिज्ञासुको मनस्थिति हेरी उनीहरूले बुझ्न चाहेको प्रश्न मुताबिक आवश्यक उत्तर दिनुहुन्छ । उहाँको निपूणयुक्त जवाफ पाएपछि तर्क गर्न आएकाहरू पनि खुसी हुने गर्दछ । जब बुद्धले उहाँसँग वादविवाद विमति तर्क गर्न आउनेहरू पनि नरमता शिष्टता पूर्वक प्रस्तुत हुँदा उनीहरू बुद्धबाट प्रभावित भई यसो भन्ने गर्छन्: हे श्रमण गौतम हाम्रो जिज्ञासालाई पूर्ण रुपमा समाधान गरिदिनु भयो । विभिन्न तरीकाले बुझाउनुभयो । घोप्टी राखेको भाँडोलाई ओल्टाई दिएजस्तै, अध्यारोँमा दियो प्रकाश देखाए जस्तै, बाटो विराएकालाई बाटो देखाइदिनुभयो । हामी तपाईको शरणमा,धर्म र संघको शरण जान्छौं । आजदेखि उपासक उपासिकाको रुपमा जीवन पर्यन्त त्रिशरणमा जानेछौं भनी अभिव्यक्त गर्दछन् ।

त्यसबेलाका नामी ब्राह्मणहरू सच्चक, अम्बट्ठ, सोणदण्ड, कूटदन्त, पोट्ठपाद, पायासि, सुप्रिय, सेल आदि त्रिवेदका ज्ञाताहरूको तथा आलवक भन्ने यक्षले समेत बुद्धलाई प्रश्न गर्छु भनी आएकाहरू स्वयं आफै धर्म अवबोध हुन पाए ।

एक जना युवा श्रामणेर भगवान्को अगाडि अनादर गरी बसे । बुद्धलाई उसको पूर्व संस्कार थाहा थियो । त्यसैले उहाँले केही भन्नु भएन । उहाँले निरन्तर ऊ प्रति दया करुणा राख्नु भयो ।

श्रावस्तीको सम्पन्न परिवारबाट कुनै एक व्यक्ति आफ्नो श्रीमतीको मृत्यु पश्चात भिक्षु हुन आए । ऊ विहारमा आउँदा घरमा प्रयोग गर्ने खाट, दराज, कपडा, खाने कुरा पनि साथमा लिएर आए । उसले आफूलाई घरमा पकाई दिने भान्छेलाई समेत लिएर आए । उसले सम्पन्न साहु महाजन सरह नै खानपिन गर्न थाले । दिउँसो लगाएको चीवर राति लगाउँदैनथे । राति लगाएको वस्त्र दिउँसो लगाउँदैनथे । उनी निकै शानसँग बहुभण्डारिक भएर बस्न थाले । एक दिन उसले कपडा, चीवर र ओछ्यान घाममा सुकाएर कुरेर बसेका थिए । त्यस समयमा केही भिक्षुहरू अर्को प्रदेशबाट त्यस विहारमा आए । ती सारा चीवर कपडाहरू घाममा सुकाएको लुगा धुने रजकहरूले जस्तो लगेर भिक्षुहरूले सोधे, "यो कस्को हो?" ती भिक्षुले सबै मेरो हो भनेर जवाफ दिए । ती भिक्षुहरूले भने," भगवान् बुद्धले त्रि-चीवर वा तीनवटा मात्र कपडा र एउटा पात्र अनुमति दिनुभएको छ । तिमीलाई थाहा छैन ? भगवान् बुद्धको शासनमा भिक्षु भएपछि



https://dhamma.digital



*"हे महाकस्सप ! तिम्रो चीवर त साह्रै नरम छ ।" अनि भिक्षु महाकस्सपले भन्नुभयो, "भन्ते ! करुणा राखि यो चीवर स्वीकार गर्नुहोस् ।" फेरि भगवान् बुद्धले भन्नुभयो, "कस्सप, के तिमीलाई मैलै बर्षौं लगाएर थोत्रो भइसकेको, मसानघाटमा फालेको कपडाबाट बनेको यो मेरो चीवर लाउन मनपर्छ र ?" महाकस्सपले भन्नुभयो, "हो भन्ते, मलाई मनपर्छ ।"*



https://dhamma.digital

धेरै सामान जुटाएर बस्नुहुँदैन ।" ती भिक्षुहरूले उक्त बहुभाण्डिक भिक्षुलाई भगवान् कहाँ लगेर त्यसबारे गुनासो गरे । त्यसपछि भगवान् बुद्धले भन्नुभयो, "श्रमण भिक्षु जीवनमा अल्पेक्षु भई बस्नुपर्दछ । त्यत्रो सारा सामानहरू थुपारेर किन बसेको? अरु नभएकालाई दिनुपर्छ ।" त्यत्तिमा त्यो भिक्षु रिसाए । उसका सबै चीवरहरू त्यही बीचमै माटोमा फालेर रिस देखाउँदै के मैले यस्तो गर्नुपऱ्यो भनेर असन्तोष व्यक्त गरे । भेला भएका भिक्षुहरू चकित परे र निःशब्द भई उसको व्यवहार देखेर दंग परे । त्यसैबेला भगवान् बुद्धले अनुकम्पा सहित असीम करुणा राखी भन्नुभयो, "हे भिक्षु, यस अवस्थामा पनि हामी तिमीलाई दया करुणा नै राख्दछौं । यद्यपि आज तिमीले लाज, सरम र भय नहुने व्यवहार गऱ्यौ । तिमीले यो हिरी र ओतप्प अर्थात् नराम्रो काम गर्न लाज र भय हुनुपर्छ भन्ने ज्ञान बुझ्न तिम्रो अतित जन्ममा जलयक्ष हुँदा १२ वर्ष लगायौ (देवधम्म जातक) । त्यस जन्ममा **हिरीओतप्प** बारे बुझ्यौ भने अहिले बुद्ध शासनमा प्रवज्या भएर श्रमण भएको बेलामा लाज र भय राखेर अनुशासित हुनु जरुरी छ । यो भिक्षुले आफ्नो होस गुमेको चाल पाएर फालेको चीवर पुनः टिपेर धर्म लाभ प्राप्त गरे । *- सद्धर्मरत्नावली, बहुभाण्डिक थेरको कथा)* । यस घटनाको सन्दर्भमा भगवान् बुद्धलाई आफ्ना शिष्यहरूलाई असीम स्नेह तथा करुणा राख्ने गुरुको रुपमा बुझ्न सकिन्छ ।

प्राचीन भारतमा त्यसबेला कुनै विषयमा ज्ञान भएका विशेष गुरुहरू छरिएर रहेका थिए । विविध विषय जस्तैः वेद, औषधि, विज्ञान, ज्योतिष, योग, नाटक, कला, संगीत इत्यादि । त्यस विधाका गुरुहरूले बलियो परम्पराको रुपमा मुख्य गुरुहरूले शिष्यहरूलाई सबै नसिकाइकन केही केही कुराहरू बाँकी र गोप्य राख्दथे । आफ्नो विशेषता र ज्ञानको सुरक्षाको निमित्त सबै कुराहरू स्वतन्त्र र स्वच्छ रुपमा सबै सिकाउँदैनथे । भगवान् बुद्ध त्यही युगमा जन्मनु भयो र आवश्यक कुरा सबै सिकाउनु पनि भयो । उहाँले थाहा पाएको मानिसहरूले चाहेको सबै कुरा निःस्वार्थ रुपले छर्लङ्ग हुनेगरी सिकाउनु भयो । बुद्धले भन्नुभयो, "आनन्द, बुद्धको शासन र शिक्षामा कुनै गुरुमुट्ठि वा गोपनियता छैन (**नत्थि आनन्द तथागतस्स धम्मेसु आचरिय मुट्ठि**)" । भगवान् बुद्ध स्वयमले भिक्षु आनन्दलाई यो कुरा भन्नुभएको थियो ।

भगवान् बुद्धले शिक्षा दिक्षा दिने क्रममा त्यति जागरुक हुनुहन्थ्यो कि उहाँले अन्तिम मृत्यु शैय्यामा पनि ८० वर्षको उमेरमा शिष्य भिक्षुहरूलाई तीन पटक यसरी भन्नुभयो, "हे भिक्षुहरू, यदि तिमीहरूलाई मेरो तर्फबाट केही सिक्न, बुझ्न बाँकी छ भने सोध्न सक्छौ । पछि हामीले बुद्ध जीवित हुँदा सोध्न पाएनौं, यो विषयमा बुझ्न पाएनौं भन्न नपरोस् । तसर्थ अहिले यो समय हो तिमीहरूले जान्न चाहेको सोध्न सक्छौ । यदि भिक्षुहरूले स्वयम एक्लै सिधा सोध्न चाहदैंन भने साथी लिएर सोध्न सक्छौ । तिमीहरूको



https://dhamma.digital

प्रश्नको शंका उपशंकाको निवारण गर्न पाउँदा मलाई खुसी, हर्ष नै हुनेछ।"

- *महापरिनिर्वाण सुत्र*

अन्य धर्मका गुरु, आचार्य, उद्धारक, प्रतिपादक, धर्म नेताहरूले कहिले पनि यसरी सूचित गरी अरुलाई स्वतन्त्र रुपमा विचार व्यक्त गरेको त्यति पाईदैन। ती गुरुहरू गुरुमुट्ठी राख्न चाहेका हुन्छन्। तर भगवान् बुद्धले ज्ञान, शिक्षा, दिक्षा सिकाउने क्रममा सबै विधि सिकाई खुल्ला राख्नु हुन्छ। त्यो नै उहाँको महानतम् गुरुको गुण हो। यदि सबैले यस्तो चरिया, यस्तो पारमिता पुण्य संम्भार पुरा गरेमा सबै बुद्ध हुन्थे होला। बुद्धले कहिले कसैलाई तर्साउनु भएन, धम्काउनु भएन। यो तरीकाले जान सकिन्छ। यदि त्यसरी गएन भने दण्ड सजाय दिन्छु भनी कहिल्यै भन्नुभएन। बुद्धले यी कुराबाट राम्रो हुन्छ , यो कार्यबाट नराम्रो हुन्छ। यसको सम्बधित परिणाम बारे सम्झाउनु हुन्छ। करुणावान गुरु हुनुभएकोले निस्वार्थ रुपमा सुपरिणाम र दुश्परिणाम देखाई दिनुहुन्छ। उहाँ कहिले पनि आफ्नो प्रशंसा, फाइदा, लाभ, चाकडीको लागि अनुयायीहरूबाट इच्छा गर्नुभएन। उहाँले सदैव आम प्रशंसा, फाइदा र जय जयकार ती सबै बाधा र भयानक हुन्छ भन्नुहुँदै यी कुरामा आत्म प्रशंसामा नभुली आध्यात्मिक ज्ञानको लागि प्रेरणा दिनुहुन्थ्यो। यस्तो अद्वितीय गुरु हुनुभएकोले कसैलाई नराम्रो गर्नु भएन। कसैलाई बदनाम गर्नु भएन। कसैलाई होच्याउनु भएन। राम्रा नराम्रा समाजका सबैलाई समान व्यवहार गर्नुभयो। अझ नराम्रो बाटोमा लागेका नराम्रा चरित्र भएकाहरूसँग पनि उहाँ भेट्नुहुन्थ्यो। कुरा गरेर उनीहरूप्रति करुणा राखी गलत बाटोबाट असल मानिसमा रुपान्तरण गर्नुहुन्थ्यो।

अंगुलिमाल जो गुरुहरूलाई असाध्यै आदरपूर्वक मान्दथ्यो, गुरुभक्त थियो। पछि ऊ भयानक डाकु, हत्यारा भएर निस्क्यो। उसको नाम मात्र सुन्दा पनि राजा, राज्य र जनता डरले काँप्न थाले। त्यसैले राज्यको सम्पूर्ण शक्ति उसलाई खत्तम पार्न लगाए। कोही पनि ऊ बसेको ठाउँमा जान चाहँदैनथे। त्यसैबेला त्रिलोक गुरु भगवान् बुद्धले अंगुलिमाललाई भेट्न भनी जङ्गलतिर जानुभयो। यो देखेर अरु मानिसहरूले यसो भने, "हे भगवान् यो बाटोतिर नजानुहोस्। हत्यारा अंगुलिमाल यो जङ्गलमा कुरिराखेको छ। भेटेजतिलाई मारेर औंला लिन्छ। तपाई जानुभयो भने तपाईलाई पनि मार्नसक्छ।"

एक निडर गुरु हुनुभएकोले उनीहरूको कुरा सुने पनि जसरी एक दयालु बुबा आफ्नोप्रिय छोरालाई खोज्दछ त्यस्तै गरी उहाँ अंगुलिमालकोमा जानुभयो। उसलाई दमन र शान्त गर्नुभयो। हिंसकलाई अहिंसकमा परिणत गरी शिक्षा बोध गराउनुभयो। ज्ञान मार्गमा स्थिर गराउनुभयो। उहाँले यो कुनै जादु चमत्कार गरेको नभईकन उहाँको महान करुणा शान्तिले बशमा पार्नुभएको हो।



https://dhamma.digital

जब एक ताका असाध्यै नामी नर्तकी गणिका अम्बपाली विहारमा दर्शन गर्न आई, साथै उसले आफ्नो घरमा भोजनको लागि निमन्त्रणा गरी, बुद्धले त्यस गणिकाको भोजन स्वीकार्नुभयो । उनी असाध्यै नाम चलेकी प्रख्यात गणिका, वेश्या थिइन् । गणिका वेश्याको घरमा जाँदा जनताले अनेक किसिमले कुरा काट्न सक्थे । तर भगवान् बुद्धले उक्त निमन्त्रणा विना संकोच खुशीका साथ स्वीकार्नुभयो । यसै समयमा लिच्छवी राजाले पनि त्यही दिनका लागि भोजन निमन्त्रणा गरेका थिए । यस सन्दर्भमा अम्बपालीले पहिला नै अलि अगाडि गरिसकेको निमन्त्रणा स्वीकार्दै लिच्छवी राजाहरूको निमन्त्रणा फर्काइदिनुभयो । भगवान् बुद्ध आफ्नो संघ शिष्यका साथ अम्बपालीको घरमा भोजनको लागि जानुभयो । भोजन पश्चात अम्बपालीलाई धर्म ज्ञान दिनुभयो । त्यसपश्चात उनी आदर्श बौद्ध महिलाको रुपमा शील गुणले युक्त उपासिकामा परिणत भइन् । त्यसदिनदेखि गणिका वेश्या चरिया पूर्ण रुपमा त्याग गरिन् ।

सबै गुरुहरूमा यस्तो महान गुण भएको हुन चाहन्छ । प्रायजसो शिक्षार्थीहरूले गुरुको विशेषता र कमी कमजोरीमा ध्यान दिइरहेका हुन्छन् । यस सम्बन्धमा गुरुको सर्वमान्य गुण परिपूर्ण रहेको भगवान् बुद्धका शिष्यहरूले महशुस गरे । उहाँ भगवान् बुद्ध जगतको गुरु हुनुको साथसाथै शील, गुण, स्नेह, मैत्री भाव,करुणा हृदय धर्मका खानी हुनुहुन्थ्यो । विशुद्ध चरित्र, आदर्श नमुना सत्य ज्ञानको विषय सिकाउनु हुने,ज्ञानको उच्चतम तहका जानकार उहाँ शिक्षार्थीहरूको बुझ्ने क्षमता अनुसार ज्ञान बाँड्नुहुन्थ्यो । शिक्षार्थीहरूलाई शंका संशय भ्रम फैलिने गरी, सम्प्रदाय विभेद हुनेगरी, गलत गोप्य ढंगले क्लेश दुर्भावनाले कलह हुनेगरी कहिल्यै ज्ञान बाँड्नु भएन ।

उहाँ भगवान् बुद्धकोमा राजाहरू स्वयम् आउँदथे । त्यस बखत राज घमण्डलाई छोडेर सामान्य जिज्ञासु सरह उहाँ भगवानलाई आदर गर्दथे । मन्त्रीहरू पनि उहाँकोमा आउँदथे र मन्त्री अमात्य पदलाई छोडेर उहाँको शरण लिन्थे । श्रीमान्हरू आफ्ना श्रीमतीहरू त्यागेर आउँथे । श्रीमतीहरू आफ्ना श्रीमान त्यागेर आउँथे । अभिभावकहरू आफ्नो छोराछोरीहरूलाई त्यागेर, घर गृहस्थीहरू आफ्नो घरबार त्यागेर आउँथे । उनीहरू सबै बुद्धका सत्पुरुष शिष्य हुन्थे ।

एक समयमा भगवान् बुद्ध अंगुराप देशको आपन भन्ने शहर बजारमा पुग्नुभयो । बुद्ध सहित १२५० जना भिक्षुहरूको सिधा एक लाइन थियो । भगवान् बुद्धले नेतृत्व गर्नुभएको शोभायमान, दर्शनीय पूजनीयहरूको भेला देख्दा सबै प्रभावित थिए । मानिसहरू घरघरबाट निस्कीबाटोको अर्को छेउमा उभिएर हेर्दथे । यी प्रभावित व्यक्तिहरू मध्ये केनिया भन्ने ब्राह्मणले अर्को दिनको भोजनको लागि निमन्त्रणा गरे । बुद्धले स्वीकार्नु भएन ।



https://dhamma.digital

यसो भन्नुभयो कि हामीहरू ठूलो संख्याको समूहमा छौँ । भोली नै त्यत्रो जनालाई भोजन व्यवस्था गर्न गाह्रो हुनेछ। उक्त केनिय ब्राह्मणले तीन चोटी निमन्त्रणाको लागि प्रार्थना गरेपछि बुद्धले स्वीकार्नु भयो । केनियाले घर घरमा रहेका श्रद्धालुहरूलाई भेला गराई सामुहिक भिक्षा दानको लागि प्रबन्ध मिलाए । यसरी अर्को दिनको लागि बुद्ध सहित १२५० जना भिक्षुहरूलाई भोजन खुवाए । भगवान् बुद्धले त्यत्रो संख्यालाई खुवाउँदा बस्ने स्थानको कठिनाई होला भनेर सुरुमा अस्वीकारेको हो ।

*- सुत्तनिपात, सेल सुत्त*

भगवान् बुद्धले दाताहरूलाई गाह्रो समस्या हुनेगरी निमन्त्रणा स्वीकार गर्नुहुन्नथ्यो । तीन पटक सम्म जोड दिएर आग्रह गरेपछि स्वीकार्नु उहाँको विशेष गुण हो । उहाँले बुद्धत्व प्राप्त गरेपश्चात् नै मैले आदर गर्नुपर्ने गुरुहरू सल्लाह लिनुपर्ने कोही छन् कि भनी आफ्नो ज्ञानले हेर्नुभयो । संसारमा आफू समान कोही नभएको र आफ्नो गुरु भन्नुपर्ने व्यक्ति कोही नभएको उहाँले थाहा पाउनुभयो (**न मे आचरिया अत्थि सदिसा मेन नविज्ज ति**) । अर्थात् मेरो कोही गुरु छैन । न त म समान यो लोकमा रहे । त्यसैले बुद्धले धर्मलाई नै आफ्नो गुरु माने । भगवान् बुद्ध संसारका लागि गुरुहरू मध्येमा पनि आदर्शतम गुरु हुनुहुन्छ । गुरुहरूले आफ्ना शिष्यहरूलाई विद्या ज्ञान दिँदा बुद्धले जसरी शिक्षित गर्नुहुन्थ्यो यी कुरालाई जान्नु आवश्यक छ। बुद्धले सदैव शिक्षार्थीहरूलाई सही बाटोमा आफ्नो उद्देश्य पूरा हुनेगरी सफलताको मार्ग देखाउनु हुन्थ्यो ।



Dhamma.Digital

## *चिकित्सकको रूपमा बुद्ध*

*बुद्धलाई हामीले एक चिकित्सकसँग पनि तुलना गर्नसक्छौँ ।*
*जसरी एक चिकित्सकले कुनै रोगको उपचार गर्न त्यसको कारण,*
*असर र पद्धति थाहा पाएर रोग निको पारिदिन्छ, त्यसरी नै बुद्धले*
*चार आर्यसत्यको बारेमा बताउनु भएको छ ।*
*जहाँ उहाँले दुःखको बारेमा, दुःखको जरा, दुःखको औषधि र*
*औषधि खाने विधिको बारेमा वृस्तृत पार्नुभएको छ ।*

*- Dr. Edward Conze, "Buddhism"*



https://dhamma.digital



तेस्रो दिनमा पनि भगवान् बुद्ध त्यहि घरमा भिक्षाको लागि जानुभयो । त्यस दिन ब्राह्मिणले पात्रो भरिने गरि नै भिक्षा दान गरे र भने, "तपाई त मेरो घरमा बारम्बार पाल्नुहुन्छ, तपाई त खानाको लोभी हुनुहुन्छ कि क्या हो ?"



https://dhamma.digital



# भगवान् बुद्ध अहिंसाका महान प्रवर्तक

भगवान् बुद्ध जसले विहारमा आउने प्रत्येक श्रद्धालुलाई पाँच कुराको शिक्षा दिनुभई अधिष्ठान संकल्प गराउनुहुन्थ्यो । यी पाँच शिक्षापद भनेको पाँच शील हुन् । पाँच शीलको पहिलो शिक्षापदमा कुनै पनि सजीव प्राणीलाई हिंसा नगर्ने । बौद्ध अनुयायीहरूको प्रारम्भिक न्यूनतम गुण विशेषता भनेकै अहिंसाबाट शुरु हुन्छ । सबै खालको हिंसाबाट अलग्ग हुन बुद्धले जोड दिनुहुन्छ । भगवान् बुद्धले मानिसहरूलाई मात्र मैत्री राख्ने नभई सम्पूर्ण जीवजन्तुलाई सम्मान, प्रेम, सद्भाव र माया गर्नुपर्ने शिक्षा दिनुहुन्छ ।

**सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो, अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ॥**

अर्थात् : सबै प्राणीहरू दण्डदेखि डराउँछन् । सबै मृत्युदेखि भयभित हुन्छन् । त्यसैले सम्पूर्ण प्राणीलाई आफू समान ठानेर कसैलाई घात नगरौं नगराऔं ।

**सब्बे तसन्ति दण्डस्स, सब्बेसं जीवितं पियं, अत्तानं उपमं कत्वा, न हनेय्य न घातये ॥**

अर्थात् : सबै प्राणीहरू दण्डदेखि डराउँदछन् । सबैलाई आफ्नो प्राणको माया लाग्छ । त्यसैले सम्पूर्ण प्राणीहरूलाई आफू समान सम्झेर घात नगरौं नगराऔं ।

बुद्धको समयमा भगवान् बुद्ध र महावीर जैनले जनावर पशुपंक्षीप्रति ठूलो दया करुणा राखेको देखिन्छ । अन्य धर्मावलम्बी गुरुहरूले मारकाट गरी बली दिएर पशुपन्छीलाई मारेर खानको लागि शिक्षा दिन्थे । तिनीहरूले पशुपन्छी जीवजन्तुलाई सहँदैनथे । अहिंसाको कठोर पूजारीका रुपमा महावीर गुरु देखा परे । उहाँको मूल सिद्धान्त दर्शन नै कट्टर अहिंसावाद थियो । उनले पानीमा पनि ज्यान हुन्छ, पानीलाई समेत बचाउनुपर्छ भन्ने धारणा राख्थे । उहाँको शिक्षा अनुसार डुङ्गा चलाउनु, समुन्द्री जहाज चलाउनु पनि पानीलाई मार्नु हो, पाप हो भन्दथे । स-साना सूक्ष्म जीवहरूलाई स्वास फेरेमा मरिन्छ, दुःख हुन्छ, त्यसैले मुख र नाक पनि सदैव कपडाले छोप्नु पर्ने नियम बनाएका थिए । बुद्धले त्रिकोटी परिशुद्ध मांस सेवन गर्न मिल्ने भन्ने कुरा गरे पनि महावीरले माछा मासु खाँदैन थिए । उनीहरू शुद्ध साकाहारी हुनुपर्थ्यो । अति नै



https://dhamma.digital

कडाइकासाथ अहिंसावादी हुँदा जैन अनुयायीहरूलाई धर्मको अभ्यास गर्न कठिनाई थियो । त्यसैले जैन शिक्षा भारत बाहिर फैलिन सकेन । कृषि खेती कार्य गर्दा स्वतः कीरा आदि मर्ने भएकोले प्राणीहरूको ज्यान जाने कुनैपनि व्यापार व्यवसाय उद्योग धन्दा दोष लाग्ने कार्य गर्नुहुँदैन भनी वर्जित गरिएको थियो ।

बुद्धको शिक्षा व्यावहारिक र मध्यम मार्गको थियो । त्यसैले अति कट्टर र ज्यादै लचिलो विधिलाई छोडेर बीचको सरल सहज बाटो जो कोहीले अपनाउन सक्दथ्यो । आफू नजीकको वा नचिनेको, सानो वा ठूलो, परिचित वा अपरिचित, दृष्य वा अदृष्य सबै प्राणी उपर असीम मैत्री प्रेम राख्नु पर्दछ भन्ने बुद्धको अहिंसा शिक्षा हो ।

**अपादकेहि मेमेत्तं, मेत्तं द्विपादकेहि मे,**

**चतुप्पदेहि मे मेत्तं, मेत्तं बहुप्पदेहि मे ॥**

अर्थात् : खुट्टा नभएका प्राणीहरूलाई मेरो मैत्री भाव रहोस्, त्यस्तै दुई खुट्टा मात्र भएका र चारखुट्टा भएका प्राणीहरू, धेरै खुट्टा भएका सबै प्राणीहरूप्रति मेरो मैत्री भाव रहोस् ।

**सब्बे सत्ता सब्बे पाणा, सब्बे भूता च केवला, सब्बे भद्रानि पस्सन्तु,**

**मा कञ्चि पाप मागमा ॥**

अर्थात् : सबै सत्वहरू, सबै प्राणीहरू, सबै उत्पन्न भएकाहरू, सबै जीवधारीको असल दृष्टि भै असल महा-उत्तम भएको देखिनुपर्ने देखियोस् । कसैको कुदृष्टि नहोस् । कसैबाट नराम्रो कार्य नहोस् ।

यस प्रकार भगवान् बुद्धले मानिसहरूलाई सभ्य, सुशिक्षित तथा सबै प्राणी उपर सद्भाव मैत्री कायम गर्नुपर्दछ भनी सिकाउनु हुन्थ्यो । आफूद्वारा कसैलाई अप्ठेरो, दुःख, पिडा, बाधा, अड्चन नहोस् भनी सदैव होस् राख्नु पर्ने कुरामा जोड दिनुहुन्छ ।

ककचुपम सुत्रमा बुद्धले यस्तो भन्नुभएको छः "हे भिक्षुहरू यदि डर लाग्दा निर्दयी जङ्गली डाँकाहरूले कुनै व्यक्तिलाई समातेर करौतीले चिरेर दुई टुक्रा पार्दछ । त्यसबखत त्यो मानिस डाँकाहरू देखेर रिसाउँछ । तर हे भिक्षुहरू मेरो शिक्षामा त्यस्तो अवस्थामा पनि आफ्नो मनमा दोष दुर्भावना उत्पन्न गराउनु हुन्न । हामीले अपशब्द गाली गरी श्राप दिनुहुन्न । यस्तो अवस्थामा पनि भित्री मनदेखि मैत्री करुणा राखी प्रतिशोध र प्रतिघातको भावना राख्नु हुँदैन । त्यस्तो अकुशल मनबाट अलग्ग भई शत्रुलाई पनि मित्र भाव राख्नुपर्दछ । *(ककचूपम सुत्त, मज्भिनिकाय)*

यस अनुसार यदि त्यो व्यक्ति मैत्री करुणा राख्नुको सट्टा आफूलाई टुक्रा पार्ने शत्रुप्रति द्वेष गर्दछ भने त्यो व्यक्तिले भगवान्को वचन अनुसरण नगरेको हुन्छ । उसले



https://dhamma.digital

बुद्धको सुझावमा विश्वास नगरेको ठहरिन्छ। बौद्धहरूले बुद्धको शिक्षाबाट कठिन परिस्थितिमा पनि कुनै कारण देखाएर अरुलाई चोट पुऱ्याउने सास्ती दिने,पीडा दिने गर्न मिल्दैन। तसर्थ भगवान् बुद्ध वास्तवमा अहिंसाका प्रर्वतक हुन्। बौद्ध अनुयायीहरूले साँच्चै बुद्धलाई मानेका हुन् भने कुनै पनि बहानामा कसैलाई चोट पुऱ्याउने, सास्ती गर्ने, मार्ने, झगडा गर्ने, रिस गर्ने, हप्काउने र रक्तपात गर्ने छुट छैन। यदि कसैले समूहमै लागेर अरुलाई अप्ठेरो पार्दछ भने उ सच्चा बौद्ध हुँदैन। भगवान् बुद्ध मैत्री करुणाको प्रतिमूर्ति मात्र नभईकन अहिंसाको प्रतीक हुनुहुन्छ। महान् सम्राट अशोक राजाले युद्ध जित्दै, राज्य जित्दै रक्तपात गरे। तर पछि हिंसा छोडी युद्धमयको सट्टा बुद्धमय बने। अहिंसा विजय गरे। त्यस्तै धर्म राजाहरू श्रीसंघवो जस्ता शासकहरू निस्के। त्यस्तै गरी अहिंसाका पूजारीका रुपमा विश्व प्रशिद्ध महात्मा गान्धी तथा जवाहलाल नेहरू जस्ता अहिंसा आन्दोलन गर्ने नेताहरू जन्मे। बुद्धले देखाउनु भएको अहिंसाको शिक्षा र परम्परा अहिलेको आधुनिक समाजलाई पनि हिंसा युद्धबाट मुक्ति पाउन सारगर्भित मान्न सकिन्छ।





https://dhamma.digital




एकदिन, कसैले भगवान् बुद्धलाई यो संसार कहाँ अवस्थित छ भनेर प्रश्न गरे। जवाफमा बुद्धले भन्नुभयो, "यो संसार दुःखमा अवस्थित छ।" उहाँले संसारको सबै कुरामा अनित्य, दुःख र अनात्मको लक्षण देख्नुहुन्थ्यो।



https://dhamma.digital



# भगवान् बुद्ध : सबैभन्दा बढी दुःख झेल्ने व्यक्तित्त्व

भगवान् बुद्धले धेरै चरम दुःख कष्ट भोग्नु भयो । उहाँ बोधिसत्व सिद्धार्थ हुँदा र अतीतका जन्महरू दुबै समयमा धेरै दुःख झेल्नुभयो । बोधिसत्वले भावी बुद्धको रुपमा संभावित दुःखहरू कष्टहरू भोग्नुभयो । साथै बुद्धको समयमा श्रमणहरूले आत्मदमन गरेमा ज्ञान प्राप्त हुन्छ भन्ने हिसाबले सबै प्रकारका दुष्कर चर्या, (हठचरिया) शरीरलाई तड्पाई शरीरलाई सुकाएर कष्ट दिनुभयो ।

"हे सारिपुत्र एक समय म कपडा बिना बस्थें । निर्वस्त्र अरु सन्यासीजस्तै सभ्य संस्कार छोडेर नाङ्गै हिँडेको छु । मैले हत्केलामा जति आउँछ त्यति मात्रै खान शुरु गरें । यदि मलाई भिक्षाको लागि घरमा बोलाए तापनि म जाँदिनथेँ । मलाई भनेर पकाएको खाना मैले खान छोडें । भाँडामा पकाएको खाना छोडें । सुरुमा पाएको खाना, तयारी खाना, अरुले दिएको खाना, बाटोमा पोखिएको खाना, साथ साथै माछा मासु पेय पदार्थ सबै छोडें र त्याग गर्दै गएँ । हे सारिपुत्र, म एक छाक खानाको लागि एउटा घरमा मात्र जाने गरें । एक डल्लो खाना खाएँ । सात घरमा गएर ७ डल्लो खाना खाएँ । मैले सानो थालमा एक थाल दुई थालसम्म पनि खाएँ । मैले दिनमा एक छाक, दुई दिनमा एक छाक, सात दिनमा एक छाक, २ राति एक छाक मात्र पनि खाएँ । एवम् प्रकारले नपाकेको काँचो हरियो मात्र पनि खाएँ । मैले हठचरिया गर्ने क्रममा कोदो, फापर, खोले, घाँस, जरा, कन्दमुल, तन्दमुल, गेडागुडी मात्र पनि सेवन गरे । जङ्गली फलफूल र अन्नको अलावा स्याउलो पात धागोले बुनेर, जनावरको छाला ओडेर, चितुवाको छाला, घोडाको कपालबाट बुनेको कपडा, मान्छेको कपालबाट बुनेको कपडा, उल्लुको प्वाँखले बनेको कपडा, घाँसले ओढेर पनि जीविका गरें । मैले सम्पूर्ण केश कपाल काटी जीउमा आएको रौ पनि सबै उखेलेर फालें । हठयोग चरिया अर्न्तगत म पलेटी मारेर बसिनं । ढाड सिधा पारी सुत्ने म घुँडा टेकी बस्थें । काँडामा हिँडें, काँडाको झारमा सुतें ।"

सारिपुत्र, कठोर चरिया उग्र रुपमा पालन गरी बर्षौंसम्म नुहाइनं, पसिनाको गन्ध र फोहोरको डंगुरले माटो टाँस्सिएर मेरो शरीर पुरानो खम्बा जस्तो हुनगयो । मैले त्यो



https://dhamma.digital

फोहोरलाई मेटाउन फेरि माटो थुपार्दै लान्थें । यसप्रकार मेरो कठोर दिनचरिया झन झन तीव्र गर्दै लग्थें । सारिपुत्र, मैले पाप गर्नुलाई घृणा गर्थें। तसर्थ एकदम होस् पुऱ्याएर हिँड्थें । आफ्नो पाइलाले कीराहरू नमरोस्, म यति दयावान करुणावान भएँ । पानीको एक थोपामा पनि कीरा हुन्छ जस्तो लाग्थ्यो । जङ्गलमा सुनसान एकान्त न्यास्रो ठाउँ खोजी खोजी हिँड्थें । यदि मैले गाई गोरुको गोबर घाँस काटेको देखें भने त्यो ठाउँ छोडेर अझ जङ्गलको भित्र जान्थे । जङ्गली जनावरहरू मेरो आसपासबाट हिँड्थे । मैले पुरै मनुष्यहरू नआउने, नदेख्ने, टाढा ठाउँ रोजेर मानिसहरू नदेखियोस् भनी चाहन्थें ।

सारिपुत्र, म यस्तो खाले घुमकर थिएँ । शुद्धता र ज्ञानको खोजीमा केही पर्वाह नगरी कठोर चरिया गरें । जाडो यामको कठ्याङ्ग्रिंदो रातमा, हिँउ, वर्षाको समयमा, न्यानो केही नलगाई चिसोमा कामेर बसें । सारिपुत्र, म श्मशानमा पनि सुतें । मसान घाटमा फालेका अस्थिपञ्जर हड्डी मेरो तकिया हुन्थ्यो । स-साना गोठाला बच्चाहरू त्यहाँ आई थुक्ने र पिसाब गर्थे । उनीहरूले मलाई पनि मूर्दा भनेर धुलो छरेर फोहोर गरेर खेल्थे । तर मैले उनीहरूप्रति नराम्रो सोचिनं ।

सारिपुत्र, अरु ऋषि श्रमणजस्तै मैले पनि खानाबाट शुद्धता ज्ञान प्राप्त हुन्छ भनी विचार गरी एक समय म सिँगै जुजुवी फल जस्तै घटेर गएको थिएँ । सुकेर गलेर गएको थिएँ । जुजुवी फल सरह नै दुब्लो पातलो ख्याउटे हुँदा हुँदा कुप्रो लङ्गडो विरुप हुँदै गएँ । ढाडमाथि जनावरको जस्तो जुरो निस्केको थियो । मेरो करङ्ग सुकेर पुरै तार जस्तो देखिन्थ्यो । आँखा चिम्म गर्दागहिरो इनारको जस्तो थियो । शरीरको छाला पूरै घामले पोलेर डढेको जीउ भएको थियो । सारिपुत्र, मैले निराहार बसेर टन्न नखाँदा नाइटो छुँदा पछाडिको ढाड छुन सक्थें । पछाडिको ढाड छुँदा अगाडिको नाइटो समेत छुन्थ्यो । शरीरलाई प्रकृति विरुद्ध दुःख दिने तड्पाउने सास्ति गर्ने चरम सीमा पराकाष्टासम्म पिँडा दिएँ । सारिपुत्र, त्यसबेला दुष्कर चरिया हठचरिया गर्ने क्रममा अन्नको एक दाना फलफूल कन्दमूल खानामा लाउनमा पिउनमा बस्नमा प्रकृतिभन्दा विपरीत तड्पाई तड्पाई तप गरें । तर सारिपुत्र, अरु योगी ऋषि सरह नै स्वास रोकेर कुक्कुर व्रत, गो व्रत, पञ्चअग्नी तापी काँडामा झुण्डिएमा शुद्ध ज्ञान प्राप्त हुन्छ, कि भनी कोशिस गरें । तर बुद्धत्व ज्ञान त के सामान्य मनुष्य ज्ञान पनि हासिल गर्न सकिनं । त्यो दुःख गरेको सबै समय बर्बाद र निरर्थक रह्यो ।

*- मज्झिम निकाय, महासिंहनाद सुत्र*

भगवान् बुद्धले अत्यन्त दुःख पीडाको वर्णन सामान्य मानिसलाई भन्नुभएको नभई उहाँको मुख्य शिष्य सारिपुत्रलाई चर्चा गर्नुभएको थियो । यो वर्णनबाट बोधिसत्व सिद्धार्थले कति दुःख झेल्नु भयो भन्ने प्रष्ट देखिन्छ । समग्रमा मानव इतिहासमा कुनै



https://dhamma.digital



उहाँले उनीहरूलाई सोध्नुभयो, “आफू नै आफ्नो उद्धारकर्ता हो, अरुले कसरी उसलाई उद्धार गर्नसक्छ ?” धार्मिक भाषा अनुसार भगवान् बुद्धले कसैलाई पनि बचाउनु वा उद्धार गर्नुभएन । तर उहाँले प्रष्ट रुपमा भवचक्रबाट मुक्त हुने दुःखमुक्तिको मार्ग भने बताउनु भएको छ । त्यसैले बुद्ध कसैको उद्धारकर्ता होइन ।



https://dhamma.digital

पनि व्यक्ति विशेषले सायद बुद्धले जति दुःख भोग्नु परेन होला । उहाँको यस्तो बलिदान दुःख पीडाआफ्नो लागिमात्र नभई मानिसहरूको करुणाको निमित्त, सत्य ज्ञानको खोजीको निमित्त तथा निर्वाण साक्षात्कार गर्ने उद्देश्यले भएको देखिन्छ ।

उहाँले संभवतः दुःखी गरीब भएर बाध्यताले दुःख भोग्नु भएको नभईकन संसारमा कठिन भन्दा कठिन दुःख दर्द पीडा आफै अनुभव गरी अनुभवजन्य ज्ञानबाट प्राप्त गरेको ज्ञानको लागि हुनगयो । उहाँले गृहत्याग गर्नुपूर्व सम्पूर्ण विलासिता, ऐश, आराम, भौतिक सुख, आनन्द ,अनुभव गरेजस्तै सन्यासी भिक्षु भई दुःखको खाल्टोमा पनि तैरिएर निस्कनुभयो। बुद्ध हुनुपूर्व उहाँ धेरै पटक भुईमा ढल्नु भयो, शिथिल भएर अर्ध बेहोस वा बेहोस भई पटक पटक मरणतुल्य अवस्थामा पुगेको देखिन्छ। भगवान् बुद्धको यसप्रकारको जीवनचर्याबाट उहाँले सुखको भोगाई तथा दुःखको दर्द कुन रुपमा सहनुभयो भन्ने प्रमाणित हुन्छ। दुःखलाई सहजै मेटाउन, यसबाट उन्मुक्त हुन त्यति सजिलो छैन भन्ने कुरा उहाँले पूर्वजन्ममा गरेका संघर्ष र अहिले ६ वर्षसम्म गरेको घोर तप चरियाले पनि बुद्ध एक दुःखवादी हुनुहुन्छ  र दुःखमै वास्तविक सुख शान्ति पाउन सकिन्छ भन्ने आफैले प्रमाणित गर्नुभएको हुनाले भगवान् बुद्ध सबैभन्दा दुःख झेल्ने व्यक्तित्व हुनुभयो ।



## पहिलो धर्म प्रचारक

*सम्पूर्ण मानवजनको मुक्तिको सन्देश बोकेको बुद्धधर्म नै*
*विश्वमा पहिलो धर्म प्रचारप्रसार गर्ने धर्म हो ।*
*बुद्धत्व प्राप्तिपछि भगवान् बुद्धले आफ्ना पहिला ६०*
*भिक्षुहरूलाई फरक फरक ठाउँमा गएर बहुजनहित र सुखको*
*निमित्त धर्म प्रचार गर्नको लागि पठाउनुभयो ।*

*- Dr. K. N. Jayatilleke, 'Buddhism and Peace'*



https://dhamma.digital



# भगवान् बुद्ध एक आध्यात्मिक अगुवा हुन् जसले मानव कल्याणको लागि महान् समर्पण गरे ।

सर्वज्ञ बुद्धत्व ज्ञान प्राप्त गर्न असंख्य त्याग, तपस्या, बलिदान असीमित रुपमा युगौं, कल्पौंसम्म समय लगाएर पूरा गर्नुपर्छ । बुद्ध कारक धर्मको रुपमा दश पारमितालाई लिइन्छ । बुद्ध हुने व्यक्तिले दान पारमिताबाट शुरु गर्नुपर्नेहुन्छ । बुद्ध हुने बोधिसत्वले धनद्रव्य, समय, पदप्रतिष्ठा, आफ्नो श्रीमती बालबच्चा परिवार, आँखा, टाउको, शरीरको मासु, रगत र पूरै शरीर एक दुई पटक मात्र होइन बारम्बार त्याग्नुपर्ने हुन्छ । त्यसैले मानवको बीचमा बोधिसत्व जस्तो त्यागी, दानी अरु हुन सक्दैन । यस हिसाबले बुद्धले के मात्रै त्यागेनन् ? सबै कुरा त्यागेको, दान दिएको देखिन्छ । त्यसैले दानको महिमा भगवान् बुद्धले जति अरु कसैलाई विरलै थाहा होला । बुद्ध भन्नुहुन्छ, "हे भिक्षुहरू, यदि अरुले पनि मैले जस्तै दान दिएर, त्याग गरेर दिनु र बाँड्नुको महत्व थाहा पाएको भए एक गाँस अरुलाई नदिइकन आफूले खाने थिएनन् होला । कोही पनि लोभी कन्जुस हुने थिएनन् होला । खान लागेको आफ्नो भातको एक अंश पनि अरुलाई दिन्थे होला ।"

*(इतिवुत्तक पालि)*

बोधिसत्वले ज्ञानले युक्त भएर, लोभ आशक्तिबाट अलग्ग हुन बुद्धत्व प्राप्तिको लागि सदैव दान र त्याग गरेर पारमिता पूरा गरेको देखिन्छ । उहाँले गाह्रो भन्दा गाह्रो चीज पनि त्याग गर्नुभएको देखिन्छ । जस्तैः शिवि राजाको कथामा शिवि राजाले यसो भनेका छन्, "यदि कोही याचकले मेरो शरीरको कुनै भाग माग्न आएमा म सहर्ष प्रदान गर्नेछु । यदि कसैले मुटु माग्न आएमा मेरो मुटु पनि कमलको फूल टिपेर लिएजस्तै छाती चिरेर पनि दिनेछु । कसैले मेरो शरीरको अङ्ग माग्न आएमा धारिलो हतियारले काटेर दिनेछु । कसैलाई रगत चाहिएमा मेरो शरीरको सबै रगत दान दिनेछु । कसैले आँखा माग्न आएमा आँखा पनि निकालेर दिनेछु । मैले आफ्नो शरीरको सबै अङ्ग दान दिन तयार छु ।" भन्नुहुँदै आफ्ना दुई आँखा दृष्टिविहीन अन्धो ब्राह्मणलाई प्रदान गरे ।

*(शिविराजा जन्म कथा)*



https://dhamma.digital

बोधिसत्व जब राजा वेसन्तरको रुपमा जन्मनु भएको थियो,त्यसबेला आफ्ना राजपुत्र राजपुत्रीहरू दान दिनुभएको थियो। बच्चाहरू आँखाभरि आँसु राखीबुबाको समक्ष विन्ती गर्न आउँदा बोधिसत्वले यसो भन्नुभयो, "हे पुत्रपुत्री म संसार सागरको पार किनारा जान चाहन्छु जुन निकै कठिन छ। तैपनि म पार गर्छु। संसार पार भएपछि मैले तिमीहरूलाई त्यहाँ लैजान्छु। साथै सबै प्राणीहरू, मनुष्यहरू, देवताहरू पनि पार गर्न सक्नेहुन्छन्। त्यसैले मेरा प्यारा छोराछोरी मेरो दान पारमितामा तिमीहरूले साथ दिनु। मेरो दान पारमिता पूरा गर्न तिमीहरूले सहयोग गर्नु।" यति सम्झाउँदै माग्न आउने ब्राह्मणलाई बच्चाहरूको हात थमाउँदै यसो भने, "हे ब्राह्मण, आउ म यी सन्तानहरू दिएर पठाउँछु। मलाई मन नपरेर दिन लागेको होइन। तर सर्वज्ञ बुद्धत्व प्राप्तिको उद्देश्य राखेर यी बच्चाहरू दान गर्नेछु। यो पुण्यले मलाई सर्वज्ञ बुद्धत्व प्राप्त होस्। यति भनी ब्राह्मणको हातमा पानी खन्याएर दान दिए। बच्चाहरू रुँदै बुबालाई यसो भने, "हामीलाई पछाडि जीउमा रगत आउने गरी कोर्रा हानेको छ।" सुगन्धित पानी र फूलले नुहाएर बसेको हाम्रो कोमल शरीरमा दुःख भएको छ। यो बच्चाहरूलाई बाँधेर हिर्काएर रुवाएको देख्दा बोधिसत्व अत्यन्त दुखीत हुनुभयो। उहाँको मन पग्लियो। एक मनले त सुकुमार बच्चाहरूलाई दुःख दिएको देख्दा आँखाबाट आँसु आयो। भित्री मनदेखि नै क्षमा माग्दै सर्वज्ञ बुद्धत्वको लागि त्यो दुःख सहेर उहाँले निल्नुभयो। *(वेस्सन्तर जन्मकथा)*

शिवि राजा र वेस्सन्तर जातक कथामा बोधिसत्वले अत्यन्त धेरै त्याग, परित्याग गर्नुभयो भन्ने देखिन्छ। राजकुमार सिद्धार्थले आफ्नो भोग विलासका साथै श्रीमती र छोरासँगको आत्मीय प्रेम रसरङ्ग पूरै तिलाञ्जली दिएर श्मशानको फोहोर र जुठो, फालेको कपडा धारण गरेर सन्यासी हुनुभयो। मानव समाजको इतिहासमा यसरी राजकुमारको वैभवलाई त्यागी एकैपल्ट सन्यासी हुनु उहाँको रहर र कहर नभइकन सत्य ज्ञानको गवेषणको लागि नै थियो।

बोधिसत्वको प्राथमिक गुण भनेकै त्याग हो। त्याग नगरिकन महान् कार्य सम्भव नै छैन। त्याग भएमा मात्रै सही प्रकारको सेवा हुनजान्छ। सुमेध ऋषि भएको बेलादेखि उहाँ ज्ञानको खोजीमा थिए। धनी परिवारका सुमेध महाजनले आफ्नो सात पुर्खाले छोडेर गएको धन सबै दान र त्याग गरी सन्यासी भए। 'मेरा पुर्खाहरूले यी धनहरू नलिइकन मरेर गए। म चाहिँ यो सम्पत्ति आफैसँग लिएर जानेछु।' उहाँले बाजा बजाई नगरमा घोषणा गरी 'मेरो घरको सम्पत्ति खुल्ला छ ज-जसले लिन चाहन्छ लिएर जाउ' भनी ढोका र धन भण्डार खोली दिए। मानिसहरूले चाहेको चीज लिएर गएको देखी खुशी भए। यसप्रकारको त्याग गर्न ठूलो उदार चित्त हुनु जरुरी छ। ठूलो ठूलो त्यागले नै महान् कार्य र पुण्य गर्न सकिन्छ। यसप्रकारको उच्च तहको बलिदानले मात्र बुद्धत्व



https://dhamma.digital



"मानिसहरूले पुज्ने महाब्रह्मा, देवता र उद्धारकर्ताहरू भगवान् बुद्धलाई (जो एक मानिस थिए) मनुष्य भक्तजनहरूले हेरिरहेको बेला नै देव ब्रह्माहरूले बुद्धको आदरपूर्वक सेवा सत्कार गरे ।



https://dhamma.digital

ज्ञान सम्भव हुन्छ । एक हातले अरुलाई सहयोग गर्दा अरुलाई उपकार हुन्छ भने अर्को आफ्नो मनको दाग हटाई लोभलाई कम पनि गर्न सकिन्छ ।

निर्वाण प्राप्तिको लागि सबैभन्दा बाधक नै आशक्ति, तृष्णा हो । मानिसको मनमा आशक्ति, तृष्णा यति वेगवान हुन्छ कि खरायो भन्दा पनि द्रुत गतिमा दौडिरहेको हुन्छ । भगवान् बुद्धले दान र त्यागको महिमा बारेमा विभिन्न स्थानमा विभिन्न तरिकाले वर्णन गर्नुभएको छ । आशक्ति, तृष्णाले नै संसारको अस्तित्व बाँधिरहेको पाइन्छ । सबै यही तृष्णाको धारमा बगेका छन् (**तण्हाय नीयती लोको, तण्हाय परिकस्सति, तण्हाय एकधम्मस्स, सब्बेव वसमन्वगु**) । यहाँ जसले धन कमाउँदछ उसले आफूले मात्र संचय गरिराख्नु हुँदैन । बढी भन्दा बढी आफ्नो सम्पत्ति थुपार्दै वृद्धि गरे जस्तै नभएकाहरूलाई पनि बाँड्नुपर्छ । आफू बाहेक अरुको वा परजनको हित र कल्याणको लागि पनि सोच्नुपर्दछ । यी गुणहरू मनन् गरी मानिस त्याग स्वभावको हुनु जरुरी छ । त्याग गर्न नसक्नेहरू लोभ र आशक्तिले ग्रस्त हुन्छन् । धनीमानी भएपनि मानसिक रुपमा दुःखी दरिद्र हुन्छन् । यदि ऊ कन्जुस भएमा अभागि व्यक्ति भइन्छ । बुद्ध शिक्षाको अभाव र नबुझ्नाले धनलाई नै भाग्य सम्झेमा असल भाग्य गुमाउनु पर्नेहुन्छ ।

भगवान् बुद्धले सुनको एक पोका देख्नु भएपछि भिक्षु आनन्दलाई यसो भन्नुभयो, "आनन्द, हेर त्यहाँ विषधारी सर्प छ " धनवानले जति धन संकलन गर्दछ त्यति नै आशक्ति बढ्दै जान्छ । निर्वाणको दूरी झन टाढा हुँदै जान्छ । जसले दान र त्यागको महिमा बुझेको हुन्छ, उसले बुद्धले भन्नुभए जस्तै आफ्नो सम्पत्ति आफूले पनि प्रयोग गर्दछ र अरुलाई पनि बाँड्दछ । राम्रो कार्यमा बीज रोपेपछि यसको परिणाम अरु सत्वप्राणीलाई पनि मद्दत मिल्नेहुन्छ । त्यसैले बुद्धको चरिया हेरेपछि उहाँको महान् त्यागलाई पनि सम्झनु पर्नेहुन्छ ।




## *भगवान् बुद्ध सम्पूर्ण मानवजातिको लागि*

*भगवान् बुद्ध बौद्धहरूको लागि मात्र होइन । उहाँ सम्पूर्ण मानवजातिको हो । उहाँको सन्देश सबैको साझा हो । बुद्धपछि आएका सबै धर्महरूले उहाँको थुप्रै राम्रा कुराहरूलाई आफ्नो धर्ममा समावेश गरेका छन् ।*

*- A Non - Buddhist Scholar*



https://dhamma.digital



*लिच्छवी राजा भद्दियले भगवान् बुद्धलाई सोधे, "के तपाईलाई मान्छेलाई मोहित पारेर उनीहरूलाई तपाईप्रति आकर्षित पारि तपाईले भनेजस्तै गराउन सक्ने जादु आउँछ भन्ने कुरा सत्य हो ?"*
*बुद्धले उत्तर दिनुभयो, "हे भद्दिय ! कृपया अरुबाट सुनेको भन्दैमा विश्वास नगरिहाल्नु..."*



https://dhamma.digital



# भगवान् बुद्ध : मानव मध्ये अनुशासित व्यक्तित्व


सारा मानव इतिहासमा बुद्धजस्तो साहसिक व्यक्तित्व अरु प्रार्दुभाव भएको छैन । डर भन्ने स्वभावलाई पूर्णरुपमा सदाको लागि निर्मूल पार्नुभयो । डर त्रासको मूल कारण नै लोभ, तृष्णा, आशक्ति हो (**तण्हाय जायति भयं**) । मानिसमा आशक्ति, तृष्णाको कारण नै भय उत्पन्न हुन्छ । "भय" भन्ने शब्द नै सांसारिक कामतृष्णाबाट श्रृजना भएको हो । यो शब्द काम तृष्णासँग किन सम्बन्धित छ भन्दा मानिसहरू काम तृष्णाको कारण त्यसमा लिप्त हुन आकुलव्याकुल रहने हुन्छन् । सांसारिक आकर्षण र घटनादेखि भयभित हुन्छ । त्यसैले डर भयको अर्को पर्यायवाची शब्द काम तृष्णा नै हो । मानिसहरूले विभिन्न कारणले गर्दा डर त्रासको अनुभव गर्छन् । मानिसहरू आफ्नो माया प्रेमको जीवनदेखि डराउने हुन्छन् । किनकि उनीहरू मर्न चाहँदैनन् । आफ्नो प्यारो श्रीमती र बालवच्चासँग टाँसिएको हुन्छ । त्यसैगरी आफ्नो घर जग्गा र अरु सम्पत्ति पनि छोड्न नसक्ने गरी आशक्त भएका हुन्छन् ।

भगवान् बुद्धलाई सांसारिक कुनै पनि विषयवस्तुसँग आशक्ति छैन । त्यसैले उहाँ निडर र निर्भयी हुनुहुन्छ । कुनैपनि प्रकारको हलचल र कम्पनले उहाँलाई कहीं कतै छुन सक्दैन । एक समयमा बुद्धले भन्नुभयो, मानिसहरू डर त्रासले हल्लिंदा भयको कारण चट्टानमा, पहाडमा, जङ्गलमा, उद्यानमा सुरक्षा र शरणमा जान्छन् । भगवान् बुद्धले मानिसहरूको स्वभावमा डर भनेको गुण पनि हो र कमजोरी, खोट पनि हो भन्नु भएको छ । मानिसहरू अरु कुनै मानिससँग, भूतप्रेत, अमनुष्यसँग कहिल्यै डराउनु हुँदैन ।

नराम्रो कार्य पाप गर्नलाग्दा खेरी मात्रै लाज र डर हुनु आवश्यक छ । गलत कार्य गर्न लागेको खण्डमा व्यक्तिहरूमा विशेष रुपले डर र लाज हुनु पर्दछ । होइनभने संसारका मानिसहरूसँग कोहीसित डराउनु पर्दैन । भगवान् बुद्ध निर्भयका साहसिक अद्भूत प्रतिमूर्ति हुनुहुन्छ । जो कोहीले कसैलाई तर्साउनु पनि हुन्न । मानसिक रुपले डरपोक, कायरहरू पनि बुद्धलाई देखेपछि साहसी, आँटिलो र निर्भयी हुन्छन् । केही भिक्षुहरू जङ्गलमा बस्दा भयभीत र त्रसित थिए । उनीहरूले बुद्धगुण चिन्तन गरे ।



https://dhamma.digital



*भगवान् बुद्धले एकजना अट्टेरि शिष्यलाई दिनुभएको सबैभन्दा कडा दण्ड नै "ब्रह्मदण्ड" हो । भिक्षु छन्नलाई यो सजाय दिइएको थियो । छन्न भिक्षु भगवान् बुद्ध जन्मेकै दिन जन्मिएका थिए । उहाँ राजकुमार सिद्धार्थको सारथीको साथसाथै बाल्यकालदेखि नै एकदमै मिल्ने व्यक्ति पनि थिए । त्यसैले, छन्न भिक्षु भएर पनि उसमा एकदमै घमण्ड थियो । यहि घमण्डीपनलाई हटाउनको लागि बुद्धले उहाँलाई ब्रह्मदण्ड दिनुभएको थियो ।*



https://dhamma.digital

बुद्धको सल्लाह अनुसार बुद्धगुण अभ्यास गर्दा उनीहरूमा भएको डर घटेर गयो । बुद्धले भन्नुभएको छ, 'हे भिक्षुहरू, म तिमीहरूलाई सल्लाह दिन्छु कि जङ्गलमा जाँदा, सुनसान रुखमुनी बस्दा, सुनसान स्थान र घरमा, अनकन्टार यात्रा गर्दा यदि डर, त्रास, कम्पन र भय उत्पन्न भएमा, तिमीहरूको शरीरको रौँ ठाडो भई भरङ्ग भएको आभास भएमा त्यसबखत मलाई सम्झनु' । *(धजग्ग सूत्र)*

आलवक यक्ष जसले हात खुट्टा टुक्रा पारी बाहिर फाल्दिन्छु भनी बुद्धलाई धम्काएका थिए । अंगुलिमाल डाकुले बुद्धलाई मार्छु भनेर तीव्र गतिमा दौडेर आएका थिए । रक्सीले मात्तिएको नालागिरी हात्ती सडकमै उहाँलाई हिर्काएर कुल्चेर मार्छु भनी एक्कासी आएका थिए । सपिरोमा राक्षसले शरीरको रौँ जटाले कसेर मार्छु भनी आएका थिए । सच्चक परिव्राजक आफ्नो विद्वताले तर्क गरेर भगवान्लाई पछार्छु भनी हमला गर्न आएका थिए । असुरहरूका नाइके विशालकाय शरीर भएको असुरले पनि बुद्धलाई प्रहार गर्न आए । बकब्रह्मा, जो आफूभन्दा महान् यो लोकमा अरु छैन भन्ने अहंताले आक्रमण गर्न आए । उरुवेल काश्यप, जो आफू जस्तो ज्ञानी कोहीछैन भन्दथे र देवदत्तले अन्जान ठाउँबाट ढुङ्गा खसालेर मार्न षडयन्त्र गरे । यी सबैको प्रहारलाई बुद्धले कुशलता पूर्वक, निर्भयपूर्वक सबै असफल पारी दमन गर्नुभयो ।

एक समयमा आलवक यक्षले आफ्नो गृहमा भगवान् बुद्धलाई देखे र तुरुन्तै घरबाट बाहिर निस्कन तर्साए । बुद्ध बाहिर जानुभयो । आलवकले फेरि भित्र आउन बोलाए । बुद्धलाई तीन पटकसम्म उक्त यक्षले आदेश दिए । चौथो पटक बुद्धले निडरका साथ भन्नुभयो, "अहँ, अब म जान्न । तिमीले के गर्न सक्छौ गर ।" त्यसपछि आलवक यक्षले भने,"हे श्रमण, म तिमीलाई प्रश्न सोध्ने छु, यदि मलाई चित्त बुझ्दो जवाफ नआएमा तिमीलाई टुक्रा पारी मुटु निकालेर क्षतविक्षत् गरी दुई खुट्टा दुई तिर पारी फालिदिन्छु ।" उक्त डरलाग्दो भयानक गर्जन सुन्नु भएका बुद्धले निडर शान्त भाषामै जवाफ दिनुभयो,"आलवक यो लोकमा म त्यस्तो कुनै देव, ब्रह्मा, मार, प्राणी देख्दिनं जोसित मलाई टुक्रा पारी अंङ्गभङ्ग गरी मुटु निकाली दुई खुट्टा दुई तिर फाल्ने क्षमता होस् । तिमीलाई जे सोध्न मन लाग्छ सोध्न सक्छौ ।"

सेल नामक एक जना ब्राह्मण गुरु आफ्ना ३०० सय शिष्य ब्राह्मणसँग बुद्धलाई भेट्न गए । बुद्धको नजीक विहारमा पुगेपछि आफ्ना शिष्यहरूलाई यसो भने, "साथीहरू धेरै हल्ला खल्ला नगर्नु । शान्त र शिष्ट भएर आउनु । बुद्ध सिंह जस्तै हुन्छन् । उनीहरू एक्लै बस्न रुचाउँछन् । उनीहरूको नजीक जानु पनि गाह्रो छ । जब म श्रमण गौतमसँग कुरा गर्दछु त्यसबखत होस् राखेर बस्नु । बीचमा दखल नगर्नु । मैले उहाँसँग कुरा गरिसकेपछि तपाइहरू बिस्तारै आउनु ।" यस परिघटनाले तीनवटा वेदका ज्ञाता



https://dhamma.digital

ब्राह्मणहरू पनि भगवान् बुद्ध समक्ष निकै सजग भएर बस्ने गर्दछन् भन्ने देखाउँछ। भगवान् बुद्धले यस सन्दर्भमा एक पटक यसो भन्नुभएको छ। "मेरा सबै शत्रुहरूलाई पनि विचारमा परिवर्तन ल्याई आफ्नो बसमा पारिसकेपछि म निशंकोच निर्भयका साथ विमुक्ति सुखमा बस्दछु। त्यसबेला उनीहरूले भगवान् तपाई सिंह जस्तै निडरका साथ बस्नुहुन्छ भनेर चर्चा गर्छन्।"

भयानक यक्षहरू आलवक, सुचिरोमा, खरारोमा र आखेला, त्यस्तै असाध्यै क्रोधी नागध, चुल्लोधर, मोहोधर, अग्नीशिखा, दुम्मसिका, मुचलिन्द, त्यस्तै धुरन्धर तर्कवादी सच्चक, अम्बट्ठ जस्तै घमण्डी, ब्राह्मणहरू पोखरसाति, सोनदण्ड, कुटदन्तर कसिभारद्वाज एवम् हात्तीराज नालागिरी जस्ता भयानक क्रुर पात्रहरूले पनि बुद्धको अगाडि घुँडा टेके।

हामी सबै निर्भयी भई गुरुको अनुशरण गरेपछि सबै जसो डर रहित हुनु आवश्यक छ। हामीले डरको उपज वास्तवमा के हो भन्ने बुझ्नु आवश्यक छ। डरपोक र कातर हुनु बौद्धहरूका लागि लज्जाको विषय हो। मानिस मानिस बीचमा एक अर्कामा डराएर बस्नु मानव समाजलाई सुहाउँदैन। हामी आफ्नै नजीकका अभिभावक, गुरुहरू, जेष्ठहरू, भूत प्रेत, अमनुष्य, देवताहरू र भगवान् बुद्धसँग समेत डराउनु हुँदैन र पर्दैन पनि। हामी उहाँहरू सबैलाई आदरका साथ सम्मान गरौं। उहाँहरूका कुरा राम्ररी पालन गरौं। उहाँहरूलाई उचित हेरचाह गरौं, तर उहाँहरूसँग तर्सिनु, डराउनु हुँदैन। आफूले गल्ति गरेमा मात्रै मानिसहरू डराउँछन्। हामीले दोषी कार्य गरेमा डर त्रास हुन्छ। अज्ञानता, लोभको कारणले यस्तो कमजोरी हुनजान्छ। बुद्ध र अर्हतहरूमा यी दोषहरू नहुने भएकाले सदैव निडर हुन्छन्। मानिसहरूसँग गलत कार्य गरेमा मात्रै लजाउनु र डराउनुपर्ने हुन्छ। त्यसैले हामी सच्चा बौद्ध हौं भने बुद्ध अनुशरण गरी निडर र निर्भयका साथ बुद्धको गुणमा समाहित हुन सिकौं।

Dhamma.Digital

## *महान विजय प्राप्त गरेका एक व्यक्ति*

*पाली सहित्यलाई अंग्रेजी भाषामा अनुवाद गर्ने प्रारम्भिक विद्धानहरूमध्ये एक प्रख्यात पादरीकै छोरा थिए। यस कार्यमा उनको उद्देश्य भन्नु नै ईशाई धर्म बुद्ध धर्म भन्दा राम्रो छ भनेर देखाउनु थियो। यस कार्यमा ऊनी असफल त भए तर सोचेभन्दा महान विजय पनि हाँसिल गरे। उनी बौद्ध अनुयायी बने। उनको भाषा अुनवाद गर्ने कार्यको फलस्वरुप पश्चिममा धेरैले बुद्धधर्म चिन्ने अवसर पाए। त्यसैले यो अवसर जुराइदिने सुखद् संयोगलाई हामीले कहिल्यै बिर्सनु हुँदैन। त्यस महान् विद्धानको नाम थियो "डा. रिस डेभिड्स"।*

*- Ven. A. Mahinda, "Blue Print of Happiness"*



https://dhamma.digital



# भगवान् बुद्ध एक ऐतिहासिक र प्रामाणिक आध्यात्मिक गुरु

धेरैजसो धर्म गुरु, रचयिता, संरक्षक, ईश्वर, भगवान्हरू ऐतिहासिक व्यक्तिहरू होइनन् । उहाँहरूको विज्ञान सम्मत इतिहासमा प्रमाण रहेको भेटाउन गाह्रो पर्छ । तर भगवान् बुद्ध वास्तवमै ऐतिहासिक प्रमाण सहित जीवित महामानव हुन् भन्ने थुप्रै घटना र दस्तावेजले प्रमाणित गर्दछ । विश्व जगतले उहाँ ऐतिहासिक महान् व्यक्तित्वको रुपमा स्वीकारेका छन् । उहाँ शाक्य कूलको गौतम वंशको सिद्धार्थ नामाकरण गरिदिएको रेकर्ड प्राचीन साहित्यमा पाइन्छ । ती कुराहरू हीनयान र महायानका ग्रन्थहरूमा वर्णन गरिएको पाइन्छ । उहाँको जन्मस्थान, उहाँको बुद्धत्व प्राप्ति, उहाँले पहिलो उपदेश दिनुभएको स्थल र उहाँ परिनिर्वाण हुनुभएको ठाउँ अहिले पनि हामीले दर्शन गर्नसक्छौं । सम्राट अशोक स्वयम् आफै ती स्थलहरूमा पैदल हिँडेर पुगेका थिए । उहाँले आफूले दर्शन गरेका पवित्र स्थलहरू प्रमाणका साथ स्तम्भ कुँदेर स्थापना गरे । शहर, गाउँ, निगम, पहाड, गुफा, नदीका किनारामा उहाँले दिएका जीवनउपयोगी शिक्षाहरू अहिलेसम्म पनि जीवन्त भई सुरक्षित रहेको छ । उहाँले भेट्नु भएका राजा बिम्बिसार, राजा अजातशत्रु तथा लिच्छवी राजाहरू सबै ऐतिहासिक समकालीन पात्रहरू हुन् ।

सम्राट अशोकले राजकुमार सिद्धार्थ जन्मेको स्थल लुम्बिनीमा दर्शन गरी एउटा ठूलो शिलास्तम्भ स्थापना गरी पवित्र स्थल हो भनी चिन्ह राखेर जानुभयो । त्यस शिलास्तम्भमा ऐतिहासिक दस्तावेजको रुपमा यसरी पढ्न सकिन्छ, **"देवानं पियेन पियदसिना लाजिना विसति वसाहि सितेन अतन आगाच महीयिते हिद बुधे जाते साक्य मुनीति सिला विगद हिवा काला पित, सिला थभेव उस पापिते हिद भगवं जातेति लुम्मिनि गामे उखलिके कते अत भागियेव** ।" अर्थात् : देवताहरूको प्रिय प्रियदर्शी स्वयम् आफैं यो स्थानमा राज्यारोहणको २० औं वर्षको अवसरमा यस दर्शनीय स्थानमा शाक्यमुनि बुद्धको जन्मस्थान भएकोले आफ्नो इच्छा व्यक्त गर्न आएँ । यो स्तम्भलाई चिरकालसम्म रहोस् भनेर राम्रोसँग गाडेर राखी लुम्बिनी ग्रामलाई आठ भागको एक भाग आयकर छुट गरेको घोषणा गरे ।" - *लुम्बिनी शिलालेख स्तम्भ*



https://dhamma.digital



*भगवान् बुद्धले अरु धार्मिक गुरुहरूले जस्तो शिक्षादिक्षा दिनको लागि आफ्नो विहार र सभागार मात्र प्रयोग गर्नुभएन । भगवान् बुद्धले प्रायजसो खुल्ला ठाउँमै धर्म उपदेश दिनुहुन्थ्यो । उहाँको कक्षाकोठा भनेकै सामुहिक उद्यान, मसानघान, बस्नयोग्य ढुङ्गा, नदी किनार, रुखको छहारी, खेत, चउर, झोपडी, बाटो, जङ्गल आदि हुन्थ्यो ।*



https://dhamma.digital

यसप्रकार सम्राट अशोकले भगवान् बुद्धको जीवनीसँग सम्बन्धित भगवान् बुद्धको नाम उल्लेख गरी थुप्रै स्थानमा स्तम्भ स्थापना गरिराखेको छ। भगवान् बुद्ध धेरै वर्ष बस्नुभएको स्थानमा पनि थुप्रै ऐतिहासिक विवरणहरू रहेका छन्। **सावत्थियं विहरति जेतवने** (श्रावस्तीको जेतवनराममा रहेको उद्यान), **सक्केसु विहरति कपिलवत्थुस्मिं** (शाक्यहरू बस्ने कपिलवस्तुमा), **वेसालियं विहरति महावने** (वैशाली स्थित महावन), **कोसम्बियं विहरति घोसितारामे** (राजगृह कोशाम्बिको घोषिताराम विहारमा), **राजगहे विहरति मोरनिवापे** (राजगृहको मोरनिवापमा),**साकेत विहरति कालकारामे** (शाक्यका कालकाराम), **राजगहे विहरति गिज्जकुटे पब्बते** (राजगृहको गृद्धकुट पर्वतमा),**राजगहे विहरति वेलुवने कलन्दक निवापे** (राजगृहको बेलुवण कलन्दक निवापमा), **अन्नथराच उक्कुट्ठं अन्थरा च सेतब्बं** (उकुथ र सेतब्बेको बीच शहरमा हिँड्नुभयो), **भग्गेसु विहरति सुम्सुमारगिर** (सुम्सुमागिरिको भग्ग भन्ने स्थान), **कोलियेसु विहरति सज्जनेलं** (कोलियहरू बस्ने सजानेल भूभाग), **कुसिनारायं विहरति मल्लानं सालवन** (कुशीनगर स्थित मल्लहरूको शाल उद्यान), **सावत्थियं विहरति पूब्बारामे** (श्रावस्तीको पूर्वाराम), **भगवानालिके विहरति नीचलवने** (भगवान् नालिकेको निकुलवन),**वाराणसियाविहरति गिज्भकावसथे** (वाराणसीको गिजिहाकबस्थामा), **किम्बिलयं विहरति इसिपतने मिगदाये** (ऋसिपतनको किम्बिलयमा),**आलवियं विहरति अग्गलावे चेतिये**(आलवियको अग्रलभा विहारमा), **चम्पायं विहरति पोक्खरनि तीरे** (पोखरीको नजिकमा रहेका चम्पा), **मगधेसु विहरति मणिमालके** (मगधको मनिमालीके)।

बुद्धको जीवनीसँग प्रत्यक्ष सम्बन्ध भएका, उहाँ बस्नु र हिँडडुल गर्नुभएका यी स्थानहरू बारे पालि त्रिपिटकमा स्पष्ट उल्लेख गरिएको छ। यी सबै स्थानहरू आजको दिनमा पनि उत्तर भारतमा पाउन सकिन्छ। बुद्धले नाम लिनुभएका ऐतिहासिक नदीहरू जस्तै गंगा, यमुना, अचिरवती र गोदावरी अहिले पनि अविरल बगिरहेका छन्। उहाँले चर्चा गर्नुभएका पर्वतहरू, हिमालय र गृद्धकुट अहिलेसम्म विद्यमान छन्। बुद्धसँग विविध प्रश्न गर्ने ब्राह्मण परम्परा अहिलेसम्म रहेकै छ। बुद्धले बलि प्रथा र कर्मकाण्डलाई विरोध गर्नुभएको भएतापनि भारतमा अहिले पनि त्यो कायम नै छ। जाति प्रथाको सुधार गर्नु भन्नु भएतापनि उहाँले यात्रा गर्नु भएको प्रदेशहरूमा अझै चल्दै आएको छ। भगवान् बुद्धले गृहस्थ श्रद्धालुहरूलाई चार स्थानमा दर्शन गर्नु भनी भन्नुभएको छ। ती चार स्थान भन्नाले बुद्धको जन्मस्थल, बुद्धत्व प्राप्त गरेका स्थान, उहाँले पहिलो धर्म उपदेश दिनुभएको धर्मचक्रप्रवर्तन स्थल र भगवान् बुद्ध परिनिर्वाण हुनुभएको ठाउँ। यी चार स्थल भनेको लुम्बिनी, बुद्धगया, ऋषिपतन र कुशीनगर हुन् (**चत्तारिमानि आनन्द सद्धस्स कुलपुतस्स दस्सनीयानि संवेजनीयानिठानानि। कतमानि चत्तारि: इध तथागतो**



https://dhamma.digital



लुम्बिनी




बुद्धगया



कुशीनगर




परिनिर्वाण, कुशीनगर



सारनाथ, धाम्मि स्तुप



बज्रासन, बुद्धगया



अस्थिधातु कपिलवस्तु (दिल्ली संग्रहालय)




कपिलवस्तु



https://dhamma.digital




बुद्धगया



बुद्धगया



बुद्धगया (अम्बुलेटोरी)



वैशाली





अजन्ता गुफा



बुद्ध पाइला, बुद्धगया




प्राचीन कपिलवस्तु



https://dhamma.digital

**जातोति, इध तथागतो अनुत्तरं सम्माबोधिं अभिसम्बुद्धोति, इध तथागतेन अनुत्तरं धम्मचक्कं पवत्तितन्ति, इध तथागतो अनुपादिसेसाय निब्बान धतुया परिनिब्बतो ति**) ।

*- महापरिनिब्बान सुत्त*

भगवान् बुद्ध स्वयम्ले आज्ञा गर्नु भएको हुनाले हजारौं लाखौं श्रद्धालुहरू यी चार पवित्र स्थानमा दर्शन गर्न जाने गर्दछन् । यी स्थानहरू दर्शन गरी पुण्य प्राप्त गरी संवेज लिन्छन् । भगवान् बुद्धले आनन्दलाई ती स्थानहरू रमाइला, रमणीय स्थान भनेर भन्नुभएको छ (**रमणीया आनन्द वेसाली, रमणीयं उदेन चेतियं, रमणीयं गोतमक चेतियं, रमणीयं सत्तम्ब चेतिय, रमणीयं बहुपुत्त चेतिय, रमणीयं आनन्द सारानन्द चेतिय, रमणीयं चापाल चेतियं**)

*- महापरिनिब्बान सुत्त*

भगवान् बुद्धले यी स्थानहरू अत्यन्त मनमोहक र रमणीय छन् भनी वर्णन गर्नुभएका स्थलहरू निम्न अनुसार छन्: वैशाली, उद्येन चेतिय, गौतमक चेतिय, सत्तम्ब चेतिय, चापाल चेतिय । भगवान् बुद्ध परिनिर्वाणको अन्तिम समय नजीकका दिनमा आनन्दले यसो भनी प्रार्थना गरे, "भगवान्, यो बाटो मुख्य शहरको बाहिरी भाग छेउछाउ हो । यस्तो सानो निगमबाट नजानुहोला । ठूलठूला शहरहरू चम्पा, श्रावस्ती, शाकेत, कोसाम्बी र वाराणसी जस्ता ठूलठूला शहरबाट पाल्नुहोला ।"

*- महापरिनिब्बान सुत्त*

यसरी बुद्धको समयमा जम्बुद्वीपमा नाम चलेका ठूलठूला १६ जनपदहरूको वर्णन पाइन्छ । ती हुन्: अङ्ग, मगध, काशी, कोशल, वज्जि, मल्ल, चेति, वङ्ग, कुरु, पाञ्चाल, मत्स, सुरसेन, अस्सक, अवन्ति, गान्धार र कम्बोज ।

भगवान् बुद्धको शरीर अन्तिम दाहसंस्कार गरिएको यो कालो माटोको स्थल पनि आजको दिनसम्म सुरक्षित रहेको छ । बुद्धत्व प्राप्त गर्नुभएको बोधिवृक्षको अस्तित्व पनि आजको दिनसम्म जीवित नै रहेको छ । बोधिवृक्षको ढुङ्गा प्रतिलिपि स्वरुप श्रीलंकाको अनुराधापुरमा उम्रिएको छ । बुद्धका प्रमुख शिष्य सारिपुत्र र मोग्गलानको ऐतिहासिक अस्थिधातु पनि इङ्ल्याण्डको भिक्टोरिया र अल्वत म्युजियमबाट ल्याई साँची स्तुपमा पुन प्रतिस्थापित गरे । त्यस अस्थि बाकसमा प्राचीनलिपिमा सारिपुत्र तथा मोग्गल्यान दुई शब्द कुँदिएको पाइयो । भगवान् बुद्धको दन्त धातु श्रीलंकाको क्यान्डीमा प्रतिस्थापित गरिएको छ ।


बुद्ध वचन त्रिपिटकलाई धेरै बौद्ध राष्ट्रहरूले जगेर्ना गरिराखेका छन् । भगवान् बुद्धका शिष्यहरूको संघको लाइन १० औं हजारको लाखौंको संख्यामा प्रवजितहरू




https://dhamma.digital

फैलिएका छन् । बौद्ध राजा कनिष्कले सन् इ.सं. को शताब्दीमा बुद्ध अंकित मोहर कार्षापण निकाले । दुईजना महान् तीर्थयात्री भिक्षु फाहियान र ह्वानच्वाङले पाँचौ र सातौँ शताब्दी महाचीनबाट धेरै वर्ष लगाएर महत्वपूर्ण बौद्ध स्थलहरू दर्शन गरे । एसियाका थुप्रै देशहरू जहाँ बुद्ध शिक्षा फैलिएर गयो ती देशहरूमा हजारौँमा नभई लाखौँ लाखको संख्यामा बुद्धको प्रतिमा अहिले पनि पाउन सकिन्छ । यसर्थ भगवान् बुद्ध इतिहासकै महामानव हुनुहुन्छ । जसले आफैले इतिहास रचेर जानुभयो । भगवान् बुद्धले त्यसबेलाका नाम चलेको प्रायजसो ठाउँ र व्यक्तिहरूलाई भेट्नु मानव सभ्यताको र विश्वकै इतिहास हुनपुग्यो ।











https://dhamma.digital



तोकिएको दिनमा, मसानघाटमा धेरै मानिसहरू राजाको आदेशले जम्मा भएका थिए । भगवान् बुद्ध पनि समयमै आफ्नो शिष्यहरूका साथ त्यहाँ आइपुग्नुभयो । शिरीमा जीवित हुँदा उनको मूल्य एक घण्टाको १००० कार्षापण थियो । अहिले उनकै त्यो मृत्य शरीरलाई भगवान् बुद्धले राजालाई लिलामी गर्नको लागि अनुरोध गर्नुभयो ।



https://dhamma.digital



# सबैभन्दा बढी दोषारोपित समाज सुधारक भगवान् बुद्ध

राष्ट्रको सेवा गर्दा, सामाजिक सेवामा सक्रिय हुँदा निन्दा नगरिएका कोही छैनन् । साथै देशको जनता, समाज, धर्ममा, सबै ठाउँमा सामाजिक सेवाको विरोध गर्ने त्यत्तिकै समूह हुन्छन् । कोही कोहीले समाज सेवाको दुरुपयोग गरेका छन् भने कसै कसैले जनताको सेवाको लागि धेरै कुरा गुमाएका पनि छन् । यो स्वभाविक हो कि सामाजिक सेवा र सुधार गर्दा थुप्रै विरोधीहरू निस्कन्छन् । धेरै जसो देशमा परम्परागत रुढीवादी कुरितिहरू अन्धविश्वास रितिरिवाज र चलनले बाधा अड्चन र समस्या खडा गरेकै हुन्छ । प्रगतिशील समाजसेवीहरूले ती बाधा अड्चनलाई शान्तिसँग संघर्ष गर्ने र चुनौति दिने गर्छन् । कोही कोही समाजसेवीदेखि असन्तुष्ट हुन्छन् । तर थुप्रै त्यस्ता समाजसेवीहरू पनि छन् जसले धेरै देशमा कुरितिहरू हटाई सुधार गरेका पनि छन् । भगवान् बुद्धले त्यो बेलाको व्यापक रुढिवादी कुसंस्कारहरू विरुद्ध क्रान्तिकारी परिवर्तन लिएर आउनुभयो । उहाँले अहिंसा, दया, मैत्री, करुणाबाट थालनी गरी आत्मसंयम धैर्यताका साथ आफ्नो जीवनलाई सुरक्षित गर्नुभयो । जब उहाँ अरु धर्मगुरुहरूको विरुद्धमा उभिनुभयो उहाँ धेरै प्रख्यात हुनुभयो । धेरै संख्यामा अनुयायीहरूको वृद्धि भएबाट त्यत्तिकै संख्यामा विरोधीहरू पनि बढ्दै गए । भगवान् बुद्ध गाउँ, निगम, बजार, शहरमा कहिले एक्लै कहिले समूहसँग हिँड्नु हुन्थ्यो । उहाँलाई कहिले सुरक्षाकर्मी चाहिएन । भगवान् बुद्धको महान् गुणले नै उहाँको सुरक्षा गर्थ्यो । प्राचीन जम्बुद्वीपको थुप्रै राजा रजौटाहरूमध्ये शाक्य वंशको पनि गौरवशाली राज्य थियो । त्यस वंशमा जन्मेका राजकुमार सन्यासी भएको,एक्लै बाटोमा भिक्षाचरण गर्दै हिँडेको, राजसी सुख वैभव त्यागेको, चक्रवर्ती भाग्य र राज सुख त्यागेर गृहत्याग गरेको एक जमातलाई मन परेको थिएन । कोही कोही व्यक्ति यस्तो उच्च राजपरिवारबाट झरेर साधारण केही नभएको जस्तो भएकोमा असन्तुष्ट थिए ।

अन्य धर्मगुरुहरू जो पहिला निकै प्रसिद्ध थिए र थुप्रै तिनका भक्तजनहरू पनि थिए । उनीहरूको आम सत्कार खाने बाटो बुद्धले खोस्न आए भन्दै असाध्यै निन्दा र दोषारोपण गर्दथे । धेरै ब्राह्मणलाई जाति प्रथा विरुद्ध बुद्धले मानवताको कुरा गरेको मन



https://dhamma.digital

परेको थिएन । त्यसैले देवदत्त र उसको सहयोगी राजकुमार अजातशत्रुले समेत बुद्धलाई शत्रुता गरेका थिए । त्यसबेलाका शक्तिशाली मानिसहरूले विरोध गर्दै रोक्दा पनि बुद्ध समाजसेवामा लागिरहे । फलस्वरुप उनलाई ढुङ्गा प्रहार गरेर मार्ने प्रयास गरियो, धनुर्धारीहरूले वाणको निसाना बनाउन खोजे, मत्ता हात्तीबाट कुल्चाउन खोजियो । उनीहरूले बुद्धलाई बदनाम र नोक्सानी पुऱ्याउन सुन्दरी परिव्राजिका र चिञ्चामानविका महिलाहरू पठाएर हदैसम्मका षडयन्त्र गरे । बुद्धले हत्यागरेको भनी दोष लगाए । यसरी असन्तुष्ट विरोधी पक्षले बुद्धलाई सिध्याउन योजना बुनी क्रमबद्ध ढङ्गले थुप्रै आक्रमणका प्रयास गरे । एक ब्राह्मणले बुद्धलाई सिधै गाली र दोष दिँदै 'तँ वृषल, अछुत र मुण्डक हो । समाज भड्काउने भरौटे', भन्दै गाली गरे । बुद्ध कति पनि विचलित हुनुभएन । उहाँले यी शत्रुता गर्ने अज्ञानीहरूलाई पनि आफ्नो छोरा राहुल सरह नै असीम करुणा राख्नुभयो ।

कसैले गाली, दोषारोपण, निन्दा, बदनाम गरेर दुःख दिएतापनि भगवान् बुद्धसदा संयमित रहनुभयो । जटिल परिस्थितिमा पनि स्थान र देश छोडेर जानुभएन । जस्तो सुकै अप्ठ्यारो परिस्थितिलाई पनि सामना गर्नुभयो । उहाँले प्रलोभनको बाटो कहिल्यै पनि लिनु भएन । झन् समाजसेवामा नडराई नबिराई लाग्नुभयो । आफ्नो विरोधिहरूलाई कहिल्यै बदला भावले व्यवहार गर्नुभएन । उहाँको मैत्री करुणाको शक्तिले विरोधीहरूले नै हृदय परिवर्तन गरी उहाँकोमा आकर्षित हुन्थे । त्यो उहाँको महानतम् गुण हो । देवदत्तले बुद्धसँग जन्मजात अस्वस्थ प्रतिस्पर्धा गरी, दोष भावना राखी, बदला लिने, घात गर्ने जीवनपर्यन्त प्रयास गरे पनि बुद्धले उसलाई क्षमा नै दिनुभयो । आजकल सामाजिक सेवा राज्य सत्तामा बसेका नेताहरूले जतिसुकै तनाव विरोध भएतापनि बुद्धको यो महान् गुणको अनुकरण गर्न योग्य छ । सामाजिक सेवा र जनसेवामा लागिरहेकाहरूलाई निन्दा र मन नपराउनु स्वभाविक नै हो । त्यसरी दोष लाग्यो भनेर सामाजिक सेवा, स्वयम् सेवा गर्न छाडेमा त्यो सच्चा समाज सुधारक बन्न सक्दैन । समाज र मानिसको सेवा गर्दा दोष थुपारिन्छ, आक्षेप लगाइन्छ भने भगवान् बुद्धलाई सम्झनु जरुरी छ । उहाँको बाटो अपनाउनु आवश्यक छ । बौद्धहरूले आफूलाई कसैले निन्दा चर्चा गर्छ भने भगवान् बुद्धको घटनालाई सम्झी सहनशीलताका साथ अगाडि बढ्नु पर्दछ ।

## *एक बुद्धिमान बुबा*

*भगवान् बुद्ध एक यस्तो बुबा हुनुहुन्थ्यो जो सांसारिक आगोले दन्किरहेको घरभित्र खेलिरहेका आफ्ना बच्चाहरूलाई विभिन्न उपाय अपनाएर बाहिर निकाली निर्वाणको सुरक्षित फलमा पुऱ्याउनु हुन्थ्यो ।*

*- Prof. Lakshimi Narasu, "The Essence of Buddhism"*



https://dhamma.digital



*तब भगवान् बुद्धले त्यो बालकलाई उपचार गर्नको लागि स्वीकार गर्नुभयो र भन्नुभयो, “यदि तिमीले मैले भनेको औषधि ल्याउन सक्छौ भने, मैले तिम्रो मृतक छोरा बारे उपाय गरौंला” “कुन औषधि हो र भन्ते ?” “एक चुट्की तोरी ।” “ए ! त्यो त धेरै सजिलो छ । म तुरुन्तै ल्याइहाल्छु नि ।” यति भनेर उनी तोरी लिन जानको लागि तयार भइन् । “तर, एकछिन पर्ख । त्यो एक मुट्ठी तोरी त्यस्तो घरबाट हुनुपर्छ जहाँ कसैको पनि मृत्यु भएको नहोस् ।” “हुन्छ भन्ते ! त्यसो भए म तोरी लिएर आइहाल्छु ।”*



https://dhamma.digital

अध्याय ९



# भगवान् बुद्ध एक अगुवा सिद्धान्तकार

आजकल अधिकांश देशका कानुनविद् र राजनीतिज्ञले आफ्नो देश सुहाउँदो नियम, कानुन, संविधान लागु गरेको हुन्छ । ती सबै नियमहरू सबै मानिसलाई एक नासले मिल्न पनि सक्छ नमिल्न पनि सक्छ । ती सबै विश्वव्यापी रुपमा मान्य हुँदैनन् । ती सिद्धान्त नियम कानुनमा केही न केही त्रुटीहरू रहेकै हुन्छन् । तर भगवान् बुद्धको सन्दर्भमा उहाँले लामो प्रयत्न गरी, धेरै वर्ष दुःख गरी मध्यम मार्गको सिद्धान्त पत्ता लगाउनु भएको हो । विधिवत रुपमा खोजतलास अनुसन्धान गरी आफ्नो आनुभावले निरीक्षण गरी प्रयोगमा लिएर आउनुभएको हो । यस किसिमको सिद्धान्त कमै मात्रले आविष्कार गर्नसक्दछ । संसारको अस्तित्व रहेसम्म मानव समाजलाई जहिले पनि कल्याण हुने विश्वव्यापी मान्यता स्वीकार्ने मध्यम मार्ग बुद्धहरूले मात्रै पहिल्याउनुहुन्छ ।

उहाँ जब राजकुमार हुनुहुन्थ्यो, त्यसबेला सिद्धार्थको रुपमा असीमित सुख विलास भोग्नुभयो । जब उहाँ त्यागी सन्यासी बन्नुभयो उहाँले अनन्त दुःख भोल्नुभयो । उहाँले सुख र दुःखको सम्पूर्ण पक्षलाई दुईटैको अन्तिम चरम सीमासम्म भोग्नु हुँदै ज्ञान प्राप्ति पश्चात् यस्तो उजागर गर्नुभयो "पहिले कहिल्यै नभएको दृष्टि प्राप्त भयो । दिब्य चक्षुको उदय भयो । यो भन्दा पहिला कहिल्यै बोध नभएको ज्ञान प्राप्त भयो । बोध भयो । विद्या र प्रकाश प्राप्त गरेँ (**चक्खुं उदपादि पञ्ञा उदपादि विज्जा उदपादि, आलोको उदपादि**) ।"

भगवान् बुद्धले अद्वितीय सर्वज्ञता ज्ञान प्राप्त भएपछि मानिसहरूलाई तेजस्वी रुपमा मनुष्यत्व सिकाउन नयाँ पाइला चाल्नुभयो । बुद्धत्व प्राप्तिसँगै उहाँले नयाँ सिद्धान्त प्रतिपादन गर्नुभयो । मध्यम मार्गको नियम दर्शन र सिद्धान्तबाट बुद्धत्व सम्भव हुन्छ भनी व्याख्या गर्नुभयो । मध्यम मार्गको नीति अपनाउँदा प्राणीहरूको उन्नति प्रगति साथसाथै सुरक्षित हुने बताउनुभयो । यो ब्रह्माण्डमा भएका असंख्य तारा, ग्रह, चन्द्रमाहरू यी मध्यम मार्गको विन्दुबाट चल्ने रहेछ । यदि ती ग्रहहरू मध्यम विन्दु छोडेर जथाभावी हिंडेमा ठूलो नोक्सान, उथलपुथल सँगै प्रलय हुने सम्भावना रहन्छ । हाम्रो यो पृथ्वी पनि मध्यम मार्गकै सिद्धान्तमा रहेको हुनाले शान्त र सुरक्षित भएको हो ।



https://dhamma.digital

हामीले गर्ने हरेक चीज, हरेक कार्य आवश्यकता भन्दा बढी सीमा नाघेमा, परिधि नाघेमा बिग्रने हुन्छ । हामीले दिनदिनै खाने भातले हाम्रो जीवन बचाइराखेको छ । तर यदि हामीले धेरै थाल भात वा पूरै भाँडाको चामल एक्कै चोटी खाएमा त्यसले नकरात्मक असर निम्त्याउँछ । पिउने पानीले हाम्रो जीवन रक्षा गरेको छ । तर यदि हामीले धेरै बाल्टी पानी आवश्यकता भन्दा बढी पिएमा यसले झन ठूलो नोक्सानी पुऱ्याउँछ । जसले धेरै मात्रामा जाँड, रक्सी पिउँछ उ चाँडै मर्छ । जसले हरेक चीजको मात्रा नजानी अतिमा जान्छ उनीहरूको क्षति नै हुन्छ । यो प्रकृतिको नियम हो । उपचारको लागि चाहिने औषधि पनि बढी मात्रामा प्रयोग गर्नाले नोक्सानी पुऱ्याउँछ ।

मानिसहरूले शरीरले धान्नेगरि आवश्यक मात्रामा मात्र काम गर्नुपर्छ । मानिसहरू जिउने क्रममा हरेक चीजमा, मात्रामा नियम हुनु जरुरी छ । आवश्यक मात्रा भन्दा अतिमा गई नियम बिगारेमा बाधा अड्चन हुन्छ । केटी मानिसको र केटा मानिसहरूको व्यवहार गर्दा आफ्नो सीमा हुन्छ । सीमा नाघेर अराजक भएमा बिग्रने हुन्छ । त्यसैगरि भिक्षुको व्यवहारमा पनि आफ्नै सीमाहुन्छ । त्यसलाई अतिक्रमण गरेमा अनर्थ हुनजान्छ । एवम् प्रकारले जागीरदारहरू, राजाहरू, मन्त्रीहरू जनताको प्रतिनिधित्व गर्ने प्रधानमन्त्रीहरू सबैले आफ्नो सीमाको ख्याल राख्नुपर्दछ । त्यसकारण उनीहरूले शक्तिको दुरुपयोग गरी नियम मिचेमा विनाश हुनेगर्दछ । हरेक देश, राष्ट्र र समुदायको आ-आफ्नो निर्धारित सीमा दायरा हुन्छ । यी परिधिलाई, मध्यम मार्गलाई, नअपनाएमा विनाशकारी परिणाम निस्कने हुन्छ ।

अतिले खति र क्षति पुऱ्याउँछ । भगवान् बुद्धले यी कुरालाई निरीक्षण परीक्षण गरी स्वभाविक सामान्य प्राकृतिक आवश्यकता अनुसार व्यवहार गर्ने सिद्धान्तमा जानुभयो । कुनै-कुनै देशहरूसँग अति नै राजनीतिक शक्ति हुन्छ । उदाहरणको रुपमा श्रीलंका देशले आफ्नो राजनीतिक व्यवस्थालाई सही आकारमा निभाएको छ । उनीहरूले मध्यम मार्गको सिद्धान्त अपनाई युद्धबाट युद्धविराम गर्दा राष्ट्रको उन्नतिको लागि बुद्धको मध्यम मार्ग अपनाएको छ । भगवान् बुद्ध भन्नुहुन्छ सांसारिक विकासको लागि सन्तुलित जीवन आवश्यक छ। सन्तुलित सह-अस्तित्वको सिद्धान्तले मानिसहरूको, राष्ट्रको आम्दानी आय र खर्च व्ययमा सन्तुलन कायम गर्छ । सम्राट अशोकले समेत बुद्धको मध्यम मार्ग सिद्धान्तलाई उच्च प्राथमिकतामा राखेर शिलास्तम्भ स्थापना गरे । तीनमा यसप्रकार चर्चा गरेका छन् 'कमाउने आम्दानी र खर्च ब्ययभारलाई सदैव समन्वय, सन्तुलित राख्न वेशहुन्छ ।' त्यस शिलालेखमा मानिसहरूको उन्नति फाइदाको लागि बौद्धहरूले अरु नीति भन्दापनि मध्यम मार्ग नीति अपनाउनु पर्दछ भन्ने दर्शाइएको छ । कुनै पनि व्यवस्था कुनै पनि नीति नियम सिद्धान्त चाहे त्यो व्यक्तिगत होस्,समुदाय वा समाजलाई होस् वा



https://dhamma.digital

देश राष्ट्रलाई होस् मध्यम मार्ग बाटोको नीति नियम अपनाएमा त्यो दिगो हुन्छ । कुनै कुनै देशहरूले, मानिसहरूले तीव्र गतिमा विकास गर्न आवश्यक भन्दा जति माथि चढ्ने गर्दछ, त्यति नै चाँडै पतन पनि भएको छ । त्यस्ता घटनाहरूको थुप्रै उदाहरण हाम्रो सामु रहेका छन् । यसैले हाम्रो जीवनलाई नियम नीतिपूर्वक मध्यम मार्ग प्रक्रियामा जान आवश्यक छ, जो कोही व्यक्ति व्यक्तिगत रुपमा आर्य अष्टाङ्गिक मार्ग अर्न्तगत सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्मान्त, सम्यक आजीविका, सम्यक वीर्य, सम्यक सति, सम्यक समाधिको नीतिमा लागेमा त्यो व्यक्ति स्वतः मध्यम मार्गमा हिँडेको हुन्छ । सबै बौद्धहरूले त्यही आर्य नीतिको विधिमा जीवन जिउनु आवश्यक छ ।



Dhamma.Digital

## ***मनको अभ्यास***

*आजकल हामी मनको शक्तिको बारेमा धेरै सुन्छौं ।*
*तर बुद्धधर्म नै संसारमा मनलाई पूर्ण र*
*प्रभावकारी ढङ्गले प्रशिक्षण दिन सक्ने धर्म हो ।*

*- Dudley Wright*



https://dhamma.digital



ऊ भगवान् बुद्धकोमा गएर सन्चो विसन्चो सोधेपछि भने, "भन्ते, मेरो मनमा केहि जिज्ञासाहरू छन् जुन म तपाईलाई सोध्न चाहन्छु। के तपाईले त्यसको उत्तर दिनुहुन्छ ?" "सभिय, तिमी प्रश्न सोध्नकै लागि भनेर ७०० योजनको दुरी पार गरेर आएका छौ। मन सन्तुष्ट नभएसम्म सोध। म तिम्रो एक एक प्रश्नको उत्तर धर्म अनुसार दिनेछु।" भगवान् बुद्धले भन्नुभयो।



https://dhamma.digital

अध्याय १०



# युवा संघ सुरु गर्ने आध्यात्मिक युवा गुरु : भगवान् बुद्ध

बोधिसत्व सिद्धार्थले बुद्धत्व प्राप्त गर्नुहुँदा उहाँ ३५ वर्षको मात्र हुनुहुन्थ्यो । उहाँको पहिलो समूहका शिष्यहरू ६० वर्षका वृद्ध थिए भने यशकुमार सहित उसका अन्य ५४ जना साथीहरू सबै युवक थिए । उहाँले शिक्षादीक्षा र प्रचार गर्ने क्रममा दोस्रो समूहका ३० जना शिष्य भद्रवर्गीय राजकुमारहरू पनि युवाहरू नै थिए । त्यसपश्चात् उहाँले दीक्षा दिई भिक्षु बनाएका उरुवेल काश्यपका ५०० शिष्यहरू, नदी काश्यपका ३०० शिष्यहरू र गया काश्यपका २०० शिष्यहरू गरी जम्मा १००० जना ऋषिहरूलाई भिक्षु बनाउँदा ती सबै युवा नै थिए । त्यसपश्चात् कोलित र उपतिस्स दुई होनहार युवाहरू पनि आफ्ना सहोदर २५० जना युवकहरू सामूहिक रुपमा भिक्षु भए । भगवान् बुद्धले ती दुईलाई  प्रमुख शिष्य बनाए । त्यसैगरी कपिलवस्तुबाट आएका थुप्रै कुमारहरू पनि सामूहिक रुपमा प्रव्रजित भए । शाक्य कुमार नन्द, राहुल, भद्दिय, अनिरुद्ध, आनन्द, भग्ग, किम्बिल, देवदत्त र उपालि सबै किशोर अवस्थामै जोश जाँगर र ज्ञानका साथ उमेरले परिपक्व नहुँदै बुद्धको संघमा श्रामणेर भए । ती युवा भिक्षुहरू संख्याको हिसाबले १०००, ५०० समूहमा रहेकाहरूलाई धर्म प्रचारमा खटाउँदा सबै स्वस्थ तथा तन्दुरुस्त थिए । सयौं योजनसम्म पनि हिँडेर जान सक्थे । साथै जतिसुकै गर्मी वा ठन्डी हुँदापनि त्यसलाई खप्न सक्थे । त्यसबेलाको वैदिक समाजको जीवनलाई ४ तहमा विभाजित गरी ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र सन्यासी भनी वर्गीकरण गरिएको थियो । मानिसहरूको विवाहपूर्वको अवस्थालाई ब्रह्मचारी भनिन्थ्यो । योग्य उमेरमा विवाह गरी घर गृहस्थ परिवार बनाइन्थ्यो । ५०, ६० वर्ष हुँदा मात्रै पाको उमेरमा ऋषि साधु सन्यासी बन्थे । यो त्यति बेलाको वैदिक परम्परा मानिन्थ्यो ।

भगवान् बुद्धले यो ४ तहको मान्यता व्यवस्थालाई मान्नुभएन र नयाँ संघ संगठन विस्तार गर्नुभयो । त्यसबेला उहाँ स्वयम् युवा अवस्थामा हुनुहुन्थ्यो भने उहाँका अनुयायी शिष्यहरू पनि भर्खर नवजवान नै थिए । समय अन्तरालले ती युवा भिक्षुहरूको समूह नै पछि जेष्ठ स्थविर, महास्थविर बनेका हुन् । तर हामीले यो कुरा स्वीकार्न सकिन्छ कि सुरुमा बनेका र पछि बन्न आएकाहरू पनि नवजवानहरू नै थिए । नवजवानहरूको कर्मठ जोश जाँगर उर्जा शक्तिले संघबलमा ठूलो टेवा पुग्न गयो । भगवान् बुद्धको समयमा



https://dhamma.digital



भगवान् बुद्धले उसलाई भन्नुभयो, "म अल्पेक्षी र थोरै मात्र सामान राख्ने गुणको प्रशंसा गर्छु। तिमीले किन यसरी चाहिनेभन्दा बढी सामान अरुलाई दान नदिइकन जम्मा गरिराखेको ?" त्यसपछि त्यो भिक्षु बुद्धसँग रिसाएर चतुपरिषदकै अगाडि आफूले लाइराखेको चीवर फालेर "के तपाई म यस्तो भएको चाहनुहुन्छ ?" भनी गर्जिए।



https://dhamma.digital

उहाँका समकालीन सबै धर्मगुरुहरू उहाँभन्दा धेरे जेष्ठ, पाको र वयोवृद्ध थिए (**जिन्ना, वुड्ढा, महल्लका, अद्धगता अनुप्पत्ता**) । उनीहरू सबै जीर्ण र वृद्ध थिए । त्यसबेलाको आर्य परम्परामा लामो समयदेखि नै उमेरले जेष्ठलाई र बरिष्ठलाई आदर गरी मान्ने चलन थियो । तर भगवान् बुद्धको सन्दर्भमा जेष्ठ पाको मानिसहरूले पनि उहाँलाई त्यत्तिकै सम्मान गर्दथे । किनभने उहाँको सर्वज्ञता ज्ञान, उहाँको नैतिक उपलब्धि, उहाँको शीलाचरण गुण सबैको प्रभावले ठूलठूला प्रभावशाली व्यक्तित्वहरू पनि उहाँको सामू झुक्दथे । नतमस्तक हुन्थे । एकदिन वेरञ्ज नामको जेष्ठ वृद्ध ब्राह्मण भगवान्कोमा आई यसो भने, "हे गौतम, तपाईको बारे यस्तो मैले सुनें, कोही तपाईभन्दा जेष्ठ ब्राह्मणहरू तपाईलाई भेट्न आएमा तपाईले उनीहरूलाई आदर भाव नगर्ने र आफू उठेर आफ्नो आशन दिएर आदर गर्दैन । के यो सत्य हो? यदि यो सत्य हो भने के यो ठूलो गल्ती भएन?" भगवान् बुद्धले जवाफ दिनुभयो, "यो संसारमा मैले यस्तो कुनै देव मनुष्यहरू देखिनं जसलाई मैले आदर सत्कारपूर्वक मान्ने र पूजा गर्नुपर्ने पात्र छ । टाउकोमा केश फुलेर वृद्ध हुँदैमा पूजा सत्कार ग्रहण गर्नयोग्य हुँदैनन् । यदि व्यक्ति विशेषमा सत्य ज्ञान, सम्यक कर्म, अहिंसा, प्रज्ञा ज्ञान भयो भने सबै व्यक्तिहरू जेष्ठहरूबाट पनि पूजा गर्न योग्य हुन्छ ।

एकदिन राजा कोशलले बुद्धलाई भेटेर यसो भने, "भगवान् के तपाईले यस लोकको उच्चतम सर्वज्ञ ज्ञान प्राप्त गर्नुभएको हो ? हे राजन यदि यो सत्य बारे भन्नुपर्दा यो उच्च तहको सर्वज्ञ ज्ञान मैले साक्षात्कार गरेर हासिल गरेको हुँ ।" यो कुरा सुनेर राजा कोशलले फेरि बिन्ति चढाए, "भगवान् अरु धर्मगुरुका, आध्यात्मिक गुरुहरूका थुप्रै चेला भिक्षु समूहहरू फैलिएको छ । उनीहरूको प्रसिद्धि बढेकोले धेरै संख्यामा मानिसहरू मान गर्दछन् । तर उनीहरूले कहिल्यै सर्वज्ञ बुद्धत्व ज्ञान प्राप्त गरे भनेर भन्नु भएन । तर तपाई उमेरले जवान नै हुनुहुन्छ । श्रमणहरू मध्येमा भर्खरको, कनिष्ठ नै हुनुहुन्छ । तर तपाईले ज्ञान प्राप्त गरें भन्नुहुन्छ । म कसरी स्वीकार गरुँ ? हे राजन, यो संसारमा चार प्रकारका मानिसहरू छन् जसलाई सानो भनेर ठान्नु हुँदैन । युवा भनेर मूल्याङ्कन गर्न मिल्दैन । यी चार प्रकारका व्यक्तिहरू राजकुमार, विषधारी जन्तु, आगो र भिक्षु हुन् । यी चीजहरूलाई सानो छ भनेर अवमूल्यन गर्नमिल्दैन । यदि अधिराजकुमार रिसाएमा पछि उ राजा हुँदा प्रतिघात गर्नसक्छ । सानो विषधारी जन्तुले पनि ज्यान लिन सक्छ । सानो आगोले पनि औंला जल्न सक्छ । त्यही आगो फैलिएर देशमै डढेलो लाग्न सक्छ । भिक्षु युवा अवस्थामा भए पनि उच्च तहको ज्ञान प्राप्त गर्नसक्छ । ऊ निकै बलियो र शक्तिशाली हुनसक्छ । - *संयुक्तनिकाय, कोसल संयुक्त*

बुद्ध शासनको दीक्षामा धेरै कम मानिसहरू वृद्ध भएपछि प्रव्रजित हुन आए । आफ्नो



https://dhamma.digital

उमेर गईसकेपछि वृद्ध वैंशमा प्रवजित भएकाहरूलाई **वुद्धा पब्बजीता** भनिन्थ्यो । बुद्धको पालामा वृद्ध भिक्षु सुभद्र, जसले भगवान्को परिनिर्वाणमा रोइरहेका भिक्षुहरूलाई यसो भनेका थिए, “न रोउ, खुसि होऊ । अब हामीले जे चाहन्छौँ त्यो गर्न सक्छौँ । यसो गर, त्यसो नगर भन्ने गुरु अब रहेनन् ।” बुढेसकालमा वरिष्ठ गुरुबाट दीक्षा लिएका अर्को वृद्ध भिक्षु ठूलतिस्स हुनुहुन्छ । वृद्धकालमा भन्दा भिक्षु जीवन बाल्यकालदेखि प्रवजित भएमा सुहाउने हुन्छ । यसर्थ बुद्धले युवाहरूलाई प्राथमिकता दिई वृद्धहरू प्रवज्या गर्नमा कम प्राथमिकता दिएको देखिन्छ । किनभने संघ आश्रम वृद्धाश्रम नहोस् । यस महान् बुद्ध शासनलाई दूर दृष्टि राखी योजना प्रक्रियासँगै अगाडि बढाएको हुनाले २५०० वर्ष नाघ्दा पनि निरन्तर अगाडि बढिरहेको छ । उहाँले युवाहरूको प्रज्ञा, ज्ञान र अनुशासनलाई महत्व दिनुभएको पाइन्छ । बुद्ध शासनको संघ अवस्थामा दृष्टिविहीन व्यक्तिहरू, बहिरा, लाटाहरू, अपाङ्ग र ठूलठूला रोग भएकाहरूलाई बुद्धले भिक्षु हुन अनुमति नदिनुभएकोले बलिया युवा भिक्षुहरू देखापरे । बुद्धको संघ शासनमा यसरी योग्य क्षमतावान, जोश, जाँगर, ज्ञान भएका थुप्रै मानिसहरू समाहित हुन आएकोले सेवा कार्य प्रभावकारी हुनगयो ।



Dhamma.Digital

### *ज्ञान नै उच्च मार्गको आधार हो*

*के कामवासनाविना जीवन रमाइलो होला ? के अमरत्त्वमा विश्वासविना नैतिकता होला ? के भगवान्को पूजाविना मान्छे आफैं असल होला ? बुद्धले यी कुराहरूमा सकारात्मक उत्तर दिँदै भन्नुभयो कि यी सम्पूर्ण ज्ञानद्वारा सम्भव छ । ज्ञान नै उच्च मार्गको लागि आधार हो ।*
*जीवनमा ज्ञानको खोजी योग्य छ । ज्ञानले जीवनमा सुख र शान्ति ल्याइदिनुको साथसाथै यो दुःखमय संसार सामना गर्न पनि मनोबल दिन्छ ।*

*- Prof. Karl Pearson*



https://dhamma.digital



## के बुद्ध धर्मले धार्मिक ग्रन्थ, रिति र संस्कारलाई मान्दछ ?

केही देशहरूमा बुद्ध धर्मको अभ्यासमा लामो समयदेखि अनुयायीहरूले कसरी पालना गरिरहेको छ भन्ने मूल्याङ्कन गर्नु अगाडि बुद्ध धर्म धार्मिक व्यवस्थाको रुपमा कसरी परिवर्तन भयो भन्ने कुरा जान्न आवश्यक छ। भगवान् बुद्धको मनसाय भन्दा बिल्कुल फरक ढंगले केही केही ठाउँमा फैलिसकेको पाइन्छ।

बौद्धहरूका लागि पाँच शील मुख्य आधार शील हुनुपर्थ्यो। तर आज पाँच शील धार्मिक समारोहमा सुरु गरिने पूजा पाठमा सीमित भइसकेको छ। पञ्चशील शतप्रतिशत दैनिक जीवनमा आचरणमा लागू गर्नुपर्नेमा आजकल लागू नगरीवाचन गर्ने पालि श्लोक मात्र हुनगयो। आजकल पञ्चशील त भिक्षु संघ र विहारमा आउने निष्ठावान उपासक उपासिकाहरूको शीलजस्तो मात्र देखिन थाल्यो। यस क्रममा हजारौं मानिसले पञ्चशील पाठ गरेतापनि एक दुई जनाको संख्याले मात्र पालना गरेको देखिन्छ। मानव समाजमा पाँच वटा पाप कर्मबाट अलग्ग हुन्छु भनी संकल्प गर्नेहरू मुश्किलले बौद्ध समुदायमा मात्र होला। यस्तो संकल्पलाई वृद्धि गर्नसकेमा मानव समुदाय व्यवस्थित र नियन्त्रित हुनसक्छ।

जीवन भएको बेलामै अभ्यास गर्नुपर्ने धर्म बुद्ध धर्म हो। बुद्ध शिक्षा भनेकै सही तरीकाले जीवन जिउनु हो। बुद्ध धर्मले सही विधि व्यवहार सिकाउने गर्दछ। बुद्ध शिक्षा केवल ग्रन्थको विषयमा सीमित राखी र मनमा मात्र सोचेर पुग्दैन। बुद्धि विलासको मात्र विषय होइन। त्यसको मूल शील नैतिक शिक्षा र अनुशासनलाई आफ्नो दैनिक जीवनमा लागू गरी अनुभव लिने विषय हो। यदि त्यसरी दैनिक जीवनमा लागू गर्दैन भने त्यो सही बुद्धधर्म र सही बौद्ध हुन सक्दैन। कर्मकाण्ड र रिति, संस्कार, स्तुपा, प्रतिमा, मूर्तिहरू बुद्ध धर्मका मूल सारतत्व होइनन्। तिनीहरू त धर्मलाई जीवन्त बनाउन संरक्षण गर्न चाहिने तत्वहरू मात्र हुन्। जसरी एउटा रुख बाँचिरहन रुखको बोक्रा आवश्यक रहन्छ। जब धर्मको संरचना, धर्मको कर्मकाण्ड, संस्कार कमजोर हुँदै जान्छ, धर्म पनि क्रमशः हट्दै जान्छ। तसर्थ यी चलनहरू पनि जीवन्त बनाउन आवश्यक छ। तर तिनीहरू नै



https://dhamma.digital



*अंगुलिमाल, जो एक गुरुप्रतिको भक्तिभावले प्रख्यात थिए उ नै पछि गएर जम्बुदिपमा एक खुंखार डाकुको रुपमा परिचित पनि भए । उसको नाम मात्रै सुन्दापनि राजा र उसको सैन्यशक्ति डरले काप्थे । अंगुलिमाललाई मार्ने सबै प्रयास असफल भए । तर उनीहरू कसैले पनि त्यस क्रुर हत्यारा भित्र एक अर्हत पनि लुकेको छ भनेर देखेनन् ।*



https://dhamma.digital

वास्तवमा धर्मको सत्य सार होइन । धर्म भनेको जीवजन्तु जनावरले पालना गर्नुभन्दा मानिसले पालना गर्नुपर्ने विषय हो । यदि मानिसहरूले धर्म ग्रन्थ अनुसार कार्य गर्दैन र आफ्नो जीवनमा अपनाएन भने ग्रन्थमा भएर पनि केही अर्थ लाग्दैन । कुनै कुनै देशमा धर्म भनेकै मूर्ति प्रतिमालाई बुझ्न थाले । वास्तवमा भगवान् बुद्धले मानिसहरूका समूहले चित्र कुँदेर, डिजाइन (आकृति दिएर) ईँटा, ढुङ्गा, माटो, मैन आदिलाई ढाँचा दिएर मूर्ति बनाई उनीहरूले पूजा गरोस् भन्ने चाहेका थिएनन् । पूजा गर्नु ठीकै हो । यसले कसैलाई बाधा पुऱ्याउँदैन तर भगवान् बुद्धले सिकाउनु भएको, चाहनु भएको यस्तो पूजा होइन । उहाँले त आफूले देखाएको आर्य बाटोमा जाओस् भन्ने नै हो । तर त्यो आर्य बाटोमा नगईकन यदि प्रतिमा मात्र बनाएर विहान बेलुका मात्र पूजा गर्ने नभई एक दिनमात्र होइन सय वर्ष पूजा गरे पनि निर्वाण प्राप्त गर्नसक्दैन । यदि निर्वाणमा जाने हो भने उहाँले बताएको बाटोमा जानु आवश्यक छ । उहाँले सर्वमान्य, सर्वकालिक, सर्वव्यापक लागू हुनेगरी देखाउनु भएको आर्य अष्टाङ्गिक मार्ग अपनाए मात्र सही बौद्ध हुनेछ ।

बुद्ध शिक्षा खाली पूजा प्रार्थना मात्र गर्ने धर्म होइन । यो धर्म त आफ्नो गुण वृद्धि गर्ने शिक्षा हो । त्यसैले भगवान् बुद्धलाई उहाँको महान् आर्य गुण भएको धार्मिक गुरुको रुपमा ग्रहण गर्छौं । हामीले उहाँको शरीरलाई पूजा गर्ने नभई उहाँको अनन्त गुणलाई सम्मान गर्ने हो । यसरी उहाँ आध्यात्मिक गुरु आर्य गुणले युक्त शरीर भएको व्यक्ति भनेर लिनुपर्दछ । गुण धर्म छैन भने त्यहाँ बुद्ध धर्म पनि छैन । यहाँ धेरै किसिमका गुणधर्म छन् । जस्तैः खुल्ला मनले दान दिनु, सहयोग पुऱ्याउनु । त्याग, परित्याग, मैत्री, करुणा, मुदिता, उपेक्षा, समानता, मानवीय सेवा, स्वयम्सेवा तथा सहनशीलता, धैर्य जहाँ यसप्रकारको गुण धर्म हुँदैन त्यहाँ बुद्धधर्म सही रुपमा छ भन्न मिल्दैन । त्यसैले हामी स्वयम् आफै ती गुणको लागि अभ्यास गरी देखाउनका लागि नभई इमान्दार र गम्भीरताका साथ बेलाबखतमा यी गुणहरू मसँग छ छैन भनी आत्मालोचना गर्न आवश्यक छ । यहाँ प्रायः जसो बुद्ध धर्मावलम्बी भनेतापनि चोरी, डकैती, बेइमानी, धोकादारी, इर्ष्यालुपन, कन्जुस्याईंले भरिएका नाम मात्रका बौद्धहरू पनि देखिन्छन् । कोही कोही त सम्पत्ति, शक्ति, जागिर, पदका लागि भोका भएर बौद्ध भइरहेका पनि पाइन्छन् । मानवीय व्यवहार नगरेमा बौद्ध भन्नु अर्थहीन छ । आजकल धार्मिक विचार राख्नेहरू धेरै कम छन् । दाहसंस्कार कर्ममा प्रतिबन्ध, भिक्षादान, परित्राण पाठ, पञ्चशील प्रार्थनामा प्रतिबन्ध राखेको पनि कहिँकतै देखिन्छ । यी बौद्ध क्रियाकलापमा सामूहिक प्रतिबन्ध लगाएको ठाउँमा आफूहरूले व्यक्तिगत रुपमा व्यावहारिक र अभ्यासरत रुपमा जीवन अपनाउनु पर्दछ । राज्य र समाजले नै त्यस्तो धार्मिक अभ्यासहरू, चलनहरू रोकेको छ



https://dhamma.digital

भने के कति कारणले हो पत्ता लगाई स्थान अनुसार बुझ्नु आवश्यक छ ।

धर्म भनेको मनुष्य जीवनको आवश्यकतालाई आवश्यकता अनुकूल अगाडि लाने हो । साथै वर्तमान समयको माग र समय अनुकूल पनि हुनु आवश्यक छ । तर यो व्यावहारिकतामा अरुलाई हानीमर्का नपरोस् भन्ने ध्येय पनि ख्याल गर्नु आवश्यक छ । यदि मानिसहरू प्रवचन सुनेर परिवर्तन हुन चाहँदैन, सुनेको उपदेश अनुसरण गर्दैन भने दिएको उपदेशलाई अझ सुहाउने ढंगले उनीहरूले ग्रहण गर्न योग्य हुनेगरि नयाँ ढंगले प्रयोग गर्नुपर्दछ । भगवान् बुद्धले कृषा गौतमीलाई उपदेश, प्रवचन दिनु भएन किनभने उनी आफ्नो बच्चाको मायाँमा चुर्लुम्म डुबेकी थिइन् । उहाँले कृषा गौतमीलाई जीवन अवबोध गर्ने पाठ सिकाउन फरक विधि अपनाउनु भयो जसले गर्दा कृषा गौतमी स्वयम् आफैले मृत्युको स्वभाव महशुस गरिन् । त्यसकारण प्रवचन, ओवाद मात्र नभई अरु पनि थुप्रै प्रयोगात्मक विधिहरू अपनाउन सकिन्छ ।

भगवान् बुद्धको सिकाइको मूल विशेषता भन्नु नै व्यक्ति विशेषको चित्ताकृति, आवश्यकता र क्षमता अनुसार बुझाईदिनु हो । श्रोतालाई जागरण हुने माध्यम अपनाइदिनुहुन्छ । त्यसैले भगवान् बुद्धको ग्रहणविधि आजका बौद्धहरूलाई पनि त्यत्तिकै सदुपयोगी छ ।





https://dhamma.digital

अध्याय १२



# सर्वज्ञ बुद्ध, परम पथप्रदर्शक

भगवान् बुद्धको मार्ग दर्शक तथा सिधा बाटो देखाउनु हुने (**अक्खातारो तथागता**) गुण भनेर बुद्ध स्वयम्ले भन्नुभएको छ । बुद्धलाई **मञ्ञु** ‘सही बाटो जाने’,**मग्ग विदु** ‘ पथप्रदर्शक’ र **मग्ग कोविदो** ‘मार्ग विशेषज्ञ’को रुपमा पनि चिनिन्छ । यी सबै विशेषताले सही मार्ग आर्य मार्ग पहिल्याउने व्यक्ति भन्ने बुझ्नुपर्दछ । सही बाटो भनेकै दुःख मुक्त अवस्था, निर्वाणको बाटो हो । जुन बाटो अपनाएर बुद्धले ज्ञान प्राप्त गर्नुभएको थियो । यही बाटोमा मानिसहरूले पाईला सार्नुपर्दछ । यस बाटोमा गएर कसैलाई कुभलो, नराम्रो हुँदैन । बुद्धले यसै बाटोलाई सही मार्ग,प्राणीहरू सिधै तुरुन्तै पुग्नसक्ने बाटो भन्नुभएको छ । यो सही बाटो भनेको “आर्य अष्टाङ्गिक मार्ग” हो ।

यो बाटोमा पाइला सार्ने व्यक्तिले मध्यम मार्गको सिद्धान्त अपनाएको मानिन्छ । मध्यम मार्गले दुई अति कार्य चरियालाई छोड्छ । **मज्झिम पटिपदा** यी बाटो भन्नाले **सम्मादिट्ठि** (ठीक धारणा), **सम्मासंकप्पो** (ठीक संकल्प), **सम्मावाचा** (ठीक वचन), **सम्माकम्मन्तो** (ठीक कर्म), **सम्माआजीवो** (ठीक जीविका), **सम्मावायामो** (ठीक प्रयत्न), **सम्मासति** (ठीक स्मृति), **सम्मासमाधि** (ठीक एकाग्रता) हुन् ।

मार्ग मध्ये उत्तम, सर्वश्रेष्ठ यो आठ मार्गलाई भगवान् बुद्धले आविष्कार गर्नुभएको थियो । यदि कोही व्यक्ति विशेषले यी आठ मध्ये एउटै मात्र शुद्ध रुपमा पालना गर्न सकेमा उ उत्कृष्ट मनुष्य हुन्छ । यदि दुईवटा पालना गर्न सकेमा सर्वश्रेष्ठ व्यक्ति नै हुन्छ । यदि उसले सबै आठै वटा पालना गरेमा देव ब्रह्मा भन्दा माथि हुनेछ । बुद्ध भगवान्ले यस सन्दर्भमा हामीलाई यसरी भन्नुभएको छः यो कुशल हो, राम्रो हो । यो अकुशल हो, नराम्रो हो । यी पुण्य कार्यहरू हुन्,यी पाप कर्महरू हुन् । यी कार्यहरू गर्न आवश्यक छन्, यी कार्यहरूमा लाग्नु हुँदैन । यी कार्यहरू प्राप्त गर्नुपर्दछ, यी कार्यको प्राप्तिको लागि लाग्नुहुँदैन । यी कार्यमा लाग्नुपर्छ, यी कार्यलाई छोड्नु पर्दछ, यदि तिमीले यी राम्रा कामहरू गरेको खण्डमा यस्ता-यस्ता सुपरिणामहरू मिल्ने छ, यदि तिमीले कुकर्म गरेमा यस्ता-यस्ता दुष्परिणाम भोग्नुपर्ने हुन्छ । विनाकारण यस्तो कुरा



https://dhamma.digital



*"हे भिक्षुहरू ! धर्म भनेको डुङ्गा समान हो । डुङ्गा कुनै एक नदीनाला पार गर्नको लागि आवश्यक हुन्छ । तर पार गरिसकेपछि त्यो डुङ्गा काँधमा बोकेर लानको लागि हैन । त्यसरी नै हे भिक्षुहरू, मैले यो धर्म भवचक्र पार गर्नको लागि सिकाएको हुँ, काँध अथवा टाउकोमा बोक्नको लागि हैन ।"*



https://dhamma.digital

म भन्दिनं। आफ्नै अनुभव, कार्य, भोगाई अनुरुप बाटो देखाउँदै सही कार्यमा लाग। अकुशल कर्म मिथ्या कर्म छोड।

यसरी बुद्धले सधैं राम्रो बाटो, सत्यबाटो र सही बाटो देखाउनु हुन्छ। जसरी दयालु आमा बुबा, गुरुहरूले बाटो पहिल्याइ दिनुहुन्छ। यस्तो आर्य मार्ग देखाउनु हुने गुरुहरू हुँदा उत्तम उपाय यसलाई कसरी अनुसरण गर्ने भन्ने हुन्छ। के हामीले निरन्तर उहाँलाई पूजा प्रार्थना मात्रै गर्ने हो कि? वा उहाँको ठूलो मूर्ति बनाएर पूजा चढाउने हो कि? वा यसो नगरिकन उहाँले देखाउनु भएको सही बाटो भईकन गयो भने दुःख मुक्त निर्वाणमा पुग्ने छौं भने स्पष्ट बाटो निर्धारित गरेकोमा हामी सबै ऋणी छौं। त्यसैले हामीहरूले श्रद्धा पूर्वक पूजा चढाउँछौं। यसले हामीलाई आर्जित सिञ्चित पुण्य मिल्छ। यस प्रकारको बाह्य पूजाले मात्र निर्वाणमा पुग्न काफी छैन। निर्वाण गन्तब्यमा पुग्न र प्राप्त गर्न सही बाटोमा आफै हिंड्नु पर्छ। अरुको सहयोगले मात्र सम्भव छैन।

भगवान् बुद्ध अरु ठूलठूला गुरुहरू जस्तै धेरै चेलाहरूले घेरिएर, कूल परिषद राखेर आफ्नो प्रभुत्व देखाउन चाहनु हुन्न। जम्मा भएका सबै व्यक्तिहरू सही बाटोमा जाउन्,शुद्ध बाटोमा लम्कुन् भन्ने नै उहाँको उद्देश्य रहेको पाइन्छ। उहाँले ज्ञानको बाटो साक्षात्कार गरेपछि मानव मात्रलाई दुःख मुक्तिको मार्गद्वार खुल्यो। समूह परिषदमा आएका मानिसहरू पनि त्यहीबाटोमा हिंडुन्, त्यसैमा साथ दिउन्, उहाँले देखाएको बाटो मै अनुभव र प्रयोग गरेर लिउन् भन्नेमा उहाँको जोड रह्यो। त्यसैले बुद्धको नाम जपेर मूर्ति, चित्र, प्रतिमामा पूजा गरेर निर्वाण प्राप्त हुँदैन।

हामी एउटा उदाहरण लिउँ। एक व्यक्ति कुनै ट्रेन स्टेशन पुग्छ र उसले स्वतन्त्र स्थल भवन गन्तब्य कसरी जाने भनी कोहीसँग सोध्छ। जानकार मानिसले बाटो देखाइदिन्छ। तर त्यो व्यक्ति बाटो बताइदिने मान्छेलाई पूजा गरेर, मानेर र त्यो व्यक्तिको बारेमा सोचेर उसले भनेको बाटोमा भने हिंड्दैन भने उ स्वतन्त्र गन्तब्यमा कहिल्यै पुग्दैन। त्यो व्यक्तिले स्वतन्त्र गन्तब्य कस्तो हुन्छ त्यहाँ नपुगिकन कहिल्यै थाहा पाउदैन। त्यसैले जानुपर्ने मान्छेले बाटो देखाइदिने व्यक्तिलाई धन्यवाद दिई उसले बताएको बाटो लाग्नुपर्दछ। त्यो स्वतन्त्र गन्तब्यमा त्यो व्यक्तिले बताइदिए अनुसार ध्यान दिएर ख्याल गरी गएमा मात्रै त्यस निश्चित ठाउँमा पुग्दछ।

त्यो रेलवे स्टेशनमा स्वतन्त्र भवनमा जाने बाटो देखाइदिने पथ प्रदर्शकभन्दा आर्य अष्टाङ्गिक मार्ग देखाइदिनु हुने भगवान् बुद्ध हजारौं गुणा विशिष्ट, महान् छन्। हामीले कम्तीमा दिनको ३ पटक यस्तो दुःख मुक्तिको मार्ग निर्वाण प्राप्त गर्न सक्ने मार्ग देखाउनु हुने बुद्धलाई वन्दना पूजा र प्रार्थना गर्न सकिन्छ।

तर निर्वाण ज्ञान नै हासिल गर्ने हो भने यसरी बाह्य रुपमा वन्दना पूजा सत्कार



https://dhamma.digital

आदि मात्र गरेर पुग्दैन । निर्वाण प्राप्त गर्न उहाँले देखाइदिनु भएको बाटोमा निरन्तर गएमा मात्र सम्भव छ । यहाँ एक राम्रो उदाहरणबाट त्यस कुरालाई पुष्टि गर्न सकिन्छ । भगवान् बुद्ध जब परिनिर्वाण समयमा अन्तिम शैय्यामा हुनुहुन्थ्यो त्यस बखत सांसारिक भिक्षु (जो मार्गफल ज्ञान प्राप्त भएका थिएनन्), शोक गरी विस्मयपूर्वक रोइरहे । दुःखी हुने कोही कोही भिक्षुहरू, संसारको अनित्य स्वभावलाई संवेज लिएर बसे । यस अवस्थामा धम्माराम नामको एक भिक्षुले मनमा संकल्प गरे भगवान् बुद्धको परिनिर्वाण पूर्व नै मैले श्रमण धर्म पूरागरी उहाँले देखाएको बाटोमा हिँडी गन्तब्यमा पुग्नु जरुरी छ । यस्तो मनमा विचार लिई एकान्त ठाउँमा चित्तलाई परिशुद्ध गरी ध्यान गर्न थाले । बुद्ध परिनिर्वाण हुनेभयो भनी रोइकराई रहेका भिक्षुहरूको जमातले धम्मारामको अवस्था थाहा पाई हाम्रो करुणावान गुरु अन्तिम श्वास लिँदै छ, ऊ चाहिँ यस्तो बेलामा एक्लै ध्यान बस्न गयो । ती भिक्षुहरूको जमातले समातेर लिएर बुद्धकहाँ पुऱ्याई यसो भने,"हाम्रो सुगत तथागत संसार छोड्न लागेको छ । यस्तो घडीमा यो भिक्षुलाई कुनै अपशोच र दुःख पिडा छैन । यो व्यक्ति मुटु नभएको मान्छे हो ।"

भगवान्ले अन्तिम शैय्याबाट ती भिक्षुहरूले समातेर ल्याएका उक्त धम्मारामलाई देख्नुभयो र सोध्नुभयो,"उसलाई तिमीहरू सबैले घेरेर यहाँ किन ल्याएको ?" भिक्षुहरूले एकै स्वरमा गुनासो गरे,"भो भगवान् तपाई अब बित्न लाग्नुभयो । हजुर विनाको जीवन के प्रयोग, अब हामीले कसको अनुहार हेरेर बाँच्ने । हामीलाई अनुकम्पा राखी कसले र कसको उपदेश सुन्ने ? त्यसैले हामी अत्यन्त दुःखी र अपशोचमा छौँ । तर यो भिक्षु चाहिँ न त दुःख मनाए न त कुनै पीडा महशुस गरे । ऊ त एक्लै एकान्तमा छुट्टिएर शान्त भएर बसेको देखेर हामीले तानेर तपाईको सामु कठघरामा उभ्याएका छौं ।

भगवान्ले उक्त भिक्षुलाई सोध्नुभयो, "के उनीहरूले भनेको सही हो?"

हो भगवान्, मलाई रुनु र शोक पश्चाताप् गर्नुभन्दा अशोकी हुनु ठीक लाग्यो । रुनु कराउनु भन्दा, हजुरको मार्ग दर्शन अनुसार बाहिरी आँखा खोल्नुभन्दा बाहिरी आँखा बन्द गरेर धर्म प्राप्त गर्ने कोशिस गरें । मेरो प्रयास र संकल्प सफल, सिद्ध भयो । म अब रोई कराई अपशोस गरिरहेका अपरिपक्व भिक्षुहरू जस्तै नभईकन शोकमुक्त भएँ शास्ता भनेर उक्त भिक्षुले जवाफ दिए ।

भगवान् बुद्धले परिनिर्वाणको अन्तिम शैय्याबाट उक्त भिक्षुले अर्हत मार्गफल ज्ञान प्राप्त गरिसकेको ज्ञात भयो । दुई हातले आशिर्वाद दिनुहुँदै साधु साधु साधु भन्नुभयो । त्यस बखत रोई कराई शोक गरिरहेका भिक्षुहरूलाई यसो भन्नुभयो, हे भिक्षुहरू मेरो निम्ति रोईकराई रहेका तिमीहरू वास्तवमै मप्रति सही प्रभाव भएका होइनौ । यो भिक्षु जसले मेरो कुरालाई मनन् गरेर अभ्यास गरेर आफ्नो चित्तलाई क्लेश निर्मूल पाऱ्यो,



https://dhamma.digital



*भिक्षु संघ गहन नैतिकताको सिद्धान्तमा स्थापना भएको थियो । उनीहरूले स्वार्थपनलाई पूर्ण रुपले निर्मूल पारेका थिए । उनीहरू जनमानसको लागि एक आदर्शमय जीवन जीउने प्रेरणाका स्रोत थिए । उहाँहरू गृहस्थ जीवनको बन्धन, भौतिक चीजवस्तुप्रतिको तृष्णा र कामवाशनाको आशक्ति इत्यादिबाट मुक्त थिए । जसरी चराहरू आकासमा स्वतन्त्र भएर उड्छन् त्यसरी नै भिक्षुको जीवन पनि कुनै बोझबिना आफुले चाहेको ठाउँमा जानसक्ने किसिमको थियो ।*



https://dhamma.digital

तसर्थ ऊ साँच्चैको मेरो शिष्य, मेरो प्रभावमा आए । मलाई शब्दले पुकारेर पूजा गर्दैमा, अथवा सुनौलो अक्षरले लेख्दैमा, चाँदी ढुङ्गामा कुँद्‌दैमा, मेरो रक्षा र संरक्षण गर्नुपर्दछ भनेर अभिनन्दन गर्दैमा म खुसी हुने होइन । मैले बताएको मार्गमा हिँडेर व्यवहारमा उतारे मात्रै सही पूजा हुनेछ। सुगन्ध फूल चढाएतापनि त्यो वास्तवमा सही पूजा होइन । तर मैले मार्ग दर्शन गरेको बाटोमा तदनुसार हिँडेमा मलाई पूजा गरेको मान्य ठहरिन्छ ।" - *धम्मपद अट्ठकथा*

प्रस्तुत कथावस्तुले भगवान् बुद्ध कस्तो व्यक्तित्व हुनुहुन्छ र उहाँको लक्ष के हो भन्ने स्पष्ट देखिन्छ । उहाँ हजारौँ शिष्यहरूद्वारा घेरिएर उनीहरूलाई वशमा पारेर बस्न रुचाउनुहुन्न । उहाँको प्रभावशाली उपस्थिति, शोभायमान जाज्वल्यमान रुप, उहाँको सिद्ध वचन, उहाँको आर्यपन तथा अतुलनीय व्यक्तित्वले नै सबैले नतमस्तक भएर आदर गर्दछन् । उहाँ आफै अगुवा भई सुझाव दिने, आज्ञा दिने, नियन्त्रण गर्ने, दमन गर्ने, आज्ञाकारी हुने गराउनु हुन्न तर उहाँको आनुभावले उहाँको सामुन्ने पुग्दा स्वतः हृदय परिवर्तन हुन्छ ।

भगवान् बुद्धले सदैव निडर, साहसी, पुण्यमय, अनुशासित समाज बनाउन चाहनुभयो । उहाँले बनाउनु भएको विनय, नीति, नियम अनुसार सही तरीकाले जीवन शैली अपनाएमा सुशासन कायम हुने, सत्य धर्म अनुसार समृद्धि र विकास भई अगाडि बढ्ने र पछाडि फर्किएर हेर्नु नपर्ने हुन्छ । उहाँले भिक्षु संघलाई पृथक वा फरक ढंगले आर्य संघ र समाज निर्धारण गरिएको छ ।

बुद्ध शासनको संघमा स्वार्थलाई त्यागेर व्यक्तिवादी प्रवृत्तिलाई त्यागेर समष्टिगत सुखलाई प्राथमिकता राख्नु भएको छ । गृहस्थीहरूको जीवन शैलीमा भिक्षुहरूको जस्तो बन्देज छैन । संघ अनुशासनमा भौतिक विलासी तथा पञ्च कामसुखलाई त्याग्न भन्नुभएको छ । उनीहरू आकाशमा उड्ने चरा समान नै दुई पखेटाको भार मात्रै बोझ रहन्छ, स्वतन्त्र हुन्छ (**सपत्तभारोपक्खि सकुणा विय**) । खुलेआम भएर जान सक्छ । भगवान् बुद्धले यस्तो समूहको संघ विसतार होस् भन्ने चाहना र संस्कृतिको थालनी गर्नुभयो ।

भगवान् बुद्धले आफूलाई मात्र यसरी सम्मान नगर भन्नुभएको होइन । धर्मलाई पनि त्यसरी नै ग्रहण गर भन्नुभयो । हे भिक्षुहरू म मेरो धर्म ज्ञानलाई डुङ्गासँग दाँज्दछु । नदी वा खोलामा यो चाहिने हुन्छ, आवश्यक छ । तर यसलाई काँधमा बोकेर हिँड्ने होइन । यदि कसैले मनमा यस्तो राख्दछ कि यो डुङ्गानदी तर्नका लागि असाध्यै काम लाग्छ, त्यसैले मैले यसलाई बोकेर हिँड्छु, यो बुद्धिमता होइन । यसप्रकार हे भिक्षुहरू,"यो बुद्ध शासन, यो धर्म र उपदेश मैले राम्ररी व्याख्या गरेको छु । यसले संसाररुपी सागर



https://dhamma.digital

पार गर्न मद्दत गर्नेछ। तर यसो भनेर उपकार चीज हो भनेर आफ्नो टाउकोमा वा काँधमा बोकेर हिँड्ने होइन।" - *मज्झिम निकाय, अलगद्धुपम सुत्त*

भगवान् बुद्धका शिक्षाहरू केवल किताबमा, ग्रन्थमा लेखेर राख्न र पुस्तकालयमा सजाएर राख्न तथा पूजा कोठामा ढोगेर राख्नमा सीमित गर्नुहुँदैन। ती कुराहरूलाई राम्ररी मनन गरी पढ्ने, जान्ने, बुझ्ने सबैमा फैलाउने गर्नु पर्दछ। बुद्ध भन्नुहुन्छ। हे भिक्षुहरू तथागतको धर्म उपदेश स्वच्छन्द रुपमा प्रचारप्रसार गर र फैलाऊ। जति खुल्ला रुपमा फैलायो त्यति नै यो चम्किन्छ। खुम्चाएर राखेमा, नफैलाएमा यो चम्किँदैन। - *अंगुत्तरनिकाय, तिक निपात*

यी सबै प्रसंगबाट भगवान् बुद्धले विश्वलाई सही निर्देशन र सही बाटोमा जान अभिप्रेरित गरेको देखिन्छ। संसारका सबै पुरुष महिलाहरू पहिला सही बाटोमा लाग्नु नै उहाँलाई सही पूजा गर्नुहो। "**बुद्धं शरणं गच्छामि**" को यही अर्थ साकार हुनेछ। २५०० वर्ष अगाडि परिनिर्वाण हुनु भएका महाज्ञानी बुद्धको शरणमा गएर के मद्दत मिल्ला र भन्ने हुन्छ। तर उहाँले पाउनु भएको सत्यज्ञानको आनुभावले ठूलठूला समस्यालाई पनि समाधान गरी जीवनलाई निर्भयतामा लान सकिन्छ।

त्यस्तै गरी "**धम्मं शरण गच्छामि**" भनी भन्नुको सही अर्थ र विशेषता भनेकै धर्म कुनै व्यक्ति होइन वस्तु होइन यो त अनुसरण गरी जीवनमा पालन र लागु गर्नुपर्ने शिक्षा ज्ञान हो। "**संघं शरणं गच्छामि**"को सही अर्थ संघबाट प्रेरणा लिन्छु भन्ने हो। संघ भनेको राम्रो बाटोमा हिड्ने सहयात्री मार्गदर्शक नै हुन्। बुद्ध धर्म संघको यो महिमा बारे धेरै मानिसहरूलाई जानकारी भएको देखिँदैन। बुद्धलाई गलत ढंगले बुझी गलत किसिमले अभ्यास गरी सही परिणाम प्राप्त गर्न सकिँदैन। तसर्थ बौद्धहरूले सही रुपमा जागृत रही मार्गदर्शक बुद्धको आध्यात्मिक मार्गलाई अपनाई विशुद्धि मार्गमा जान सकेमा आध्यात्मिक उन्नति तथा मानव कल्याण सम्भव छ।

## *भगवान् बुद्धको नकारात्मक जवाफ*

*हामीले यदि इलेक्ट्रोन एकै स्थानमा रहन्छ भनेर सोध्यौँ भने "होइन" भन्नुपर्ने हुन्छ, यदि इलेक्ट्रोनले समय अनुसार स्थान परिवर्तन गर्छ भनेर सोध्यौँ भने "होइन" भन्नुपर्ने हुन्छ, यदि इलेक्ट्रोन सधैँ चालमा रहन्छ भनेर सोध्यौँ भने "होइन" भन्नुपर्ने हुन्छ। भगवान् बुद्धले पनि मान्छेको आत्मा इत्यादि प्रश्न गर्दा यसरी नै जवाफ दिनुभएको थियो। तर यस्ता उत्तरहरू सत्रौँ अठारौँ शताब्दीको विज्ञानलाई परिचित हुँदैन।*

*- J. Robert Oppenheimer*



https://dhamma.digital



मध्यम मार्ग (मज्झिम पटिपदा) अर्थात् दुई वटा अतिवादमा नजाने मार्गमा यी आठवटा कुराहरू समेटिएका हुन्छन्: सम्मादिट्ठि (सहि दृष्टि), सम्मासंकप्प (सहि विचार), सम्मावाचा (सहि वचन), सम्माआजीव (सम्यक आजीविका), सम्माकम्मन्त (सहि आचरण), सम्मावायाम (सहि प्रयास), सम्मासति (सहि स्मृति), सम्मासमाधि (सहि एकाग्रता) ।



https://dhamma.digital



## बैचारिक र सामाजिक क्रान्तिका धार्मिक नेता : भगवान् बुद्ध

धेरै पहिलादेखि मानिसहरूको स्वभाव आफ्ना परिवार, गुरुहरू, जेष्ठहरू, पुरोहितहरू, राजा, शासकहरू र नेताहरूले झैँ अनुकरण र नक्कल गर्ने बानी नै बसिसकेको छ। प्रायःजसो महिला पुरुषहरूले उनीहरूलाई सिकाउने नेताहरूले जस्तो सिकाउँछ यही रुपमा विचार गरी नेताहरूले भने जस्तै काम गर्दछ। उनीहरूले ती नेता अगुवाहरूको विचारमा सुर मिलाउने काम गर्छ। उनीहरूको विरुद्धमा जानु भनेको नियम कानुन परम्परालाई छोड्ने गल्ती र पाप गर्नु सरह ठान्दछन्।

यसप्रकारको मानिसको सोचाइले उनीहरूको क्षमतामा नै विभिन्न किसिमले मोड लियो। नयाँ सोचमा प्रतिबन्ध लाग्यो। प्राचीनभारतमा सर्वसाधारण मानिसले सोच्ने प्रक्रियामा र विचारमा ब्राह्मण पुरोहितको पूर्ण नियन्त्रण थियो। ब्राह्मण पुरोहितहरूको राय बमोजिम राजाले शासन चलाउँथ्यो। यदि ब्राह्मण पुरोहितले भनेको खण्डमा सबैले त्यसलाई सत्यको रुपमा स्वीकार्नु पर्थ्यो।

यस्तो संक्रमित रुढिवादी परम्परा, गलत सोच र कुरीति व्यापक भएको समाज रहेको समयमा भगवान् बुद्धको उदय भयो। उहाँले त्यस बखत समाज र विचारमा अत्याधिक शक्तिशाली क्रान्ति र परिवर्तन ल्याए। उहाँले समाजमा ल्याएको परिवर्तन क्रान्तिकारी परिवर्तन पछिल्लो समयमा आएको युरोपमा भएको फ्रान्सेली राज्य क्रान्ति र रुसको क्रान्ति जस्तो थिएन। उहाँले ल्याएको क्रान्ति रक्तपात, दमन, शोषण, अत्याचार, हत्या हिंसाको माध्यमबाट नभईकन मात्र सारगर्भित प्रवचनका साथै पुरुषमा भएको उल्टोपन र महिलामा भएको रिस रागलाई सही दिशामा रुपान्तरण गर्नुभएको हो। उहाँले आफूसँग भएको असिम करुणा, अहिंसाको नीति र शान्तिपूर्ण मैत्री बलले नै क्रान्तिलाई शंखनाद गरे। यसको परिणाम पूर्वका थुप्रै देशका मानिसको मनमा अहिले पनि भित्र गहिराईसम्म खोपिएर एकत्रित रुपमा अन्तरनिहित भएको छ।

त्यस्तै प्रभावको अहिंसावादी शासकको रुपमा बुद्धपछि सम्राट अशोक देखा परे। जसले सुरुमा भयानक रक्तपातपूर्ण त्रासदिक युद्ध गरेका थिए। युद्ध र हिंसालाई सधैंको



https://dhamma.digital

निम्ति त्याग गरी सबैभन्दा शक्तिशाली शासक बन्ने शक्तिशाली सम्राटको रुपमा उनले बुद्धले बताउनु भएको विचार अनुसारको करुणायुक्त आन्दोलन क्रान्ति गरे । धेरै कुरामा मानव, पशुपन्छी, रुख, बोट, बिरुवा, प्राकृतिक सम्पदा, पानीको जगेर्ना आदिलाई ध्यान पुऱ्याए । त्यस बेला व्याप्त कुरीति, अन्धविश्वास, रुढिवादि, बली पूजा दिने यज्ञ होमको प्रथा, चलन, संस्कारले जरा गाडेको समाजलाई प्रश्न गर्दै तथ्य र तर्कको आधारमा यी प्रथाहरू गलत हुन् भनी प्रमाणित गरी उनले बुद्धको मार्गदर्शन अनुसार निर्भयपूर्वक सामाजिक क्रान्ति ल्याए ।

राजकुमार सिद्धार्थ राज परिवारमा हुर्केका भएतापनि जीवन र जगत प्रतिको फरक सोचाई क्रान्तिकारी विचार पहिला नै आएको देखिन्छ । उहाँको बुबा शुद्धोदन महाराजको आदरणीय गुरु कालदेवल तपस्वीले शिशु सिद्धार्थलाई हेर्न आए । राजाले शिशुलाई ती तपस्वीमा ढोगाउन खोज्दा सिद्धार्थको पाउ तपस्वीको पकडीमा छुन पुग्यो । उहाँ युवा अवस्थामा पहिलो पटक छन्दकसँग घुम्न जाँदा एक विरामीलाई देखेर यस्तो प्रश्न गरे । यो को मान्छे हो ? ऊ अर्को खाले देखिन्छ, यस्तो किन देखिएको ? अरु पनि यस्तै हुन्छन् ? म पनि यस्तै बिरामी हुनुपर्दछ ? यसरी नै बुढो मान्छे, मरेको मान्छे र सन्यासी तपस्वीलाई देख्दा पनि यसरी नै प्रश्न गरे ।

यो चार दृष्यले राजकुमार सिद्धार्थको मनमा आन्तरिक प्रश्न जन्मे । जीवन के हो? जीवनको उद्देश्य के हो ? जीवन केका लागि ? जीवनको अन्त के हो ? आदि इत्यादि मनमा उठेको ज्वारभाटाले उहाँको विचारमा क्रान्ति उब्जियो । जब उहाँले बिरामी, वृद्ध, मृत्युको बारेमा निरन्तर रुपमा चिन्तन शुरु गरे त्यसपछि राजसी सुखमा वैराग आउन थाल्यो । सारा दरबार आगोले दन्दनि बलेर धुँवा निस्किरहेको भान भयो । सबै मानिसहरू दुःखमा तड्पिरहेको देख्न थाल्नुभयो । उहाँले दुःखको कारण खोज्ने निर्णय गर्नुभयो र दुःख मुक्तिको मार्ग पनि अनुवेक्षण गर्नुभयो ।

उहाँमा जीवन जगतप्रति वैराग्य उत्पन्न भयो । मनमा ठूलो उथलपुथल हलचल मच्चियो । ती नाचिरहेका नर्तकी महिलाहरू रातभर संगीतमा झुम्दै नाच गान गरे,आमोद प्रमोद गरे, बाजा बजाए । तर राजकुमारको अनुहारमा एक रत्ति पनि मुस्कान थिएन । नाचिरहेका ती स्त्रीहरू (कन्याहरू) नशाले थाकेर जथाभावी सुते । सुतिरहेको त्यो परि दृष्यले गृहस्थ जीवनप्रति झन वैराग्य उत्पन्न भयो । राजकुमार सिद्धार्थले युवा अवस्थामा नै आफ्नी रानी, बच्चा, दरवारिया सुख, दरवारिया सुन्दरीहरू सुतिरहेको देख्दा मसान घाटमा लासहरू ढलिरहेको, डढिरहेको मुर्दाहरू जस्तो देख्न थाले । त्यसपछि उहाँले घर छोड्ने निधो गरे ।

एक बुबाको निमित्त आफ्नो श्रीमतीले सन्तान पाएको भन्दा खुशीको कुरा अरु



https://dhamma.digital



*भगवान् बुद्धले हामीलाई एक दया र करुणावाण आमाबुबा तथा शिक्षकले जस्तै सहि, सत्य र असल बाटोमा हिँड्नको लागि मार्गनिर्देशन दिनुभयो । अनि यस्तो दुःखमुक्तिको मार्गमा म कहाँ पुगेको छु भनेर कसरी थाहा पाउने त ? यो कुरा हामी आफैले पत्ता लगाउनुपर्छ, आफैले अनुभव गर्नुपर्छ । दुःखमुक्तिको मार्ग र सुखको अनुभव अरुको सहयोगले प्राप्त गर्न सकिने विषय होइन ।*



https://dhamma.digital

के हुन सक्ला ? तर दूतले राजकुमार सिद्धार्थकी पत्नी यशोधराले छोरा जन्माइन् भन्ने खबर पुऱ्याउँदा उहाँले यसो भन्नुभयो,"यो राहु बन्धन उत्पन्न भयो (**राहुलो जातो बन्धनं जातं**) ।" मानव इतिहासमा राजकुमार सिद्धार्थ मात्रै यस्तो बुबा होला जसले यी कुरा भने ।

राता रात कसैले थाहा नपाउने गरी आफ्नी श्रीमती, आफ्नो छोरा, राजपरिवार, राज दरवार, राज वैभव, सबै छाडेर जङ्गलमा गएर बसे । लासमा ढाकेको कात्रो कपडा, कीरा परेको कपडालाई धोएर सुकाएर सफा शुद्ध गरी सो झुत्रो कपडा लगाएर सामान्य जीवन जिउन थाले । राजकुमारबाट भिखारीको जीवन जिउनु यो ज्यादै नै क्रान्तिकारी कदम थियो ।

राजकुमार सिद्धार्थले त्यसबेलाको आध्यात्मिक ज्ञान जान्ने सबै तपस्वी ऋषिहरूकहाँ पुगेर सिक्न थाले । त्यसबेलाको ज्ञानले उहाँलाई सन्तोष मिलेन । त्यतिबेला भएका तपस्वीहरू, महान् ऋषिहरूबाट सबै सिक्दा पनि आफूले खोजेको, चाहेको नपाउने देखेर उहाँ पुनः अन्यत्र संघर्ष गरी मार विजय गर्नुभयो ।

उहाँले बुद्धत्व प्राप्ति पश्चात् आफ्नो बुबालाई दरबारमै भेट्न जानुभयो । उहाँलाई दरबारमै भोजन गराए । अर्को दिन उहाँले दरबारकै बाटोमा भिक्षाटन सुरु गरे । राज सिंहासनको उत्तराधिकारी, दरबारबाट भागेर सन्यासी बनेर पुनः त्यही शहरमा फर्किएर मूल बाटो, घर दैलोमा भिक्षा मागेको त्यो घटनाले राजा, देश र सम्पूर्ण राष्ट्रलाई नै धक्का पुऱ्यायो । राजसी वैभव, राजाको शान, मान, राजकीय जीवनशैलीमा नै चुनौति खडा भयो । सामन्ती पुँजीवादी संस्कारलाई धक्का पुऱ्यायो । राजकीय अभिमान विरुद्ध नयाँ बिगुल फुकियो । उहाँको बुबा राजा यो कुरा थाहा पाएर धोति फुस्कने गरी दौडेर बुद्धलाई भन्न पुगे,"के हाम्रो वंश राजवंश होइन ? राजवंशलाई बदनाम नगर्नुस् ।" बुद्धले जवाफ दिनुभयो, "हे राजन तपाई राजवंशको हुनुहुन्छ । तर म अब बुद्धवंशको हुँ । बुद्धवंशको परम्परामा यसरी नै भिक्षाटन गरेर खाने चलन छ ।" बुद्धको श्रीमुखबाट यसप्रकारको महान् वाणी प्रस्तुत भएको छ जसले गर्दा मानिसको मनमा क्रान्तिकारी विचारको विकास हुन सक्दछ । कसैले भन्यो भन्दैमा तिमीले सोझै विश्वास गरेर ग्रहण नगर्नु । धेरै अगाडि देखिको पुस्ताको परम्परा चलन भन्दैमा पनि विश्वास नगर्नु । धेरै मानिसले स्वीकारेको भन्दैमा न पत्याउनु । कुनै शास्त्र ग्रन्थमा लेखेको छ भन्दैमा विश्वास नगर्नु । ठूला गुरुहरूले भनेको भन्दैमा विश्वास नगर्नु । तर यी चीजहरूलाई राम्ररी जाँचेर बुझेर निरीक्षण, परीक्षण गरेर तथ्य र तर्कको आधारमा कल्याण हुन्छ भने स्वीकार गर्नु, नत्र छोडे पनि हुन्छ । -कालाम सुत्त, अंगुत्तर निकाय

भगवान बुद्धको यस कदमबाट एउटा क्रान्तिको शुभारम्भ र बिगुल **बजेको** मान्न



https://dhamma.digital

सकिन्छ । किनभने त्यसबेलाको धार्मिक मान्यता अनुसार जुनसुकै कुरालाई आँखा चिम्लेर विश्वास गर्ने समाज थियो । बुद्धको यस नयाँ कदमले विचार गर्नमा नयाँ तरङ्ग पैदा गऱ्यो । धर्म गुरु विचारक र मानिसहरूमा विज्ञानसम्मत प्रगतिशील धारको सञ्चार भयो । २५०० वर्ष अगाडिको समाजलाई बुद्धले वैचारिक क्रान्तिको वीजारोपण गरे ।

त्यसताका भारतमा मात्र नभई संसारभरकै मानिसहरू आत्मामा विश्वास गर्दथे । तर बुद्धले आत्मामा विश्वास गर्नुभएन । आत्मा परमात्माको सट्टा अनात्म दर्शनलाई व्याख्या गर्नुभयो । संसारमा प्राणी मात्रमा आत्म भन्ने छैन, मान्नु आवश्यक छैन भन्ने नयाँ सोचले पूरै आत्मलाई मान्ने अन्य धर्मगुरुहरूको मत सिद्धान्त विरुद्ध सामाजिक क्रान्ति सुरुभयो ।

बुद्धकालीन समयमा जाति व्यवस्था अपरिहार्य संस्थाको रुपमा पूरा समाजमा व्याप्त थियो । देशभरी नै जात पातको विभेद थियो । त्यसप्रकारको सामाजिक विभेद विरुद्ध भगवान् बुद्धले आवाज र अभियानको थालनी गरे । जन्मले कोही शुद्र हुँदैन, न त जन्मले नै ब्राह्मण भइन्छ, आ-आफ्नो कर्मद्वारा नै शुद्र र ब्राह्मण कहलाइन्छ भन्ने उद्घोष गरे । त्यस बेलाको उँच-नीच विभेदपूर्ण समाजमा त्यस्तो जातिप्रथाको उन्मूलन गरी सभ्य समाज निर्माण गर्नुपर्दछ भनी सुधारको पक्षमा बोल्ने एक्लै व्यक्ति भगवान् बुद्ध हुनुहुन्थ्यो ।

लामो समयदेखि समाज र मानिसहरूबाट उच्च ओहोदामा मान सम्मान गरिएका ब्राह्मणहरूलाई भगवान् बुद्धले सच्चा ब्राह्मण मान्नुभएन ।

**न जटाही न गोत्तेन, न जच्चा होति ब्राह्मणो,**
**यम्हि सच्चं च धम्मोच, सो सुचि सोच ब्राह्मणो ॥**

अर्थात् : टाउकोमा जटा धारण गर्दैमा,गोत्र जातले जन्मले मात्र कदापि ब्राह्मण हुन सक्दैन । जुन व्यक्तिसँग सत्य र धर्म हुन्छ त्यो नै पवित्र छ । उसलाई नै ब्राह्मण भनिन्छ ।

**यस्स कायेन वाचाय, मनसा नत्थि दुक्कट, संवुत्तं तिहि ठानेहि, तमहं ब्रुमि ब्राह्मणं ॥**

अर्थात् : शरीर वचन मनद्वारा पाप कर्ममा नलागी ती तीनै द्वारलाई संयमित गरिबसेका व्यक्तिलाई नै म ब्राह्मण भन्दछु ।


**किं ते जटाहि दुम्मेध, किं ते अजिन साटिया, अब्भन्तरं ते गहणं, बाहिरं परिमज्जयी ॥**

अर्थात् : हे अज्ञानी, हे दुर बुद्धि जटा पाएर तिमीलाई के हुन्छ ? मृगचर्म छालाले ढाकेर के हुन्छ ? भित्र फोहोर कसिंगर थुपारेर बाहिर मात्र चोखो गरेर धोएर कसरी शुद्ध भइन्छ ?

एक दिन भगवान् बुद्ध अग्गिक भारद्वाज नामको ब्राह्मणको घरमा जानुभयो ।



https://dhamma.digital



*भगवान् बुद्धले त्यस भिक्षुलाई सोध्नुभयो, "के उनीहरूले भनेको कुरा सत्य हो ?" "हो भन्ते, म उनीहरूजस्तै बेफ्वाँकमा दुःख र शोक मनाउन चाहिन । रोइकराइ र शोक नमनाइकन बरु मैले तपाइको अमृतमय देशनालाई पालना गरे । म यी भिक्षुहरूझैं शोक र सन्तापजस्तो अपरिपक्व स्वभावबाट माथि उक्लिसकें ।" भिक्षुले जवाफ दिए । भगवान् बुद्धले त्यस भिक्षु अर्हत भइसकेको थाहा पाएर मृत्य शैय्याबाटै दुई हात जोडेर "साधु ! साधु ! साधु !" भनी त्यस भिक्षुको धर्मबोधलाई अनुमोदन गर्नुभयो ।*



https://dhamma.digital

उसले आगोलाई प्रदीप्त गरी सधैं अग्नि संस्कार यज्ञ होम गर्थ्यो । भगवान् बुद्ध उसको आश्रममा आउनुभएको देखेर उक्त ब्राह्मणलाई रिस उठ्यो र उसले क्रोधित भएर गाली गर्न शुरु गऱ्यो । मुण्डक श्रमण, शुद्र, चण्डाल । भगवान् बुद्धले गालीगलौज र दोषारोपणलाई ध्यान दिएर सुन्नु हुँदै ब्राह्मणलाई भन्नुभयो, "हे ब्राह्मण कस्तालाई सही मानेमा चण्डाल भनिन्छ, तिमीलाई थाहा छ? र के भयो भने चण्डाल भइन्छ ?" ब्राह्मणले भने, "मलाई थाहा छैन । यदि तपाईलाई थाहा भए बताइदिनुस् ।" त्यसपछि भगवान् बुद्धले भन्नुभयो, "जन्म र जातले कोही वृषल, चण्डाल वा ब्राह्मण हुँदैन । कर्मले नै चण्डाल हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ । जुन व्यक्ति रिसालु र वैर स्वभावको हुन्छ, जुन पापी र ईर्ष्यालु स्वभावको छ, मिथ्या धारणा लिएर मायावी छ, जसले आफ्नो दोष छोप्छ, जसले प्राणी हिंसा गर्दछ,जसले अरु प्राणीलाई माया गर्दैन,जो आतंकी, लुटेरा भएर गाउँ, शहर नष्ट गर्छ, जसले अरुको सामान लिएर फिर्ता गर्दैन, जसले आफ्ना वयोवृद्ध बा-आमाको हेरविचार गर्दैन, जसले महाज्ञानी बुद्ध र अर्हत संघलाई दोष लगाउँछ, जसले आफू ठूलो ठानी अरुलाई होच्याउँछ, जो निरन्तर रिस गर्छ, जो असाध्यै कन्जुस हुन्छ, जसमा पाप गर्नमा रति पनि लज्जा भय हुँदैन, जो सदा झूठो बोल्दछ,जो अरुको श्रीमतीहरूसँग सम्बन्ध राखेर हिँड्ने जस्ता कार्य गर्दछ, उच्च गोत्र, उच्च कुल, उच्च जात समुदाय र परिवारको भएतापनि ती सबै चण्डाल शुद्र र वृषल हुन् ।"

भगवान् बुद्धले गलत चर्याको विरुद्ध, सामाजिक सुव्यवस्थाको निमित्त यसरी क्रान्तिकारी कदम चाले । भगवान् बुद्धले शुद्र, तल्लो जातमा जन्मेकालाई कदापि वसल भन्नुभएन । वसल, शुद्र त गलत काम गर्ने पाप कार्य गर्नेलाई भन्नुभएको हो ।

बुद्धको समकालीन समयमा भारतको थुप्रै ठाउँमा रुख, चट्टान, जङ्गल, चैत्य खोजी खोजी पूजा गर्ने समाज थियो । भगवान् बुद्धले त्यस्तो पूजा गर्नेहरूलाई कातरको संज्ञा दिनुभएको छ । यी चीजको शरण परेर वास्तवमा सही सुरक्षा प्राप्त हुँदैन । यसैले बुद्धले यस सम्बन्धमा सही सुरक्षाको लागि यसप्रकार अभ्यास गर्नुपर्छ भन्नुभयो, "**बहुं वे सरणं यन्ति, पब्बतानि वनानि च, आरामरुक्खचेतियानि, मनुस्सा भयतज्जिता, नेतं खो सरणं खेमं, नेतं सरणमुत्तमं, नेतं सरणमागम्म, सब्ब दुक्खा पमुच्चति**" - *धम्मपद*

अर्थात् : मानिसहरू भयको कारण पर्वत, जङ्गल, उद्यान, रुख वृक्ष, चैत्यहरूको शरण जाने गर्दछन् । यस प्रकारको शरणमा गएर उनीहरू भयमुक्त हुँदैनन् । यो वास्तवमा उत्तम शरण पनि होइन । त्यसको शरणमा गएर वास्तवमै सम्पूर्ण दुःखबाट छुट्न पनि सक्दैन ।

यसको अलावा बुद्धको समयका ती दिनहरूमा सूर्य, चन्द्र, आगो, पानी, नागहरूलाई पनि पूजा गर्ने चलन थियो । उनीहरूको लागि छुट्टै विधि संस्कार थियो । भगवान् बुद्धले



https://dhamma.digital

यस्तो सम्प्रदाय पूजा प्रणालीको विपक्षमा आवाज बुलन्द गरी यी प्रणालीहरू व्यर्थ र बेकार छन् भनी समाजमा लामो समयदेखि अज्ञानी अशिक्षितहरूले चलाउँदै आएको विभिन्न प्रकारको भ्रमपूर्ण विश्वास, आस्था अन्धविश्वास, प्रथा प्रचलनहरूको जग हल्लिने गरी वैज्ञानिक विचार प्रचार गरे ।

भगवान् बुद्धले एक अवसरमा सिंगाल नामको नवयुवाले नदीको दोभानमा उभिएर ६ वटा दिशातिर फर्किएर नमस्कार गरिरहेको देख्नुभयो । बुद्धले ख्याल गर्नुभए अनुसार उसले उत्तर, दक्षिण आदि दिशामा ढोगिरहेका थिए । उक्त सिंगाल कुमारलाई बुद्धले ६ दिशा नमस्कारलाई नयाँ किसिमले बुझाइदिनुभयो । आमा बुबा पूर्व दिशा, गुरु आचार्य दक्षिण दिशा, पति पत्नी छोराछोरी पश्चिम दिशा, साथीभाई उत्तर दिशा, सेवक कामदार तलको दिशा, धार्मिक र श्रमण गुरु माथिल्लो दिशा भनी नयाँ बहुआयामिक सोच देखाइदिनु भयो । गृहस्थ समाजमा सिंगालले जस्तै दिशा नमस्कार गर्नुसम्मान गर्ने कार्य त हो । तर यो अन्धविश्वासपूर्ण हुनगयो ।

त्यसबेलाको समाजले विभिन्न विषयवस्तुलाई शुभ मङ्गल ठान्दथ्यो । तर बुद्धको विचार अनुसार त्यो वास्तविक मङ्गल थिएन। मङ्गल के हो ? के गर्दा मङ्गल हुन्छ ? यस सन्दर्भमा बुद्धले नयाँ व्याख्या समाजलाई दिनुभयो । जुन यस प्रकारको छः मूर्खको संगत नगर्नु, विद्वानको संगत गर्नु, पूजा गर्न योग्यहरूलाई पूजा गर्नु, अनुकूल स्थानमा बस्नु, पूर्व जन्मको सञ्चित पुण्यफल प्राप्त हुनु, आफूलाई सम्यक मार्गमा लगाउनु, बहुश्रुत हुनु, सिल्प विद्या सिक्नु, सुशिक्षित हुनु, सुभाषित हुनु, आमा बुबाको सेवा गर्नु, बालबच्चाको पालन पोषण गर्नु, निर्दोष कर्म गर्नु, दान दिनु, धर्माचरण गर्नु, ज्ञातिबन्धुलाई सम्मान गर्नु, मद्यपानमा संयमित हुनु, गौरव राख्नु, विनम्र हुनु, सन्तोष र कृतज्ञ हुनु, धर्मको श्रवण र छलफल गर्नु, स्थिर (कम्पन नभएको), निशोकी तथा निर्भयी हुनु यी सबै उत्तम मङ्गल हुन् ।

साथै विभिन्न अवसरमा बुद्धले यसो भन्नुभएको छः धेरै बोल्न जान्दैमा पण्डित हुँदैन (**न तेन पण्डितो होति यावता बहुभासति**) । टाउकोमा केश फुल्दैमा जेष्ठ र परिपक्व गुण हुँदैन (**न तेन थेरो होति ये नस्स पलितं सिरो**) । कपाल खौरीदैंमा अगतिलो मान्छे धार्मिक हुँदैन (**न मुण्डकेन समणो अब्बतो अलिकं भन**) ।बोली शान्त गरी बस्दैमा ऋषिमुनी हुँदैन (**न मोनेन मुनि होति**) **।**

सुन्दरीका, बाहुका र पयागा नदीको जलले छुदैमा मानिसको पाप पखालिन्छ ? यदि जलले पाप पखालिन्छ वा कुकर्म धोइन्छ भने नदीमा बस्ने माछा भ्यागुतो जल चर प्राणीहरू सबै पापबाट मुक्त भएको मान्नेत ?

(**किं सुन्दरीका करिस्सन्ति किं पयागा, किं बाहुका नदी** ?)



https://dhamma.digital

मानिसहरूले आफ्नो जीवन मुक्तिको नाममा सयौँ हजारौँ पटक धोका पाएका छन् । आ-आफ्नो जीवन जोखिममा पारेका छन् । मुक्ति विमुक्ति, मोक्ष विमोक्ष, निर्वाण प्राप्तिको लागि भनी झन बन्धनमा बाँधी आशक्त भई बारम्बार जन्म लिइरहेका छन् ।

भगवान् बुद्धले ध्यानाकर्षण गरे अनुसार परिवार, नाता कुटुम्ब, जहान, छोरा छोरी, पद, प्रतिष्ठा, धन, सम्पत्ति, शक्ति, सम्मान, अहंकार यी सबै विषयले टाढा पार्छ । यी सबै विषयले बन्धनमा अल्झाउँछ । जब हामी यी आशक्ति र अहंकारलाई शरीर र मनबाट त्याग्छौँ, त्यसपछि मात्र दुःख मुक्ति सम्भव हुन्छ । प्रकृतिको स्वभाव धर्मलाई नियालेर विचार उत्पन्न गराउन चिन्तन मनन गर भनेर बुद्धले परिभाषित गर्नुभएको छ । जसलाई "**यथाभूत ञाण**" भनिन्छ । साथै सबै चीजको हेतु प्रत्यय, कार्य कारण सम्बन्धलाई हेर्न जान्नुपर्दछ । बुद्धले कहिल्यै कसैलाई नराम्रो चिताउनु भएन । उहाँको यो विशेषतालाई "**योनिसोमनसिकार**" भनिन्छ ।

प्रसिद्ध विद्वान सर एडविन आर्नोल्डले बुद्धलाई एसियाको प्रकाश उपनाम दिनुभएको छ । बुद्ध आफैले पनि ज्ञान प्राप्ति पश्चात तुरुन्तै "**विज्जा उदपादि**" ज्ञान उत्पन्न भयो र "**आलोको**" उदपादि प्रकाश प्राप्त भयो भनी घोषणा गर्नुभएको छ । यो उद्गार, उद्घोष वैचारिक क्रान्ति, सामाजिक क्रान्तिको लागि अभियान हो । मानिसहरूले स्वतन्त्र रुपमा, बौद्धिक रुपमा आफ्नो सोचाइ र धारणा राख्न पाउनुपर्छ । तथ्य र प्रमाणको आधारमा युक्तिसंगत ज्ञानलाई लिएर दुःख मुक्तिकोबारे आफैले प्रयास गर्न सकिन्छ भन्ने सन्देश भगवान् बुद्धले दिनुभएको छ ।




## *प्रज्ञारुपी तलवार र अविद्यामय शत्रु*

*बुद्ध धर्मको इतिहासमा एक पृष्ठ पनि धर्मप्रचारको नाममा हिंसा, अविश्वासी र नास्तिकहरूका सहर धुँवाको मुस्लोले अन्धकार पारेको, धर्मको नाममा निर्दोष ज्यानको रगत बगाउनु परेको पाइँदैन । बुद्धधर्मको एउटै मात्र तलवार छ, त्यो हो प्रज्ञाको तलवार । अनि उसले एउटै मात्र शत्रु देख्छ, त्यो हो अविद्या । इतिहास नै यसको साक्षी छ र यसलाई नकार्न सकिने बाटो नै छैन ।*

*- Prof. Bapat "2500 years of Buddhism"*



https://dhamma.digital



*"धेरै बोल्न आउने भन्दैमा उसलाई शिक्षित भनिदैन, सेतो कपाल पलाउँदैमा उसलाई परिपक्व वयस्क भन्न मिल्दैन, पापी व्यक्ति कपाल खौरिदैंमा धार्मिक बन्दैन र शान्त भएर बस्दैमा कोहि साधुसन्त हुँदैन । के सुन्दरिका, बाहुका र पयाग नदीहरूको पानीले मानिसहरूको पापलाई पखाल्न सक्छ ? यदि पानीले पाप पखाल्न सक्ने भए माछा, भ्यागुता आदि जलचर प्राणीहरू जो पानीमै सधैं बसोवास गर्छन् उनीहरू पूर्णरुपमा पापबाट निर्मूल भएको हुनुपर्छ ।"*



https://dhamma.digital



# सत्य सिद्ध गर्नुहुने महान् पराक्रमी बुद्ध

विश्वमा विभिन्न खालका पराक्रमीहरू बेला बेलामा जन्मेका छन् । ती मध्ये कोही युद्ध जितेर सूरवीर कहलाउँछन् । कोही कोही जमीन जितेर राज्य विस्तार गर्ने प्रख्यात शासक हुन्छन् । कसैले नयाँ चीज आविष्कार गरी आफ्नो नाउँ कमाउँछन् । कोही कोहीले नयाँ ठाउँ र विषय पत्ता लगाएर चर्चित हुन्छन् । कोही कोही त ज्यानको बाजी लगाएर ब्रह्माण्डको, अन्तरीक्षको यात्रा गरी पुनः पृथ्वीमा फर्किएर पुरुषार्थ देखाउँछन् । अझ कुनै कुनै सूरवीर देशको सीमाना रक्षा गरी विदेशी आक्रमणबाट आफ्नो सीमाना रक्षा गरी चर्चामा आउँछन् ।

यी मध्ये भगवान् बुद्ध आफ्नो जीवन र विचारलाई अरु सत्वप्राणीको कल्याणको निमित्त बलिदान दिनुभई पराक्रमी हुनुभयो । संसारको यथार्थ सत्यलाई अवबोध गरी सर्वप्रथम आफू मुक्त भई त्यसपछि अरुलाई पनि दुःख मुक्तिको साधना सिकाउनुभई पराक्रमी हुनुभयो ।

उहाँले अनेकौं पूर्वजन्ममा शरीरका अङ्गहरू आँखा, छाला, रगत, टाउको, त्यस्तै स्त्री, बालबच्चा र आफ्नो सम्पूर्ण जीवन सत्य ज्ञानको खोजको निमित्त बलिदान दिए । अझ उहाँको अन्तिम जन्ममा समेत मरणतुल्य दुःख भोगे । दर्द र पीडालाई सहेर अन्तमा सर्वज्ञ ज्ञान,चार आर्यसत्य ज्ञान सिद्ध गरे । यस अर्थमा भगवान् बुद्धले गर्नुभएको पराक्रम र अरुले गरेको पराक्रममा धेरै अन्तर पाइन्छ । अरु नायकहरूले देखाउने पराक्रममा केही मात्रामा स्वार्थ हुन्छ भने भगवान् बुद्धले गर्नुभएको पराक्रममा सर्वमान्य निस्वार्थ गुण रहेको पाइन्छ । यसैकारण उहाँलाई **बुद्ध वीर** (बुद्ध पराक्रमी), **महावीर, महाबली**, **शाक्यसिंह** शाक्यहरूको सिंह,**लोक नाथ** लोकको नाथ, **दशबल** दशशक्ति भएको व्यक्ति, **लोकविद्, लोकज्ञाता, सब्बञ्ञु र जिन** विजेता नामले चिनिन्छ ।

मनुष्य जुनीमा आउनुपूर्व उहाँ तुषित देवलोकको देवता हुनुहुन्थ्यो । यस सन्दर्भमा महाब्रह्मा सहम्पतिले भावि बुद्धलाई पराक्रमी वीरको रुपमा यसरी प्रार्थना गरेको उल्लेख पाइन्छ, “हे महान् वीर पराक्रमी, अब तपाई आमाको गर्भमा प्रवेश गर्ने समय भयो



https://dhamma.digital

(**कालोयंते महाविर, उप्पज्जमातुकुच्छियं**) । हे नायक, जसले मार मृत्युसँगको लडाइमा पनि जित्नुहुनेछ । सम्पूर्ण यात्रु लावा लस्करको अग्रनायक, हे आर्य देव, तपाईसँग कुनै इन्द्रिय सुखको उधारो शेष छैन (**उट्ठेहि वीरा, विजित संगाम, सत्थवाह अनण**) **।**”

*- मज्झिमनिकाय अरियपरियेसन सुत्त*

सत्यज्ञानको खोजीमा रहेका सिद्धार्थ (भावी बुद्ध) ले चार आर्य सत्यलाई बोध गर्नुपूर्व त्यसबेला नाम चलेका सबै तपस्वीहरूको आश्रममा बसी विभिन्न विधिहरू गम्भीर रुपमा अभ्यास गर्नुभयो। उहाँले मरणतुल्य हुनेगरी हठचर्या(आफ्नै शरीरलाई दण्डित गर्ने) गर्दापनि इच्छित लाभ प्राप्त नभए पछि यो सही बाटो होइन भनेर दुष्कर चर्या त्यागी मध्यम मार्गको बाटो अपनाउनुभयो र यसप्रकार संकल्प गर्नुभयो, “अब म सत्यज्ञान, बोधिज्ञान बुद्धत्व प्राप्त नभईकन यो आसनबाट उठ्दिनं ।” अन्तमा उहाँले बोधिज्ञान, सर्वज्ञता ज्ञानलाई साक्षात्कार गर्नुभयो । बुद्धत्व प्राप्तिसँगै नौलो विद्या, नौलो ज्ञान, नौलो चेतना, नौलो प्रकाश मैले प्राप्त गरें भनेर अनुभूति गर्नुभयो । (**पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि, ञाणं उदपादि, पञ्ञा उदपादि, विज्जा उदपादि, आलोको उदपादि ।**)

बोधिज्ञान लाभ पश्चात् उहाँलाई अनुभूत अलौकिक अनुभूतिसँगै बोधिवृक्षको मुनि आफूले प्राप्त गरेको चक्खु ज्ञान, प्रज्ञा विद्या प्रकाशको असीमित आनन्द समापत्ति सुखमा बस्नुहुँदै यस्तो उद्गार व्यक्त गर्नुभयो, “म विजयी भएँ, मैले जितें, मैले खोजें, मैले पत्ता लगाएँ ।”


उहाँ समापत्ति सुखले आनन्दित र प्रसन्न हुनुभयो । त्यसपछि उहाँ रोकिनुभएन । आफूले प्राप्त गरेको नौलो ज्ञान सर्वप्रथम पाँच भिक्षुहरूलाई प्रदान गर्नुभयो । उहाँले दुई अति मार्गलाई त्यागेर हठ चरियाको सारो गाह्रो भौतिक विलासीको चरम यी दुई वटाको (चुच्चो र फेद) गुण दोषलाई बुझेर अष्टाङ्गिक मार्ग (मध्यम मार्ग)मा जाने उपदेश दिनुभयो ।

बुद्धले प्राप्त गर्नुभएको बोधिज्ञान त्यसबेला ऋषि तपस्वीहरूको बीचमा मात्र नाम चलेको नभई सर्वसाधारणमा पनि त्यत्तिकै जीवन उपयोगी हुन पुग्यो । भगवान् बुद्धले त्यसबेलाको गाउँ, शहर, निगम, प्रदेश, जनपद अन्य राष्ट्रमा निरन्तर यात्रा गर्नुभयो । नयाँ प्रव्रजित भिक्षुसंघलाई लिएर आकाशमा ताराहरूको बीचमा चन्द्रमा जस्तै जाज्वल्यमान हुनुभयो ।

उहाँ महान् तपस्वी श्रमण गौतमले बुद्धत्व प्राप्त गरी आफ्ना ५०० शिष्यहरू साथमा लिएर निरन्तर ज्ञान बाँड्दै हुनुहुन्छ भन्ने खबरले समाजमा एउटा लहर प्रवाह भयो । नयाँ सन्देश, नयाँ दर्शन, नयाँ शिक्षाले स्थान पाउँदै गयो । ऋषि तपस्वीले



https://dhamma.digital



*“भयभीत प्राणीहरू ढुङ्गा, गुफा, रुख, निकुञ्ज आदिको शरणमा जान्छन् । तर कसैले पनि उनीहरूको शरणबाट मुक्ति पाउँदैनन् । उनीहरूको पूजा गर्दैमा कोहि पनि दुःखबाट मुक्त हुँदैनन् । भगवान् बुद्धको पालामा पनि कोहि सूर्यलाई पूजा गर्थे, कोहि चन्द्रमालाई, कोहि आगो, पानी र सर्पलाई पनि पूजा गर्थे । यसरी त्यतिबेला विभिन्न प्रकारका धार्मिक पद्धतिहरू विद्यमान थिए र भगवान् बुद्धले ती सबैका व्यर्थताको बारेमा प्रष्ट्याउनु भयो । उहाँले मानिसहरूलाई आफ्नै बुद्धि विवेकको प्रयोग गरेर त्यस्तो अभ्यासहरू व्यर्थ छन्, लाभदायी छैनन् भनेर बुझ्नको लागि प्रेरणा दिनुभयो ।*



https://dhamma.digital

मात्र नभईकन परिव्राजक, तीर्थङ्कर, आउँदै जाँदै गरेका यात्रुहरू, उठ्दै बस्दै गरेका सर्वसाधारण सबैले बुद्ध सहितको भिक्षु संघलाई देखेर सबैले भाग्यमानी महशुस गरे। उहाँको दर्शनको लागि दिनानुदिन श्रद्धालुहरूको घुइंचो बढ्न थाल्यो। उहाँ पराक्रमी, सत्य ज्ञानलाई सिद्ध गरी प्रचार प्रसारमा निस्कनु भएकोले त्यसबेलाका मानिसहरूले आफ्नो घर, सम्पत्ति, जहान, परिवार र सन्तानलाई समेत त्याग गरी बुद्धको अनुसरण गरे। शाक्यकुलको श्रमण गौतम आफ्नो संघ परिषदसँगै फलानो गाउँ, निगम, शहर हुँदै पाल्नु भएको छ भन्ने खबर व्यापक रुपमा घर-घरमा, टोल समुदाय र मानिसको बीचमा फैलिँदै गयो। त्यो खबर सुन्नासाथ मानिसहरू उहाँलाई दर्शन गर्न, भिक्षादान दिन, उहाँको उपदेश सुन्न,उहाँसँग छलफल र प्रश्न गर्न आत्तुर र लालायित हुन्थे। उहाँको प्रसिद्धि भारतवर्षको सारा जम्बुद्वीप र समुद्र पारीसम्म फैलियो।

एक अजीव तपस्वी, योगी,श्रमण शाक्यकुलबाट भिक्षु भई चार आर्यसत्यको नौलो ज्ञान प्राप्त गरी अरुलाई पनि बाँड्दै हिँड्नु भएको छ। त्यसबेलाको ब्राह्मण प्रमुख पोक्खारसातिले बुद्धको कीर्ति यसरी सुनेका थिए " (**अस्सोसि खो पोक्खरसाति ब्राह्मणो समणो खलू भो गोतमो सक्यपुत्तो, सक्यकुला पब्बजितो कोसलेसु चारिकं चरमानो महता भिक्खु संघेन सद्धिं पञ्चमत्तेहि भिक्खु सतेहि**) पोक्खरसाती नामक ब्राह्मणले शाक्यपुत्र श्रमण गौतम शाक्यकुलबाट प्रवजित भई ज्ञान प्राप्त गरी अहिले उहाँ ५०० जना भिक्षु संघ चेलाहरूका साथमा कोसल राज्यको बाटो हुँदै यात्रामा शोभायमान भएर निस्कनु भयो भन्ने खबर सुने।" - *दीघनिकाय, अम्बट्ठसुत्त।*

भगवान् बुद्धको ५०० अर्हत् भिक्षुसंघ गाउँ, बजार, शहर, निगम, प्रदेश भएर लामबद्ध शोभायुक्त पदयात्रालाई आफ्नै आँखाले देखेकाहरूको त्रिपिटकमा धेरै ठाउँमा वर्णन गरिएको छ। अहिलेको जमानामा पनि ५०० को संख्या श्रमण वस्त्रले युक्त भई पदयात्रा, शोभायात्रा हेर्न पाउँदा मानिसहरू श्रद्धाले विभोर हुन्छन्। आश्चर्य मान्छन्।

सत्य प्राप्तिको लागि आफ्नो जीवन अर्पण गर्ने बुद्ध जत्तिको पराक्रमी अरु छैनन्। उहाँको जीवन गाथा नै सत्य कथा हो। त्यसैले उहाँ थुप्रै नामले चिनिन्छन्। बुद्ध, सम्बुद्ध, सम्मासम्बुद्ध यी सबै उपनामहरू उहाँले आर्यज्ञान, सत्यज्ञान प्राप्त गरेको हुनाले पाएका हुन्। वास्तवमा उहाँ महाज्ञानीबाट सत्यलाई खोजेर प्रतिपादन गरिएको धर्म नै बुद्ध धर्म हो।

यदि कुनै चीज सत्यरहित हो भने त्यो बुद्ध धर्म हुनै सक्दैन। जब हामीले भगवान् बुद्धलाई आदर गर्दछौं त्यस बेला उहाँको रुपकाय शरीरलाई नभइकन उहाँले देखाउनु भएको कौशल, साहस र पराक्रमलाई आदर गर्ने हो। त्यसैले बौद्धहरूले सत्यको प्रतिमूर्ति, सत्य गाथा, सत्य पराक्रमको स्वरुप बुद्धलाई लिनु पर्दछ। बुद्ध धर्मको प्रमुख



https://dhamma.digital

विषयता नै सत्य ज्ञान हो । उक्त सत्य ज्ञानलाई रक्षा गर्न मानिसले जीवनकै बलिदान दिन सक्नुपर्दछ ।

बुद्ध जत्तिको पराक्रमी यो संसारमा विरलै जन्मछन् । पराक्रमीहरू मात्रै बुद्ध बन्न सक्दछ । बुद्ध हुनका लागि बुद्धकारक विषय, दशपारमिता पूर्ण रुपले सम्पन्न गर्नुपर्दछ । ती १० वटा यस प्रकार छन् –

१. दानपारिमता : निस्वार्थ भावले दिनु
२. शीलपारमिता : नैतिकवान्
३. नेक्खम्मपारमिता : नैष्क्रम्य, त्याग
४. पञ्ञापारमिता : प्रज्ञा, ज्ञान
५. वीर्यपारमिता : प्रयत्न, उद्योग
६. खन्ति पारमिता : सहनशील, क्षमाशील
७. सच्चपारमिता : सत्यता
८. अधिट्ठानपारमिता : अधिष्ठान, संकल्प
९. मेत्तापारमिता : मैत्री, करुणा
१०. उपेक्खा पारमिता : सन्तुलित समानता

यी दश प्रकारका असाधारण चर्या गर्ने, पूरा गर्ने व्यक्तिलाई बोधिसत्व अर्थात् भावी बुद्ध भनिन्छ । यी बुद्धकारक धर्म पूरा गर्दा सम्पूर्ण जीवनमा माया मोह र जीवन नै बुद्धत्वको निमित्त त्याग गर्नसक्ने सामर्थ्य हुनु जरुरी छ । यी दश बुद्धकारक गुण मध्ये वीर्यपारमिता अर्थात् उत्साह, बल, कठिन प्रयत्न, वीर्य गुण नै वीरहरूको पराक्रमीहरूको एक गुण हो ।

बुद्ध बन्छु भन्ने संकल्प लिएदेखि नै बोधिसत्वले जे जति कार्य र चर्या गर्छन् ती सबै साहसिक गाथा हुन् । सूरवीर बाहुबल भएकोले नै आफ्नो शरीरको अङ्ग काटेर दिन सक्छन् । जीवन नै समर्पण गर्न तयार हुन्छन् । ६ वर्षसम्म खानपीन नगरी घोर तपस्या गर्छन् । तर आफ्नो नीति, नियम, लक्ष्य र विचारमा डगमगाउँदैनन् । अरुलाई कुनै प्रकारको दुःख, कष्ट, चोट नपुऱ्याईकन आफै स्वयम् जिम्मेवार भएर अन्य उपाय कौशल लगाएर समस्या समाधान गरी वीर्यतापूर्वक पराक्रम देखाउँछन् ।

उहाँले ती सबै काम कुरा आफ्नो स्वार्थको लागि गरेका पनि होइनन् । साथै भौतिक सुखको लागि पनि नभई उहाँले केवल दुःख स्वभाव, दुःखको कारण, दुःखको निरोध एवम् दुःख निरोधगामिनी प्रतिपदा आर्यसत्य ज्ञान प्राप्तिका लागि मेहेनत गर्नुभएको हो । उहाँले सत्य ज्ञानलाई पहिल्याई संसारमा प्रतिस्थापित गरेर जानुभयो । त्यसकारण मानिसहरूले दुःख मुक्तिको लागि मार्ग पाए । यो बोधिज्ञान प्राप्त गर्न असाध्यै दुःख र



https://dhamma.digital

प्रचण्ड मिहिनेतले मात्र सम्भव भएको थियो । तसर्थ उहाँको सामर्थ्य र पराक्रमलाई हामीले सामान्य रुपमा लिनुहुँदैन । सत्यलाई अनादर गरेमा बुद्धलाई नै अनादर गरेको ठहरिन्छ ।

यसप्रकार सत्य ज्ञान फैलाउन, यथार्थ सत्यलाई संसारमा स्थापित गर्न उहाँले गरेका उदाहरणीय कार्य र पराक्रमलाई मानव समाजले मनन गर्नयोग्य छ । उहाँका मौलिक शिक्षाहरू चार आर्यसत्य, आर्य अष्टाङ्गिक मार्ग र प्रतीत्यसमुत्पाद बुद्धका मूल वाणी हुन् । यसमा भगवान् बुद्धको ज्ञान र प्रतीक झल्किन्छ ।

जसले उहाँको अनुसरण गर्छन्, उनीहरूले सधैं सत्य धर्मलाई नै खोजिरहेका हुन्छन् । उनीहरूले सत्यलाई सधैं आदर गर्ने हुन्छन् र आफू पनि सधैं सत्य बोल्छन् ।



***भगवान विना नै मुक्ति***

Dhamma.Digital

*संसारको इतिहासमै पहिलो पटक भगवान् बुद्धले*
*कुनै इश्वर वा देवताको सहायताविना नै मानिसले आफैँले आफ्नो लागि मोक्ष*
*प्राप्त गर्न सकिने बाटो देखाउनुभयो ।*
*उहाँले आत्मनिर्भरता, शुद्धता, इच्छाशक्ति, बोधिज्ञान, शान्ति र*
*मायाको कुरालाई बारम्बार अगाडि सार्नुभयो । उहाँले प्रज्ञा-ज्ञान प्राप्तिको*
*महत्वलाई उच्च स्थानमा राख्नुभयो, किनभने प्रज्ञा-ज्ञानविना*
*दुःख मुक्तिको ज्ञान पनि सम्भव थिएन ।*

*- Prof. Eliot, "Buddhism and Hinduism"*



https://dhamma.digital



*उहाँले ब्राह्मिणलाई सोध्नुभयो, "हे ब्राह्मिण, तिमीलाई थाहा छ कसलाई वसल भनिन्छ ? अथवा के गर्दा वसल भइन्छ ?" ब्राह्मिणले भने, "मलाई थाहा भएन । तपाईलाई थाहा भए कृपया मलाई बताइदिनुहोला ।" त्यसपछि भगवान् बुद्धले भन्नुभयो, "कोहिपनि जन्मले वसल हुँदैन र कोहिपनि जन्मले ब्राह्मिण हुँदैन । आफ्नो कर्मले नै मानिस ब्राह्मिण अथवा वसल हुन्छ ।"*



https://dhamma.digital



## धर्मको प्रतिपादक र प्रवक्ताः बुद्ध

मानिसहरूका बीच थोरै मात्र कुशल वक्ताहरू पाइन्छन्। त्यसमा पनि ती वक्ताहरूको कथनलाई ध्यान दिएर सुन्ने श्रोताहरू कमै हुन्छन्। उनीहरूको प्रवचनलाई पूरा सुन्नेहरू त झनै अल्पसंख्यामा हुन्छन्। यी प्रवक्ताहरू मध्ये मानिसहरूको मन जित्ने गरी, ध्यानाकर्षणका साथ, स्रोताको क्षमता अनुसार धाराप्रवाह उपदेश दिने कोही छन् भने उहाँ केवल भगवान् बुद्ध मात्रै हुनुहुन्छ। भगवान् बुद्धको पालामा अहिले जस्तो लेखेर अभिलेख राख्ने चलन थिएन। हरेक विचार, बुद्धि र ज्ञानलाई मौखिक रुपमै प्रस्तुत गर्ने चलन थियो। भगवान् बुद्धले प्रकाश गर्नु भएको आर्यज्ञान र विचारलाई त्यसबेलाका हजारौँको संख्यामा रहेका चार परिषद (भिक्षु, भिक्षुणी, उपासक, उपासिका)लाई बुद्धले ४५ बर्षसम्म उपदेश दिनुभयो। उहाँले हजारौँको संख्यामा श्रोता, परिषद भेलालाई सम्बोधन गर्नु हुँदा सबै श्रोताहरू ध्यानपूर्वक, शान्त एवं मन्त्रमुग्ध भएर सुन्थे। त्यहाँ कसैले भुनभुन गरी आवाज गर्ने, खासखुस कानेखुसी गर्ने गर्दैनथे तथा कुनै प्रकारको हल्ला गर्दैनथे। सबै जनाले भगवान् बुद्धको वचन सुन्दै विशेष गरी आफैलाई इङ्गित गरी भन्नुभएको हो भन्ने महशुस गर्दथे। ती दिनहरूमा दिएका अमृत वाणीलाई लेखेर राख्ने चलन थिएन। बुद्धका अजम्बरी वाणीहरू असाध्यै कर्णप्रिय र मूल्यवान हुन्थे। मानिलिउँ नौलो व्यक्तिले हीरा,मोति, पन्ना, जवाहरात नै खन्याइरहेको जस्तै उहाँबाट अभिव्यक्ति उपदेशहरूको महत्व हुन्थ्यो।

जसरी यी रत्न र आभूषण आदि मूल्यवान चीजहरूलाई भाँडोमा संग्रह गरी सजाइन्छन्, त्यस्तै गरी उहाँको अनमोल वचनलाई शिष्य समूहले उहाँ नजीक बसेर मनरुपी भाँडोमा संग्रह र सजाएर त्यसलाई रेकर्डमा राखे। जीवन्त बनाए। ती अमृतमय वचन साँच्चै हीरा मोति भन्दा अमूल्य छन्। किनकि ती वाणीहरू महाज्ञानी बुद्धको ओठबाट प्रस्फुटित ज्ञानहरू हुन्। जसमा करुणारुपी जलले प्राणीहरूको हृदयलाई शीतलता दिएको आभास पाइन्छ।

उहाँका शिष्यहरूले उहाँका वाणीलाई कण्ठस्थ याद गर्ने, हुबहु बचाइराख्न कोशिस



https://dhamma.digital

गरे। रातदिन आवृत्ति गरी कण्ठस्थ पारे र कण्ठस्थ परम्परा जीवित बनाउँदै कुनै पनि शब्द नछुटोस्, नगुमोस्, नहराओस् भन्ने उद्देश्यले स्मरण शक्ति वृद्धि ज्ञानको अलग्ग विद्या परम्परा सुरु भयो। कालान्तरमा यसलाई जगेर्ना गरी पवित्र बनाएर सुनको पाता, चाँदीको पातामा कुँदेर सुरक्षित राखे। यति मात्र होइन उनीहरूले अमृतमय वचनलाई पहाडको ढुङ्गामा गुफा, कन्दरा, चट्टानमा लिपिबद्ध गरेर साथै ताडपत्रमा लिपिबद्ध गरेर संरक्षण र जगेर्ना गरे। अन्य धर्मका प्रवक्ताहरूको श्रीमुखबाट दिएका प्रवचनहरू यत्तिको संख्यामा संग्रहित भएको पाइँदैन। तीक्ष्ण बुद्धि, विलक्षण प्रतिभा र शक्तिशाली स्मरण शक्ति भएका उहाँका शिष्यहरूले बुद्ध वचनको रुपमा मङ्गल वाणीहरूको संगालोको रुपमा त्रिपिटकलाई सयौं, हजारौं वर्षदेखि संरक्षण गर्दै आए। यस्तो स्मरण शक्तिका विशेषज्ञहरूलाई दीघभानक (दीघनिकाय कण्ठ गर्नेहरू) भनिए। मज्झिमभानक (मज्झिमनिकाय कण्ठ गर्नेहरू), संयुत्तभानक (संयुक्तनिकाय याद गर्नेहरू) आदि भनी चिनिए। जसले सारा त्रिपिटकलाई कण्ठस्थ पारे। उनीहरूलाई त्रिपिटकधर भनियो।

बुद्धको करुणामयी हृदयबाट निस्केको स्वरहरूमा कुनै त्रुटी, दोष थिएन। सबै सुमधुर, मधुर र सुभाषित थिए। उहाँका शब्द ध्वनीहरूलाई केही क्षण होइन घण्टौं र दिनहुँ सुन्दा पनि त्यत्तिकै अर्थपूर्ण र उपयोगी सिद्ध हुन्थे।

उहाँको उपदेशमा कुनै जादु, टुनामुना र चमत्कार मिसिएको पाइँदैन। अतिशयोक्ति र गल्ति पनि रहेन। उहाँको वचन सिद्ध वचन थियो जुन यो लोक र परलोकलाई समेत लाभदायी हुन्थ्यो।

सर्वज्ञ भगवान् बुद्धलाई हरेक विषयको अनेकता र विविधताबारे पूर्ण ज्ञान थियो। तर उहाँले थोरै मात्र प्रकाश पार्नुभयो। उहाँले सिसम्पा वनमा यो कुरालाई दर्शाउनुभयो। उहाँले जङ्गलमा रुखबाट झरेका पातहरू भुईबाट टिपी हत्केलामा राखेर भन्नुभयो, "आनन्द, यो मेरो हातमा रहेको केही पात सरह नै मैले तिमीहरूलाई सिकाएँ। तर परिमाणको हिसाबले यो सारा जङ्गलको पातको संख्या सरह मसँग भएको सम्पूर्ण ज्ञान मैले तिमीहरूलाई सिकाएको छैन। प्रकाशमा ल्याएको छैन।"

उहाँले दिन रात नभनिकन, घामपानी झेल्दै, धनी गरीबको दूरीलाई विभेद नगरी, हुने नहुने सबैलाई समान रुपमा ४५ वर्षसम्म अनवरत उपदेश दिनुभयो। उहाँले कहिले पनि शक्तिशाली मानिस र कमजोर मानिस भनेर विभेद गर्नुभएन। सबैको कल्याणको निमित्त बुद्धको उपदेश हो। ठूलो परिमाणको उपदेश आज हाम्रो सामू थोरै परिमाणमा संरक्षित छ। जे जति बाँकी रहेको उपदेश हो त्यो सबै भिक्षु आनन्दले याद गरी बचाई राखेको हो। भगवान् बुद्धको जीवन कालमा उहाँसँग प्रत्यक्ष सम्बन्ध भएका घटनामात्र कार्यक्रमको संगालोलाई भिक्षु आनन्दले उहाँको स्मरण शक्तिरुपी कलमले उहाँको



https://dhamma.digital



*"सुनेको भरमा, पुर्खाबाट आएको परम्परा भन्दैमा, धेरैजनाले छलफल गरेको हल्ला, धार्मिक ग्रन्थमा लेखिएको कुरा, गुरु अथवा जेष्ठ व्यक्तिले भनेको भन्दैमा हामीले ति कुराहरूमा विश्वास गरिहाल्नु हुँदैन । तर, आफैले स्वअध्ययन र विश्लेषण गरिसकेपछि, यदि त्यस्तो स्रोतहरूबाट आएको ज्ञानका कुराहरू तर्कयुक्ति सम्मत र आफू र अरुको फलदायी, हितकारी छ भने मात्र स्वीकार गरेर त्यसै अनुसार जीवन जीउनु पर्छ ।"*



https://dhamma.digital

मनरुपी किताबमा सबै उतारेर जीवन्त बनाई संरक्षण गरेकोले यसमा भिक्षु आनन्दको ठूलो देन रहेको पाइन्छ । त्रिपिटक ग्रन्थको सबै सूत्र देशनामा हामीले यो प्रसङ्ग पाउछौं, **"एवं मे सुतं"** अर्थात् "यस्तो मैले सुने" । यो असाध्यै सत्य र संस्कारिक प्रसङ्ग हो । कस्तो अचम्म उहाँले सम्पूर्ण श्रेय भगवान् बुद्ध र बुद्धवाणीलाई प्रकाश गरी आफूले सुनेको दोस्रो दर्जाको व्यक्तिको रुपमा बुद्ध वचनलाई संसारमा आदर गौरव पूर्वक प्रदर्शित गरे ।

बुद्धका सम्पूर्ण वचनहरूमा आदि कल्याण, मध्ये कल्याण, परियोसान कल्याण भनेर आरम्भ, मध्यम र अन्तमा समेत कुशल अर्थ विचारहरू समावेश छन् । नबुझ्ने, अनर्थकर, भ्रमपूर्ण कुनै एक शब्द पनि छैनन् । बुद्धको शब्द ध्वनी सुनेर खुसी नहुने कोही पनि थिएनन् । धेरै जसो मानिसहरूले बुद्धको उपदेश श्रद्धापूर्वक सुनी यस्तो अभिव्यक्ति दिन्थे, "भो भगवान्, हजुरको देशना अद्‌भूत र विलक्षणयुक्त अमृतवाणी भयो । घोप्टिएको भाँडोलाई उत्तानो पारे जस्तै, छोपिराखेको खजाना देखाए जस्तै, बाटो बिराएकालाई बाटो देखाएजस्तै, अन्धकारमा दीप प्रज्वलन गरी प्रकाश छरे जस्तै दृष्टि स्पष्ट भयो । जीवन सार भयो । अब उपरान्त बुद्ध, धर्म र संघको शरणमा जान्छु । आजको दिनदेखि जीवन पर्यन्त श्रद्धालुको रुपमा मलाई ग्रहण गर्नुहोला ।" बुद्धको अमृतमय उपदेश श्रवण गर्न पाएका व्यक्तिहरूले वास्तवमै स्वाभाविक रुपमा भगवान्‌को भित्री हृदयले श्रद्धाले स्तुती गान गर्दथे । कोही कोही त प्रव्रजित हुन्थे, कोही कोहीले मानवीय कमजोरी हटाई अर्हत् समेत हुन्थे ।

भगवान् बुद्धले करुणा ज्ञान जाल फैलाई उपदेश दिनुहुँदा कोही त्रिरत्नको शरणमा जान्थे । कोही प्रव्रजित हुन्थे । सुन्ने व्यक्तिहरूको आवश्यकता, चाहना र क्षमता अनुसार ज्ञान दिनुहुन्थ्यो । उपदेशको शुरुमा पृष्ठभूमि, परिचय हुन्थे । परिचय पश्चात् क्रमिक रुपमा छलफल गर्दै दान कथा, शील कथा, देव कथा, क्लेश निवारण, क्लेशको शुद्धि र नैष्क्रम्यको गुण प्रकाश पार्नु हुन्थे ।

बुद्धले छलफलको क्रममा विशेष गरी दान महिमा, उदार चित्तले सहयोग गरेको फाइदा, कन्जुस्याइँ नगरी अरुको सेवा गरेको फाइदा, त्यस्तै गरी राम्रो आचरणको गुण, पाप कर्मबाट अलग्ग हुँदाखेरिको आनन्दमय जीवनबारे प्राथमिकताको आधारमा उपदेश दिनुहुन्थ्यो । उहाँले स्वचित्त स्वमनले त्याग गरी कुशल कर्म गर्नेहरू कसरी देवलोकगामी हुन्छन् । विमान कथा, देवलोक भनेकै पञ्च सुखले भरिपूर्ण लोक हो । त्यसपछि पञ्च सुखको दोष असार तत्वबारे बताउनु हुन्थ्यो । उहाँले गृहस्थ पारिवारिक जीवन दुःख र बन्धनयुक्त बताउनु हुन्थ्यो । त्यसपछि उहाँले एकान्तको समाधि सुख बारे बुझाउनु हुन्थ्यो । भगवान् बुद्धको यो क्रमिक व्याख्यान्‌ले गृहस्थ जीवनको क्षणिक सुखमा रुमल्लिएका मानिसहरू प्रव्रजित हुने रुचि देखाई निर्णयमा पुग्दा विभिन्न कारणवस



https://dhamma.digital

प्रव्रजित हुन नसकेका श्रद्धालुहरू बुद्ध सहित त्रिशरण गमन भई पञ्चशीलमा प्रतिस्थापित हुन्थे ।

एकजना ब्राह्मणले बुद्धको उपदेशबाट प्रभावित भएर असाध्यै खुशी व्यक्त गरे । ब्रह्मायु नामको उक्त ब्राह्मण झट्ट आफ्नो आसनबाट उठेर आफ्नो कपडालाई मिलाएर त्यसपछि बुद्ध भएको ठाउँमा ढोग्दै आफ्नो अनुहार बुद्धको पाउमा राखे । उक्त ब्राह्मणले आफ्नो ओठले बुद्धको पाउ चुमे । भगवान्को पाउमा दुई हातले अभिनन्दन गरी आफ्नो परिचय दिँदै म ब्रह्मायु ब्राह्मण हुँ भने । भगवान्ले उपदेश दिनुहुँदा व्यक्ति, परिषद, घटना, परिघटनाको लेखाजोखा गरी समय, स्थान, शीर्षक सन्दर्भमा विषयगत रुपमा दिनुहुन्थ्यो । सत्य र समवेदनालाई ख्याल गरी नवलोकुत्तर धर्म देशना गर्नुहुन्थ्यो । "**बुद्धो वदतं भारो**" प्रवक्ताहरूमध्ये भगवान् बुद्ध महान् प्रवक्ता भनिन्छ । "**वदतं पभारो**" आफ्नो सिद्ध वचनद्वारा लोक सेवा गर्ने धर्मप्रवर्तक भगवान् बुद्ध नै हुनुहुन्छ । अर्को शब्दमा भन्नुपर्दा संसारमा धर्म प्रवचकहरूमध्ये महान् प्रर्वतक भगवान् बुद्ध नै हुनुहुन्छ ।



Dhamma Digital



https://dhamma.digital



भगवान् बुद्धले मुख्य बाटोबाट आफ्नो राजदरवार अगाडि देख्दा देख्दै पनि भिक्षा पात्र लिइकन उहाँ एक घर बाट अर्को गर्दै भिक्षा चरणमा जानुभयो । झ्यालबाट यो दृष्य देखि उहाँका बुबा सुद्धोधन महाराज आकुल व्याकुल भई आफ्नो राजकीय भूषण पनि राम्ररी नलगाई भगवान् बुद्धतर्फ दौडिए । महाराजले भगवान् बुद्धलाई भने, "हाम्रो वंशको अपमान नगर्नुहोस् ।" भगवान् बुद्धले प्रतिउत्तर दिनुभयो, "हे राजन, तपाई राजवंशी हुनुहुन्छ तर मेरो वंश भनेको बुद्धवंश हो र भिक्षाटन भनेको बुद्धहरूको परम्परा हो ।"



https://dhamma.digital



## भगवान् बुद्ध : धर्मगुरु मध्येमा प्रगतिशील व्यक्तित्व

आजभन्दा २५०० वर्षपूर्व बुद्धको प्रादुर्भाव भयो । तर उहाँले देशना गर्नुभएको धर्म उपदेश कुनै एक कालखण्ड, समयलाई मात्र थिएन । कसैलाई बन्देज पनि थिएन । यो हर समय, युग सुहाउँदो छ । समाज हिजोभन्दा आज अझ विकसित र प्रगतिमा गएसँगै बुद्धशिक्षाले युग सुहाउँदो गरी समाजलाई थप प्रगतिशील बनाउन योगदान पुऱ्याएको छ ।

बुद्धधर्म समयानुकुल अगाडि बढेको छ । कुनै कुनै विचार, दर्शन र सिद्धान्त समयको उतारचढावसँगै पुरानो र अयोग्य भई ओझेलमा पर्दै जान्छन् । तर बुद्धले ओझेलमा पर्ने विचार, ज्ञान कहिल्यै दिनुभएन । सत्य सधैँ साँचो नै हुन्छ । बुद्धका वाणी सत्य बाहेकको अन्य छैन ।

बुद्धले सबैलाई घरबार त्यागी सन्यासी बन भन्नुभएन । उहाँले सबैलाई भिक्षु बनाउनु पनि भएन । न त सबै पुरुष महिलालाई उपासक उपासिका नै बनाउनु भयो । उहाँले त केवल सत्य धर्मको प्रकाश गरी निर्वाणको बाटो देखाउनु भयो ।

बुद्धले आफ्नो शिष्यहरूलाई जाऊ, अगाडि बढ, प्रगति गर, बुद्धको शिक्षालाई बहुजन हित र कल्याण निमित्त सक्रिय र जीवन्त पार भनेर प्रेरणा दिनुहुन्थ्यो । उर्जा हीन र अल्छिहरूलाई तथा मूर्खहरूलाई त्यस धर्म शिक्षामा कुनै स्थान छैन । उद्योगी, प्रयत्नशील, जागृत हुनु नै अप्रमादिको मार्ग हो । भगवान् बुद्धले आफ्नो अन्तिम समयमा अन्तिम उपदेश यसरी प्रकाश पार्नुभयो, "**वय धम्मा संखारा अप्पमादेन सम्पादेथ**" अर्थात् "संसारका सबै स्वभाव धर्म क्षणभङ्गुर छन् । त्यसैले दुःख मुक्तिको लागि साधना गर, सजग र सतर्क होऊ । अप्रमादी बन ।"

भगवान् बुद्धले भिक्षुहरूलाई दीर्घ भ्रममा नपरी ज्ञानको खोजी, सत्य गवेषण गर्न दिनहुँ जस्तो यसो भन्नुहुन्थ्यो, "**अप्पमत्ता न मीयन्ति, ये पमत्ता यथा मता**" अर्थात् "प्रमादी,बेहोसीहरू मृत्यु भए सरह अप्रमादी, होस भएकाहरू मृत्यु हुँदैनन् ।"



https://dhamma.digital

बुद्धले मानवीय गुणको रुपमा "**उट्ठानवतो**" प्रयत्नशील भई उद्योगी बन र "**दल्हविरियो**" बलवीर्य कडा मेहेनत गर्नुलाई गुणको रुपमा वर्णन गरेका छन्। मेहेनत गर्नेलाई बुद्धले प्रशंसा गर्नुभएको छ। ठीक प्रयत्न दश पारमिता पूरा गर्नलाई नभई नहुने गुण हो। भगवान् बुद्धले सुतुवा, अल्छि, वीर्य हीन, निद्रालु र ठग प्रवृत्तिका भिक्षुहरूलाई कडा शब्दमा सम्झाउनु भएको छ। उहाँले अदम्य साहस राखी दृढतापूर्वक प्रगतिको पथमा हिँड्ने भिक्षुहरूलाई प्रशंसा गर्नुभएको छ। तसर्थ उहाँ प्रगतिशील धर्मगुरु हुनुहुन्छ। जसले जागरुकताका साथ मेहेनत र परिश्रमी हुन्छ ऊ नै बुद्धको उपदेशको नजीक हुन्छ।

पराभवसूत्रमा बुद्धले मान्छेको पतनको लक्षण र उन्नतिको संकेत बारे पनि प्रष्टसँग कारणसहित बताउनुभएको छ। उहाँको विशुद्ध भावको समाजसेवालाई निरन्तर रुपमा २४ घण्टै र अलिकति पनि समय नफाली सेवा दिनुभयो।

(**आरद्ध विरियो परमत्थ पत्तिया अलीनचित्तो अकुसीतावुत्ती दल्हनिक्कमो थामखलुपा पन्नो एको चरे खग्गविसाणकप्पो।**)

*- सुत्तनिपात, खग्गविसाण सुत्त।*

बुद्धको सम्यक प्रयत्न शिक्षालाई दुःख मुक्तिको अवस्था, निर्वाणमा नपुगेसम्म अभ्यासरत हुने पनि गुण हो भन्नुभएको छ (**गच्छति अनिव्वतं यथा गन्त्वा नसोचति**)। **वीरियेन दुखं अचेति**, वीर्यले दुःखलाई छेदन गर्दछ। **उठाना, उठाना धनं**, उद्योगी व्यक्तिले धन सञ्चय गर्छ। **संगामो मे मतं सेय्य यं चे जीते पराजिते**, लाचार भएर हारेर जिउनु भन्दा संयमी भइ युद्धमा बहादुरीका साथ मर्नु वेश छ। **उट्ठहत निसिदथको अत्थो सुपिनेन वो**, उठ्नु, अगाडि बढनु, लोकमा, संसारमा बेहोसी भई सुतेर के काम ?

*- सुत्त निपात, उठान सुत्त।*

"हे भिक्षुहरू यसप्रकार मैले धर्म ज्ञान व्याख्या गरेको छु। मैले स्पष्टसँग चर्चा गरेको छु। मैले राम्रोसँग ज्ञापन गरेको छु। प्रज्ञप्त गरेको छु। घोषणा गरेको छु। मेरो धर्म उपदेश स्पष्ट हुन मैले शुद्ध गरेको छु। एक गृहस्थ श्रद्धालु आफ्नो श्रद्धाले प्रव्रजित हुन्छ। त्यसबेला उसले दृढ संकल्पका साथ वीर्यबल प्रयोग गरी त्यस प्रकार अधिस्थान गर्न उपयुक्त छ। मैले आफ्नो बलबुद्धिले भ्याएसम्म निरन्तर प्रयास गरी लक्षमा नपुगेसम्म हार मान्दिनं। मनुष्य शक्ति, मनुष्य सामर्थ्यता उर्जालाई सदुपयोग गरी शरीरको हाड, छाला, नसा, रगत सुकेतापनि म पछि हट्दिनं भन्ने दरो आत्मविश्वास राख्नुपर्छ।"



https://dhamma.digital

"भिक्षुहरू, जो अल्छि, लोसे, अकर्मन्य छ, उनीहरूले नराम्रो काम गरी दुःख नै भोग्दछ। तर जसले दीर्घकालीन मेहेनत र प्रयास गर्छ उनीहरू नराम्रोबाट बच्छ। ऊ सुखी हुन्छ। उसले जीवनको उद्देश्य हासिल गर्न सफल हुन्छ। कुनै व्यक्तिले आफूमा भएको आत्मविश्वास, वीर्य, मेहेनत, एकाग्रता, स्मृतिलाई जागरुक नगरिकन उच्च तहको अर्हत ज्ञान प्राप्त गर्न सम्भव हुँदैन। यसप्रकार उच्च तहको मार्गफल अर्हत्त्व प्राप्त गर्न चाहिने गुण पनि उच्च तहकै आत्मविश्वास, मेहेनत, वीर्य आदि नै हुन्।"

"हे भिक्षुहरू यो पवित्र जीवनलाई प्रशन्नतापूर्वक धर्मरस पिएर शुद्ध रुपमा जिऊ। तिमीहरूले महान् ज्ञानी गुरुबाट दिक्षा लिएका छौ। त्यसैले पुग्नुपर्ने ठाउँमा नपुगेसम्म बलपूर्वक प्रयास गर। साक्षात्कार नभएसम्म ज्ञानको लागि खोजी गर। नदेखेसम्म देख्नको लागि जोड गरी निरन्तरको लगाव गर्नाले यो श्रमण जीवन खाली र प्रतिफल विहीन हुँदैन। यो वृद्धि हुँदै जान्छ र फलिफाप भई सार प्राप्त हुन्छ। आफूले आफूलाई अनुशासित गरेमा आफैमा यस प्रकारको आत्मविश्वास कायम हुन्छ। यदि हामीलाई कुनै श्रद्धालुले चार प्रत्यय दान दिएर सत्कार गर्छ भने तिम्रो श्रमणत्वको कारण दान दिनेलाई पनि ठूलो प्रतिफल मिल्ने हुन्छ। त्यसैले अरुको सेवाको लागि पनि निरन्तर उद्योगी र वीर्यवान बन।"

*- संयुक्तनिकाय, अभिसमय संयुक्त, दशबल सुत्त।*

भगवान् बुद्धले त्यसप्रकारको प्रगतिशील विचार धेरै ठाउँमा प्रकाश पार्नुभएको छ। बुद्ध धर्मले संसार स्वभाविक रुपमा दुःखमय छ भनेतापनि निराशावादी धर्म होइन। त्यस धर्मले मानिसहरूको पतन, ह्रास र अवनति हुन सक्दैन। यो धर्मले मानिसलाई अल्छि, लोसे र उर्जाहीन बनाउँदैन। यो धर्मले मानिसलाई लाजमर्दो बनाउँदैन। तसर्थ एक किसिमले यो एकदम प्रगतिशील धर्म हो। बुद्धको सत्य उपदेशले मानिसहरूलाई सुखी, खुशी र जीवनमा आनन्द दिलाउँछ।

बुद्धले मनुष्य जीवनलाई कसरी व्यवस्थित गर्ने तथा कसरी साथ डोऱ्याउने भन्नेबारे पटक पटक भन्नुभएको छ। समाजमा कसरी जिउनु पर्दछ। यस विषयमा बुद्धले के गर्दा राम्रो, के गर्दा नराम्रो भनेर सचेत गराउनुहुन्छ। उहाँले के गर्नुहुन्छ, के गर्नुहुँदैन, कस्ताको संगत गर्नुपर्छ, कस्ताको संगत गर्नुहुँदैन, यस विषयमा स्पष्ट सुझाव र आवश्यक निर्देशन दिनुभई सत्य र प्रगतिशील समाज निर्माणको लागि योगदान दिनुभएको छ। बुद्धले समाज कुन बाटोमा गयो भने अग्रगमन हुन्छ भनी देखाउनुभयो। साथै प्रतिगामी नहुन पनि सचेत गराउनु भयो। उहाँले त्यसबेलाको रुढीवादी, प्रतिक्रियावादी ब्राह्मण विचार विरुद्ध धावा बोल्नुभयो। उहाँले महिला अधिकारको बारे, मानव अधिकारको बारे



https://dhamma.digital

बोल्नुभयो । उहाँले वर्ण, जात, लिङ्ग, वर्णको आधारमा हुने हिंसा, अन्याय र विभेदको अन्त हुनुपर्दछ भन्ने अभियान चलाए । साथ साथै सबै प्राणीको जय होस्, सुखी होस् (**सब्बे सत्ता भवन्तु सुखितत्ता**), सबै प्राणी सुखी, निरोगी होउन् भन्ने चाहनुहुन्थ्यो । उहाँको मैत्रीमा कुनै विभेद थिएन । सबैलाई समान थियो । तसर्थ उहाँको शिक्षा संसारको लागि प्रगतिशील हो । बुद्धको शिक्षा अनुरुपको समाजलाई अग्रसर बनाएमा साँच्चै नै समाजको उत्थान हुनेछ । यसर्थ धर्म गुरुहरू मध्येमा प्रगतिशील, अग्रसर गुरुको रुपमा बुद्धलाई लिन सकिन्छ ।



**बौद्धहरू कसैको दास होइनन्**

*बौद्ध कुनै किताब वा व्यक्तिको दास होइन ।*
*न उ बौद्ध भएर आफ्नो स्वतन्त्र विचारको अधिकारलाई बलिदान दिन्छ ।*
*बरु उसले आफ्नो स्वतन्त्र विचारको सदुपयोग गरेर*
*आफैँ बुद्धत्त्व लाभको लागि प्रयास गर्न सक्छ ।*
*किनकि, सबैमा बुद्धज्ञान हाँसिल गर्नसक्ने टुसा रहेको हुन्छ ।*

*- Ven. Narada Maha Thera, "What is Buddhism"*



https://dhamma.digital



*गोप्य रुपमा महाभिनिष्क्रमण गर्दा उहाँले आफ्नो श्रीमति, छोरा, राजदरबार, राज्य र राजकीय सुखलाई छोडि जङ्गल प्रवेश गर्नुभयो । उहाँले लाश बेरेको कपडा लिएर, स्याउँस्याउँति कपडामा लागेको कीराहरूलाई टकटक्याएर, धोएर सुकाइकन लगाउनुभयो । उहाँ सादा जीवनको हदसम्म जानुभयो । उहाँ इतिहासमा एकमात्र राजकुमार हुनुहुन्छ जसले यसरी राजकीय सुख छोडेर सडकमा आउनुभयो । यो आजको भौतिकसुखको लागि मरिमेटेर लागिपर्ने स्वभाव विरुद्धको ठूलो क्रान्ति पनि हो ।*



https://dhamma.digital

अध्याय १७



# भगवान् बुद्ध एक महान् उपदेशक र प्रवचक

भगवान् बुद्धले श्रोतागणले नबुझ्ने गरी कुनै पनि उपदेश दिनुहुन्नथ्यो । उहाँको भाषा शैलीमा सबैले चित्त बुझ्नेगरी उपमा सहित बुझाउने शैली रहेको छ ।

जब कृषक खेतालाहरू भेट्नुहुन्थ्यो उहाँले खेत सम्बन्धी, त्यो ठाउँकै विषयवस्तु उपमा र उदाहरण दिएर बुझाउनु हुन्थ्यो । खेतको आली, बाली धान, हलो गोरु, गोठाला, लट्ठी, बेल, अन्नपानी जस्ता कृषिकै उदाहरण दिएर बुद्धले प्रवचन गर्नुहुन्थ्यो । एक समयमा मगध देशको दक्षिणागिरि प्रदेश स्थित एकनाल भन्ने ठाउँका एक ब्राह्मणलाई भेट्नुभयो । एक बिहानै कसिभारद्वाज नामको ब्राह्मण खेतमा हलो जोतिरहेका थिए । ब्राह्मण र उसका मान्छेहरू खाना खाई रहेको समयमा भगवान् बुद्ध उनीहरूकोमा भिक्षाटन जानुभयो । ब्राह्मणले बुद्धलाई भने, "हे श्रमण गौतम,म मेरो खेतमा हलो जोत्छु,बीज रोप्छु, अन्न उमारेर खान्छु । तपाई पनि त्यस्तै गरी खेत जोतेर बीउ लगाएर अन्न फलाएर खानुस् न ।"

त्यसपछि बुद्धले जवाफ दिनुभयो, "म पनि खेत जोत्छु । म पनि बीउ राख्छु र अन्न फलाएर खान्छु ।" ब्राह्मणले भने,"तपाईले जोत्छु, बीउ लगाउँछु र अन्न फलाउँछु र खान्छु भनी भन्नुभयो । तर मैले कहिल्यै तपाईसँग हलो,जुवा अनि गोरुहरू देखिनं ।" बुद्धले पुनः भन्नुभयो, "म पनि असल खेताला कृषक नै हुँ । मेरो बीउ अन्न भनेकै श्रद्धा हो, तपचर्या, नैतिकता मेरो बर्षा, पानी हो । प्रज्ञा ज्ञान नै युग नङ्गल हो, स्मृति नै मेरो हलो र फाली हो, लज्जा दण्ड हो, मन मेरो जोताई हो ।" (**सद्धा बीजं तपो वुट्ठि, पञ्ञामे युगनंगलं, हिरि ईसा मनो योत्तं, सति मे फालपावनं ।**)

*- कसीभारद्वाज सुत्त*

उहाँले ब्राह्मणलाई किसानकै शैलीमा म पनि कुशल कृषक हुँ भनेर उपदेश दिनुभयो । उक्त सारगर्भित कथा उपदेश सुनेर त्यस ब्राह्मण बुद्धशासनमा भिक्षु भएर अर्हत् फल प्राप्त गरे । कहिलेकाँही भिक्षुहरूलाई ओवाद अनुशासन गर्नुहुँदा पनि विभिन्न किसिमका ठोस उपमा प्रतीक ज्वलन्त उदाहरणहरू दिनुहुन्थ्यो । (**तीनिमानि भिक्खवे**



https://dhamma.digital

**कस्सकस्स गहपतिस्स पुब्बे करणीयानी । कतमानि तीनि इध भिक्खवे कस्सको गहपति पटिगच्चेव खेत्तं सुकथं करोत्व सुमति कतं कालेन बीजानि पतिट्ठापेति । कालेन बिजानि पतिट्ठपेत्वा समयेन उदकं अभिनेतिपि अपनेतिपि इमानि खो भिक्खवे तीनि कस्सकस्स गहपतिस्स पुब्बे करणीयाणी ।**) अर्थात् "हे भिक्षुहरू, असल किसानले अन्न उब्जाउनु पूर्व तीन वटा पूर्व तयारी गर्नुपर्दछ : १) खेतलाई गोडमेल गरी सम्याउने । २) समयमै बीजारोपण गर्ने । ३) बीजारोपण पश्चात समय-समयमा सिँचाई गरी पानी हाल्ने । यसप्रकार खेतालाले काम सकाउनु पर्दछ ।"

बुद्धले क्षेत्रीय राजाहरूलाई प्रवचन दिनुहुँदा त्यो सँग सम्बन्धित कथन, उक्ति, उपमा, उदाहरण, कथा र परिदृष्टिको चित्रण गरी शासन, संग्राम, युद्ध, विजय गाथा, विजयता, रिस, कलह, द्वन्द्व, घात, प्रतिघातबारे बताउनु हुन्थ्यो । (**जयं वेरं पसवति**) जीतले शत्रुता बढाउँछ । जब उहाँले ब्राह्मणहरूलाई प्रवचन गर्नुहुन्थ्यो, त्यस बखत अहंकारको व्यर्थता, जातीय घमण्ड र बलिपूजा र कर्मकाण्डबारे ध्यानाकर्षण गराउनुहुन्थ्यो । उहाँले जन्मले कोही ब्राह्मण हुँदैन, कर्मले नै सही ब्राह्मण हुन्छ भन्ने मान्यतालाई जोड दिएको पाइन्छ । उहाँले उनीहरूको गलत धारणा र बुझाईलाई चिरीदिनु हुन्थ्यो । यस प्रकारको उदाहरण थुप्रै उपदेशहरूमा पाइन्छन्, जस्तैः मज्झिम निकायको **अलगदुपम, वत्थुपम, चूलसिंहनाद, महासिंहनाद, मधुपिण्डिक, ककचूपम, वम्मिक, चूलहत्थिपदोपम, महाहत्थिपदोपम, महासरोपम, चूलसरोपम र रथविनित** इत्यादि हजारौं उदाहरण त्रिपिटकमा पाइन्छन् ।


त्यस्तै गरी चार खुट्टे चौपाया जनावरहरू सिंह, हात्ती, घोडा, चितुवा, ब्वाँसो, एक सिङ्ग भएको गैंडा, कुकूर, साँढे, मृग, स्थानहरूको पनि बुद्धले थुप्रै उदाहरणहरू दिनुभएको छ । एवम् प्रकारले दृष्टान्त घिस्रिने जनावरहरू गोमन र अजिङ्गर सर्प त्यस्तै चराहरूमा गिद्ध, बाज, चील, मयुर, राजहंस, सारस, बकुल्ला, कोइली, सुगाहरू तथा किराफट्याङग्रा अन्तर्गत मौरी, कमिला, सेता कमिलाहरू बारे प्रशस्त उदाहरणहरू कथामा दिएका छन् ।

त्यस्तै गरी रुख विरुवाको उदाहरणको रुपमा आँप, साल, ताडको रुख, वरको रुख, अँजिरको रुख, बाँस र उखुको बारेमा उल्लेख छ । फलफूलको सम्बन्धमा आँप र अमलाको चर्चा पाइन्छ । त्यस्तै गरी विभिन्न प्रकारका बीऊ दाना अन्तर्गत धान, तोरी, तिलको दाना बताइएको छ भने फूलमा विभिन्न प्रकारका कमलका पत्रपुष्पहरूको प्रकारबारे र त्यस्तै मूल्यवान धातु प्रकारमा सुन, चाँदी, हीरा, मोति, पन्ना रत्नहरूको व्याख्या गरिएको छ ।

नदीहरूको सन्दर्भमा गंगा, यमुना र अचिरवतीलाई नमुना देखाईएको छ भने त्यसताका समुद्रलाई पनि सागर, महासागर भनिएको छ । प्रकृतिको उच्च पहाड



https://dhamma.digital



राजकुमार सिद्धार्थ, उहाँ इतिहासको एकमात्र यस्तो व्यक्ति हुनुहुन्छ जसले आफ्नो देश, राज्य, राज्यसुख, श्रीमति र छोरालाई त्यागनुभयो जब उहाँको मनोरञ्जन र सुखको लागि मात्र भनेर राखिएका सुन्दरीहरू राति भुँइमै यत्रतत्र छ्यालबिछ्याल भएर सुतिरहेका थिए। उहाँले यसरी सुतिरहेका सुन्दर नतर्कीहरूको माहोललाई एउटा मसानघाटको रुपमा देख्नुभयो।



https://dhamma.digital

पर्वतको रुपमा महामेरु र हिमालयको चर्चा पाइन्छ । प्रकृतिको परिसरमा देखिने सूर्य, चन्द्र, तारा, आकाश, बादल, पोखरी, बर्षा, टाकुरा, उद्यान, चउर, बगर, ताल, बाढी, खोल्सा, किनारा, लहरा, ढुङ्गा, जहाजहरूबारे पनि चित्रित गर्नुभएको छ ।

उहाँले आफ्ना शिष्य भिक्षुहरूलाई पुण्य कार्यको, पवित्र जीवनको सुपरिणाम र अपवित्र, अनैतिक कार्यको दुष्परिणामबारे बुझाउनु हुँदा बारम्बार आफ्नै अतीत जन्मको ५५० जातक कथाहरू मध्येबारे भन्नुहुन्थ्यो । अहिले पनि विश्वमा जातक कथा विश्वकै कथा साहित्य सिद्ध भयो ।

भगवान् बुद्धको अर्को गुणवाचक शब्द, लोकविदू हो । जुन व्यक्तिगत रुपमा लोक ज्ञाता भनिन्छ । बुद्धलाई जति संसार र मनुष्यहरूको जीवनबारे अरुलाई विरलै ज्ञान होला । त्यसैले उहाँलाई **सब्बञ्ञु** अर्थात् सर्वज्ञ मानिन्छ । उहाँ सर्वगुणले सम्पन्न भई जीवन र जगतबारे सम्पूर्ण ज्ञाता हुनुहुन्छ ।

एक पटक भिक्षु आनन्दसँग उहाँ सिंहसपा जङ्गलमा जानुभएको थियो । भूइँमा झरेको पातहरू हातमा लिनुभई आनन्दलाई सोध्नुभयो, “यी पातहरू मेरो हातमा धेरै छ की यो घनाजङ्गलमा बढी छ ?” “तपाईसँग भएको पातको तुलनामा हजारौं गुणा बढी जङ्गलमा छ ।” भिक्षु आनन्दले जवाफ फर्काउनु भयो । परिमाण संख्याको हिसाबले मैले जानेको मध्ये धर्म उपदेश दिएको मात्रा यो हातमा रहेको पात जति मात्र हो । मैले प्रकाशमा नल्याएको ज्ञान जङ्गलको पात सरह नै बाँकी छन् ।

एक समयमा केसि नामको घोडाको प्रशिक्षक बुद्धकोमा भेट्न आए । त्यसबेला बुद्धले उसलाई सोधे : हे केसि, तिमी घोडाहरूलाई तालिम दिन निपूण छौ । उनीहरूलाई तालिम दिएर काबुमा ल्याउन पहिला तिमी के गर्छौ ?

केसि : हे भगवान्, पहिला म घोडाहरूलाई नम्रपूर्वक तालिम दिन्छु । त्यसपछि भएन भने कडा मिजास पनि गर्छु । यसै गरी कहिलेकाहीं कडा र नरम दुईटै मिजास विधिले घोडालाई तालिम दिन्छु ।

बुद्ध : केसि यदि तिमीले यो दुई तरिकाबाट पनि घोडालाई शिक्षित गर्न नसकेमा के गर्छौ ?

केसि : हे भगवान्, यदि यी विधिबाट काबुमा आएन भने उनीहरूलाई मारी दिन्छु । सिध्याइदिन्छु । जसले गर्दा मेरो तालिममा कुनै कमजोरी र दोष नआओस् ।

त्यसपछि केसिले पनि बुद्धलाई सोधे ।

केसि : हे भगवान्, मलाई “**अस्सदम्म सारथि**” भनेर मानिसहरूले घोडाको विशेषज्ञ मान्दछन् । एवम् तरिकाले मानिसहरूले तपाईलाई “**पुरिसदम्मसारथि**” अर्थात् मानिसहरूलाई तालिम दिनमा विशेषज्ञ भनेर चिन्छन् । त्यसैले जसरी म घोडाहरूलाई



https://dhamma.digital

समन र दमन गर्छु, त्यसै गरी तपाईले मानिसहरूलाई कसरी शिक्षित गर्नुहुन्छ ?
बुद्ध : म पनि नम्रपूर्वक नै दया करुणा राखेर तालिम गर्छु । त्यस्तै कडा मिजासले पनि तालिम गर्छु । नम्र विधिमा तालिम गर्दा वचन सत्वाणी हुनुपर्ने, शरीरले त्यसप्रकार सत्कर्म गरेमा मानसिक रुपले सत्-विचार गरेमा त्यस्तो सुपरिणाम भोग्न पाइन्छ । देवताहरू मनुष्यहरूले आनन्द प्राप्त गर्छन् । यसरी म प्रशिक्षित गर्छु । त्यसै गरी कडा शैलीमा बुझाउँदा कायिक दुश्चरित्र यो यो हो, वाचसिक दुश्चरित्र यसरी बन्छ र मानसिक दुश्चरित्रको विपाक यसरी भोग्नु पर्ने हुन्छ भनी नारकीय प्राणी, भूत, प्रेत, पिसाचको दुःख, पशुपन्छी, तिर्यक योनीको दुरावस्था र असुरहरूको दुर्गतिबारे मनमा त्रास हुनेगरी कडा रुपमा बताउँदछु । त्यसरी दुईवटै विधि प्रयोग गरेर प्रशिक्षण गर्छु ।
केसि : हे भगवान् यदि दुई वटै विधिबाट सभ्य नभएका र नटेर्नेहरूलाई के गर्नुहुन्छ ?
बुद्ध : मैले पनि त्यस्तालाई मार्ने हो । सिध्याउने नै हो ।
केसि : (अचम्म हुँदै) के भगवान् बुद्धले पनि हिंसा गर्नुहुन्छ र ? उनीहरूलाई मार्नुहुन्न होला ?
बुद्ध : हो, त्यो सत्य हो, केसि । तीन वटा विधि लगाएर नमान्नेहरूलाई जस्तै पहिला म निर्देशन गर्छु । सुझाव दिन्छु र सल्लाह नमान्नेहरूलाई मैले पनि मृत्यु दण्ड नै दिने हो । त्यो भनेको ब्रह्मदण्ड दिने हो । नबोलिकन उपेक्षा भावले निष्काशन गर्ने हो । बुद्धशासनमा आफ्नो साथीभाइले, परिवारजनले नबोल्नु भनेको मृत्यु दण्ड सरह हो । केसि असाध्यै श्रद्धाले विभोर भई भगवान् बुद्धको जीवनपर्यन्त चेला बने ।

*- अंगुत्तर निकाय, चतुक निपात, केसि सुत्त)*

एकदिन भगवान् बुद्धले केही बालुवा आफ्नो बुढी औंलाको नङमा राखेर भिक्षुहरूलाई सोध्नुभयो, “यी मेरो बुढी औंलाको बालुवा माटो धेरै कि महापृथ्वीको धेरै ?” भिक्षुहरूले जवाफ दिए, “महापृथ्वीको मात्रा धेरै हुन्छ ।” त्यसपछि बुद्धले भन्नुभयो, “त्यसप्रकारले नै भिक्षुहरू हो, सत्व प्राणीहरूमध्ये मनुष्य भएर जन्मेकाहरू मेरो बुढी औंलाको माटो बालुवा प्रमाण मात्रै जन्मेका छन् । अन्य प्राणीहरूको संख्या महापृथ्वीको बालुवासरह अनगिन्ती छन् ।” *- संयुक्त निकाय*

एकदिन असंतस्त ब्राह्मण बुद्धकोमा आए । उहाँलाई धेरै गाली गलौज गर्न थाले । भगवान् बुद्धले शान्त भएर सुनिराख्नु भयो । केही प्रतिक्रिया दिनु भएन । उसको गालि गलौज सकेपछि बुद्धले भन्नुभयो, “मलाई गालि गरेर पुग्यो जस्तो छ । म शान्त भएर नै बसें । अब मेरो कुराको जवाफ दिन्छौ, हुन्छ ?” “हे ब्राह्मण यदि तिम्रो घरमा पाहुना आएमा तिमी के गर्छौ ?” “म उसलाई सत्कार गरी खुवाउँछु, पिलाउँछु ।” बुद्धले फेरि सोध्नुभयो, “यदि पाहुनाले तिमीले पस्केको खाना खाएन भने तिमी के गर्छौ ?”



https://dhamma.digital



*उहाँले सारथी छन्नलाई सोध्नुभयो, "त्यो अनौठो रुप भएको व्यक्ति को हो ? के कारणले उ यस्तो असामान्य देखिएको ? के अरु पनि मानिसहरू छन् जो यसरी नै हामीभन्दा फरक छन् ? के म पनि उ जसरी नै रोगी हुन सक्छु ?" पछि जब उहाँले बूढो मान्छे, मरेको लाश र श्रमणलाई देख्नुभयो, त्यतिबेला यसरी नै विभिन्न प्रश्नहरू गर्नुभयो । यी चार निमित्तहरूले सिद्धार्थको मनमा विभिन्न प्रश्नहरू खडा गरिदिए: "जीवन भनेको के हो ? यो जीवनको उद्देश्य र अन्त्य के हो ? के कारणले यो जीवन निरन्तर चलिरहेको छ ?"*



https://dhamma.digital

असंतस्त : म मेरो श्रीमतीसँग बसेर आफै खान्छु ।

बुद्ध : यस सम्बन्धमा तिमीले केही समय अगाडि मलाई निकै गाली गरेर पाहुनालाई जस्तै सत्कार गर्‍यौ, तर तिमीले दिएको मैले ग्रहण गरिनं । तसर्थ, तिमी आफ्नै साथमा लगेर श्रीमतीसँग बाँडेर खाऊ ।

एकदिन भगवान् बुद्ध राहुल बस्नुभएको स्थानमा जानुभयो। भगवान् बुद्ध पाल्नुभएको देखेर अभिवादन गरी आसन विछ्याई दिए। बुद्धको पाउ धुन पानी ल्याईदिए । भगवान् बुद्धले स्यानो भाँडोबाट अलिकति पानी लिनुभई खुट्टामा राख्नुभयो । त्यो स्यानो भाँडो घोप्ट्याउनु भयो, अनि भन्नुभयो, "राहुल, के त्यो स्यानो भाँडामा पानी बाँकी रह्यो ?" "भाँडो घोप्ट्याएकोले पानी बाँकी रहेन" भनी राहुलले भने । बुद्धले फेरि भन्नुभयो,"राहुल, जसरी घोप्ट्याएको भाँडामा पानी बाँकी रहँदैन, त्यस्तै नै जानाजान झूठो असत्य बोल्नेहरूको शील गुण अवशेष बाँकी रहँदैन भनी थाहा पाउनु ।"

कुनै एक समयमा भगवान् बुद्ध आलवक देशको सिङ्सपा वनमा स्याउलाको पातमा सुत्नुभएको थियो । अर्को विहान हत्थक आलवक नामको व्यक्ति त्यो जङ्गलबाट जाँदा बुद्ध लेटिराख्नु भएको देखे । बुद्धलाई नमस्कार गरी तपाई यस्तो ठाउँमा राम्ररी सुत्नु भो ? भनी सोध्यो । बुद्धले जवाफ दिनुभयो, "हो राजकुमार । म आरामले सुतें । यो संसारमा आरामले सुखपूर्वक सुत्नेमा म पनि एक हुं ।" "हे भगवान्, जाडोको मौसम छ । हिउँ बर्षिने समय छ । राति त कठ्याङ्ग्रिने जाडो होला । जमीन असाध्यै साह्रो छ । बेलुका जाडोले गर्दा माटो बिग्रिएको छ । सालका पातहरू पनि भुईमा पातलो छ । रुखहरू पनि पात झरेको नाङ्गो छ । तपाईको पहेँलो वस्त्र पनि चिसो होला । असाध्यै चिसो हावा लागेको छ ।""यो सबै भएर पनि संसारमै सुखपूर्वक निदाउनेमा म पनि एक हुँ" भनी भन्नुभयो ।

"हे कुमार, यस सम्बन्धमा म प्रश्न गर्छु । तिमीलाई मन लाग्ने किसिमले जवाफ दिनु । मानौं एक महाजनको छोरा भव्य महलमा बस्छ । चिसो हावाबाट बच्न झ्याल ढोका बन्दोबस्त गरी राम्रो सुविस्ता र सुविधा छ । उसलाई राम्रो खाटमा न्यानो ओड्ने कम्बल पनि छ । भुईमा न्यानो मखमल बिछ्याइएको छ । कोठालाई चन्दनले सजाईएको छ । उसको खुट्टा र टाउको नजिक दियो सुगन्धित रुपमा बालिएको छ । उसलाई सबै सेवा दिने चार जना सुन्दरी युवतीहरू परिचारिकाको रुपमा बसेका छन् । यी सबै सुविधा बन्दोबस्त छ भने, हे राजकुमार त्यो महाजन पुत्र, तिम्रो विचारमा राम्ररी सुत्लान् त ?"

राजकुमारले जवाफ दिए, "मेरो विचारमा संसारका सुखी मध्ये ऊ पनि एक जना हो ।" बुद्धः "हे राजकुमार त्यो महाजन पुत्र राम्ररी परिचारिका चार जनाले घेरेर बस्दा उसको शरीर र मनमा कामवासनाको आगोले बल्छ होला । तृष्णाको आगो दन्किन्छ



https://dhamma.digital

होला। त्यस्तो आगोको तापमा के ऊ आनन्दले सुत्न सक्छ? यो कुरालाई तिमी स्वीकार्छौ ?" राजकुमार : "भो भगवान् त्यो कुरा म स्वीकार्छु।" बुद्ध : "हे राजकुमार ! तृष्णा दोष र अज्ञानरुपी आगोले शरीर, मनलाई जलाउने हुन्छ। पोल्ने गर्दछ। यस्तो पोल्ने स्वभावलाई मैले जरैदेखि हटाइसकें। त्यसैले ती आगोले मलाई छुन सक्दैन। त्यसकारण सुखपूर्वक आनन्दले सुत्ने व्यक्तिहरू मध्येमा यो संसारमा एक जना म पनि हुँ।"

*- अंगुत्तर निकाय, तिक निपात, देवदूत वग्ग।*

कुनै एक समयमा भगवान् बुद्ध कोशल राज्यको वनजङ्गलको खुल्ला ठाउँमा पलेटी कसेर समापत्ति ध्यानमा बसिरहनु भएको थियो। त्यस बखत भारद्वाज नामको ब्राह्मण पनि आफ्ना हराएका १४ जना गाईवस्तुहरू खोज्न हिँडेका थिए। बुद्धलाई देखेर ती गाईवस्तुहरू कसरी बाटो बिराए भनेर सुनाए। साथै यसबारे दुःख पोखे, "भगवान् ! तपाई यस्तो दुःखबाट अलग्ग भई सुखपूर्वक आनन्दले बाँच्नु भएको छ।" बुद्ध : "हे ब्राह्मण, तिमी आफ्ना हराईरहेका १४ वटा वस्तुभाउ खोज्न ६ दिन देखि भौतारिरहेका छौ। दुःख गर्नु परेको छ। मसँग कुनै वस्तुभाउ छैनन्। तसर्थ म सुखी छु। मसँग एक दुई पातले भरिएको कुनै टारी बारी पनि छैन। तैपनि म सुखी नै छु। हे ब्राह्मण, तिम्रो अन्नको ढुकुटी खाद्य भण्डारमा मुसा दौडिन्छ होला। त्यस्तो समस्या मलाई छैन। तसर्थ म सुखपूर्वक नै बाँचेको छु। हे ब्राह्मण ! तिम्रो घाँसबारी ६ महिना पूरा भएपछि कीरा लाग्छ। मलाई त्यो समस्या छैन। म सुखी नै छु। हे ब्राह्मण, तिम्रो एक छोरा र सात भदिनी, तिनका दुई छोरा छन्। मसँग एक जना पनि छैन। तैपनि म सुखी छु। हे ब्राह्मण, तिम्रो ठूलो आँखा भएकी श्रीमती सँगै छिन्, जो तिमी सुत्दा उठाउँछिन् र लात पनि मार्छिन्। त्यसप्रकारको समस्या मलाई छैन। म सुखी छु। हे ब्राह्मण, तिम्रा ऋण दाताहरू एका बिहानै आएर तिमीसँग ब्याज माग्न आउँछन्। यदि तिमीले दिएनौ भने उनीहरूले गाली गर्छन्। यस्तो समस्या मलाई छैन। त्यसैले म सुखपूर्वक नै जिउँछु।"

*- संयुक्त निकाय, ब्राह्मण संयुक्त, अर्हत वग्ग)*

यसरी गृहस्थ जीवनको बन्धन र सञ्जाल दुःखमय भनी बुझाउँदा उक्त ब्राह्मणले पनि ज्ञान पाई सुखी बने। एक दिन कोशल राजा आफ्नो चार थालीको राजकीय भोजन पेटभरि खाएर बुद्धको मा दर्शन गर्न आए। पेट टन्न खाएको हुनाले डकारेर बसेको राजालाई बुद्धले भन्नुभयो, "जुन व्यक्तिले भोजन सेवन गर्दा मात्रा जानेर सन्तुलित खाना खान्छ उनीहरूलाई पेट दुख्दैन। आफूले खाएको सबै पच्छ र लामो आयु हुन्छ। तसर्थ भोजनमा मात्रा ज्ञान हुनुपर्छ। (**मन्जुस्स सदा सतिमतो मत्तं जानतो लद्धाभोजने तनु तस्स भावन्ति वेदना सनिकं जीरति आयुपालयन्ति।**)



https://dhamma.digital



*उहाँले आफ्नो क्रान्ति ल्याउन कुनै रक्तपात, यातना, विनाश, हत्या, मीठो भाषण तथा जनमानसलाई प्रतिपक्षी विरुद्ध रिस उठाउने कार्य गर्नुपरेन । फ्रेन्च तथा रसिया क्रान्तिको इतिहासमा यस्ता धेरै अपच्य घटनाहरू भए । तर बुद्धले आफ्नो क्रान्ति दया, करुणा र अहिंसाको माध्यमले ल्याउनुभयो ।*



https://dhamma.digital

त्यसपछि राजाले दरबारमा गएर सुदस्सन नामको सेवकलाई काम अराए,"भगवान् बुद्धकोमा जाऊ र बुद्धको उपदेशलाई सिकेर गाथा श्लोकलाई याद गरेर आउ । दिन दिनै मैले खाने बेलामा मसँग बसेर यो पाठ मलाई सम्झाउ । म तिमीलाई सय कार्षापण तलब दिन्छु ।" सुदस्सनले राजाले भनेजस्तै गरेर राजाको खानाको परिमाण घट्दै घट्दै एक नालिकामा झर्‍यो । राजाको मोटोपन र भद्दापन घटेर पातलो भयो । उहाँले आफैले हातले शरीरलाई छुन सक्ने भयो । "भगवान् बुद्धले मेरो भौतिक संसार र आध्यात्मिक संसारको श्रीवृद्धिमा सहयोग पुर्‍याउनुभयो (**उभयेन वत मं सो भगवा अत्थेन अनुकम्पि दिट्ठधम्मिकेन चेव अत्थेन सम्परायिकेन च ।**)"

*- संयुक्त निकाय, कोसल संयुक्त, दोणपक सुत्त*

यहाँ बुद्धले अतिरिक्त आवश्यकता भन्दा बढी खाना लिन नहुने, खानाको मात्रा मापन गरी सेवन गरेमा हानी नहुने बताउनुभयो ।

एकदिन कोशल राजा भगवान् बुद्ध बस्नु भएको जेतवन विहारमा बुद्धलाई भेट्न गए । उहाँहरू दुई जना कुरा गरी रहँदा दरबारबाट कुनै एक दुत आएर मल्लिका रानी बित्नु भयो भनेर कानमा खुसुक्क भने । यो खबर सुनेर राजा टाउको निहुराएर दुःखी मनले शोक गरे (**एवं वुत्ते राजा पसेनदि कोसलो दुक्खि दुम्मनो पत्तक्खन्धो अधोमुखो पज्झायन्तो अप्पटिभागो निसीदि**) । कोसल राजा दुःखी भएको देखेर भगवान् बुद्धले रानीको मृत्युको वियोगमा बसेका राजालाई यसरी सम्झाउनु भयो, "हे राजन, यो संसारमा यी पाँच चीजहरू ठुल-ठूला व्यक्तिको हातमा पनि हुँदैन, बसमा हुँदैन । यिनीहरू वृद्ध हुनुलाई रोक्न सक्दैनन् । रोगी, बिरामी हुनुलाई रोक्न सक्दैनन् । समय बर्ष बित्नुलाई रोक्न सक्दैनन् । मृत्युलाई रोक्न सक्दैनन् । परिवर्तन हुनबाट रोक्न सक्दैनन् । यी कुराहरूलाई शक्तिशाली मानिस, देव, ब्रह्म, मारले पनि रोक्न इच्छा गरेपनि रोक्न सक्दैनन् ।

भगवान् बुद्ध भिक्षु संघ सहित कोसल देशमा चारिका गर्नुभयो । त्यस बखत इच्छानङ्गल ब्राह्मण गाउँमा पुग्नुभयो । यहाँ अवस्थित जङ्गलमा बस्नुभयो । शाक्य कुलबाट प्रवजित भएका श्रमण गौतम हाम्रो गाउँमा आईपुग्नु भयो भन्ने खबर सुनेर गाउँका ब्राह्मणहरू हुलका हुल दान सामग्री, पिउने पानी, खाना लिएर जङ्गलको द्वारमा भेला भए । भेला भएका उनीहरू ठुल्ठुलो स्वरले कराएर हल्ला गरे । यस समयमा भिक्षु नागितले बुद्धलाई नजीक बसेर सेवा गरेका थिए । बुद्धले नागितलाई सोध्नुभयो, "नागित, तिनीहरू माछा बजारका माझिहरू जस्तै हल्ला गर्नेहरू को हुन् ? (**के पनेतो नागित उच्चा सद्दा, महासद्दा केवट्टा मञ्ञे मच्छ विलोपेति ?**)" भिक्षु नागितले भने, "हे भगवान्, इच्छानङ्गल गाउँका ब्राह्मणहरू बुद्ध र भिक्षुसंघलाई भिक्षा दान दिन बाहिर भेला भएका



https://dhamma.digital

छन् ।" बुद्धले भन्नुभयो, "मलाई भौतिक सामग्री, प्रशंसा र वैभव आवश्यक छैन । मलाई यसमा रुची लाग्दैन । यी भौतिक उपलब्धि, प्रशंसा र वैभव सम्बन्धित छैन, मेल खाँदैन (**माहं नागित यसेन समागमो, मा च मया यसो**) । म आफ्नो नैष्क्रम्य त्यागमा रमाउँछु । म एकान्त मै रमाउँछु । एकान्तको शान्त सुख नै मलाई काफी छ ।"

नागितले पुनः भने, "हे भगवान्, तपाई जहाँ बस्नु हुन्छ, सबै मानिसको ध्यान तपाई मै केन्द्रित हुन्छ । तपाई नै उनीहरूका लागि आकर्षण हुन्छ (**येन, येन पदेसं भन्ते भगवा गमिस्सति तन्निन्नाव भविस्सन्ति ब्राह्मण, गहपतिक नेगमा चेव जानपदा च**) । यसैले भो भगवान्, उनीहरूको दान स्वीकार गर्नुहोस् । ठूलो बर्षा पछि सबै पानी जमीनमुनी बगेर जान्छ, त्यसरी नै यदि तपाई कुनै ठाउँमा जानुभयो भने त्यस ठाउँका ब्राह्मणहरू, नागरिकहरू, गृहस्थीहरू, गाउँलेहरू, तपाई भएकै दिशामा आकर्षित हुनेछन् । उनीहरूको बाढी नै आउँछ । तपाईको बुद्ध आनुभाव, शील र अतुलनीय प्रज्ञाको कारण नै त्यस्तो भएको हो । त्यसैले कृपा गरी उनीहरूको दान स्वीकार गर्नुहोस् (**तं किस्स हेतु तथाहि भन्ते भगवतो सीलपञ्ञतं**) ।"

"नागित मलाई भौतिक लाभ, प्रशंसा र वैभवसँग केही लिनु छैन, मसँग यी कुराहरू सरोकार नराख । म त केवल एकान्तप्रेमी, स्वतन्त्र, शान्त, सौम्य मनपराउँछु । धेरै हल्लाखल्ला गरी खानपीन र स्वाद लिनमा कुनै अर्थ छैन । यो मात्र शरीरको व्यर्थ र वेकार हो (**असित पीतखायित सायितस्स खो नागित उच्चारपस्सावो, एसो तस्स निस्सानन्दो**)" भनी बुद्धले भन्नुभयो ।

*- अंगुत्तर निकाय, पञ्चक निपात, नागित सुत्त)*

एक दिन अभय राजकुमार श्रद्धापूर्वक भगवान् बुद्धलाई भोजन दान दिन आए । उहाँसँगै आफ्नो २ बर्षको छोरा पनि साथमा थियो । अभय राजकुमारले बुद्धलाई प्रश्न सोधे, "भगवान्, तपाईले अरुलाई चित्त दुख्ने गरी भन्ने गर्नुहुन्छ, देवदत्त दुर्गतिगामी हुनेछ । उसको पतनमा कसैले सहयोग गर्न सक्दैन । जब तपाईले यो वचन बोल्नुभयो । उ असाध्यै रिसायो । यदि तपाई जस्तोले पनि कडा शब्दहरू बोल्नुभयो भने तपाई र सामान्य मानिसमा कुनै फरक रहेन ।"

बुद्धले जवाफ दिनुभयो, "हे राजकुमार, म जे बोल्छु, सत्य नै बोल्छु । तर कसैलाई कहिले चोट पुग्नेगरी असभ्य वचन बोल्दिनं । एक उदाहरण लिऊ, यदि हातमा समाइ रहेको तपाईको शिशु बच्चालाई मुखमा केही चीज राखिदिँदा घाँटीमा अड्क्यो भने तपाई के गर्नुहुन्छ ?" राजकुमारले भने, "मैले अड्किएको त्यो गिट्टीलाई तुरुन्त निकालिदिन्छु ।" फेरि बुद्धले सोध्नुभयो, "यदि निकाल्न सहज भएन भने कसरी निकाल्नु हुन्छ ?" राजकुमारले भने, "मैले बच्चाको टाउको समाएर बायाँ हातमा राख्छु र मेरो



https://dhamma.digital

औँलाले बच्चाको मुख खोलेर के अड्किएको हो त्यो जबर्जस्ती निकाल्छु ।" त्यस पश्चात् बुद्धले भन्नुभयो, "यदि तिमीले यसो गऱ्यौ भने बच्चाको घाँटीबाट रगत निस्कन्छ । चोट पर्छ र बच्चालाई दुख्ने हुन्छ । दुख्छ कि दुख्दैन ?" "दुख्छ भगवान् ।" भनी उत्तर दिए । बुद्धले फेरि सोध्नुभयो, "तिमीले आफ्नो बच्चालाई मन परेकोले यसो गरेको हो कि वा मन नपरेर गरेको हो ?" राजकुमारले "अवश्य नै बच्चालाई माया गरेर नै गरेको हुँ" भने । त्यसपछि बुद्धले स्पष्ट पार्नुभयो, "जब मैले सत्य र यथार्थ कुरा बोल्छु यसमा केही मानिसलाई दुःख र चोट पुग्छ । कोही त रिसाउने हुन्छ । एवम् प्रकारले माथि उदाहरण दिए जस्तै उनीहरूलाई दुःख दिन कडा शब्द बोलेको होइन । यी कुराहरू उनीहरूप्रति असीम करुणा राखेर नै भन्ने गर्छु ।"

यस प्रकारका कथावस्तु, घटना र वर्णन सयौँमा होइन हजारौँको संख्यामा त्रिपिटकमा पाइन्छन् । भगवान् बुद्धले कथावस्तु, घटना र वर्णनलाई सर्वसाधारणले अझ स्पष्ट रुपमा बुझुन् भनेर यथेष्ट उदाहरण, उपमा, ज्वलन्त प्रमाण दिएर बुझाउनु हुन्छ ।

आजकलको चलनचल्तीको लोक कथामा पनि त्यस्ता कथाका नमुनाहरू दिएर बुझाउने गरिन्छ । बुद्धले दिनुभएको जीवन उपयोगी उपदेश उदाहरणबाट भगवान् बुद्ध एक महान् उपदेशक र प्रवचकहरू मध्येमा अग्र धर्म कथिक हुनुहुन्छ ।



## *बुद्धधर्मको कदर*

*मानिसहरू बुद्धधर्मको शान्त स्वभावबाट आकर्षित भएतापनि यसबाट सहि फाइदा भने त्यतिबेला मात्र लिन सकिन्छ जतिबेला उसले धर्मको अभ्यासबाट दैनिक जीवनमा राम्रो परिवर्तन आएको पाउँछ ।*

*- Dr. Edward Conze, A Western Buddhist Scholar*



https://dhamma.digital



*उहाँले बुद्धत्व ज्ञान अवबोध गर्नुभएसँगै उहाँमा एक अनौठो किसिमको ज्ञान, प्रज्ञा, जागरुकता र रश्मी भित्रबाटै पलायो । उहाँको खुसी असीमित रह्यो, "मैले जीते, मैले पत्ता लगाए, मैले हाँसिल गरे" उहाँले भन्नुभयो । त्यत्तिमै उहाँको कार्य सकिएन । उहाँले बोध गर्नुभएको यो नयाँ र अनौठो सत्य र ज्ञानलाई संसारमै फैलाउने दृढ संकल्प लिएर पहिलो पल्ट पञ्चभद्रवर्गीय भिक्षुहरूलाई यो धर्म देशना गर्नुभयो ।*



https://dhamma.digital



# तथागत भगवान् बुद्ध एक कुशल मनोरोग विशेषज्ञ

आज भन्दा २६०० वर्ष पूर्व नेपालको लुम्बिनीमा जन्मनु भएका सिद्धार्थ राजकुमार ३५ वर्षको उमेरमा भारतको बुद्धगयाको बोधिवृक्ष रुखमुनी बुद्धत्व प्राप्त गरेपछि वहाँ तथागत भगवान बुद्धको नामले चिनिनु भयो। २६ सय वर्ष पूर्व मानव इतिहासमा यो एक युग पुरुषको जन्म हो तथा मानव समाजलाई दिशा निर्देशन गर्ने अद्वितीय व्यक्तिको प्रार्दुभाव पनि हो। भनिन्छ बुद्धले बुद्ध भइसकेपछि २४ घण्टामा २२ घण्टा सत्वप्राणीहरूको हितकल्याणको निमित्त ४५ वर्षसम्म अनवरत लाग्नु भयो। त्यस कारण भगवान बुद्ध त्यो समयदेखि नै कुशल मार्गनिर्देशकको रुपमा रहनु भयो। वहाँ ज्ञानी, महामानव तथागतले दिनु भएको उपदेश, शिक्षा र दर्शनलाई धर्म विद्याको रुपमा अनुसरण गर्न थालियो साथै यही धर्म ज्ञान मार्गमा लागेकाहरूलाई अभ्यास कर्तालाई संघ भनियो। यसरी बुद्ध धर्म संघ, त्रिरत्न लोकमा स्थापित भए।

बुद्धका सम्पूर्ण उपदेशलाई त्रिपिटक भनिन्छ। यो ३ वटा डालामा विभाजित गरिएको हुँदा त्रिपिटक भनियो। समाजको व्यावहारिक कुराहरू, घर गृहस्थीको विधि वन्धनबारे प्रकाश गरिएको व्यावहारिक सरल उपदेश पहिलो त्रिपिटक सूत्र पिटक हो। मानिसहरूको काय चरित्र, रुप शरीरलाई संयमित, नियमित तथा प्रगति गर्न सूत्र पिटकले धेरै मद्दत पुर्‍याउँदछ। त्रिपिटकको दोस्रो पिटक विनय पिटक हो। यसले मानिसहरूको विधिविधान, आचरण, बोली वाणीलाई संयमित, नियन्त्रित र व्यवस्थित बनाउनमा मद्दत पुर्‍याउँछ। त्रिपिटकको अन्तिम र तेस्रो पिटक अभिधर्म हो। जसरी सूत्र र विनयले काय र वाकलाई व्यवस्थित गर्दछ, अभिधर्मले मानिसको ज्ञान,विज्ञान र मनोविज्ञानको अन्तर गहिराईमा परमार्थ चित्तको शुद्धि, ध्यान ज्ञानको बारेमा दिशा निर्देशन गर्दछ। वर्तमान अवस्थामा तथागत भगवान् बुद्धले दिनुभएका सम्पूर्ण उपदेशहरूलाई त्रिपिटकमा संग्रह गरिएको छ। शास्त्रीय मान्यता अनुसार सूत्र, विनय र अभिधर्मलाई ८४००० हजार धर्मस्कन्धमा विवेचना गरिएको छ। बुद्धले प्रतिपादन गर्नुभएको मनोविज्ञान, चित्त सम्बन्धी गम्भीर, सूक्ष्म उपदेशहरूको संगालो अभिधर्म हो।



https://dhamma.digital



*एक दिन भगवान् बुद्धले आफ्नो बुढी औँलामा केहि धूलो माटो राखेर भिक्षुहरूलाई सोध्नुभयो, "हे भिक्षुहरू ! यो मेरो औँलामा भएको धूलो धेरै छ कि यो पृथ्वीमा भएको धूलो धेरै छ ?" भिक्षुहरूले उत्तर दिए, "यो पृथ्वीमा भएको धूलो धेरै छ ।" त्यसपछि बुद्धले भन्नुभयो, "हो त्यसरी नै भिक्षुहरू यो संसारमा मानिस भएर जन्मिने प्राणीहरू यो मेरो औँलामा भएको धूलो जत्तिकै थोरै मात्र छन् । अनि अरु योनीमा जन्मिने प्राणीहरू भने यो पृथ्वीमा भएको धूलो समान धेरै नै छन् ।"*



https://dhamma.digital

यस अभिधर्म अनुसार मनले उच्च भएको हुनाले हामीलाई मनुष्य भनिएको हो। ती मनुष्यहरूको जन्मसंगसंगै स्वाभाविक रुपमा तीनवटा रोगहरू लिएर आएका हुन्छन्। भगवान् बुद्धको शिक्षा अनुरुप यी तीन रोगहरू यस प्रकारका छन् :
१) मानसिक रोग २) शारीरिक रोग र ३) प्राकृतिक रोग।

मानिसले जन्मजात यी तीन रोगहरू आफैसंग लिएर आएका हुन्छन्। मानसिक रोग भन्नाले अतृप्त चाहना, तृष्णा, इच्छा नै सबैभन्दा ठूलो मानसिक रोग हो। आमाको गर्भदेखि नै लागेको भोक र प्यास सबै भन्दा ठूलो शारीरिक रोग हो। साथै जन्मेदेखि समयक्रम अनुसार पुरानो जीर्ण, हुँदै क्षय हुने वृद्ध, जीर्ण, जरापन सबै भन्दा ठूलो प्राकृतिक रोग हो। यसरी बुद्धले तीन प्रकारको रोगको व्याख्या गर्नुभएको छ।

अहिलेको परिवेशमा पनि चिकित्सक डाक्टरहरू २ प्रकारका छन्। शारीरिक सम्बन्धी उपचार गर्ने चिकित्सक तथा मन सम्बन्धी उपचार गर्ने चिकित्सक। त्यस्तै गरी बुद्धले रोग पनि त्यसरी नै २ प्रकारको रहेको भन्नुभएको छ। शारीरिक रोग तथा मानसिक रोग भनी छुट्याउन सकिन्छ।

त्रिपिटक अन्तर्गत सुत्त पिटकको अंगुत्तर निकाय भन्ने ग्रन्थमा चतुक्कनिपात खण्डको रोग सुत्तमा बुद्धले यसरी भन्नु भएको छ : "**दिस्सन्ति भिक्खवे सत्ता कायिकेन रोगेन एकंम्पि वस्सं आरोग्यं पटिजानमान, द्वेम्पि वस्ससानि आरोग्यं पटिजानमान** ... ... **वस्स सतम्पि आरोग्यं पटिजानमाना - ते भिक्खवे सत्ता दुल्लभा लोकस्मिं ये चेतसिकेन रोगेन मुहुत्तंपि आरोग्यं पटिजानाति, अञ्ञत्व खिणासवेति।**"

अर्थात्: शारीरिक रोग र मानसिक रोग गरी २ प्रकारका रोग रहेको छ। यहाँ कोही १,२,१०,३०,५० वर्ष हुँदै १०० वर्ष भन्दा बढी बाँचेकाहरू छन्। यी मध्ये कोही कोही त शारीरिक रोग नभईकन, निरोगी भई बाचेका हुन्छन्। तर मनोरोग, मानसिक समस्या नहुने गरी बाँचेकाहरू पाउन धेरै मुस्किल हुन्छ। यसमध्ये पनि आर्य ज्ञानमा पुगी अर्हत भएका मात्रै मनोरोग विना कुशलपूर्वक बाँचेका हुन्छन्।

यसरी २ प्रकारका चिकित्सक (डाक्टर) मध्ये तथागत भगवान् बुद्ध एक कुशल मनोचिकित्सक हुनुहुन्छ। वहाँ मनोरोग विशेषज्ञ हुनहुन्छ। मानव इतिहासमा वहाँ जस्तो अग्रणी चिकित्सक अरु भेट्टाउन गाह्रो पर्नेछ भनेर आधुनिक युगका मनोचिकित्सकहरूले पनि स्वीकारेका छन्। तथागत भगवान् बुद्ध, जसले सम्पूर्ण मानसिक क्लेश, मयल तथा रोगहरूलाई पूर्णतयाः उखेलेर निर्मूल पारी मनलाई पूर्णरुपमा आफुले आफैलाई शुद्ध र स्वस्थ बनाउनु भई त्यस पश्चात् सयौं हजारौंको संख्यामा मानिसहरूको समान प्रकारको मानसिक रोग पनि उपचार गर्नु भयो।



https://dhamma.digital

एक प्रसंगमा बुद्धले संसारिक मानिसहरूलाई मानसिक विक्षिप्त र पागल हुन् भनेर भन्नु भएको छ। (**उम्मत्तका वियहि सब्बे पुथुज्जना दिस्सन्ति**)। धेरैजसो शारीरिक रुपमा स्वस्थ र सबल रहेतापनि मानसिक रुपमा बिरामी तथा मानिसको मनमा थुप्रै खोट दागहरू, अशुद्धपन रहेको हुन्छ। जसरी एक जना शल्य चिकित्सकले रोग पत्ता लगाई, शरीरको आन्तरीक भागमा चिरफार गरी, औषधी उपचार गरी, निको पारेजस्तै बुद्धले पनि मनको चरित्र वेग, स्वभाव अनुकूल भित्र गहिराइसम्म गएर शल्य कक्षमा शल्यक्रिया गरेजस्तै मनको भित्र भाव गहिराईसम्म चिरफार गरेर रोगलाई निको पार्नुहुन्छ। सुत्त पिटकको सल्लेख सूत्र भन्ने उपदेशमा मानिसको मनमा रहेका विभिन्न ४४ प्रकारका रोगहरूको बारेमा उल्लेख गरिएको छ। यहाँ ४४ प्रकारका मानसिक रोगहरू तथा यसको उपचार उपायको रुपमा ४४ प्रकारकै उपाय दिइराखेको छ।

| | |
|---|---|
| १) अरुलाई सताई दुःख पिडा दिने | १) अहिंसा |
| २) प्राणी हिंसा गर्ने | २) प्राणी हिंसा नगर्ने |
| ३) अरुको सामान चोरी गर्ने | ३) अरुको सामान चोरी नगर्ने |
| ४) यौन दुर्व्यवहार गर्ने | ४) यौन दुर्व्यवहारमा नलाग्ने |
| ५) असत्य बोल्ने | ५) सत्य बोल्ने |
| ६) चुगुली गरी कुरा काट्ने | ६) चुगुली नगर्ने |
| ७) कडा वचन बोल्ने | ७) कडा शब्द वचन नबोल्ने |
| ८) अर्थहीन कुरा गर्ने | ८) अनर्थक कुरा नगर्ने |
| ९) अरुको सामानमा आँखा गाढी लोभ गर्ने | ९) अरुको वस्तुमा लोभ नगर्ने |
| १०) भ्रष्ट अशुद्ध मन | १०) गुणयुक्त शुद्ध मन |
| ११) गलत दृष्टि | ११) सही दृष्टि |
| १२) नकारात्मक सोच | १२) सकारात्मक सोच |
| १३) नकारात्मक झोक्किने शब्द | १३) सकारात्मक सही शब्द |
| १४) गलत क्रियाकलाप | १४) सम्यक क्रियाकलाप |
| १५) गलत जीविका | १५) सही जीविका |
| १६) गलत प्रयत्न, उत्साह | १६) सम्यक प्रयत्न |
| १७) गलत समझदारी | १७) सही समझदारी |
| १८) गलत तरीकाले ध्यानमग्न हुनु | १८) सही तरीकाले ध्यानमग्न हुनु |
| १९) गलत कार्य गरी सही भन्नु | १९) सम्यक ज्ञान, सही ज्ञान |
| २०) गलत मुक्ति | २०) सही मुक्ति |

Dhamma.Digital



https://dhamma.digital

| | |
|---|---|
| २१) अल्छियुक्त लोस्याई | २१) अल्छिबाट छुटकारा |
| २२) घमण्ड गर्नु | २२) नम्र हुनु |
| २३) शंका गर्नु | २३) शंका उपशंका नगर्नु |
| २४) आवेग रिस राख्नु | २४) शान्त शालिन हुनु |
| २५) क्लेश दुर्भावना राख्नु | २५) क्लेश दुर्भावना नराख्नु |
| २६) कपट, स्वाङ पार्नु | २६) स्वाँङ नपार्नु (देखावटी नगर्ने) |
| २७) मनमा दुविधा हुनु | २७) दुविधालाई मनबाट हटाउनु |
| २८) इर्ष्यालु हुनु | २८) ईर्ष्या नगर्नु |
| २९) कंजुस हुनु | २९) कंजुस्याईं नगर्नु |
| ३०) छलकपट धोका गर्नु | ३०) छलकपट नगर्नु |
| ३१) बहानाबाजी गर्नु | ३१) बहानाबाजी नगर्नु |
| ३२) जिद्धीलिंडेढिपी गर्नु | ३२) जिद्धीलिंडेढिपी नगर्नु |
| ३३) अहंकार, घमण्ड गर्नु | ३३) अहंकार घमण्ड नगर्नु |
| ३४) अनादर,अटेरी गर्नु | ३४) आज्ञाकारी हुनु |
| ३५) मूर्ख पापी साथीहरूसंग संगत गर्नु | ३५) असल साथीहरू साथ हुनु |
| ३६) असन्तोष हुनु, अनिच्छित हुने | ३६) सन्तोष हुनु, परिश्रमी हुने |
| ३७) निष्ठावानको अभाव | ३७) निष्ठावान हुनु |
| ३८) लाज शरमको अभाव हुनु | ३८) लाज शरम हुनु |
| ३९) पाप गर्न नडराउनु | ३९) पाप गर्नमा डराउनु |
| ४०) ज्ञानको अभाव | ४०) ज्ञानको वृद्धि |
| ४१) अल्छि उदासी | ४१) उद्योगी हुनु |
| ४२) मानसिक जागरणको अभाव | ४२) मानसिक सचेतना |
| ४३) मूर्खपन | ४३) ज्ञानले युक्त अवस्था |
| ४४) आफ्नो धारणालाई समाइ राख्नु | ४४) आफ्नो धारणालाई समाइ नराख्नु |

Dhamma.Digital

अहिलेको वर्तमान समयमा समाजमा थुप्रै मानसिक विकारका कारण झै-झगडा, कलह, बैमनस्यता, असमझदारी तथा द्वन्द्व अपराध भइरहेको छ। अहिलेको सन्दर्भमा समाजका प्रत्येक मानिसको मनमा दुविधा, चिन्ता, तनाव, निराशापन, एक्लोपन, चिड्चिडाहट, डर, मनोत्रास यी सबै मानसिक कमजोरीका लक्षणहरू हुन्। यी मानसिक कमजोरीलाई सही रोग पहिचान गरी उपचार गर्न सकिन्छ। मनलाई संयमित सही



https://dhamma.digital

दिशामा पुऱ्याउन नसक्दा मानिसहरू मानसिक सन्तुलन गुमाएको परिस्थित पनि रहेको छ। हत्या, यौन कुण्ठा तथा आत्महत्या जस्ता जघन्य अपराधतिर लागेर जीवन बर्वाद गरेकाहरू पनि छन्। यी मानसिक समस्याहरूबाट उन्मुक्ति पाउन बुद्धको शिक्षा औषधीको रुपमा प्रयोग गर्न सकिन्छ। बुद्धको पालामा असाध्यै नाम चलेका जीवक भन्ने बैद्यले समेत भगवान् बुद्धलाई अग्रणी कुशल चिकित्सकको रुपमा मानेका छन्। बुद्धले मनोरोगको उपचारार्थ सबै औषधीहरू बताउनु भएको छ। यही औषधी उपचार पद्धति यस प्रकारका छन् :

१) **चत्तारो सतिपट्ठाना** : चार स्मृति सतिपट्ठान भावना

२) **चत्तारो सम्मप्पधाना** : चार सम्यक प्रधान

३) **इद्धिपाद** : चार ऋद्धि बल

४) **पञ्च इन्द्रिय** : पञ्चेन्द्रिय, पञ्च इन्द्रिय

५) **पञ्च बल** : पाँच बल

६) **सत्त बोज्झङ्ग** : सात बोध्यङ्ग

७) **अरिय अट्ठंगिक मग्ग** : आर्य अष्टांगिक मार्ग

बुद्धले गलत गुरुको फन्दामा परी बाटो बिराएका हत्यारा डाकु अंगुलिमाल, आफन्त परिवारको वियोगबाट मानसिक असन्तुलन भएकी पटाचारा, आफ्नो मरेको छोरा बोकी बज्रपातमा परेकी कृषा गौतमी तथा आत्महत्या गर्न लागेका भिक्षुलाई समेत बुद्धले उनीहरूको चरित्र स्वभाव मनोग्रन्थी बुझी उनीहरूको मानसिक दुःखबाट उन्मुक्ति दिलाई उचित मार्ग निर्देशन दिनु भएको हुनाले तथागत भगवान बुद्ध एक कुशल मनोरोग विशेषज्ञ मात्र नभईकन वहाँ एक मनावैज्ञानिक पनि हुनुहुन्छ।

निर्वाण नै मनुष्य जीवनको अन्तिम लक्ष्य परम सुख शान्ति हो। मानसिक रोगको अलावा शारीरिक रोगको औषधीबारे भगवान बुद्धले महावग्ग पालिको भैषज्य खण्डमा उल्लेख गरेको पाउँछौं। त्यसताका भिक्षुहरू जङ्गलमा गएर बस्ने हुँदा विषधारी सर्पहरूबाट बच्न बुद्धले ४ वटा महाविकटहरू राखेर सर्पबाट बच्ने उपाय भन्नु भएको पाइन्छ। मल – फोहोर, मुत्र – पिसाब, चारिका – तातो खरानी र मातिका – माटो प्रयोग गर्नुपर्ने। त्यस्तै गरी जण्डीस पहेँलो रोग हुँदा, तरुल फल, गाईवस्तुको पिसाब मिसाएर प्रयोग गर्ने, पेट दुख्दा नुनको ढिको प्रयोग गर्ने, आदि। रोगहरू हुँदा रुखका बोक्रा, जडीबुटी, गोबर, आयुर्वेदिक फल,फूल,जरा मूलहरू प्रयोग गर्ने बारे पनि बुद्धले भन्नु भएको छ।



https://dhamma.digital



*"उहाँले मैत्री भावना गर्नुहुँदा सबै सत्त्वप्राणीहरूलाई समेट्नु हुन्थ्यो । मेरो मैत्री सर्पजस्तो खुट्टै नभएको प्राणीहरूलाई पनि छ, मेरो मैत्री दुई ओटा खुट्टा भएको सम्पूर्ण प्राणीहरूमा पनि छ । मेरो मैत्री बहुखट्टा भएका प्राणीहरूप्रति पनि छ ।"*



https://dhamma.digital

समग्रमा मानिसहरूको मन कुवाबाट पलाएको पानी सरह नै शुद्ध, निर्मल तथा पवित्र रहने हुन्छ तर विस्तारै यही पाँच इन्द्रियसंग मिसिँदा यो तुरुन्तै अशद्ध र दूषित हुने गर्दछ। जीवन जिउने क्रममा मानिसहरूले (Ego) अहंकारको रोग, (Eco) आर्थिक कारोबारको भार तथा (Echo) आहारविहार तथा वातावरण परिस्थितिसंग सामना गर्दै जाँदा विभिन्न मानसिक कमी कमजोरी हुने गर्दछ। **पापस्मिं रमति मनो** अर्थात् यो मन पापमा छिटै रमाउने गर्दछ।

यसलाई सही दिशा प्रदान गरी विविध मनोरोगहरूबाट छुटकारा पाई जीवन जिउने कलाको रुपमा सन्तुलित जीवन जिउन बुद्धको औषधी सेवन गर्न जरुरी छ।



## *सम्पूर्ण समस्याको मूल जरो आत्मा*

*बुद्धधर्मले आत्माको अवधारणालाई अस्विकार गरेकोले मानव सभ्यताको इतिहासमा छुट्टै पहिचान राखेको छ। बौद्धदर्शन अनुसार अत्त वा आत्मा भनेको वास्तविकतामा आधारित नभएको एक काल्पनिक र गलत विचार हो। आत्मामा विश्वासले म, मेरो, जस्ता स्वार्थीभाव, तृष्णा, द्वेष, घमण्ड, अहंकार इत्यादि हानिकारक क्लेश र अशुद्धिलाई निम्त्याउँछ। संसारका सबै समस्याहरू, व्यक्तिगत देखि लिएर देशविचका झगडाको स्रोत पनि यही नै हो। संक्षिप्तमा भन्नुपर्दा, संसारका सबै समस्याका जड आत्मामा विश्वास गर्ने हो।*

*- Ven. Dr. W. Rahula, "What the Buddha Taught"*



https://dhamma.digital

*अध्याय १९*



# भगवान् बुद्ध अतुलनीय सुन्दर व्यक्तित्त्व

यो संसारमा देख्ने, भेट्ने जो कोहीबाट पनि आहा भनिने,मानिसहरूका बीचमा अनुपम र बेजोड आकर्षक व्यक्तित्वका धनी भगवान् बुद्ध नै हुनुहुन्थ्यो । प्रसिद्ध व्यक्ति, नेताहरूको चित्र, मूर्ति समय समयमा बनाउने चलन मानव समाजमा रहेको पाइन्छ । ती प्रभावशाली व्यक्तिहरू मध्ये बितेर गईसकेकाहरू मध्येमा पनि बुद्धको जति चित्र, प्रतिमा मूर्ति कसैको पनि व्यापक रूपमा छैनन् ।

यसै प्रसंगबाट हामीले भगवान् बुद्ध शारीरिक रुपमा पनि असाध्यै रुपवान थियो भन्ने अड्कल गर्न सक्छौं । ठुलठूला सम्राटहरूको मूर्ति, उनीहरूको श्रीपेच र उनीहरूको आकर्षक राजकीय शान, रानीहरूको भव्य सुन्दर चित्र, महिलाहरूको अलंकार भन्दापनि अहिले पनि धेरै मानिसहरू बुद्धको शान्त, सौम्य, शोभायमान, त्याग मुद्रा,श्रमण वस्त्र र बुद्धको रुपकायबाट भावविभोर हुन्छन् । अहिले जमानाको स्वामी विवेकानन्द, जो उत्तर भारतको सामान्य परिवारमा जन्मेका हुन् । उहाँको चित्र हेरेर पनि राजकुमार सिद्धार्थको पनि त्यस्तैखाले प्रभाव छाप देखिन्छ ।

भगवान् बुद्धले बुद्धत्व प्राप्त गरेको धेरै समय पश्चात् आफू राजकुमार युवा अवस्थामा के कस्तो वैभवशाली जीवन बिताएको थिएँ भनेर एक प्रसंगमा आफ्ना शिष्य भिक्षुहरूलाई बताउनु भएको थियो । "हे भिक्षुहरूहो ! म युवा अवस्थामा असाध्यै सुकुमार, कोमल थिएँ । मेरो बुबाले मेरो लागि सुन्दर बगैंचा र पोखरी बनाई दिएका थिए । एक पोखरीमा नीलो कमल, अर्को पोखरीमा सेतो कमल तथा तेस्रो पोखरीमा रातो कमलका फूलहरू सुसज्जित थिए । दरबारका सम्पूर्ण सुख सुविधा, आमोद प्रमोद केवल मेरै सुख सुविधाको निमित्त व्यवस्था गरिएको थियो । भिक्षुहरू हो ! कमसल खालको पहिरन मैले कहिल्यै लगाउनु परेन । मैले लगाउने पगडी र कपडाहरू काशीबाट झिकाइएका मखमलले बुनेका हुन्थे । मेरो खास्टो सबैभन्दा उत्तम खालको हुन्थ्यो । म जहाँ जाँदा पनि दिन रात सेतो छाताले ओढाईन्थ्यो । चिसो, तातो, धूलो, शीत, धुप, मौसमबाट बच्न मेरो लागि वातावरण अनुकूल भव्य तीन महलहरू बनाई दिएका थिए ।



https://dhamma.digital



*"हे सारिपुत्र, म गृहत्यागी भएर ज्ञानको खोजीमा लाग्दा, जाडो याममा हिँउ पर्दा पनि म जङ्गलमै चिसोले कठ्याङ्ग्रिएर बस्थे ।"*



https://dhamma.digital

जाडो यामको लागि छुट्टै प्रासाद, गर्मी यामको लागि छुट्टै भवन तथा बर्षायामको लागि अलग्गै महल प्रबन्ध थियो। बर्षा यामको चार महिनाको समयमा महिला नाट्य (बाद्य) मण्डलबाट दिनदिनै नाचगान, भोजभतेर, रसरङ्ग, अमोदप्रमोद हुन्थ्यो। त्यस समयमा माथिल्लो तल्लाबाट भुइँ तल्लामा झर्न पर्दैन थियो। त्यसताका साहु महाजनहरूले घरमा काम गर्ने कामदारहरूलाई कनिका भात र खोलेको सुप दिन्थे भने हाम्रो बुबाको दरबारमा प्रणीत चामलको भात सहित दिन दिनै मासु खुवाइन्थ्यो। म १६ बर्षको हुँदा सम्पूर्ण सांसारिक सुख भोग विलास भोगेर पर्याप्त थियो।"

*(- अंगुत्तर निकाय, तिक निपात)*

उहाँको अनुपम आकर्षक शारीरिक सुन्दरता सबैका लागि मन लोभ्याउने खालको थियो। राजकुमारको सवारी हुनेभयो भने त्यही अनुरुपको भव्यताकासाथ राजकीय श्रृङ्गार र समारोह प्रबन्ध गरिन्थ्यो। शारीरिक लावण्य सौन्दर्यताले परिपूर्ण श्रीभाग्यले युक्त युवराज सिद्धार्थले आफ्नो युवा काल सबै सुख आनन्दले बिताउनुभयो। एक दिन उद्यानबाट सिद्धार्थ कुमार दरबारमा फर्किरहनु भएको थियो। त्यस बखतमा कृषा गौतमी नाम गरेकी सुन्दरीले घरको बरण्डाबाट राजकुमारलाई देखेर यसरी वर्णन गरे, "यत्तिका राम्रो कुमारको बा आमा हुनु बाआमाको लागि खुशीको कुरा हो। यत्ति सुन्दर युवालाई श्रीमान् बनाउन पाउनु स्त्रीको लागि ठूलो सौभाग्यको विषय हो (**निब्बुता नून सा माता – निब्बुता नूने सो पिता – निब्बुता नुन सा नारि – यस्सानं ईदिसो पति**)

"**यी निब्बुता पद**" शब्दले राजकुमार सिद्धार्थ बेजोड सुन्दर व्यक्ति भन्ने प्रमाण मिल्छ।

तपस्वी भेषमा पनि श्रमण गौतमलाई हेर्नको लागि लालायित भएर मानिसहरू जम्मा हुन्थे। राजगृह नगरमा भिक्षा जानुहुँदा उहाँलाई हेर्नेहरूको ताँती लागेको थियो। यसको चर्चा दरबारसम्म पुग्यो। एक अपरिचित आकर्षक युवा श्रमण भिक्षाटन आएको देखेर सबै दंग भए। राजाले समेत यो असाधारण प्रतिभायुक्त व्यक्ति देवता होकि मान्छे हो कि, नाग हो कि, किन्नर हो कि भनी जाँच्न पठाए। राजाले दरबारको प्रसादबाट हेरेर पहिलो दर्शनमै प्रभावित भएका थिए। - *जातक कथा, निदान कथा।*

बुद्धगयामा बोधिज्ञान प्राप्त गरिसकेपछि भगवान् बुद्ध बनारसको बाटो हुँदै गईरहेको समयमा उपक नामको आजीवकले बाटोमा भेटे। उसले बुद्धलाई भने, "हे भाग्यवान्! तपाई हेर्दा असाध्यै शान्त, सौम्य, सुन्दर देखिनु हुन्छ। यत्तिको आकर्षक शारीरिक शोभा भएको व्यक्ति मैले कहिल्यै देखेको छैन। तपाई कहाँबाट आउनुभई तपस्वी हुनुभएको हो ? (**विप्पसन्नानि खो आवुसो इन्द्रियानि परिसुद्धो छवि वण्णो, परियोदातो कम्सि त्वं आवुसो उदिस्स पब्बजितो?**)" - *महावग्ग, महावन्दक।*



https://dhamma.digital

त्यसताका श्रमण ऋषिहरूको बीचमा पनि भगवान् बुद्ध विशेष खालको रुप वर्णले युक्त हुनुहुन्थ्यो। एक समयमा वैशालीको महावनको ठूलो पर्णशालामा भगवान् बुद्ध विराजमान हुनुहुन्थ्यो। त्यस बखत ५०० जना लिच्छवीहरू पनि जम्मा भएका थिए। कोही कोही नीलो पहिरनका साथ नीलवर्ण मै सुसज्जित थिए। कोही पहेंलो पहिरनका साथ चम्किएका थिए। कोही रातो रङ्गले सजिएका थिए भने कोही सेतो पहिरनले अलंकृत थिए। विभिन्न वर्णका वस्त्र अलंकारबाट सजिएका ती सबै लिच्छवी कुमारहरू बुद्धको आकर्षण अगाडि फिक्का नै थिए। - *अंगुत्तर निकाय, पञ्चक निकाय, चतुत्थ पण्णसक।* यस वर्णनले पनि बुद्धको शारीरिक रुप, रङ्ग, लिच्छवी राज अलंकार भन्दा धेरै नै मनमोहक व्यक्तित्व हुनुहुन्छ भन्ने देखिन्छ।

एक दिन वक्कली नामको युवाले बुद्धलाई देखेछ। बुद्धलाई देख्नासाथै ऊ असाध्यै मन्त्रमुग्ध र विभोर भए। त्यस दिनदेखि बुद्धप्रति सन्दर्शन हुँदै सम्मोहन भए जस्तै बुद्धको अनुपम रुप हेर्न मात्र भएपनि पछि लाग्न थाले। बुद्धलाई हेर्नलाई मात्र भएपनि ऊ भिक्षु भएर पछि पछि लागे। बुद्धको शारीरिक रुप दर्शन गर्न पाउँदा उसलाई निर्वाण प्राप्त जस्तो आनन्दको महसुस हुन्थ्यो। त्यसैले बुद्ध जहाँ जहाँ जानु हुन्थ्यो त्यहीँ त्यहीँ पछि लागेर ट्वाल्ल परेर हेरिराख्थ्यो। उसको दिनचर्या नै मन्त्रमुग्ध भएर बुद्धलाई हेर्न पाएपछि मख्ख पर्दथ्यो। आवश्यक श्रमण चरियामा ध्यान नगरिकन खाली रुप हेरेर मख्ख परिरहेको वक्कलीलाई बुद्धले भन्नुभयो, "वक्कली, बाहिर जाऊ, वक्कली बाहिर निस्क। यो दुर्गन्धित फोहोर असूचीले भरीपूर्ण, कुहिएर जाने शरीरको तिम्रोलागि के अर्थ छ ?" उहाँको यो अनुशासनले उसको धार्मिक जीवनमा ध्यान बलियो गरी वक्कली अर्हत् भए।

सद्धर्मरत्नावलीमा उल्लेख भए अनुसार मागन्धि नामको ब्राह्मणले आफ्नी असाध्यै रुपवान् छोरी विवाह गर्न बुद्धलाई कन्यादान दिन आएका थिए। कुरु राष्ट्रको मागन्धि परिवारबाट आएकाहरूको श्रीमतीको नाम पनि मागन्धि नै थियो। भाइको नाम पनि मागन्धि नै थियो भने उनीहरूको असाध्यै रुपवान छोरीको नाम पनि मागन्धि नै थियो। मागन्धि देव अप्सरा झैँ राम्री थिई। अत्यन्तै सुन्दर छोरीलाई योग्यवर नपाएको भने होइन। विभिन्न राज परिवारजस्तो ठाउँबाट आएका प्रस्तावहरूलाई आफ्नी छोरीको रुप दर्जासँग सुहाउने खालको भएन भनेर माग्न आएका सबै प्रस्तावहरू अस्वीकार गर्दै आएका थिए।

एक बिहान भगवान् बुद्धले महाकरुणा ज्ञानबाट मागन्धि ब्राह्मण र उसकी श्रीमतीले ज्ञान प्राप्त गर्ने लक्षण देखेकाले पात्र चीवर धारण गरी भिक्षाटनमा जानुभयो। त्यसबेला मागन्धि ब्राह्मण घर बाहिर यज्ञहोम गर्दै थिए। आफ्नो अगाडि एक्कासी



https://dhamma.digital



"मानिसहरू विभिन्न कारणले भयभीत हुन्छन् । मानिसहरू सम्भवतः आफ्नो जीवनको मायाले, अथाव ज्यानको मायाले, कि त आफ्नो जीवनसाथी र छोराछोरीहरूको मायाले, आफ्नो धनसम्पत्ति र घरजग्गाको कारणले गुमाउनुपर्ने डरले भयभीत हुन्छन् । बुद्ध, जोसँग यस्तो केहि कुराहरू आफ्नो भन्ने स्वामित्वमा थिएन यसै कारणले उहाँ एकदमै नीडर हुनुहुन्थ्यो ।



https://dhamma.digital

३२ महापुरुष लक्षणले युक्त सर्वगुण सम्पन्न बुद्धको रुप, शरीर, ऐश्वर्यलाई देखेर यस्तो मनमा लिए,'यो संसारमा उहाँ जत्तिको ऐश्वर्यवान शरीर भएको अरु हुन सक्दैन । मेरी छोरीको लागि उहाँ अत्यन्त सुहाउने वर हुन सक्दछ । उहाँलाई नै मेरी छोरी विवाह गरी दिन्छु ।' त्यसपछि बुद्धलाई बोलाएर भने, "हे श्रमण ! मेरो एक छोरी छे । जसको लागि योग्य वर नपाएर खोजिरहेको थिएँ । मेरो छोरीलाई धेरैले माग्न आए पनि मेरी छोरी समान नसुहाएकोले सबैलाई फिर्ता पठाएर घरमा सुरक्षित राखेका छौं । शारीरिक रुपमा तपाईलाई देखेपछि तपाई नै मेरी छोरीको लागि योग्य वर हुनुहुन्छ भन्ने ठहऱ्यायौं । मेरी छोरीको विवाह तपाईसंग गराई दिने विचार आयो । त्यसैले मेरी छोरी नल्याएसम्म यहीं पर्खनुहोला ।"

बुद्धले राम्रो नराम्रो केही भन्नु भएन । ब्राह्मणले दौडेर घर गई श्रीमतीलाई भने, "हे भाग्यमानी स्त्री, के गर्दै छौ ? हाम्री छोरीलाई सुहाँउदो योग्य केटा भेटाएको छु । उनलाई मैले बाटोमा रोकी राखेको छु । छोरीलाई वस्त्र अलंकारले सुसज्जित गरी तुरुन्त लिएर आऊ ।" छोरी लिएर ऊ श्रीमती सहित बुद्धकोमा गए ।

आफ्नी छोरी लिएर मागन्धि परिवार दौडेको देख्दा शहरका मानिसहरू उत्साहित भए । के चमत्कार भयो यस्तो ? त्यसबेलाको शक्तिशाली अंग, मगध, काशी, कोसल, वज्जी र अन्य जनपदबाट आएका एक से एक राजकुमारहरूको प्रस्तावहरूलाई पनि आफ्नी छोरीको सुन्दरताको लागि सुहाउँदैन भन्ने मागन्धिले आज योग्य मानिस भेट्टाएछ कि क्या हो ? भनी हल्लाखल्ला भयो । उक्त ब्राह्मणले आफ्नी छोरी साथमा लिएर आउँदा आफूले पहिला भेटेको ठाउँमा बुद्धलाई देखेनन् ।

भगवान् बुद्धले आफ्नो पैताला चिन्ह छोड्नु हुँदै चाहेको व्यक्तिले मात्र देखोस् भनेर पहिला उभेको ठाउँमा पाद चिन्ह छोडेर नजिकै अर्को ठाउँमा गएर बस्नुभएको थियो । बुद्धले आफ्नो ऋद्धिबलले छोड्नु भएको पैताला छाप सितिमिति मेटेर जाँदैन । उहाँको इच्छा शक्तिले चाहेको खण्डमा ठुल-ठूला हात्ती, घोडा, गाईवस्तु, भैंसीहरू बगाएर लान सक्ने बाढी नै आए पनि वा डरलाग्दो हुरीबतास नै आएपनि ऋद्धिबलले छोडेको उक्त छाप मेटाउन सक्दैन ।

ब्राह्मणको श्रीमतीले खोइत त्यो व्यक्ति ? भनेर सोधी । मैले यहीं बस्नु भनेको थिएँ । चारैतिर दायाँबायाँ खोज्दै गर्दा बुद्धको पवित्र पैतालाको छाप देखे । ब्राह्मणकी श्रीमती तीन वेदका ज्ञाता थिइन् । त्यसैले पाइताला चिन्हको रहस्य, विशेषता लेखा जोखा गरी श्रीमान्लाई भनीन्, "यो संसारमा कसको बारे तपाईले कुरा गरिरहनु भएको छ ? यो पैताला भएको मानिसले आफ्नो शरीर, छातीबाट कहिल्यै पनि महिलाको छातीमा अङ्गालो हाल्दैनन् । यस्तो पैताला भएको मानिस अनुराग चरित्रको हुँदैन र स्त्री



https://dhamma.digital

सुख पनि लिँदैन । विशेष गुण लक्षणले युक्त पवित्र जीवन यापन गरी क्लेशबाट मुक्त भइसकेका ब्रह्मचारी सर्वज्ञहरूको मात्र यस्तो पैताला हुन्छ ।"

त्यसपछि ब्राह्मणले भने, "हे अलच्छिन ब्राह्मणी ! अशुभ, अलच्छिन कुरा नगर । तिमीले खाने थालमा गोही देख्यौ कि क्या हो ? घरभित्र लुटेरा डाँकुहरू लुकेर बसेको देख्यौ कि क्या हो ? डराएर चाहिने नचाहिने कुरा गर्छौ । चुपलाग ।" ब्राह्मणको श्रीमतीले फेरि पनि जवाफ दिइ, "हे ब्राह्मण ! ब्राह्मण कुलमा जन्मेर वेद सिकेर यति पनि थाहा छैन र तिमीलाई ? जे गर्न मन लाग्छ गर । तर फेरि पनि म भन्छु यो पैताला भएको मानिस पञ्चकाम सुखमा कदापि भुल्दैनन् ।"

नजीकै खोज्दै हिँड्दा उनीहरूले अमृतमय धारमा बुद्धलाई देखे र भने, "हे श्रमण ! हाम्री छोरी तपाईसंग विवाह गरिदिन्छु भनेर साथमा लिएर आएका छौं । यी छोरीलाई तपाईले लिएर गइ तपाईकी श्रीमती बनाउनुस् । कन्यादान गर्दछु ।" बुद्धले उनीहरूको छोरी अपनाउने नअपनाउने केही नभनी यसो भने, "हे ब्राह्मण ! म केही कुरा विशेष रुपमा सम्झाउँछु ।" भन्नुहुँदै गृहत्यागको घटना बारे सुनाउनुभयो । "हे ब्राह्मण ! सांसारिक भवचक्रको भयबाट डराएर मैले स्वर्गतुल्य कपिलवस्तु राज्यलाई त्याग गरें । मैले अग्रमहिषी रानी यशोधरालाई र पुत्र राहुलकुमारलाई पनि त्यागें । मैले आफ्नो चक्रवर्ती राजा हुने भाग्यलाई पनि त्यागें । चालीस हजारको संख्यामा रहेका देव अप्सरा समानका सारा सुन्दरी परिचारिकाहरू पनि त्याग्दै मैले स्त्रीहरू निवास भएको स्थान, जङ्गल र पर्वत पनि त्यागें । ती त्यागेका चीजहरूलाई फेरि कहिल्यै फर्केर हेरिनं । ६ बर्षसम्म घोर तपस्या गर्दा मारले निकै दुःख दिन आयो । बोधिबृक्ष रुखमुनी ध्यान गरी त्यसै स्थानबाट ज्ञान प्राप्त गर्न खोज्दा पञ्चमार सहित उसका तीन छोरीहरूले मलाई वसमा राख्न खोजे । रागले बाँधन खोजे । लोभले लिप्त राखी तृष्णा रुपी डोरीले बाँधेर ध्यान भङ्ग गर्नपनि खोजे । मैले अनित्य, दुःख र अनात्मको भाविता गर्दा मारका तीन छोरी अरती, रति र रागा अगाडि आउँथे । मेरो ६ इन्द्रियलाई बसमा पारी मन विचलित बनाउन ती देव अप्सराहरूले धेरै प्रयास गरेका थिए । तर उनीहरू पराजित भए । उनीहरूको काम मोहको बाढीले मलाई रत्तिभर पनि छुन सकेन भने के तिम्रो मलमूत्रले भरिएको दुर्गन्धित शरीर लिएकी छोरीलाई म छुन सक्छु ?" -सद्धर्मरत्नावली । प्रस्तुत कथाको घटना विवरणले पनि भगवान् बुद्ध विलक्षण गुणले युक्त भई शारीरिक रुपमा असाध्यै सुन्दरताले परिपूर्ण व्यक्ति हो भन्ने बुझिन्छ ।

एक समय तथागत भगवान् बुद्ध आफ्ना १२५० शिष्य भिक्षुहरूसँग अगुत्तराप देशमा पुग्नुभयो (**सद्धिं अड्ढ तेलसेहि भिक्खु सतेहि**) । त्यसबखत तीन वेदका ज्ञाता, योग नक्षत्र शारीरिक लक्षण जान्ने ज्योतिष आचार्यमा नाम कमाएका सेल नामको ब्राह्मण



https://dhamma.digital

पनि आफ्ना ३०० जना शिष्य लिएर उक्त ठाउँमा आइपुगे। ब्राह्मणले भगवान् बुद्धको ३२ प्रकारका असाधारण महापुरुष-लक्षणलाई तीन वेदमा उल्लेख गरेअनुसार सम्झिए (**आगतानि खो पन अस्माकं मन्तेसु द्वातिंस महा-पुरिस लक्खणानि**)।

उक्त ब्राह्मणले बुद्धको असाधारण महापुरुष लक्षण बारे बुद्धकै सामुन्ने प्रशंसा गरेका थिए। योग,नक्षत्र, शारीरिक लक्षणका ज्ञाता ज्योतिष आचार्यले मानव विशेष गुणले सम्पन्न, सर्वगुण सम्पन्न व्यक्तिहरूको जन्म दुर्लभ बुद्ध, युग पुरुषहरूसँग मात्र यस्तो ३२ लक्षण हुन्छन्। अन्तमा आफ्ना ३०० शिष्यहरू सहित सेल ब्राह्मण भगवान् बुद्धको संगतमा परेर दीक्षा लिई भिक्षु बने। सबैले अर्हत् पद प्राप्त गरे। उक्त विदूत ब्राह्मणले बुद्धको उपदेश सुन्नु अगाडि नै ३२ महापुरुष लक्षण देखेर त्यस्तो महापुरुष न पहिला आफ्नो जीवनमा थिए न पछि भेट्टाउन सकिएला भनी शारीरिक लक्षण कै आधारमा बुद्धको शरणमा पुगेको देखिन्छ।

अर्को शब्दमा वर्णन गर्ने हो भने बुद्धको सौन्दर्यताबारे नरसिंह गाथामा छन्द मिलाएर श्लोक वर्णन गरिएको छ, जुन कि यशोधराले राजकुमार राहुललाई बुद्धको अतुलनीय अनुपमताबारे वर्णन गरेकी थिइन्। यसप्रकारको वर्णन मानिसहरू बीचमा कमै होला र यस्तो प्रशंसाको स्तुतिको पूजा ग्रहण गर्नसक्ने पनि असाधारण गुण भएकै व्यक्तिले मात्र सम्भव छ। "(**समणो खलु, गोतमो अभिरूपो, दस्सनीयो, पासादिके, परमाय वण्णा, पोक्खरताय समन्नागतो ब्रह्मवन्नि ब्रह्मवच्छसी, अक्कुद्दाव कासो दस्सनाय**) : हे मित्रगण ! मानिसहरूको बीचमा सबैभन्दा सुन्दर व्यक्तित्व भगवान् बुद्ध हुनुहुन्छ। उहाँलाई एक पटक देखेपछि नहेरी बस्न सक्दैन। उहाँलाई फेरि फेरि पनि हेरिरहन मन लाग्छ। सदा हेरिरहुँ र आफ्नो दृष्टिबाट कहिल्यै ओझेल नहोस् भन्ने लाग्छ। उहाँको सुन्दरता अत्यन्त मनमोहक छ। सुवर्णमय छ। छवर्ण रश्मीले जाज्वल्यमान छ। उहाँको दर्शनमात्र पनि ठूलो, जीवन कै प्रीति, सुख, आनन्दको क्षण हो। उहाँको शरीरको चमक त ब्रह्मा सरह छ। त्यस्तै रुप काय श्री-स्वभावबाट भरिपूर्ण भगवान्लाई मैले बारम्बार भेटेको छु भनेर बुद्धको विलक्षण गुण वर्णन गर्ने व्यक्तिमा सोणदण्ड नामको ब्राह्मण पनि एक हो। - *दीघनिकाय, सोणदण्ड सुत्त।* (**सिङ्गी निक्कसवण्णो राजगहं पाविसि भगवा**) सुवर्ण वर्णले प्रभास्वरित भगवान् बुद्ध राजगृहमा पुग्नु भएको छ। - *महावग्ग।*

भगवान् बुद्धको प्रतिमा र मूर्ति संसार मै सबैभन्दा बढी प्रसिद्ध र व्यापक छ। सौन्दर्य साहित्यका अनुराग व्यक्तित्व बर्नार्ड साहको टेबलमा जहिले पनि भगवान् बुद्धको प्रतिमा सजाएका हुन्थे। ढुङ्गा, काठ, धातु चट्टान आदि जुनसुकै चीजमा बुद्धको प्रतिमा चित्रित गरियो, कुदियो भने त्यो ठाउँ र त्यो चीज सबैको लागि पवित्र हुन्थ्यो। जवाहरलाल नेहरू राजनीतिक बन्दीको रुपमा जेलमा रहँदा श्रीलंका स्थित अनुराधापुरमा




https://dhamma.digital

रहेको बुद्ध मूर्तिलाई निहालेर ध्यान गर्दै मनलाई सान्त्वना दिने गरेको तथ्य बाहिर आएको छ। यसर्थ असाधारण, निर्दोष, गरिमामय, पवित्रताको प्रतिबिम्बको रुपमा कुनै मूर्ति बन्छ भने उहाँ भगवान् बुद्ध नै हुनुहुन्छ। यी सबै तथ्यबाट शारीरिक, भौतिक तथा आध्यात्मिक ज्ञान गुणले पनि बुद्ध नै अतुलनीय सुन्दर सदावहार व्यक्तित्व हुनुहुन्छ।




https://dhamma.digital



*भगवान् बुद्धले बहुजनहित र सुखको निम्ति धर्मप्रचार गर्नुहुँदा "यो पुर्वेलीहरूको निम्ति", "यो पश्चिमेलीहरूको निम्ति", "यो गरिब निमुखाहरूको लागि", "यो धनीहरूको लागि", "यो तल्लो जातिहरूको निम्ति", "यो आर्यहरूको निम्ति", "यो अनार्यहरूको निम्ति" भनेर कहिले पनि भेदभाव गर्नुभएन । उहाँको असीमित करुणा सम्पूर्ण प्राणीहरूप्रति समान रुपले थियो ।*



https://dhamma.digital



*भगवान् बुद्धले साहसका साथ भन्नुभएको थियो कि परापूर्वकालमा धेरै असल ब्राह्मिणहरू थिए र उनीहरू धेरै राम्रा ब्रह्मगुणहरूले भरिपूर्ण थिए । तर अहिलेको वर्तमान ब्राह्मिणहरूमा भने त्यस्तो असल गुणहरू देख्न पाइदैन ।*



https://dhamma.digital

अध्याय २०



# भगवान् बुद्ध एक महान् मनोवैज्ञानिक

बुद्धत्व प्राप्त गर्नुभन्दा अघि नै राजकुमार सिद्धार्थले मानिसहरूको चरित्र, स्वभाव र मनोवृत्तिबारे गहिरो अध्ययन शुरु गरिसकेका थिए । बुद्धत्व प्राप्ति पश्चात् मानिस र मानिसको मानसिक अवस्था एवम् जीवन र जगत बारे सम्पूर्ण ज्ञान हासिल गर्नुभयो । अरुको चित्त स्थिति, मनस्थिति बारे पनि सम्पूर्ण ज्ञान हुने "**परचित्तविज्जाञाण**" प्राप्त गर्नुभयो । त्यसैले उहाँलाई भेट्न आउने हर व्यक्तिको पूर्ण विवरण उहाँलाई थाहा हुन्थ्यो । त्यति मात्र नभई उनीहरूको व्यक्तिगत स्वभाव, धारणा, प्रवृत्ति, मनोदशा र अतित जीवन र भविष्य कर्मबारे पनि उहाँलाई पूर्ण ज्ञान हुन्थ्यो । यसर्थ उहाँसँगको दर्शन भेट गर्न पाउने समकालीन पात्रहरू असाध्यै भाग्यमानी भए ।

उहाँलाई भेट्न पाउने प्रायः जसोले उच्च तहको ज्ञान प्राप्त गरेर जीवनलाई सफलतापूर्वक सिद्ध बाटोमा डोऱ्याए । बुद्धलाई दर्शन भेट गर्ने लगभग ९९ प्रतिशत पुण्यवान मानिसहरू थिए । कोही कोही घर गृहस्थमै फर्केनन् । उनीहरूले आफ्नो घरबार,अमूल्य जग्गा जमीन, परिवार, बालबच्चा सबै चीजलाई बिर्सेर पद प्रतिष्ठालाई पनि त्यागेर बुद्धका शिष्य हुन आए ।

मानिसको मन कति तीब्र वेगवान, चञ्चल मनोमय हुन्छ भन्ने बारे सूक्ष्म भन्दा सूक्ष्म तरीकाले मनोवैज्ञानिक तवरले बुझ्नु हुने भगवान् बुद्ध नै हुनुहुन्छ । बुद्ध आफैले म अद्भूत, जहिले पनि जागरुक हुन्छु भन्नुहुन्छ । मनको शक्ति बारे वहाँले यस्तो चर्चा गर्नुभएको छ, "हे भिक्षुहरू, मैले चाहेमा सबै ऋद्धि शक्ति, चमत्कार, चित्त शक्ति प्रयोग गर्नसक्छु । म धेरैको अगाडि एक जनामात्र बन्न सक्छु । कहिले दुईजना पनि हुन सक्छु । फेरि जति जना मन लाग्यो त्यति नै संख्यामा रुप प्रदर्शन गर्नसक्छु । म सबैले प्रत्यक्ष देख्ने गरी प्रादुर्भाव हुनसक्छु भने कहिलेकाहीं कसैले नदेख्ने गरी अदृष्य भई अर्न्तधान पनि हुनसक्छु । म भित्ता, पर्खाल, पहाड, चट्टानमा, भिरालोमा नछोइकन नै हावामा हिँड्न सक्छु । म पानी भित्र गएर गहिरो पिँधसम्म पनि जानसक्छु । चरा जस्तै आकाशमा हावामा उड्न सक्छु । धर्तीमा हिँडे जस्तै हावामा हिँड्न सक्छु । चन्द्रमा र सूर्यलाई पनि हातले छुन सक्छु ।"



https://dhamma.digital



*"हे भिक्षुहरू ! गाउँ, नगर, शहर, बजार सबै ठाउँमा बहुजनहित र बहुजनसुखको निम्ति, मानिसहरूको लागि मात्र नभई देवताहरूको लागि पनि, संसारमा करुणा राखी तिमीहरू दुई जना एउटा बाटोबाट नगई एक जना एउटा बाटोमा लोककल्याणको लागि धर्मयात्रामा जाऊ । यो आदि, मध्य र अन्तमा पूर्ण भएको असल धर्म प्रचारप्रसार गरिदिनु । म पनि धर्मप्रचारको लागि उरुवेलको सेनानी नगरमा जानेछु ।"*



https://dhamma.digital

"हे भिक्षुहरू हो ! मैले चाहेमा मेरो अतीतका जन्महरू सबैलाई सम्झन सक्छु। एक जन्मकोमात्र नभई सयौँ हजारौँ पूर्व जन्मको बारे पनि स्मरण गर्नसक्छु। मैले कल्पौँ कल्प अगाडिको समाज, कूल, खानदान यसरी यसरी बाँचेका थिए भनेर छर्लङ्ग पार्न सक्छु। त्यहाँबाट मृत्यु भएर त्यो त्यो ठाउँमा फेरि पुनर्भव, जन्मिने छ भनेर पनि भन्नसक्छु। फलानो कूलमा, फलानो नाममा जन्मिएर फेरि भावी जन्म त्यसमा लिन्छु भनेर घोषणा गर्नसक्छु। मैले चाहेमा दिव्यचक्षुको शक्तिले पुरुष तथा महिलाको जन्म र मरणबारे उनीहरूको अवस्था, स्थिति, उच्च निम्न, राम्रो नराम्रो बारे पनि बताउन सक्छु। मलाई फलानो व्यक्ति नराम्रो काम गरे दुर्गतिमा जन्म लिन पुग्ने साथै फलानो फलानो व्यक्ति राम्रो पुण्यमय काम गरी सुगति देवलोकमा कसरी पुगे भन्ने पूर्ण ज्ञान छ।" - *संयुक्त निकाय, कस्सप संयुक्त।*

मानिसहरूको चित्त, स्थिति, स्वभाव, मनको मति र गति बारे पूर्ण रुपमा विस्तृत रुपमा थाहा हुने महान् मनोवैज्ञानिक भगवान् बुद्ध नै हुनुहुन्छ। "हे भिक्षुहरू ! मानिसहरूको बीचमा पुरुषको मनलाई लोभ्याउने स्त्री रुप बाहेक अरु विषयवस्तु हुन सक्दैन भन्ने बारे मेरो ज्ञान दृष्टिले देखें (**नाहं भिक्खवे अञ्ञं एकरुपम्पि समनुपस्सामि,यं एवं पुरिसस्स चित्तं परियादाय तिट्ठति, यथाइदं भिक्खवे पुरिसस्स चित्तं परियादाय तिट्ठति**)।

त्यसैगरी "हे भिक्षुहरू ! यो संसारमा स्त्रीको स्वर जत्तिको पुरुषको मन लोभ्याउने अरु कुनै ध्वनी स्वर हुँदैन। महिलाको रुप स्वरमा नै पुरुषको मनमा अटल आशक्ति गाडिएको हुन्छ (**नाहं भिक्खवे अञ्ञं एकसद्दम्पि समनुपस्सामि यं एवं पुरिसस्स चित्तं परियादाय तिट्ठति यथाइदं भिक्खवे इत्थिसद्दं। इत्थिसद्दं भिक्खवे पुरिसस्स चित्तं परियादाय तिट्ठति**)।"

"एवम् प्रकारले हे भिक्षुहरूहो ! रुप शब्द मात्र होइन महिलाको गन्ध, स्वाद र स्पर्श यो संसारमा पुरुषको लागि सबैभन्दा आकर्षक हुन्छ। हे भिक्षुहरू ! यी पञ्च इन्द्रिय आशक्ति, आदत र नसालाई उल्लेख र निर्मूल पार्ने विषयवस्तु स्मृतिप्रस्थान ध्यान हो। ध्यानको अभ्यासले मात्र ती चाहना र तृष्णालाई क्षय गर्ने सम्भावना हुन्छ। ती अशुद्धिपनलाई हटाउन ध्यान भावना बाहेक अरु देख्दिनँ (**नाहं भिक्खवे अञ्ञं एक धम्मपि समनुपस्सामि यं एवं अभावितं महतो अनत्थाय संवत्तति, यथाइदं चित्तं**)।"

"हे भिक्षुहरू ! मनको स्वभावलाई अपरा रुपमा सुभ प्रगति र डोऱ्याउने हो भने ध्यान भावनाको विकासले मात्र सम्भव हुन्छ (**नाहं भिक्खवे अञ्ञं एकधम्मम्पि समनुपस्सामि, यं एवं भावितं, बहुलिकतं महतो अत्थाय संवत्तति, यथाइदं चित्तं**)।"

"हे भिक्षुहरू ! यो हाम्रो अर्धचित्तको अर्धचेतन वास्तवमै शुद्ध, पवित्र, निर्मल र



https://dhamma.digital

प्रभास्वर रहन्छ । तर बाह्य विषयसँग घुलमिल हुनासाथ तुरुन्तै दूषित र मैलो हुन्छ (**पभस्सर मिदं भिक्खवे चित्तं तञ्च खो आगन्तुकेहि उपक्किलेसेहि उपक्किलित्थं**) ।"

*- अंगुत्तर निकाय, एकक निपात ।*

भगवान् बुद्धले आफ्नो करुणा र मैत्रीयुक्त चित्तले पुरुष र महिलाहरूको हृदय छुनेगरी उपदेश दिनुहुन्थ्यो । मानिसहरूले भित्री हृदयदेखि उहाँको उपदेशलाई नमन गर्दथे । यदि १००० जनाले बुद्ध उपदेश सामूहिक रुपमा सुनेका छन् भने उनीहरूमध्ये हरेक एक जनाले यो उपदेश त मेरो लागि नै हो वा विशेषगरी मलाई नै भन्नुभएको हो भनी ग्रहण गर्दथे ।


बुद्धलाई भेट्न आउने सबै जसोको मनमा उहाँको उपदेश प्रभावशाली रुपमा भित्रसम्म गाडिएको हुन्थ्यो । बुद्धको उपदेश सुन्न पाएर खुसी नहुने कोहीपनि हुँदैनथे । त्यसैगरी सन्तुष्ट भएर नै छलफल, सम्वाद, प्रश्न, उत्तर गर्छन् । एक दुई जना मानिसहरू जस्तै मागन्धि ब्राह्मण र उनकी छोरीले बुद्धद्वारा विवाहको प्रस्ताव अस्वीकार गर्दा उनीहरू असन्तुष्ट र रिसाएका थिए ।

भगवान् बुद्धको भनाई अनुसार हरेक मानिसको क्रियाकलापमा मन नै सर्वप्रथम अगुवा हो, प्रमुख हो (**मनोपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया**) । मानिसको मनले दिन, महिना, बर्ष लगाएर धेरै प्रयत्न गरी मनकै उपजको रुपमा दिनानुदिन नयाँ आविष्कारहरू गर्दै आएका छन् । आधुनिक जमानाका वैज्ञानिकहरूले मनलाई तीब्र र तीक्ष्ण रुपमा विकास गरी विज्ञान र प्रविधिमा चमत्कार नै ल्याएर व्यवस्थामै परिवर्तन ल्याएको छ । मेसीनरी औजार सामानको विकास गरी मनोमय उर्जाले नै मानिसहरू चन्द्रमामा पाइला टेक्न सम्भव भएको हो । यदि हामीले भौतिक उपलब्धिमा मनको शक्ति दिनानुदिन प्रयोग गरी उन्नति, विकास र सफलता हासिल गर्न सक्छौं भने त्यही मनलाई विषयगत आध्यात्मिक रुपमा ध्यान, ज्ञान र झानमा प्रयोग गरेमा कत्तिको उपलब्धि हुने थियो होला ! यसरी मनोवैज्ञानिक दृष्टिकोणले आधुनिक वैज्ञानिकहरूले जस्तै मनको विषयमा सफलता हासिल गरी विजयी हुने भगवान् बुद्ध एक प्रमुख मनोवैज्ञानिक हुनुहुन्छ ।

त्यसप्रकारको आध्यात्मिक विधि, ध्यान र योगको प्रयोग गरी मनलाई विकास र सफलतामा पुऱ्याउने माध्यम बिस्तारै हराएर गयो । भौतिक सफलता र भौतिक विजयलाई मात्र प्राथमिकता दिँदा मानव समाजमा यो अभ्यास विधि हराउनु भनेको ठूलो घाटा हो । अहिले पनि पश्चिमी मानिसहरूले चित्त शक्तिको प्रयोग गरी ऋद्धिसिद्धि, चमत्कार शक्ति देखाउन सक्छ, हुन सक्छ भन्ने कुरालाई विश्वास गर्छन् । तर कुनै पनि व्यक्तिले बुद्ध धर्मलाई गहिरिएर अध्ययन र अभ्यास गरेको खण्डमा चित्तको शक्तिभन्दा यो संसारमा अरु कुनै अन्य शक्ति बलवान हुँदैन भन्ने कुरा बोध हुन्छ । संक्षिप्तमा निर्वाण



https://dhamma.digital



*राजा उदास भएको देखी भगवान् बुद्धले भन्नुभयो, "हे राजन ! महिलाहरू पनि कुशल, महान र बुद्धिमान हुन्छन् । त्यसैले मल्लिका महारानीबाट प्राप्त छोरीलाई तपाईले राम्ररी हेरचाह गर्नुपर्छ । बुद्धिमता र सद्गुणले पूर्ण, जसले आफ्नो सासु ससुरालाई भगवान् सरह मान्छिन्, चरित्रवान् महिला पनि आर्य पुद्गल हुन् । यस्तो महिलाको छोराले एकदिन राजगद्दि पनि समाल्न सक्नेछ ।"*



https://dhamma.digital

एक मानसिक विषय हो। चित्तको अवस्था हो। प्रकाशमय पुञ्ज हो। मनमा भएका तृष्णा र अज्ञानतारुपी बन्धनबाट छुटकारा पाएर पूर्ण रुपमा चित्त निर्मूल अवस्थाको क्षण हो। हाम्रो यो शरीर चित्त आशक्ति, बन्धन र दोषले गर्दा नै कुण्ठित, गाह्रो र भारी अनि रोगी हुने हो। त्यसबाट छुटकारा पाई बन्धन मुक्त भएमा स्वतन्त्र र हलुका भई मुक्ति अवस्था प्राप्त हुने हो।

यो संसारमा सबै जसो अद्‌भूत आश्चर्य र ऋद्धि चमत्कार जीवित मान्छेको मनले नै सृजना गर्ने हो। मरेको शरीर र निष्कृय चित्तले त्यसप्रकारको अद्‌भूत कार्य गर्न सक्दैन। मानिसको मनले नै आवश्यक शक्ति उर्जा विकास गरी मनलाई वशमा पारी ऋद्धि चमत्कार देखाउने हो। जीवित शरीरबाट मन छुटेर जानासाथै त्यो शरीरमा फरक किसिमको परिवर्तन आउँछ। त्यसबाट पनि चित्तको कति शक्ति हुन्छ भन्ने ख्याल गर्न सकिन्छ। मानिसको मन सम्बन्धी अन्तर गहिराइमा संश्लेषण, विश्लेषण र व्याख्या गर्नसक्ने मनोवैज्ञानिक प्रमुख बुद्ध नै हुनुहुन्छ। वैज्ञानिकहरूले मनकै सहयोगमा थुप्रै विषयमा सफलता हासिल गरेका छन्। संसारमा नै परिवर्तन आउने गरी युगान्तकारी उपलब्धि हासिल गरेको पनि मन कै परिधिमा रहेर हो भन्न सकिन्छ।

योग, ध्यान र झानको एकाग्रताले ऋद्धि सिद्धिमा पुग्नसक्ने विषयलाई पनि आधुनिक वैज्ञानिकहरूले खोज अनुसन्धान गरिरहेका छन्। यस सम्बन्धमा उनीहरूको आधुनिक विकास र आविष्कारले मानिसको मानसिक र आध्यात्मिक विकासको विषयलाई राम्ररी छुन सकेको छैन। मानिसले विज्ञान प्रविधिको आविष्कारबाट शारीरिक रुपमा आफ्नो उच्च कद वृद्धि गर्ने सफलता हासिल गरेजस्तै नै बुद्ध, प्रत्येक बुद्ध, अरहन्तहरूले आफ्नो चित्त शक्तिलाई प्रयोग गरी उच्च उचाईमा पनि पुग्न सक्दछ भने मनको सतह तल पिँढमा पनि पुग्न सक्दछ। यी योगी तपस्वी श्रमणहरूले त्यस तहको उचाईमा पुगेर शक्ति हासिल गरेको तर पूर्ण रुपमा निर्मूल पार्न नसक्दा चित्त दूषित हुनासाथ त्यो शक्ति क्षीण भएको पनि देखिन्छ।

देवताहरूका राजा इन्द्र एक पटक कुशल शासन गरेका राजा महामनधातुबाट निकै प्रसन्न भए। शक्र इन्द्रले उसलाई जिउँदै देवलोकमा लगी आफ्नो आधा देवलोक छुट्याएर दिए। महामनधातुले केही क्षण देवलोकको सुख अनुभव गर्दा गर्दै त्यो शक्र इन्द्रलाई मारेर बाँकी आधा राज्य पनि लिन्छु भन्ने कुविचारमनमा पलायो। तत्काल नै उक्त कुविचार लोभी पनले गर्दा तुरुन्तै ऊ आफू मनुष्य लोकको आफ्नो बगैंचामा झर्नुपर्‍यो। यस कथाले हामीलाई मानिसको सुविचारले मानिसको उचाई विकसित हुँदै उच्च तहमा देवलोकसम्म पनि पुर्‍याउँछ तर कुविचारले तुरुन्त तल जमीनमा झर्नुपर्ने हुन्छ भन्ने पाठ सिकाउँछ।



https://dhamma.digital

भगवान् बुद्धले झान समाधिको समापत्ति सुख, विपश्यनाको समापत्ति सुख तथा निर्वाणको समापत्ति सुख अनुभव गरी अववोध गर्नुभयो । उहाँले ऋद्धि चमत्कारलाई महत्व दिनुभएको छैन । प्रख्याती कमाउन अरुलाई खुशी पार्न तथा आफू शक्तिशाली देखाउन गरिने ऋद्धि चमत्कारलाई बुद्धले दोष देख्नुभएको छ । मानिसहरूलाई अचम्भित तुल्याई जादुगरले जस्तै ऋद्धि चमत्कार देखाउनमा बुद्धले बन्देज गर्नुभएको छ । उहाँले मानिसहरूको माझमा ऋद्धि चमत्कार, जादु देखाएर अरुको मनमा विकास र विशुद्धतामा सहयोग पुग्दैन भन्नुहुँदै भिक्षु पिण्डोल भारद्वाजले अस्वस्थ प्रतिस्पर्धा गरी देखाइएको ऋद्धि चमत्कारको दोष देखाई असहमति देखाउनु भएको थियो ।

एक समय भगवान् बुद्ध नालन्दा नजिक रहेको पावारिक आँपको बगैंचामा बस्नु भएको थियो । त्यसबेला केवद नामको श्रद्धालुले बुद्धलाई दर्शन गरी यसो भने, "भगवान् ! नालन्दा शहर असाध्यै विकसित र समृद्ध छ । मानिसहरू धेरै छन् । तपाईलाई मान्ने श्रद्धालुहरू पनि धेरै छन् । यदि तपाईका शिष्यहरूमध्ये कसैले ऋद्धि चमत्कार देखाउनु भयो भने शहरका मानिसहरूले तपाईलाई झन बढी मान्नेछन् । कृपया यसका लागि कुनै चेलालाई तपाईले अनुमति दिनुस् ।" केवदको यो अनुरोधलाई बुद्धले यसो भन्नुभयो, "केवद ! म मेरो शिष्यहरूलाई सर्वसाधारण मानिसको फाइदा पुऱ्याउन भनी ऋद्धि चमत्कार शक्ति प्रदर्शन गर्ने विषयमा कहिल्यै कसैलाई भन्दिनं । अनुमति पनि दिन्नं ।" केवदको प्रस्तावलाई बुद्धले स्वीकार्नु भएन । उसले तीन पटक प्रार्थना सहित अनुरोध गरे । भगवान् बुद्धले पनि तीन पटक नै अस्वीकार गर्नुभयो ।

ऋद्धि चमत्कारको प्रसंगमा बुद्धसँग जोडिएको अर्को घटना रहेको छ । भगवान् बुद्ध आफ्ना शिष्यहरू सहित एक दिन नदीको किनारामा पुग्नुभयो । नाउ सवार गर्ने व्यक्तिले मानिसहरू नदी वारपार गराइरहेका थिए । त्यही समयमा एक दुब्लो, पातलो, बाक्लो, लामो, केश दाह्री सहितको जटाधारी ऋषिले बुद्धलाई व्यङ्ग गर्दै हाँसेर जिस्काए । त्यसपछि ऊ पानीमाथि हिँडेर देखाउँदै नदी पार गरे ।

उसको ऋद्धि चमत्कार हेर्दै एक शिष्यले भगवान् बुद्धसँग प्रार्थना गरे, "हे भगवान्, त्यो ऋषि पानीमा हिँडे जस्तै तपाई पनि पानी माथि हिँडेको हेर्न चाहन्छु ।" भगवान् बुद्ध मुसुक्क हाँस्नुभयो "यो कस्तो संसार हो ? के यहाँ कुनै चीजको मूल्य छैन र ? तर जे भएपनि यो प्रसंगको घटनाको मूल्य जनाइदिने छु ।" डुङ्गा खियाउने व्यक्ति उहाँहरू नजिक लिन आईपुगे । डुङ्गा खियाउने मानिसले बुद्धलाई नमस्कार गरे । बुद्धले भन्नुभयो, "तिमीले मानिसहरूलाई अर्को किनारामा पुऱ्याउँछौ । एक पटकको सवारमा मानिसबाट कति पैसा लिन्छौ ?" "भगवान् ! यात्रुले आधा मासक सिक्का दिएर जान्छ ।" भनी उत्तर दियो । आधा मासक भनेको सबैभन्दा कम मूल्यको सिक्का दाम हो । भगवान्



https://dhamma.digital

बुद्धले त्यो शिष्यलाई भन्नुभयो , "त्यस ऋषिको मूल्य के अब आधा मासक बराबरको हुन गएन त ? तर उसले आफ्नो यो शरीरमा ऋद्धिशक्ति प्राप्त गर्न धेरै समय लगाएर धेरै मेहेनतका साथ योग साधना गरे । प्राप्त गरेको उर्जा बलशक्ति हो । आधा मासक सिक्काले फत्ते हुने कामलाई यत्रो समय मेहेनत लगाएर किन समय खेर फाल्ने ?"

प्रायः मानिसहरूले खास समस्यालाई पहिचान गर्न सकिरहेका हुँदैनन् । आफूसँग नजिकमा रहेका मानिसहरू र परिषदको मूल्य सत्यज्ञान नभएको हुनाले थाहा पाइरहेका हुँदैनन् । अभिभावकहरूलाई आफ्ना बच्चाहरूको मनमा के भईरहेछ थाहा हुँदैन । गुरुहरूलाई वास्तवमै विद्यार्थीको चाहना र रुची बारे जानकारी हुँदैन । शासकहरूलाई समाजको विचार र विषयसँग परिचित नहुँदाको कारण सधैँजसो समस्या खडा भइरहेको हुन्छ ।

संसारमा सबै व्यक्ति मनोवैज्ञानिक हुँदैनन् । अरुको मन र आशय बुझ्न सक्ने व्यक्तिहरू हातको औँलामा गन्न मिल्ने सरह थोरै हुन्छन् । त्यसप्रकार समाजमा थोरै मानिसले मात्र मनोवैज्ञानिक तरिकाले उपचार गर्ने क्षमता राख्दछ । धेरैको संख्यामा मानिसहरूलाई प्रसन्न, प्रफुल्लित र उपकार गर्नसक्ने मनोवैज्ञानिक कोही हुनुहुन्छ भने उहाँ भगवान् बुद्ध नै हुनुहुन्छ । कुनैपनि काम गर्न तयार हुँदा हामीले भगवान् बुद्धले सिकाउनु भएजस्तै उच्च पाठ सिकेर उहाँबाट प्रेरणा लिएर मनोवैज्ञानिक विधिबाट काम गर्न जानेमा, अरु मानिसको मनलाई बुझेर कार्य गर्दा जीवन सार हुनेछ । तसर्थ बहुआयामिक पक्षधर भगवान् बुद्ध मानिसहरूको बीचमा उच्च तहको मनोवैज्ञानिक हुनुहुन्छ ।

Dhamma Digital

## अत्याचार

*धर्मको इतिहासको सागरमा म बुद्धधर्मको इतिहासलाई रुचाउँछु । विशेषगरि बुद्धधर्मको अघिल्लो इतिहासलाई, किनभने यस धर्ममा सबैभन्दा कम अत्याचार र उत्पीडनको तत्व रहेको छ ।*

*- Bertrand Russell*


## मनुष्यत्त्वको धर्म

*चन्द्र र सूर्य झैँ, जबसम्म मानवजाति यो संसारमा रहनेछ तबसम्म बुद्धधर्म रहने छ । किनभने यो धर्म मनुष्यत्त्व र मानवजातिको लागि हो ।*

*- Bandaranaike, Former Prime Minister of Sri Lanka*



https://dhamma.digital



*"यदि मानिस प्रायः रिसाउँछ भने, इख राखिराख्छ भने, आफूलाई गरिदिएको सहयोग बिर्सन्छ भने, मिथ्यादृष्टि छ भने, आफ्नो गल्ति लुकाउँछ भने, ऋण लिएर पनि फिर्ता दिन विभिन्न बाहना बनाउँछ भने, सक्षम भएर पनि आफ्नो आमाबुबाको सेवा गर्दैन भने, अरुको घरमा गएर मिठो मिठो खाने तर आफ्नो घरमा पाहुना आउँदा राम्ररी हेरचाह गर्दैन भने त्यस्तो व्यक्तिलाई वसल भनिन्छ।"*



https://dhamma.digital



# भगवान् बुद्ध धार्मिक राज्यको धार्मिक राजा

भगवान् बुद्ध एक धार्मिक राजा हुनुहुन्थ्यो । उहाँले छुट्टै धार्मिक राज्य खडा गरी धर्म शासन गर्नुभयो । त्यसैले हामी सर्वज्ञ राजा बुद्धराजन पनि भन्ने गर्छौं । उहाँले भौतिक राज्यलाई त्याग गर्नुभयो । जङ्गल गएर प्रव्रजित हुनुभई भौतिक चीजहरू छोडेर पहेंलो वस्त्र र भिक्षा पात्र समाउनु भयो । तर पनि उहाँले असल मानिसहरू जम्मा गरी अनुशासनको पालना गर्ने सेनाहरू तयार गरी धार्मिक राज्यको स्थापना गरे । उहाँ संसारका अरु राजाहरू भन्दा बिल्कुल फरक राजा, शासकको रुपमा धर्म राजा हुनुभयो । धर्म राजा, धार्मिक राजा उहाँको एउटा अर्को पदवी हो ।

तीन वेदका गुरु सेल नामको ब्राह्मण एकदिन बुद्धकोमा आए । उसले बुद्धको शारीरिक महापुरुष लक्षण र अनुव्यञ्जनलाई हेरेर महापुरुष भनी थाहा पाई बुद्धलाई यसो भने, "तपाई महापुरुषमा हुनुपर्ने सबै गुण र लक्षणले भरिपूर्ण हुनुहुन्छ । तपाई चक्रवर्ती भाग्यका साथ किन राज्य गर्नुहुन्न ?" भगवान् बुद्धले प्रतिउत्तर दिनुभयो, "हे सेल ब्राह्मण, म पनि राजा नै हुँ । म महान् धार्मिक राजा हुँ । अरुले शासन गर्न नसक्ने धार्मिक राज्यलाई म सञ्चालन गर्दछु ।"

*- सुत्तनिपात, सेल सुत्त*

सेल ब्राह्मणले बुझ्न खोजे, "यदि तपाई राजा हुनुहुन्छ भने तपाईको सेनापति खोई ?" बुद्धले अगाडि रहनुभएका भिक्षु सारिपुत्रलाई देखाउनु हुँदै, "अग्रश्रावक सारि पुत्रले धर्मको चक्रलाई मैले घुमाए जस्तै संरक्षण गरी जिम्मा लिएर अगाडि बढ्नेछ । यसर्थ सारिपुत्र धार्मिक राजाको धर्म सेनापति हो । साथै त्यस धार्मिक राज्यको राजधानी धर्मनगर हुनेछ ।"

मिलिन्द प्रश्न जस्तो प्रसिद्ध ग्रन्थमा पनि राजा मिलिन्दलाई धार्मिक राज्य प्रकृति स्वरुपबारे भिक्षु नागसेनले चर्चा गरेको पाइन्छ । 'हे राजन ! भगवान् बुद्धको धर्मनगरीमा क्लेशरुपी शत्रु र लुटेराहरूलाई छेक्न बलियो पर्खाल र गढहरू बनाइएका छन् । यी बालिया गढहरू लज्जारुपी माटोले निर्माण गरिएको छ । त्यसको प्रवेश मार्ग ढोका भनेको



https://dhamma.digital

त्राण, बुद्धिज्ञान हो । यसको किल्ला भनेको वीर्य हो । यस राज्यको खम्बा पोस्ट भनेको (इन्दसाल) नहल्लिने किसिमको सुरक्षा भनेकै श्रद्धा आस्था हो । ठाउँ ठाउँको सुरक्षा पोस्ट सति स्मृति हो । धर्म नगरीको दरबार भनेको प्रज्ञा ज्ञान हो । धर्म अनुशासन र प्रवचन सन्तत धम्म राजकीय आगन चोक हुन् । तत्व ज्ञान अभिधर्म चौबाटोको दोभान हो । विनय, धर्म, नीति, नियम पालन र नियन्त्रण गरी लागू गर्ने अदालत हुन् । राज्यको चार वटा मूल राजमार्ग भनेको सतिपट्ठान अर्थात् चार स्मृतिप्रस्थान हुन् । हे राजन ! यी चार राजमार्गमा सबै प्रकारका राम्रा फूलहरू बेच्ने पसलहरू छन् । फलफूलको पसल, सुगन्धित अत्तर बेच्ने पसल छन् । त्यस्तै विषबाट बच्नको लागि प्रसस्त औषधीहरू पनि बेचिरहेका छन् । विभिन्न औषधालयहरू पनि छन् । अमृत बेच्ने पसल पनि छ । मूल्यवान गहना रत्न आभूषण बिक्री गर्ने पसलहरू पनि छन् । त्यहाँ विभिन्न थरीका सामग्रीहरू बेच्ने खुद्रा पसलहरू पनि छन् । त्यस्तै ८ प्रकारका मुख्य चाहिने पसलहरू पनि छन् । त्यहाँ सजाएका पसलहरू मध्ये फूलको पसलमा विशेषगरी अर्हत ज्ञान प्राप्त गर्न ध्यान केन्द्रित गरिएका फूल पसल छन् । ती फूलहरूले लोभ, राग, रिस, क्रोध, दोष र अविद्या, अज्ञानता, मोहलाई हटाउन प्रयास गर्छ । यसलाई पूर्ण रुपमा निर्मूल पार्न **अनित्यमा, दुःखमा, अनात्ममा, अशुभमा, आदिनवमा, पहानमा, विरागमा, निरोधमा, लोकेअभिरतमा, सब्ब संखारेसु अनिच्च, आनापानासति, उद्धुमातका, विनीलका, विपुब्बका, विच्छिदका, विखायतिका, विकिता, हतविक्खितक, लोहितका, पुलावका, अट्ठिका मेत्ता, मरणानुसति, कायागतासति** जस्ता विषयवस्तु र हतियार तयार गरी शत्रुमाथि विजय प्राप्त गर्दछ ।

अत्तर सुगन्ध बेच्ने पसलमा सुगन्धित बासनाले युक्त सरणशील, पञ्चशील, अष्टशील, दशशील, प्रातिमोक्ष संवर शीलहरू बिक्रीमा राखेका छन् । जो असल मानिस हुन् उनीहरूले यी सुगन्धित अत्तर लगाएर दशै दिशामा बास्ना छर्न सक्छन् । त्यस राजमार्गमा खोलिएको फलफूल पसलमा वास्तविक रस भएका फलहरू, श्रोतापत्तिफल, सकृदागामीफल, अनागामिफल र अर्हतफलहरू पनि प्राप्त गर्न सकिन्छ । विषलाई साम्य पार्ने औषधीको रुपमा दुःख सच्च, समुदय सच्च, निरोध सच्च र दुःख निरोधगामिनी अरिय प्रतिपदा नामक प्रभावकारी जीवन उपयोगी औषधीहरू पनि रहेका छन् ।

त्यहाँ भएको औषधालयमा विरामी निको पार्ने औषधिहरू **चतु सतिपट्ठान, चतुसम्मप्पधान, चतुइद्धिपाद, पञ्चइन्द्रिय, पञ्चबल, सत्त बोज्झङ्ग र अरिय अट्ठङ्गिक मग्ग** गरी ३७ प्रकारका बोधिपक्षिय औषधिहरू रहेका छन् । पियूसावर्षिय पसलमा कायगतासति र अमता जस्ता औषधि सेवन गर्न सकिन्छ । शरीरलाई होस् राख्ने



https://dhamma.digital

पियूसावर्षिय कायगतासति हो भने मृत्युरहित स्वादलाई अमता, अमृत पद भनिन्छ। त्यसैले भगवान् बुद्धको वाणी रहेको छ, "**अमतंते भिक्खवे परिभुञ्जन्ति ये कायगतासतिं परिभुञ्जन्ति।**"

बुद्धको उपदेश अनुसार यी पियूसा वर्षिय औषधीले देव र मुनष्यहरूलाई जाति, जरा, ब्याधि, मरण, शोक, परिदेव, दुःख, दोमनस्स र उपायसबाट निकाली रक्षा गर्दछ। त्यहाँ खोलिएको आभूषण रत्न पसलमा पाइने बहुमूल्य गहनाहरूमा शीलरत्न, समाधिरत्न, पञ्ञारत्न, विमुक्तिरत्न, विमुक्तिञाण दर्शन रत्न, पतिसम्भिदा रत्न र बोज्झङ्ग रत्न जस्ता बहुमूल्य खजाना रहेका छन्। त्यस्तै विभिन्न सामग्री पाइने खुद्रा पसलमा बुद्धको शिक्षा नवाङ्ग गुण, शारीरिक अस्तिधातु र चैत्यहरू, पवित्र ग्रन्थ र संघरत्न पनि सुपथ मूल्यमै पाईन्छ।

भगवान् बुद्धको धर्म नगरी शहरमा थुप्रै प्रकारका नागरिकहरू बसोवास गर्दछन्। कुशल, प्रवीण र सिपालु नागरिक छन्। सुतानतिक, विनयधर, अभिधर्मधर, धर्मकथिक, जातक भानक, दीघनिकाय भानक, मज्झिमभानक, संयुक्तभानक, अंगुत्तरभानक, खुद्दकभानक, शील सम्पन्न, समाधि सम्पन्न, पञ्ञासम्पन्न, बोज्झङ्ग, विपश्यना अट्ठ अरञ्यक, रुक्खमूलीक, अभुकासिकस, पलला, पुज्जक, सोसनिक, सहिक, अभिञ्ञा, अर्हत, इदा अर्हत जस्ता उच्च स्तरका नागरिक र जनताले त्यो शहर संवृद्ध छ।


यस शहरका धार्मिक सेनाहरू महान् अर्हत पुद्गलहरू हुन्। जसले धर्म र न्यायलाई जगेर्ना गर्दछ। यस राज्यका परामर्शदाता, सल्लाहकार र अधिवक्ताहरू पनि चार ऋद्धिपादले सम्पन्न अर्हतहरू नै हुन्। त्यस्तै गरी न्यायाधीश र नगर ज्योतिकहरू पनि श्रावक अर्हतहरू नै हुन्, जसले धर्म न्यायलाई विधिपूर्वक शुद्ध रुपमा अवलम्बन गरी व्यवस्था चलाउँछ, राज्यलाई व्यवस्थित र सुरक्षित बनाउँछ। यहाँका भिक्षुहरू नै धर्म शासनलाई रक्षा गर्ने मन्त्रीहरू हुन्। उहाँहरूले नवाङ्ग शासनधर बुद्धको शासनलाई दिनरात मेहेनत गरी धारण, पालन र कार्यान्वयन गर्दछन्। यहाँका सामाजिक नेताहरू, धर्मसेठहरू पनि त्रिरत्नमा लागेका भिक्षुसंघ नै हुन्। हे राजन ! उहाँ सम्यक सम्बुद्ध यस राज्यको धार्मिक राजा हुनुभएकोले सबै क्षेत्रमा धर्म र न्याय स्थापना गरी संविधानपूर्वक विधि र विधानलाई लागु गरी सु-शासन कायम गर्नुभएको छ। कुविचार र अनैतिकवान शत्रुहरू त्यस राज्यमा, यस धर्मनगरमा पस्न सक्दैनन्।

*- मिलिन्द प्रश्न, महानुमान पणो।*

भगवान् बुद्धले धार्मिक राज्यमा खडा गर्नुभएका विभिन्न कार्यालय र जनतालाई दिने सेवाको व्यवस्था अहिलेको वर्तमान विश्वका शासकहरूलाई पनि अनुकरणीय नमूना हुनजान्छ। उहाँले नियुक्त गरेका शक्ति पदहरूमा मिलेमतो, नाता कुटुम्ब, आफन्त,



https://dhamma.digital



पञ्चशीलको सिद्धान्त भनेकै मानिसहरूलाई आफूले दैनिक जीवनमा बारम्बार गरिरहने नराम्रो कामहरूबाट अलग्ग रहनको लागि वाचा गराउनु हो ।



https://dhamma.digital

जात, स्वराष्ट्र, चाकडी, भ्रष्टाचार, विभेद, डर तथा अज्ञानताको लेस भएकाहरूलाई समेत नियुक्ति दिनु भएको छैन । उहाँले खडा गरेको राज्यमा काम गर्ने प्रशासकहरू असल चरित्रका छन् । कुनै पनि प्रकारको कुरा काट्ने, गोप्य राख्ने नभईकन सु-शासनको आधारमा जिम्मेवारी कर्तव्य, निष्ठा, एकता, पारदर्शी ढङ्गले राज्य व्यवस्था चलेको छ । उहाँले जब भिक्षु सारिपुत्र र भिक्षु मौद्गल्यायनलाई योग्यता, क्षमता र दक्षता अनुसार अग्रश्रावक प्रमुख चेलाको रुपमा आफ्नो दाँया बाँया नियुक्त गर्नुभयो । त्यसबेला बुद्धले भन्नुभयो, "मैले अनुहार हेरेर व्यक्तिहरूको नियुक्ति गर्ने होइन (**नाहं मुक्खं ओलोकेत्वा दम्मि**) ।"

आजकल आधुनिक शासक, प्रशासक, सभासद, मन्त्रीहरूले पनि कार्यलयमा मान्छे नियुक्ति गर्दा बुद्ध शासन विधिको नमुना लिँदाफाइदाजनक हुनसक्छ । कसैलाई नियुक्ति गर्दा व्यक्ति विशेषको प्रतिष्ठा, चरित्र भन्दा पनि योग्यता, क्षमता र दक्षतालाई मूल्याङ्कन गरी भगवान् बुद्धले यो जन्मको मात्र नभई पूर्व जन्मको पारमितालाई समेत परीक्षण गरी नियुक्ति गर्नुहुन्छ ।

उहाँले ती विभिन्न पदमा नियुक्ति गर्दा कडाईका साथ निपुर्णता, योग्यता र नैतिकता जाँच्नु हुन्छ । यसप्रकार उक्त नमुनायुक्त शहरका जनताहरू पनि नैतिकवान, चरित्रवान भएकोले पद प्रतिष्ठाको लागि भनसुन र प्रतिस्पर्धा गर्दैनन् । उनीहरू नियुक्तिका लागि लोभ पनि गर्दैनन् । पदको नियुक्ति पाएपछि आफ्नो जिम्मेवारी पनि बिर्सदैनन् । आफ्नो कर्तव्यमा कमजोरी हुन दिँदैनन् । उनीहरू आफू पनि दुःखमय सागरबाट तरेर अरुलाई पनि उपकार गर्न दिनरात विभिन्न श्मसान, गुफा, जङ्गल, रुखमुनी, चउर र चट्टानमा बसी मानसिक उर्जा विकास गरी आफू पनि सुखी र अरुलाई पनि सुखी बनाउन अनवरत लाग्दछन् ।

भगवान् बुद्धद्वारा आफ्नो धर्म राज्यमा खटाइएका उच्च ओहोदाका जिम्मेवार व्यक्तिहरू निम्न प्रकार छन् : चिररात्रज्ञ जेष्ठतामा भिक्षु अन्न्या कोण्डन्य, प्रज्ञामा भिक्षु सारिपुत्रलाई घोषणा गर्नुभएको छ। त्यस्तै गरी ऋद्धि प्रातिहार्यमा महाश्रावक मौद्गल्यायन, धुताङ्गमा भिक्षु महाकास्यप, दिव्यचक्षुमा भिक्षु अनिरुद्ध, कर्णप्रिय स्वरमा अग्र भिक्षु लकुण्टक भद्दिय, सिंहनाद महागर्जनमा भिक्षु पिण्डोल भारद्वाज, उत्कृष्ट धर्म व्याख्याकार भिक्षु पुण्ण जो मातनी ब्राह्मणीको छोरा थिए । त्यस्तै सविस्तार व्याख्यालाई संक्षेप सारमा भन्न सक्ने विशेषज्ञ भिक्षु महाकच्चायन, मनोमय विचित्र धर्मकथिक भिक्षु चूल्लपन्थक, अरुपध्यानमा भिक्षु महापन्थक एतदग्ग प्राप्त हुन् । सम्पूर्ण जीवन दोषरहित भई लाभमा अग्र सुभूति, वनवासी मध्येमा भिक्षु रेवत, समाधिमा अग्र भिक्षु कंखारेवत, वीर्यवान उद्योगीमा एतदग्ग भिक्षु सोण, प्रसन्न शब्दका स्वर धनीमा भिक्षु



https://dhamma.digital

कुटीकण्हासोण, चतुप्रत्यय लाभमा अग्र भिक्षु सीवली र आस्था गहिरो भक्तिभावका धनी भिक्षु वक्कलीलाई उच्च पदवी दिनुभएको छ ।

विनय अनुशासनको आज्ञाकारीमा अग्र भिक्षु राहुल, साथै ठूलो श्रद्धा विभोरले प्रब्रजित हुनेमा भिक्षु कुण्डावन्दना । त्यस्तै भावज्ञान बुझ्नमा अग्र भिक्षु वंगिस्स, स्थानोचित ज्ञानमा अग्रलाभी मल्ल राजाका छोरा भिक्षु दब्ब, देवताहरूका प्रियमा एतदग्ग भिक्षु पिलिन्दवच्छ, तीक्ष्ण ज्ञानमा बोध गर्ने भिक्षु दारुचिरिय बाहिय, वाक्शक्तिमा अग्र प्रवक्ता भिक्षु कुमारकास्यप, विश्लेषणात्मक ज्ञानमा अग्र भिक्षु महाकोठिक, महाज्ञानी स्मरण शक्तिमा धर्म भण्डारी भिक्षु आनन्द, त्यस्तै बृहत सेवा सुसारमा अग्र भिक्षु उरुवेलकास्यप, कुल सुखी मध्येमा अग्र भिक्षु कालुदायी, पूर्वजन्मको विशेषज्ञ भिक्षु सोभित, निरोगीतामा अग्र भिक्षु बाक्कुल तथा ओवाद अनुशासनको विनयमा अग्र भिक्षु उपालीलाई नियुक्ति दिइएको थियो । भिक्षुणीहरूलाई ओवाद दिनमा अग्र भिक्षु नन्दक र समवेदनालाई वशमा राख्न अग्र भिक्षु नन्द, भिक्षुहरूलाई सल्लाह दिनमा निपूर्ण भिक्षु महाकप्पिन, पाँच ऋद्धिपाद सहित ज्ञानमा अग्र भिक्षु सुगत, सरल धर्मकथिक भिक्षु राध, अल्पेक्षक चीवरधारीमा अग्र भिक्षु मोघराजहरूले बुद्धबाट उच्चतहको जिम्मेवारी पाएका थिए ।

एवम् प्रकारले महिला भिक्षुणीहरू निम्न प्रकारका छन्: चिररात्रज्ञमा अग्र भिक्षुणी महाप्रजापति गौतमी, प्रज्ञा ज्ञानमा अग्र भिक्षुणी खेमा, ऋद्धिशक्तिमा उत्पलवर्णा, विनयधारीमा भिक्षुणी पटाचारा, विचित्र धर्मकथिकमा भिक्षुणी धम्मदिन्ना, समाधिमा अग्र भिक्षुणी नन्दश्राविका, वीर्यवतीमा अग्र भिक्षुणी सोणा, अभिज्ञामा अग्र भिक्षुणी भद्राकुण्डलकेसी, दिव्यचक्षुमा अग्र भिक्षुणी सकुला, पूर्वजन्मको ज्ञातामा भिक्षुणी भद्रकपिलानी, मानसिक शक्तिमा अग्र भिक्षुणी भद्रकच्चायन, अल्पेक्षु चीवरधारीमा अग्र भिक्षुणी कृषागौतमी, आस्थामा अग्र भिक्षुणी सिगालमाता हुन् । यी भिक्षुणीहरूले धर्मराज्यमा विभिन्न कार्यालयहरूको जिम्मेवारी पाएका थिए ।

त्यस्तै गरी भगवान् बुद्धले गृहस्थी समाजको अग्र भूमिकामा अनाथपिण्डिक र विशाखा उपासिकालाई अग्र पदमा नियुक्ति गर्नुभएको छ । धर्मराज्यको सबै कार्यालयबाट पुण्यमय कार्य प्रभावकारी रुपमा सञ्चालन हुन्छन् । त्यसप्रकार यस धर्मराज्यलाई स्थापना र शासन गर्नु हुने भगवान् बुद्ध एक महान् कुशल शासक हुनुहुन्छ ।

२५०० वर्षको अवधिमा निर्माण भएका साम्राज्य र देशहरू १००, २०० बर्ष भित्रमा विभाजित टुक्रा भई युद्धको कारण विनाश भएको देखिन्छ । त्यस सम्बन्धमा विभिन्न प्रकारको युद्धमा हारजीत, प्राकृतिक प्रकोप, प्रलय, आक्रमण र आत्मसमर्पण, राज्यको विस्तार र विनाशका परिवर्तन सहित कुनै कुनै त नाम निशान नै हराएका



https://dhamma.digital



"हामीले हाम्रो छोरीको लागि योग्य वर भेट्टयौं । उहाँ कस्तो शानदार मानिस हो भनेर हामीले हेर्नैपर्छ ।" जब उ आफ्नी छोरीलाई लिएर आए तब भगवान् बुद्ध त्यो ठाउँबाट गइसक्नु भएको थियो । बुद्धले आफ्नो पाइतालाको छाप देखुन भनेर ऋद्धि-इच्छा गर्नुभएको थियो र उहाँ त्यहि ठाउँबाट केहि पर गएर बस्नुभयो । ब्राह्मिणकी श्रीमतिले त्यो छापलाई आफ्नो ज्योतिष विद्याअनुसार विश्लेषण गरेर भनिन्: "यो त अवश्य नै सम्पूर्ण क्लेशलाई क्षय गरिसकेको, सर्वज्ञ व्यक्तिको छाप हो ।"



https://dhamma.digital

राज्यहरू पनि छन् । तर भगवान् बुद्धले स्थापना गर्नुभएको धर्मराज्य र बुद्ध शासन २५०० बर्ष पुग्दा पनि निरन्तर संरक्षण, संवर्द्धन र विकास भई जीवन्त छ ।

जबसम्म यी धर्मराज्यका कर्मचारी संघहरूको अस्तित्व रहिरहन्छ, तबसम्म धर्मराज्य व्यापक रुपमा फैलिँदै जान्छ । यसरी बुद्धले धर्मराज्यको रूपमा स्थापना गर्नुभएको धर्मनगरी (राज्य) विना राजा पनि २५०० बर्ष भन्दा बढी संबृद्ध रुपमा फैलिएको एक मात्र राज्य हो ।




### *हामी बुद्धको तार्किकताबाट प्रभावित छौँ*

*जब हामी बुद्धको उपदेश पढ्छौँ, हामी उहाँको तार्किक क्षमता र युक्तिसङ्गग कुराबाट धेरै प्रभावित हुन्छौँ । उहाँको मध्यम मार्गको पहिलो खुड्किलो नै सम्यक् दृष्टि रहेको छ । उहाँले मानिसलाई आफ्नो क्षमता पूरा गर्न रोक्ने सम्पूर्ण अवरोधलाई हटाइ बाटो स्पष्ट पारिदिन प्रयास गर्नुहुन्छ ।*

*- Dr. S. Radhakrishna, "Gautama the Buddha"*



https://dhamma.digital



*भगवान् बुद्धले अल्छि, अनिच्छुक, निन्द्रालु र प्रयास नगर्ने भिक्षुहरूलाई निन्दा गर्नुभयो भने उत्साहित, निडर र साहसी भिक्षुहरूको प्रशंसा गर्नुभयो । यो तथ्यलाई विचार गर्दा बुद्ध एक प्रगतिशील शिक्षक हुनुहुन्थ्यो । बुद्धले प्रगति गर्ने व्यक्तिहरूलाई प्रशंसा गर्नेमात्र होइन कि आफै गएर पनि उसलाई हौसला दिनुहुन्थ्यो ।*



https://dhamma.digital



# भगवान् बुद्ध : त्रिलोक गुरु

भगवान् बुद्ध यो लोकको सुख प्रगतिसँगै परलोकको विषयमा शिक्षा दिनुहुने कुशल आध्यात्मिक गुरु हुनुहुन्छ । उहाँले यो संसारमा आफ्ना श्रद्धालु भिक्षुहरू सबैलाई अरहन्त नै बनाउने जिम्मा र इच्छा गर्नुभएन । उहाँले केवल दुःख मुक्ति मार्ग, निर्वाण बाटोमा लाग्न तथा अन्धकार, अज्ञानता हटाउन कोशिस गर्न निर्देशन दिनुभयो । साथै कुशल, मङ्गल, सुखी, आरोग्यताका साथ नराम्रो काम नगरी कुशल पुण्य संचय गर्न सिकाउनु भयो ।

उहाँले मानिसहरूलाई अनित्य बोध गरी, जीवनको महत्व बुझी, जीवनको सार प्राप्त होस् भन्ने हेर्न चाहनु भयो । त्यसैले मानिसहरूलाई आलश्यतापन हटाएर निरन्तर प्रयास जारी राख्न भन्ने गर्नुहुन्थ्यो, “आजैदेखि, अहिल्यैदेखि शुभ कार्यको लागि प्रयास गरौं, कसलाई के थाहा भोलिको जीवन रहला नरहला (**अज्जेव किच्चं आतप्पं को जञ्ञा मरणं सुवे**) ।”

भगवान् बुद्धले यसरी प्रश्न सवाल उठाउनु भएको छ। बुद्ध स्वयम् आफै २४ घण्टामा २ घण्टा मात्र आराम गर्नुहुन्थ्यो । तर पनि उहाँले कहिल्यै र कसैलाई म थाकें, म थकित भएँ, ब्यस्त भएँ भन्नु भएन । भगवान् बुद्धको प्रसिद्ध अनुयायी सम्राट अशोकले कलिङ्गमा स्थापना गरिएको शिलास्तम्भमा कुनै शासकले शासन गर्न थाकें भनेमा त्यो कुशल, महान् शासक हुँदैन भनेर लेखिएको छ (**नीतियञ्ये किलंते सिया न ते उभजे**) **।**

भगवान बुद्धले बुद्ध शासनमा प्रतिष्ठित गरी प्रवेश गराउँदा त्रिरत्न सहित पञ्चशील पालना गराउने भनेको देवलोक, स्वर्गलोक पठाउनको लागि नभईकन यी गर्न नहुने पञ्च कर्मबाट अलग भएमा मानिसहरूको सांसारिक जीवन सुखमय बनाउन हो ।

जसले यी पञ्चशील पालन गर्छ उनीहरू अदालत जानुपर्दैन । कोही कसैबाट अपमानित हुनुपर्दैन । कसैबाट दुर्व्यवहार चोट खानुपर्दैन । ऊ आफै धर्म र न्यायका साथ सुखी जीवन अपनाउन सक्छ । साथै धार्मिक, शैक्षिक, स्वास्थ्य क्षेत्र र सामाजिक सेवामा तन, मन र धनले आफ्नो जीवनलाई समर्पण गरी आफ्नो भौतिक र पारिवारिक जीवनलाई मङ्गलमय बनाउन सकिन्छ ।



https://dhamma.digital

उहाँको उपदेश अनुसार धेरै सम्पत्ति थुपार्ने र जम्मा गर्ने भनेको कन्जुस्याइँ गर्नु हो। असन्तुष्ट स्वभाव लिई जीवन जिएमा मरण पश्चात् ती मानिसहरू प्रेत भएर जन्म लिनुपर्ने हुन्छ। उहाँले अर्को जन्मको डरत्रासलाई मनन् गरेर त्यो जन्ममा आदर्श स्वभावको हुनुपर्ने भन्नुभएको छ।

उहाँबाट निर्देशित पञ्चशीलको शुद्ध पालनबाट मानिसमा भएका कुबुद्धि, जिद्धि, मूर्खपन तथा कठोरपन जस्ता अवगुणहरूलाई हटाई अनुशासित, सभ्य र भद्र मानिस बन्नमा सहयोग पुऱ्याउँछ। उहाँले मानिसहरूलाई दान र शील पछि त्रिविध शिक्षाको रुपमा ध्यान गर्न अभिप्रेरित गर्नुहुन्छ। ध्यान गर्नाले घर गृहस्थीको काम भारले आकुलव्याकुल भएका व्यक्तिहरूलाई शान्त, सौम्य र शीतल एकाग्रता प्राप्त भई जीवनमा आनन्द मिल्ने कुरा आज्ञा हुनुभएको छ। समाजमा रहेका घर गृहस्थीका सामाजिक मानिसहरूले जानेर, बुझेर तदनुसार जीवनमा पालन गर्न भगवान् बुद्धले सिंगालोवाद सुत्त र व्यग्घपज्ज सुत्त देशना गर्नुभएको छ। उक्त उपदेश अनुसार गृहस्थ जीवनमा धन सम्पत्ति नाश हुने ६ वटा कारण, मद्यपान सुरापानबाट हुने ६ वटा हानि, कुबेलामा घुम्न जानाले हुने ६ वटा अपराध तथा मनोरञ्जनमा भुल्नाले हुने ६ वटा पाप कर्मबारे होस् दिनु भएको छ। जुवा तास खेल्नाले हुने ६ प्रकारका दुष्कर्म, अल्छि हुनाले हानि हुने ६ वटा कारण, गतिलो साथी र अगतिलो साथीको सत्संगतले पार्ने प्रभाव, आमा बुबा र गुरुहरूलाई कसरी सेवा सुसार गर्ने, श्रीमती बालबच्चालाई कसरी हेरविचार गर्ने, सत्वप्राणीमा प्रतिकूल पक्षको कारण, दीर्घायु हुनुको कारण र अपाय दुर्गतिमा जानुपर्ने कारणबारे पनि विवरण दिनुभएको छ।

भगवान् बुद्धले पराभव सूत्रमा २१ प्रकारका कारणले व्यक्तिको ह्रास हुँदै पतन हुने अवनतिका कारण देखाउनु भएको छ। त्यस्तै गरी मङ्गल सूत्रमा ३८ प्रकारका चरियाहरू संग्रह गरेमा जीवनमा शुभ मङ्गल र उन्नति हुने बताउनु भयो। साथै करणीय मैत्री सूत्रमा मानिसहरूले आफूले चिताएको पुरा गर्न के के गर्नुपर्दछ भन्ने पक्ष उजागर गर्नुभएको छ।

मानिसहरूले यी सूत्र देशनाबाट अभिप्रेरित भएर लागेमा सांसारिक सुख र सफलता मिल्छ। भगवान् बुद्धले किसानले बाली लगाएर अन्न फलाए जस्तै यी जीवनमा राम्रो प्रतिफल फलाउनु पर्ने बारे देशना गर्नुहुन्छ। भगवान् बुद्धले खेतको साँधियार छिमेकीसँग असल छिमेकी र मित्रवत् सम्बन्ध राख्नुपर्ने जसले गर्दा खेतबाली नबिग्रियोस्। यस कुरालाई बुद्धले लोक संग्रहको रुपमा किसानको उपमा दिनुभयो। भगवान् बुद्धले श्रद्धालु गृहजनलाई आफ्नो आम्दानीको सम्पत्तिलाई चार भागमा विभाजन गरेर प्रयोग गर्न भन्नुभएको छ। ती मध्ये एक भाग दैनिक चरियाको खानपीन, जीवन निर्वाहको लागि



https://dhamma.digital



*भगवान् बुद्धले बनाउनु भएको भिक्षुहरूको संघ एक विश्वव्यापी प्रजातान्त्रिक भाइचाराको संस्था हो । विधिगत र संगठित यो संस्थाका सम्पूर्ण सदस्यहरू संघ (भ्रातृत्व) भनेर चिनिन्छन् । पुरुषहरूलाई "भिक्षु" भनिन्छ भने महिलाहरूलाई "भिक्षुणी" भनेर चिनिन्छ ।*



https://dhamma.digital

हो । दुई भाग चाहीं नियमित व्यापार, व्यवसायमा लगानी गर्नुपर्ने र एक भाग सम्भावित आपतविपतको लागि जगेर्ना गर्नुपर्ने भन्नुभएको छ । यी उपदेशहरू बुद्धले निर्वाण प्राप्त गर्नको लागि भन्नुभएको नभई सांसारिक जीवनमा मानिसहरू सुखमय रुपमा बाँचुन् र बाँचुन्जेल पनि धेरै भन्दा धेरै राम्रा, शुभ र पुण्य कार्यमा अभिवृद्धिको लागि ध्यानाकर्षण गराउनु भएको हो ।

स्वभावतः मानिसहरू नराम्रो काम गर्न तम्सिन्छन् र पापमा रमाउँछन् । अकुशल नराम्रो कार्यमा अल्झिने मानिसहरूलाई यसप्रकारको गाह्रो कार्यले अर्को जुनीमा समेत दुःखदायी दुष्परिणाम भोग्नुपर्ने हुन्छ भनी नराम्रो कामबाट रोक्न यसप्रकारको उत्तम उपाय भन्नुभएको हो । यसप्रकारको रणनीति बिना गलत कार्य गर्नेहरूलाई रोक्न सकिंदैन ।

तसर्थ अनैतिक, अकुशल, पाप कर्म गर्नेहरू दुर्गति नर्कमा दुःख भोग्नुपर्ने कर्म र कर्मफल बारे भगवान् बुद्धले इङ्गित गर्नुहुँदै मानिसहरूलाई प्रेरणा र सम्झना दिलाउने क्रममा कुशल पुण्य गर्नेहरू सुगति देवलोकमा सुख आनन्दले बस्न पाउने बारे भन्नुभएको छ । यी प्रसङ्गहरू भगवान् बुद्धले सत्वप्राणीहरू सुखी निर्दोषका साथ आफ्नो जीवनलाई अगाडि बढाई परलौकिक जीवनको लागि पनि सतर्क गराउनु हुँदै बारबार भन्नुहुन्छ ।

अर्को जुनीको जीवन सच्याउन यो जीवन पनि त्यही रुपमा सफल हुनु आवश्यक छ भन्ने कुरामा पनि बुद्धले जोड दिनुहुन्छ । अहिलेको वर्तमान जीवन नै दुःख र पिडादायी छ भने भविष्यको जीवन सुख सुविधा हुन गाह्रो नै छ । व्यक्तिगत रुपमा कुनै मानिस यो जन्ममै बौद्धिक ज्ञान विकास गरेको छैन भने उसले अर्को जन्ममा प्रज्ञा ज्ञान सिद्ध गर्दछ भन्नेमा निकै ठूलो शंका,संशय हुन्छ । कुनै व्यक्ति यो जन्ममा नराम्रो अपराधमा संलग्न हुन्छ भने अर्को जुनीमा राम्रो गर्छ भनेर अड्कल गर्न गाह्रो छ ।

व्यक्तिगत रुपमा कसैले दुर्भाग्यपूर्ण जीवन जिइरहेको छ भने उसको परलोक जीवन सुखदायी हुनेछ भनेर विचार गर्न सकिन्न । अर्को जुनीको सुख प्राप्तिको लागि अहिलेको वर्तमान जीवनमै सुखद पक्ष हुन जरुरी छ। बुद्धको उपदेशले मानिसहरू जीवन्त होस् भनी उहाँले ठीक मार्ग रोजेर मृत्युरहित हुने शिक्षा प्रदान गर्नुहुन्छ ।

सांसारिक मानिसहरूको हित कल्याणको निमित्त सुनिश्चित होस् भनेर नै बुद्धले गुरुको रुपमा शिक्षा दिनुहुन्छ। बुद्ध शिक्षाले वास्तवमै उत्तम जीवन जिउने कला सिकाउँछ। बुद्ध शिक्षा अनुरुप जीवन अगाडि बढाएमा पुण्यमय शान्त, वीतराग सही बाटोमा जीवनलाई अगाडि लान सकिन्छ ।

त्यसैले बुद्धको शिक्षा यही जीवनको उन्नति तथा भविष्यको यात्रालाई सुनिश्चित गर्न पनि २५०० बर्षदेखि बाटो निर्देश गर्दै आएको छ। सत्य गवेषणको निमित्त बुद्धले



https://dhamma.digital

हाम्रो लागि असीमित दुःख भोग्नु भएको कुरा बिर्सिनु हुँदैन। व्यक्तिगत, सामूहिक, अलग्ग अलग्ग अवस्थामा पनि उहाँले ठूलो दुःख कष्ट भोगेर हामीलाई ज्ञान बाँड्नु भयो भनी बारबार सम्भनु पर्दछ। अपार दुःख भोगाईलाई बुझेमा उहाँको असीमित करुणा, उहाँको उद्देश्य तथा सम्पूर्ण जीवन मानव मात्रको कल्याणको लागि अर्पण गर्नुभएको गुण सम्झेमा हामीलाई पनि त्यस बाटोतिर गई आफूपनि शान्तले बाँच्ने र अरुलाई पनि शान्त, सुखपूर्वक बाँच्न दिन सक्ने हुन्छौं।

उहाँको शिक्षा अनुरुप सबै राष्ट्रका मानिसहरू एक आपसमा प्रेम र सद्भावपूर्वक जिउन आवश्यक छ। एउटै परिवारका दाजुभाइ, दिदीबहिनीहरू जस्तै एक आपसमा ठूलो सानो, कालो गोरो, शिक्षित अशिक्षित ठूलो जात, सानो जात, धनी गरीब, त्यस्तै पूर्वेली पश्चिमेली भन्ने विभेदपूर्ण सोच नराखी समतामूलक समाज हुन आवश्यक छ।

हामी पनि बुद्ध शिक्षा अनुरुप १ महिना बौद्ध जीवन चरियाको अनुभव गरौं। त्यस पश्चात बौद्ध जीवनले दिएको दिशानिर्देशनले १ महिना भित्र नै बुद्ध शिक्षाको महत्व, यसको शक्ति, यसको महिमाबारे अवगत हुनेछ। मानिसहरूको एक किसिमको कमीकमजोरीको कारणले उत्तम उपायको रुपमा रहेको दिव्यशक्ति, दिव्य उपचार, दिव्य मन्त्र हाम्रै आफ्नो आँखा सामुन्ने परिणाम दिने विधिलाई नहेर्दा, अनुभव नगर्दा संसारमा कस्तो प्रकोप विपतको अवस्था छ। सबैजना तृष्णा रागमै चुर्लुम्मै डुबेका छन्। टाँस्सिएर काँपिरहेका छन्। सबै तृष्णाकै पछि दौडिएका छन्। (**तण्णा हि तसिता पजा**)। संसारका सबै मानिसहरू कामतृष्णामै लिप्त छन्। तृष्णा वृद्धिका लागि नै आतुर छन्।

बुद्ध शिक्षाको मूल उद्देश्य नै तृष्णा क्षय गर्नु हो। यही आशक्तिले गर्दा मानिसमा दुःख पैदा हुन्छ, मन डगमगाई दिन्छ। स्वतन्त्रता हराएर जान्छ। यसले मतभेद सृजना गरी व्यक्ति व्यक्ति र राष्ट्र राष्ट्र बीच आपसमा झगडा, वैमनष्यता, दुःख र भय निम्त्याउँछ। तृष्णा आशक्ति क्षय गरेकाहरू दुःख र शोकरहित हुने भएकाले उनीहरूलाई दुःख कहाँ हुन्छ र भन्ने बुद्ध वचन रहेको छ :

**तण्हाय जायति सोको, तण्हाय जायति भयं।**
**तण्हाय विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं॥**

शोक र भयको स्वभावबारे लामो समयदेखि अध्ययन, अनुभव र अभ्यास गरी त्यसको कारण पत्ता लगाई यसबाट मुक्त हुने उपायको व्याख्या गर्नुहुने प्रमुख धर्मगुरुको रुपमा भगवान् बुद्धलाई नै लिइन्छ। यो ज्ञान मार्ग केवल मानिसको अर्को जुनीको फाइदा, परलोक संग्रहको लागि मात्र नभई अहिलेको वर्तमान संसारको फाइदाको लागि पनि हो। तसर्थ बुद्धशिक्षा अनुरुप नै असल कार्य र पुण्य कार्य अर्को जुनीलाई उद्देश्य राखेर होइन यही जुनीको फाइदा र प्रगतिको लागि हुनु आवश्यक छ। जसले गर्दा



https://dhamma.digital

आफ्नो पनि हित, कल्याण र स्वस्थ हुन्छ। क्रमिक रुपमा संसारमा रहेका अरुलाई पनि हित, कल्याण र स्वस्थ हुन्छ।

भगवान् बुद्धलाई मानिसहरूले व्यवस्थित जीवन कसरी जिउनु पर्दछ, स्वर्गीय र नारकीय जीवन पनि कुन किसिमको हुन्छ भन्ने जस्ता प्रष्ट मार्गचित्र बुझाउनु हुने आध्यात्मिक लोक गुरुको रुपमा हामीले चिन्नु र जान्नु आवश्यक छ।




**जीवन उपयोगी योजना**

*बुद्धधर्मको एक प्रमुख उद्देश्य भनेकै कसरी जीवनबाट भरपूर फाइदा लिन सकिन्छ भनेर देखाइदिनु हो। यो धर्म प्रज्ञाको क्षेत्र हो जहाँ ज्ञान र बुद्धिविवेकलाई प्राथमिकता दिइन्छ। बुद्धले मानिसलाई धर्म बदल्नको लागि होइन कि श्रोतागणलाई ज्ञान दिन र बुझाउन देशना गर्नुभयो।*

*- A Western Writer*



https://dhamma.digital



*बुद्धत्व प्राप्त गरेको केहि समयपछि नै उहाँको नाम धेरै टाढा टाढासम्म फैलियो । राजा, धार्मिक गुरु, मन्त्री, अमात्यहरू सबै आदर र सम्मानपूर्वक बुद्धलाई भेट्न आए । सयौं शाक्य राजकुमारहरू बुद्धको शरणमा भिक्षु बन्न आए । अनाथपिण्डिक जस्ता समाजका मुखियाहरूले भव्य रुपले भिक्षा दान गर्न थाले । संघलाई चतुप्रत्यय बाढी आएको जस्तै प्राप्त हुनथाल्यो ।*



https://dhamma.digital



# भगवान् बुद्ध संसारका महाकारुणिक तथागत

यो संसारमा भगवान् बुद्ध महाकरुणावान तथागत हुनुहुन्छ। विहान उठ्नासाथ संसारका सत्वप्राणीहरूलाई महाकरुणा समापत्ति ध्यानबाट उपकार र धर्मअवबोध गरुँ भनी दिनहुँ हेर्नु हुन्थ्यो। बुद्धचरिया अनुरुप मैले लोक जनको कसरी सेवा पुऱ्याउँ, आज कुन चाहीं दुःखी प्राणीलाई धर्म अवबोध गराउँ, अप्ठ्यारोमा परेको कुन चाहीं प्राणीलाई बचाउँ, बाटो बिराएका कुन चाहीं प्राणीलाई सही मार्गमा डोऱ्याउँ, दोष त्रुटीपूर्ण जीवन जिउनेहरूलाई कसरी दोषमुक्त जीवन जिउन सिकाउँ भनी दिनहुँ बिहानैदेखि विचार गर्नुभई त्यसै अनुसार काम गर्नुहुन्थ्यो।

उहाँले बाटोमा मागेर खाने मगन्ते र दरवारको महलको सुख सुविधा लिएर बसेका राजाहरूलाई समेत विभेद नगरिकन समान व्यवहार गर्नुहुन्थ्यो। उहाँले महाकरुणा ज्ञानले जाँच गर्नुभई उहाँको करुणा रश्मीमा परेकाहरूलाई नजिक टाढा जस्तो भएतापनि हिँडेर वा ऋद्धिशक्तिको बलले ज्ञान प्राप्त गर्न इच्छुक व्यक्तिलाई लोक चर्या उपकार गर्नुहुन्थ्यो। भगवान् बुद्धले श्रोतागण, यस लोक र परलोकको कर्मनिमित्त, गति निमित्तलाई हेर्नु हुन्छ। व्यक्तिगत तथा परिषदमा धर्म उपदेश दिनुहुन्छ। उहाँको दिनको पहिलो प्रहरमा महाकरुणा ज्ञानले पारमी भएका संस्कार लिएर आएका को को छन् भनी हेर्नु हुन्छ। त्यस प्रकारको लोकुत्तरचरिया उहाँले हरेक विहानको पहिलो प्रहरमा गर्नुहुन्थ्यो। ४५ वर्षसम्म लोकचरिया गर्ने क्रममा उहाँले अतुलनीय करुणा चक्षुले हरेक दिनको विहानमा सत्वप्राणीमाथि करुणा ज्ञान राख्नुभयो। यसप्रकार मानवीय सेवा अनन्त कालसम्म प्रभाव रहने चरिया हो।

जम्बुद्वीपको भारत वर्षमा विभिन्न तहका पुरुष महिलाहरू विभिन्न नियतले उहाँकोमा आउँदथे। उहाँको सत्संगतले सबैलाई धर्मसार प्राप्त भएकै हुन्थ्यो। उहाँलाई दर्शन गर्न आउनेहरू मध्ये विशिष्ट राजा रानीहरू, राजकुमार राजकुमारीहरू, ठूल्ठूला नेता मन्त्री, सेनापतिहरू, तीन वेदका ज्ञाता ब्राह्मणहरू, नारी गृहस्थ, कुलपुत्र लगायत आध्यात्मिक स्वभावयुक्त जो कोही पनि उहाँको दर्शन गर्न आउँथे।



https://dhamma.digital

यतिमात्र होइन, समाजका आपराधिक कार्यमा संलग्न हत्याराहरू, चोर डाँकाहरू, सिकारीहरू, वेश्याहरू, बटुवा र अमनुष्य, यक्षहरू पनि भेट्न आउँथे। जस्तोसुकै रिस, राग, आघात, प्रतिघात तथा बदला लिने मनसायले आएपनि बुद्धले उनीहरूलाई अनुकम्पा राखी कसैलाई आग्रह, पूर्वाग्रह,दुराग्रह राखेर व्यवहार गर्नुहुन्नथ्यो। सबैलाई समान व्यवहार गर्नुहुन्थ्यो।

असल मानिसहरू बुद्धको अनुकम्पा लिन उहाँकोमा जान्थे। तर भगवान् बुद्ध खराब व्यक्तिहरूलाई खोजी खोजी उनीहरूलाई अनुकम्पा राखी असल व्यक्तिमा परिणत गराउनुहुन्थ्यो। उहाँले हत्याराहरूलाई अर्हत ज्ञानमा पुऱ्याइदिनुभयो। पशुघाति शिकारीहरूलाई श्रद्धालु दाता बनाउनु भयो। उहाँले सम्पत्तिमा असाध्यै लोभी कन्जुसहरूलाई लोक कल्याणकारी बनाउनु भयो। यौन व्यवसायीहरूलाई महिला उपासक उपासिकामा रुपान्तरण गर्नुभयो। उहाँले रोगग्रस्त बिरामीहरूलाई पनि अनुकम्पा राखी रोगमुक्त बनाउनु भयो।

त्यसबेला श्रावस्तीनगरको राम्रो कुल परिवारका एक जना नवजवान बुद्धको धर्म उपदेश सुनी भिक्षु हुन आए। भिक्षु भइसकेपछि उहाँको नाम तिस्स थियो। भिक्षु जीवनमा साधना गर्दा गर्दै उहाँलाई असाध्यै ठूलो रोग लाग्यो र निको पार्न गाह्रो हुनेगरी मरणासन्न पीडा भयो। शरीरमा चिलाएको स्यानो खटिराबाट सुरु भएर तिलको दाना, केराउ, ठूलो केराउ, अमला फल जस्तै ठूलो घाउ खटीरा शरीरभरि पाक्दै ठूलो आपत विपत आइलाग्यो। यी खटिराहरू पट् पट् फुटेर पुरानो मकैको काठ धमिरा लागेजस्तै उहाँको शरीरको रगत, छाला, हड्डी, तन्तुहरू हेर्नै नसक्ने गरी पाकेर पीप निस्कन थाल्यो। नजिक बसेर हेरविचार गरिरहेका अन्य भिक्षुहरूले पनि घाउको गन्ध सहन नसकी सेवा गर्न छाडे। उहाँको चीवर वस्त्र रगतले लतपतिएर घाउ पीपमै टाँसिएको थियो। निसहाय भई खाट मै असक्त भएर दुर्गन्धित शरीर लिएर लेटेर बसे।

एक बिहान भगवान् बुद्धले करुणा ज्ञानबाट कोठामा दुःखीत भएर बसेको उक्त तिस्स भिक्षुलाई देख्नुभयो। बिहान एक समय र साँझ एक समयमा आफू बसेको ठाउँबाट संसारका प्राणीहरूलाई करुणा ज्ञानले हेर्ने बुद्धको नियमित दिनचरिया हो। उहाँले उक्त भिक्षु शारीरिक रुपमा दुःखी र रोगले ग्रस्त भएपनि आध्यात्मिक रुपले त्यो भिक्षुमा अर्हत ज्ञान प्राप्त गर्ने क्षमता भएको बुझ्नुभई उहाँ बसेको ठाउँमा जाने निधो गर्नुभयो।

त्यसपछि बुद्धले विचार गर्नुभयो, उसलाई सेवारत नजिक बसेकाहरूले विचार गर्न छोडे। मैले उसको रोग निको पार्न सक्छु र दुःखबाट मुक्त पार्न सक्छु। उसमा कर्मदोष



https://dhamma.digital



*"श्रमण गौतमले घरपरिवार सन्तानरहित बनाउने, विधुवा बढाउने र गोत्र सिद्धयाउने चाल सुरु गरेका छन् । जटिलले एक हजारलाई प्रव्रजित गऱ्यो । सञ्जयले २५० जना परिव्राजक बनायो । मगधको उच्च गोत्रका परिवारबाट धेरैजना भिक्षु भइसके । अब अर्को को प्रव्रजित हुन्छ भनेर भन्न नसकिने भयो ।" यसरी मानिसहरूले बुद्धलाई अपमान र निन्दा गर्नथाले ।*



https://dhamma.digital

छ, तसर्थ सुरुमा उसलाई शारीरिक उपचार गरी मनलाई उपचार गर्न सकिन्छ। त्यसैले उसलाई पहिला प्राथमिक उपचार गर्न आवश्यक छ। बुद्धले त्यसरी विचार गरी सिधा विहारको भान्छामा जानुभयो। पूर्व जन्मको राजा कुषले जस्तै पानी उमाल्ने भाँडा पखाल्नुभयो र पानीलाई भाँडामा मिलाएर आगोमा आफैले तताउनुभयो। पानी तातेपछि तातो पानी बुद्ध स्वयम्ले हातमा लिएर उक्त अशक्त भएर लेटिरहेका भिक्षुको ठाउँमा जानुभयो। अर्को हातले विस्तारै समाई बसाउन लगाउनु भयो।

त्यसपछि अन्य भिक्षुहरू आएर हामी गरिदिन्छौँ भनी अनुरोध गरे। भगवान् बुद्धले भिक्षुहरूलाई समात्न लगाउँदै काठको आरिमा पानी खन्याउनु भयो। उसको शरीरको घाउ पीपमा लत्पतिएको चीवर वस्त्रलाई तातो पानीले धोएर घाममा सुकाउनु भयो। बुद्ध आफैले चीवर सफा गर्नेदेखि लिएर उसको घाउ सफा गर्ने र दुर्गन्ध निकाली शुद्ध सफा हुनेगरी नुहाई दिनुभयो।

नुहाईदिँदासम्म चीवर सुकेकोलाई ल्याएर लगाउन दिई भिजेको नुहाउने चीवर सुकाउन लगाउनु भयो। यसरी भित्री चीवर बाहिरी चीवर धुन लगाई औषधी उपचार गरी बुद्ध स्वयम्ले रोगीको सेवा गर्नुभयो। उहाँको शरीर र वस्त्र सबै सफा गरी सेवा गरेजस्तै, तिस्स भिक्षुको मन सफा भई उज्यालो प्राप्त गरी खाटमा लेट्नुभयो। तिस्स भिक्षु ज्ञान प्राप्त गरी धन्य हुनुभयो।

*- सद्धर्मरत्नावली।*

मानव सभ्यताको इतिहासमा बुद्धको यस प्रकारको योगदानले उहाँको उचाई सधैँ उच्चतहमा रहेको थुप्रै घटनाहरू हाम्रो सामु रहेको छ। एक समय भगवान् बुद्ध जेतवन विहारमा वर्षावास बस्नुभई वर्षावासपछि अग्रश्रावक र श्रावक शिष्यहरूका साथमा लिई दक्षिणागिरि जान लाग्नुभयो। त्यसबखत कोसल राजा,श्रद्धावान प्रमुख दाता अनाथपिण्डिक र विशाखा महाउपासिकाले बुद्धलाई बाहिर नजान हुन अनुरोध गरे। तर उनीहरूले बुद्धलाई रोक्न सकेनन्। अनाथपिण्डिक महाजनले भगवान् बुद्धलाई रोक्न नसक्दा मुख अँध्यारो पारी घर फर्किए। महाजनको घरमा काम गर्ने पूर्णा भन्ने दासीले आफ्नो मालिकको अनुहार हेरी, "भो मालिक ! आज तपाईं अरु दिनमा जस्तो किन प्रसन्न मुद्रामा हुनुहुन्न ?" भनी सोधिन्। "भो पूर्णा ! मैले भगवान् बुद्धलाई रोक्न सकिनं। उहाँ यात्राको लागि निस्किन लाग्नुभएको छ।" त्यसपछि पूर्णा दासीले, "भो मालिक ! बुद्धलाई मैले बिन्ती चढाएर रोक्न सकेको खण्डमा मलाई के दिनुहुन्छ ?" महाजनले भने, "मैले तिमीलाई दासत्वबाट मुक्त पारिदिन्छु।"

पूर्णा बुद्धकोमा छिटो-छिटो पुगेर पाउमा ढोगी बिन्ती चढाइन्, "भो भगवान् ! कतै नपाल्नुहोस्, अनुकम्पा राखी यहीं बस्नुहोस्।" बुद्धले सोध्नुभयो, "म नगएमा तिमीलाई



https://dhamma.digital

के कस्तो काम हुन्छ ?" पूर्णाले भनी, "भो भगवान् ! म काम गर्ने नोकर सेवक हुँ, म दासी हुँ, यदि हजुर बस्दिनु हुन्छ भने म दासत्वबाट मुक्त भई स्वतन्त्र हुन्छु । यदि म स्वतन्त्र भए भने त्रिशरण सहित पञ्चशील, अष्टशील ग्रहण गर्ने सौभाग्य पाउने छु र त्रिविध पुण्य कार्य गर्नेछु ।" बुद्धले उनको कुशल प्रार्थना स्वीकार्नु भयो । बुद्धको अनुकम्पाले पूर्णा दासत्वबाट मुक्त भई अर्हत् प्राप्त गर्ने छ भन्ने भविष्यवाणी गरिकन उनको याचना स्वीकार गरी यात्रा रोकी जेतवन विहारमा नै बस्नुभयो ।

श्रावस्ती जनतावासीहरूले यो कुरा सुनेर आश्चर्य मान्दै कोसल राजा, विशाखा महाउपासिका तथा अनाथपिण्डिक महाजनहरूले समेत पूर्णा दासीलाई उसको कार्यको लागि प्रशंसा गरे । महान् देशका राजा, देशका महाजन तथा देशका महाधनी उपासिकाको अनुरोध बाहेक पनि काम गर्ने दासीको बिन्तीलाई पनि बुद्धले महत्व दिनुभयो । किनभने त्यो दासीले दासत्वबाट मुक्त भई स्वतन्त्र जीवन पाइन् । बुद्धको महाकरुणा ज्ञानको अनुकम्पाले तीनै जना घरानीयाँहरू पनि खुसी भए । पूर्णाले पनि भिक्षुणी भई अर्हत् ज्ञान प्राप्त गर्न सफल भइन् ।

*- मनोरथपूरणी, सत्तक निपात ।*

भगवान् बुद्धको करुणा असीमित अनन्त छ, परोपकार गुणले युक्त छ, प्रभावयुक्त छ । त्यसैले जसले सत्य ज्ञान बुझेर बुद्धलाई भेट्छ, बुद्धले ऋद्धि शक्तिको प्रयोगले आफ्नो मन मस्तिष्क र मुटु भित्रको ज्ञान देखाउनु भए जस्तै ज्ञान दिनुहुन्छ (**यदि महाराज, कोचि भगवतो हदयं दिस्वा बुज्झेय्य**), **तस्सपि भगवा योगेन हदयं दस्सेय्य**) ।"

*- मिलन्दपञ्ह*

भगवान् बुद्धको करुणा ज्ञान र असीमित मैत्रीको प्रभावले धन्य भएका थुप्रै प्रसंगहरू छन् । एक प्रसंगमा बुद्ध भन्नु हुन्छ, "चुन्द, तिमीलाई एक करुणावान आध्यात्मिक गुरुको नाताले आफ्नो शिष्यलाई गर्नुपर्ने सबै गरिसकें । चुन्द तिमी रुखमुनी एकान्तमा वा शून्यागारमा मन लगाएर ध्यान साधना गर । चुन्द, ढिला नगर, यो तिमीलाई मेरो सुझाव हो । पछि पछुताउनु नपरोस् ।"

*- मज्झिम निकाय, सल्लेखसुत्त ।*

अंगुलिमाल हत्याराले मानिस मारेर उनीहरूका औंला काटी सबैको औंला घाँटीमा बेरेर हिँड्थ्यो ।  उसलाई हजार औंला पुऱ्याउनु परेको थियो । त्यसैले जङ्गलमा आफूलाई बचाउन आएको आमालाई समेत मार्न तम्सिए । जब बुद्धले करुणा ज्ञानले रश्मी फैलाएर हेर्नु हुँदा अंगुलीमाललाई देखे, गुरु दक्षिणाको जोशले होस गुमाएको उक्त हत्याराले आफ्नै आमालाई जघन्य अपराध गरी मारेमा अत्यन्त विलम्ब हुने देखी उहाँ समयमा नै पुग्नु भई करुणा राखी डाँकुलाई आफ्नो वशमा ल्याउनु भई हिंस्रकलाई



https://dhamma.digital



*भगवान् बुद्धको सौतेनी आमा प्रजापति गौतमी, जसले सिद्धार्थलाई दुधे बालकदेखि हुर्काएका थिए, उहाँले एकचोटि भगवान् बुद्धको लागि भनेर आफ्नै हातले महँगो कपडालाई सुरुदेखि अन्त्यसम्म बुनेर चीवर बनाइन् । त्यो चीवर बुद्धलाई अर्पण गर्दै भनीन्, "यो केवल बुद्धको प्रायोजनको लागि मात्र हो ।" तर बुद्धले त्यो चीवर स्वीकार्नु भएन र प्रजापतिलाई भन्नुभयो, "गौतमी, यो चीवर संघलाई दान दिनु । संघलाई दिनु भनेको मलाई दिनुसरह नै हो । साथसाथै संघलाई पनि दिएको सरह नै हो ।"*



https://dhamma.digital

अहिंसक बनाई प्रव्रजित गराई अर्हत्व ज्ञानमा प्रतिष्ठित गराउनु भयो । हत्याकार्यबाट अलग्ग गराई असल गुणवान व्यक्तिमा रुपान्तरण गर्नु बुद्धको महान् करुणा ज्ञानले गर्दा नै हो ।

श्रावस्ती शहरको नजिक रहेको खेतमा बाली लगाइरहेका एक किसान थिए । अघिल्लो रातमा त्यस शहरको महाजनको घर फोडेर चोरहरूले अमूल्य रत्न र हजार कार्षापण नगद चोरेर लगेका थिए । ती चोरहरू लुटेको धन लिएर त्यो खेतबाट लुक्दै हिँडे । अरु चोरिएका सामानहरू लग्दै गर्दा सुनको सिक्का भएको झोला खेतको बाली मै छुट्यो । त्यस बिहान सधैं झैं बुद्धले महाकरुणा समापत्ति ध्यानले हेर्नु हुँदा उक्त कृषकलाई आपत आई लाग्ने थाहा पाउनुभयो । उक्त किसानमाथि करुणा चित्त राखी भिक्षु आनन्द सहित उहाँ भगवान् खेतमा जानु भयो । आफ्नो खेतमा पाल्नु भएको बुद्धलाई वन्दना गरी खेतकै काममा लागे । भगवान् बुद्धले एक हजार सुनको कार्षापण भएको थैली जुन कृषकले टाढाबाट देख्दैन थियो, आनन्दलाई बोलाई हातले इसारा गरी भन्नुभयो, “आनन्द, उ त्यहाँ हेर, काल सर्प छ ।” “भो भगवान् ! मैले पनि देखेँ ” भनी आनन्दले उत्तर दिए । उक्त कृषकले उहाँहरूको कुराकानी राम्ररी सुने र भगवान् बुद्ध र भिक्षु आनन्द जानुभएपछि उहाँले देखाउनु भएको ठाउँमा काल सर्पलाई मार्छु भनी विचार गरे ।

हातमा लट्ठी लिएर उक्त ठाउँमा जाँदा उसले काल सर्प नभईकन सुनको थैली भेट्टाए । यसलाई उसले लिई माटोले छोपिराखे । उक्त किसान फेरि आफ्नो काममा लागे । त्यस बेलासम्ममा पूरै शहरमा चोरी डकैती भएको हल्लाखल्ला भयो । त्यस चोरी डकैती सम्बन्धित धेरै मानिसले खोजतलास सुरु गरे । कुनै एक मानिसले केही सुनका असर्फी खेतमा झरेको भेट्टाए । त्यसपछि लुकाएको असर्फी थैली सहित राजाकहाँ पुगे । राजाले लुकाएको थैली पाएको प्रमाणको आधारमा उसलाई मृत्युदण्ड सुनाए ।

जब राजाका मान्छेले उक्त किसानलाई पीडा दिन थाले, त्यसकिसानले ठूलो ठूलो स्वरमा बुद्धले भने जस्तै भन्न थाले, “आनन्द, ऊ त्यहाँ हेर, कालो सर्प । हे भगवान्, मैले पनि देखेँ ।” राजाका मानिसहरूले तिमीले त्यस्तो किन भनिरहेको भनी सोध्दा उक्त किसानले सबै कुरा सविस्तार सुनाउँदा राजाका मानिसले पुनः राजाकहाँ नै पुऱ्याइदिए । राजाले मृत्यु दण्ड पाइसकेको उक्त कृषकलाई बुद्ध कहाँ लगेर सबै कुरा जानकारी गराए । भगवान् बुद्धले आफू भिक्षु आनन्दसँग बिहानै त्यहाँगएको,उक्त कृषक काम गरिरहँदा खेतमा फालिराखेको असर्फी थैली देखेको तथा त्यसलाई कालसर्प भनी सुनाइकन उसलाई करुणा राख्नु भएको कुरा स्पष्ट पार्नुभयो । राजाले



https://dhamma.digital

मृत्युदण्ड सजाय दिइसकेकोलाई पनि बुद्धकहाँ ल्याएको हुँदा उसको जीवन बच्यो। बुद्धले उसलाई निर्दोष सावित गर्नुभयो। कृषक, जो आफू बुद्धको सप्रमाण साक्षीले गर्दा राजाबाट सजायँमुक्त हुन पाए।

*- सद्धर्मरत्नावली।*

पटाचारा जस्तो अबला नारीलाई बुद्धले करुणा ज्ञान राख्नुभयो। अप्रत्यासित रुपमा आफ्नो श्रीमान्, २ छोराहरू, आफ्नो आमा बुबा र भाइको पनि मृत्युको शोक थाम्न नसकी अचेत पटाचारा निर्वस्त्र भई सडकमा हिँड्न थाली। भगवान् बुद्धले चार परिषदलाई उपदेश दिइरहनु हुँदा निर्वस्त्र भई त्यही बाटोबाट दगुर्दै आइन्। त्यहाँ बसेका परिषदहरूलाई उसको जीवनको व्यथा थाहा थिएन। भगवान् बुद्धले असीमित मैत्री करुणा राखी उक्त अबला नारीलाई रोक्न लगाई, वस्त्रले ढाकी, प्यारी सानी बहिनी यता आउ र होशमा फर्क भन्नुभयो। उहाँको कारुणिक दयालु बाणीले उनको चित्तमा होस् जाग्यो। उनी धनाढ्य महाजनको परिवारमा सुख सयलमा हुर्केकी, जवानीमा यौवन समाल्न नसक्दा आफ्नै नोकरसँग घरबाट भागेको र दुई छाक खानलाई पनि ठूलो दुःख कष्ट भोग्नुपरेको थियो। त्यस्तै गाह्रो अवस्थामा साह्रो हुनेगरी आफ्नो श्रीमान्, २ छोरा, आमा बुबा र भाइ समेत एकै पल्ट ६ जनाको मृत्युको वियोगान्तले गर्दा चित्तमा बज्रपात परेको वृतान्त सुनाए। भगवान् बुद्धले उनलाई अनुकम्पा राखी मैत्री करुणाले होस्मा ल्याई अर्हत बनाउनु भयो।

हामीले शहर गल्लीमा आफ्नो बच्चा बोकेर भीख मागिरहेका स्त्रीहरूको बारेमा यदि खोजीनीति गर्ने हो भने त्यहाँ सयौं पटाचाराहरू भेटिन सक्छन्। त्यस्ता अबला नारीहरूको पीडा आजकल कसले बुझ्ला! तर बुद्धले पवित्र मानवीय गुणको रुपमा करुणा चित्त राखी पटाचारा जस्ता थुप्रै नारीहरूलाई आदर्श महिला बनाउनु भएको छ।

एक बिहान बुद्धले करुणा समापत्ति ध्यान ज्ञानले हेर्नुहुँदा आफ्नो मिथ्या धारणा लिई बसेका एक ब्राह्मणलाई देख्नुभयो। ऊ नदी छेउ खेतमा काम गरिरहेका थिए। ब्राह्मणको खेती कार्यलाई बुद्धले हेर्न जानुभयो। ब्राह्मणले आफ्नो खेती काममा तल्लीन हुँदा बुद्धलाई देखेन। त्यसपछि 'ब्राह्मण तिमी के गर्दैछौ ?' भनी सोध्नुभयो। 'श्रमण गौतम, म खेती कार्य गर्दैछु।' त्यति सोध्नुभई भगवान् बुद्ध विहारमा फर्कनुभयो।

दोस्रो दिन पनि भगवान् बुद्ध ब्राह्मणको खेतमा जानुभई के गर्दैछौ ब्राह्मण ? भनी सोध्नुभयो। हे श्रमण गौतम, म अन्न बालीको बीउ छर्दैछु भनी जवाफ दिए। त्यसपछि बुद्ध फर्किनु भयो। तेस्रो दिन खेतमा गोडमेल गरिरहेका थिए। बुद्ध आउनु भई पुनः के गरिराखेको भनी सोध्नु भयो। बाली गोडमेल गरिराखेको भन्ने जवाफ पाएपछि भगवान् बुद्ध विहारमा फर्कनु भयो।



https://dhamma.digital



*भिक्षु छन्न गलत कार्यको दोषी देखिए । तर उनी आफ्नो दोष स्वीकार्न तयार थिएनन् । बुद्धलाई यो घटनाको जानकारी दिइयो । त्यसपछि भगवान् बुद्धले संघभेला गरेर यस विषयमा अनुसन्धान गर्नुभयो । अन्तमा उहाँले छन्नलाई दण्ड दिनुपर्ने कुरा निर्णय गर्नुभयो ।*



https://dhamma.digital

अर्को समयमा उक्त ब्राह्मण अन्न बाली सप्रिएको खेत हेर्दैगर्दा बुद्ध आउनुभई फेरि के गर्दैछौ ? भनेर सोधे । म खेतबारी सुरक्षा गरी हेरिराखेको भनी जवाफ दिए । ब्राह्मणको मनमा यस्तो विचार आयो । उहाँ श्रमण गौतम पटक पटक मैले खेत जोतेको बेला बीऊ छरेको बेला, गोडमेल गरेको बेला र खेत हेरविचार गरेको बेला आएर सोध्न आए । तसर्थ मेरो अन्न बाली सप्रेर भित्र्याउने समय भयो । उब्जेको बालीको केही अंश उहाँलाई दिन्छु ।

'हे श्रमण गौतम, अन्नबाली भित्र्याउने समय हुन लागेको छ । तपाई मेरो साथी हुनुभयो । त्यसैले अन्नको केही भाग तपाईलाई पनि दिन्छु ।' भगवान् बुद्धले उसको कुरा सुन्नुभयो र जानुभयो । अन्नबाली पाकिसकेको थियो । तर उक्त ब्राह्मणले बाली भित्र्याउने विचार गरेको अघिल्लो रातमा नै ठूलो वर्षा भयो । उक्त वर्षाको पानीको बाढीले सबै खेत बगाएर लग्यो । ब्राह्मणले आफ्नो कमाईको खेत ध्वस्त भएको मन थाम्न नसकेर हेरेको हेर्‍यै भयो । उसले विचार गर्‍यो, सुरुको दिनमा खेत गोड्दादेखि श्रमण गौतम खेतमा आई हेर्न आउनुभयो । मैले उहाँलाई आधा भाग दिन्छु भनेर बाचा गरेको थिएँ । तर आफ्नो बाचा पूरा नहुने भयो भनी दुःखीत भएर सुत्न सकेन ।

भगवान् बुद्ध उक्त दिनमा खेतमा जानुको सट्टा सिधै घरमा जानुभई ब्राह्मण कहाँ छ भनी सोध्नुभयो । उसको घरमा रहेका मानिसहरूले ब्राह्मण मन बिगारी खेत डुबेकोले शोक गरी सुतिरहेको छ भनी जवाफ पाए । बुद्धले ब्राह्मणलाई बोलाउनु भई किन दुःखी भएको भनी सोध्नुभयो । त्यो दुःख र शोकको कारण आशक्ति तृष्णा नै हो भनी उपदेश दिनुभयो, "**तण्हाय जायति सोको, तण्हाय जायति भयं । तण्हाय विप्पमुत्तस्स, नत्थि सोको कुतो भयं ।**" जो व्यक्तिसँग तृष्णा र आशक्ति हुँदैन उसलाई शोक र डर त्रास पनि हुँदैन । यो अमृतमय बुद्धको उपदेश सुनेर उक्त ब्राह्मण श्रोतापत्ति फलमा प्रतिष्ठित भयो ।

यदि पुण्य संस्कार र धर्म अवबोध गर्ने क्षमता लिएर आएको पारमी व्यक्ति छ भने भगवान् बुद्ध स्वयम् जति टाढा भएतापनि आफू र शिष्यहरू सहित जति पटक पनि ऊस कहाँ एक्लै पनि जानु हुन्थ्यो । राम्रो प्रतिफल प्राप्त गराउन बुद्धको लोक चरिया तथा करुणा ज्ञानले प्राणीहरूलाई मद्दत पुऱ्याउँछ । मद्दत गर्ने क्रममा उहाँले जमीन, पानी, पहाडको टुप्पा, कन्दरा, खेत, हिलो, दलदल आदि ठाउँमा अप्ठ्यारो नमानिकन उपकार गर्नुहुन्थ्यो । उहाँले कहिल्यै पनि आफ्नो सुख सुविधाको विचार गर्नुभएन ।

एक दिन भगवान् बुद्ध आफ्ना ५०० शिष्य भिक्षुहरू सहित १२ योजनको दूरी पार गरी आलवी शहरमा एक गरीब मानिसलाई सहयोग गर्न जानुभयो । उक्त शहरका मानिसहरूले भगवान् बुद्ध र भिक्षु संघलाई श्रद्धापूर्वक स्वागत गरी दिवा भोजन प्रबन्ध



https://dhamma.digital

गरेका थिए। उक्त शहरको गरीब मानिसलाई पनि भगवान् बुद्धको उपदेश सुन्ने ठूलो रहर थियो। तर त्यसबेला उसका गोरुहरू हराए। हराएका गोरुहरू लामो समय लगाएर खोजेर आफ्नो बगैँचाको रुखमा बाँधे। त्यसपछि ढिला भएपनि बुद्धको दर्शन गर्ने इच्छा राखे।

भोजन सकिन लाग्दा भोजनको अन्तिम समयसम्म उक्त गरीब मानिसलाई कुरिरहनु हुँदा धर्म उपदेश शुरु गर्नुभएन। भगवान् बुद्धले उक्त गरीब मानिस भोकै पेट खाली आउनु भएको थाहा पाई सर्वप्रथम भोजन दान गरेका दाताहरूमध्ये एक जनालाई उसलाई खाना खुवाउन भन्नुभयो। त्यस अनुसार उसलाई खाना खुवाए। गरीब मानिस पेट अघाउने गरी खाना खाई आइसकेपछि बुद्धले उपदेश शुरु गर्नुभयो। अरु धेरै जना श्रद्धालुहरूले जस्तै उक्त गरीब मानिसले श्रोतापत्तिफल प्राप्त गरे। अरु जम्मा भएका परिषदहरूले अचम्भित मानी रहेको देखेर उसले उपदेश सुन्न ठूलो कष्ट गरेर आएको हुनाले अचम्म मान्नु नपर्ने विषय बुद्धले भन्नुभयो। भोकाएको मानिसलाई खाली पेटमा उपदेश दिँदा कुनै ध्यान नदिने हुँदा कुनै महत्व हुँदैन। त्यसैले पहिला उसलाई खाना नै खुवाएको कारण बारे प्रष्ट पार्नुभयो। यी महान् गतिविधिबाट भगवान् बुद्धको मानवप्रतिको करुणा झल्किन्छ।

बुद्धको शरणमा आई महापन्थक र चूलपन्थक दुई दाजुभाई भिक्षु बन्न आए। ती २ मध्ये पूर्व जन्मको कर्म दोषको कारणले भिक्षु चूलपन्थकले चार महिना बित्दा पनि एउटा स्यानो श्लोक पनि याद गर्न सकेन। जब उहाँले पहिलो लाईन कण्ठ गरी दोस्रो लाइन कण्ठ गर्ने कोशिस गर्नुहुन्थ्यो, पहिलो श्लोक बिर्सिसकेको हुन्थ्यो। तेस्रो लाइनमा जाँदा दोस्रो बिर्सिने, चौथो लाइन जाँदा तेस्रो लाइन बिर्सने, त्यस प्रकार एक स्यानो श्लोक पनि कण्ठ गर्न सकेन। उहाँका जेष्ठ दाजु महापन्थकले यदि तिमीले चार महिना बिताएर पनि चार लाइन पनि याद गर्न सक्दैनौ भने बुद्धको हजारौं उपदेश कसरी याद गर्छौं ? बरु त्यसको सट्टा तिमी चीवर छोडेर जाऊ भनेछ। तर चूलपन्थकलाई भिक्षु भई बस्न मन लागेकोले दाजुले भनेपनि नछोडी बसे।

अर्को दिन महान वैद्य जीवक उपासकले बुद्ध सहित भिक्षुहरू कति जना हुनुहुन्छ, भोजनको निमन्त्रणाको लागि पाल्नुहोस् भनी प्रार्थना गरे। उहाँले ५०० जना रहेको र ५०० जना नै भिक्षु संघलाई आफ्नो घरमा भोजन निमन्त्रणाको लागि प्रार्थना गरे। त्यसबेला महापन्थक दाजु चाहिँले भने, हे उपासक,"चूलपन्थक मन्द बुद्धिको छ त्यसैले ऊ भिक्षु हुन लायक छैन। त्यसैले ऊ बाहेक अरु सबै निमन्त्रणामा आउने छन्।" यो कुरा चूलपन्थकको कानमा पऱ्यो। मेरो दाजु मसँग असाध्यै असन्तुष्ट हुनुहुन्छ। त्यसैले म भोलि बिहान सबेरै चीवर छोड्नेछु भनेर विचार गरे।



https://dhamma.digital



एकजना ब्राह्मिण जो भगवान् बुद्धको उपदेश सुनेर साह्रै हर्षित भएको थियो उसले यसरी आफ्नो आदर प्रकट गर्छः "त्यसपछि ब्राह्मिण ब्रह्मायु आफु बसेको ठाउँबाट उठी आफ्नो खास्टो राम्ररी मिलाएर आफ्नो हात बुद्धको खुट्टामा राखेर पूजा गर्छन् । त्यसपछि बुद्धको खुट्टालाई ओठले चुम्बन गरेर बुद्धको खुट्टालाई सुम्सुम्याउँछन् र भन्छन्: 'भन्ते ! म ब्राह्मिण ब्रह्मयु हुँ ।'" यसरी उसले आफ्नो नामले बुद्धलाई परिचय दिन्छ ।



https://dhamma.digital

भगवान् बुद्धले संसारको करुणा ज्ञानले अवलोकन गरी उक्त घटनालाई देख्नुभयो। उहाँ चूलपन्थक बस्नुभएको भवनमा जानुभई प्रवेशद्वारमा चंक्रमण गरी बस्नुभयो। चूलपन्थक चीवर छोड्छु भनी बाहिर निस्कँदा भगवान् बुद्धसँग भेट भयो। बुद्ध स्वयम्ले तिमीलाई के भयो भनी करुणा चित्तले सोध्नुभयो। भगवान् बुद्धले आशिर्वाद स्वरुप टाउकोमा हात हाल्नुभई हात समाई मलाई भगवान् बुद्धले लानुभयो भन्ने चूलपन्थकको मनो उद्गार पनि रहेको छः **भगवा तत्थ आगच्छि, सीसं महयं परामसि, बाहाय मं गहेत्वान, संघारामं पवेसयी। – अपदान पाली**। यो गाथा चूलपन्थकले व्यक्त गरेको अभिव्यक्ति हो। भगवान् बुद्धले अनुकम्पा मैत्री राखी बुबाले छोरालाई हेरचाह गरे जस्तै एउटा निर्दोष श्रामणेरलाई धर्म पाठ सम्झिन नसकेको हुनाले दाजु महापन्थकले विहारबाट निकाल्न खोज्दा भगवान् बुद्धले उसलाई उपकार गर्नुभयो।

बुद्धले उसलाई विशेष दया करुणा राखी, "यदि तिमी कण्ठ गर्न सक्दैनौ भने यो सेतो कपडा हातमा लिई उदाएको सूर्यको घाममा बसी कपडाको टुक्रालाई बारम्बार हातले दल्ने र घस्ने गर्दै **रज्जो हरणं रज्जो हरणं** भनी कपडालाई हातले मोलिराख्नु।" यति सम्झाउनु भई भगवान् बुद्ध जीवकको घरमा भोजनको लागि जानुभयो। भोजन अगाडि नै भिक्षु चूलपन्थकले अर्हत भई भोजन लिनेछ भन्ने बुद्धको उपदेश अनुसार चूलपन्थक अर्हत भएरै भोजनमा गए। यो युवा श्रामणेर भिक्षुहरूप्रतिबुद्धको असीमित दया माया हो।

राजगृहका राजा बिम्बिसार र तक्षशिलाका राजा पुक्कुसाति बीचमा घनिष्ट मित्रवत् सम्बन्ध थियो। यी दुईको मित्रवत् सम्बन्ध दुई देशका व्यापारीहरू मार्फत् हुन्थे। एकले अर्को साथीलाई उपहार स्वरुप विभिन्न उपदेशहरू पठाउने गर्थ्यो। राजा बिम्बिसारले सुनको पातामा हाम्रो देशमा तीन रत्न बुद्ध, धर्म र संघ प्रादुर्भाव भएको छ भनी पत्र लेखी आफ्ना मित्र राजा पुक्कुसातिलाई सन्देश पठाए। यो खबर थाहा पाउना साथै राजा पुक्कुसातिले राजकुमार सिद्धार्थले जस्तै राज वैभव छोडी पहेँलो वस्त्र लगाएर सबैलाई विलापमा पारी निस्के।

लामो यात्रा एक्लैले गर्न गाह्रो हुने भएकाले व्यापारीहरूसँगै उनी बयलगाडामा निस्के। केही दिनको यात्रापछि लगभग १९२ योजनको दूरी पार गरी राजगृह नगरमा आईपुगे। उसले भगवान् बुद्ध कहाँ हुनुहुन्छ भनी मानिसहरूसँग सोध्दा यो शहर छोडी अर्को ४५ योजन टाढा श्रावस्तीमा भगवान् बुद्ध बस्नुहुन्छ भन्ने सुने। त्यही रातमा श्रावस्तीमा पुग्ने सम्भावना नरहेकोले त्यो रात भिक्षुहरू बास बस्ने ठाउँ खोज्नुभयो। उहाँले कुमालेको घरमा बास मिल्छ भन्ने थाहा पाई त्यहाँ आराम गर्न गए।



https://dhamma.digital

भगवान् बुद्ध त्यही समयमा आजको रात कसलाई धर्मावबोध गराउँ भनी परीक्षण गर्दा सबै राजपाट त्यागी आफूतिर आइरहेका पुक्कुसति राजालाई देख्नुभयो । साथै उहाँले अर्को बिहान दुर्घटनामा परी उसको मृत्यु हुने पनि कुरा पनि थाहा पाउनुभयो । भगवान् बुद्ध पनि घुमक्कड भिक्षु भेषमै श्रावस्ती छोडी राजगृह शहरमा आइपुग्नु भयो । उहाँले पनि कुमालेको घरमा पुक्कुसाति आराम गरिरहेको ठाउँमा रात बिताउन अनुमति मागे । कुमालेले पनि भेषधारी भिक्षुलाई पहिले त्यहाँ एक जना बसेको छ, उहाँसँग कुरा मिलाएर बस्नुहोस् भने ।

भगवान् बुद्ध कुमालेको धर्मशालामा पुगी उक्त श्रमणलाई भने, "यदि तपाईले स्वीकृति दिएमा म पनि यहीं रात बिताउँछु । यति भनिसकेपछि भगवान् बुद्ध धुलोमैलो भएको तल भुइँमा बस्नुभयो । त्यो मैलो भुइँमा २ जना अपरिचित सन्यासीहरू राजपाट त्यागेर बसेका हुन् । एकजना शाक्यमुनी सिद्धार्थ गौतम हो भने अर्को राजा पुक्कुसाति, जो आफ्नो राजपाट त्यागी १०० योजन टाढादेखि आएर बसेका हुन् ।

दुवैजना लामो पैदल यात्रा गरी आएको हुनाले थकित थिए । तैपनि दुवैले गहिरो ध्यान चित्तले एकाग्र भई कुराकानी थालनी गरे । भगवान् बुद्धः "तपाई को हुनुहुन्छ ? तपाई कहाँदेखि आउनुभएको ?"

पुक्कुसाति : म पुक्कुसाति राजा हुँ । तक्षशिलाको महाराजा हुँ ।

भगवान् बुद्ध : तपाई कसको उपाध्यायत्वमा, आचार्यत्वमा भिक्षु हुनु भएको ? र यहाँ किन आउनु भएको ? पुक्कुसातिः मेरो अभिन्न मित्र राजा बिम्बिसारबाट त्रिरत्न, बुद्ध धर्म र संघ मेरो शहर राजगृहमा उदय भएको छ भन्ने सन्देश सुवर्ण पत्रमा लेखी पठाएको पाएँ । त्यो खबर थाहा पाए लगत्तै राज्य त्याग गरी पहेँलो वस्त्र आफै लाएर बुद्धको दर्शन गर्न हिंडेको छु । उहाँ आजकल श्रावस्तीमा बस्नुहुन्छ भन्ने सुनें । तर आज रात ढिला भईसकेकोले भोलि बिहानै उहाँलाई भेट्न जानेछु ।

भगवान् बुद्ध : तपाईले बुद्धलाई कहिल्यै त्यस अगाडि देख्नुभएको छैन ?

पुक्कुसाति : छैन ।

भगवान् बुद्ध : यदि तपाईले उहाँलाई देख्नुभयो भने चिन्न सक्नुहुन्छ ?

पुक्कुसाति : अहँ, थाहा हुँदैन ।

उहाँहरू बीचमा एक आपसमा त्यति नै कुराकानी भयो । दुवै शान्त हुनुभयो । बिहानै पहिलो प्रहरमा भगवान् बुद्धले पुक्कुसाति भिक्षुलाई उपदेश दिनुभयो । उपदेश प्रवचन सुन्दासुन्दै श्रमण पुक्कुसाति अनागामी मार्गफलमा प्रतिष्ठित भए र हिजो राति आफूसँगै सुत्नुहुने अरु कोही नभई स्वयम् भगवान् बुद्ध नै हुनुहुन्छ भन्ने उसलाई महशुस



https://dhamma.digital

भयो । त्यसपछि बुद्ध समक्ष आफूले आयुष्मान मित्र भनी सम्बोधन गरी बोलाएकोमा क्षमा माग्दै आफूलाई भिक्षु बनाई दीक्षा दिन आग्रह गरे ।

त्यस पश्चात् भगवान् बुद्धले चीवर र पात्र लिएर आउन भन्नुभयो । श्रमण पुक्कुसाति कुमालेको घरबाट निस्की फोहोरको थुप्रो रहेको ठाउँबाट हिँडे । त्यसबेला भगवान् बुद्ध जेतवन विहार पुग्नुभयो । बाटोमा एउटा गाईले आफ्नो दुई सिङले हिर्काएर पुक्कुसातिलाई मरण अवस्थामा पुऱ्याई दियो । उसको तत्क्षण्मै मृत्यु भयो । गाईले हानेर मृत्यु भएका उनी अविहा ब्रह्मलोकमा पुगी अर्हत हुने सौभाग्य प्राप्त गरे । राजा बिम्बिसारले यो कुरा थाहा पाई उहाँको पार्थिव शरीरलाई ठूलो राजकीय सम्मानका साथ अन्त्येष्टी दाहसंस्कार गरे । उहाँको अस्तु राखेर चैत्य पनि निर्माण गरी प्रतिस्थापन पूजा गराए । त्यो घटनाले पनि हामीलाई बुद्धको महान् करुणाको महिमा अपार छ भन्ने महशुस गराउँछ ।




## *बुद्धधर्ममा पापको अवधारणा*

*बुद्धधर्ममा पापको अवधारणा ईसाई धर्ममा भन्दा अलिक फरक रहेको छ । बौद्धको लागि पाप भनेको अज्ञानता र मूर्खता हो । पापी भनेको ज्ञान नभएको व्यक्ति हो । उसलाई सजाय र निन्दा भन्दा पनि निर्देशनको आवश्यकता छ । उसलाई इश्वरको आदेश बिगार्नेको अथवा इश्वरसँग दयाको भीख र क्षमा माग्नुपर्नेको रुपमा लिइँदैन । बरु कल्याणमित्रले उसलाई मानवताको बाटो देखाइदिनु पर्छ । बौद्धहरूले इश्वरको पूजा गरेर अथाव इश्वरसँग सौदा गरेर पापको कुकर्मबाट बच्न सकिने कुरामा विश्वास गर्दैनन् ।*

*- John Walters, "Mind unshaken"*



https://dhamma.digital



# भगवान् बुद्ध सामाजिक सुधारका महान् अभियन्ता

जम्बुद्वीप आधुनिक भारतवर्ष क्षेत्र प्राचीनकालदेखि परम्परागत रीतिरिवाज, चलन, संस्कृति, विचार दर्शन, अवधारणा, धर्म, जाति, वर्णाश्रम आदि सभ्यताले भरिपूर्ण तथा संरक्षित संग्रहालयको रुपमा परिचित छ। यस पूर्वीय दर्शन र सभ्यताको थलोमा ब्राह्मण सनातनिक परम्परा तथा बौद्धिक सोच भएको समाजमा बुद्धले नयाँ सामाजिक चेतना जगाउनु भएको हो । त्यसबेलाको सामाजिक व्यवस्था र चलिआएको चलन ठीक कि बेठीक भनी जाँच्ने यथार्थमा केही थिएन । समाजमा चलेको रितिथिती परम्पराको विषयमा सही वा गलत भनी बोल्ने आँट भएका, त्यसका विरुद्ध प्रश्न गर्नसक्ने शक्ति बुद्धि र सामर्थ्य भएका मानिसहरू थिएनन् । त्यसबेलाको चलनबारे बोल्नु भनेकै ब्राह्मण पण्डितहरूसँग जोरी खोज्नु वा चुनौति गर्नु सरह एवं दण्डनीय कार्य थियो । त्यसबेला राजाहरूले पनि ब्राह्मणहरूकै नीतिनियम सल्लाह मान्ने गर्थे । राजाले नै ब्राह्मण पण्डितहरूलाई मान्ने भएपछि समाजले पनि ब्राह्मण धारणालाई मान्ने नै भए । त्यसप्रकार अज्ञानता, कु-संस्कार र रुढिवादी परम्पराले ग्रस्त भारतीय समाजलाई कुप्रथा, अन्धविश्वास र अनियमितताबाट समाजलाई माथि उठाउने सुधारक नायकको आवश्यकता थियो । त्यसै समयमा भगवान् बुद्ध एक महान् सामाजिक अभियन्ता र सुधारकको रुपमा देखा परे । उहाँ राजपरिवारमा पनि जानु भयो । समाजको सबै वर्ग, क्षेत्र, जात, लिङ्ग, सबै तहमा पुग्नु भयो । त्यसबेलाको समाज निकै शक्तिशाली थियो । जसले केही नयाँ सुधार गर्न खोजेमा त्यसको विरुद्ध सबै लागेर सुधारकलाई, जतिसुकै दरिलो, बलियो व्यक्तिलाई पनि कमजोर बनाएर खत्तम पार्ने, ढाल्ने गर्थ्यो ।

भगवान् बुद्ध राज खानदानमा जन्मिएका, राज वैभव त्यागी निस्वार्थपूर्ण कार्यमा आफ्नो जीवन समर्पण गरेका व्यक्तित्व हुनाले समाजमा व्याप्त ठूलठूला अप्ठ्यारा चुनौतिलाई सहज र हिंसामुक्त हुनेगरी ग्रहण गरेर उहाँले कहिल्यै पनि आफू सर्वेसर्वा राजनीतिज्ञ, तानाशाह र अधिनायकवादीको रुपमा समाजमा प्रस्तुत हुनुभएन । यसको सट्टा बरु महान् श्रमण जो मैत्री करुणाको अग्रज प्रतीकको रुपमा अगाडि बढ्नुभयो ।



https://dhamma.digital



*भगवान् बुद्धले महाकारुणिक ज्ञानले आज कसको उपकार गरौं भन्दा यो घटनालाई देख्नुभयो । त्यसपछि उहाँ चूलपन्थकको आराममा गएर ढोका अगाडि चंक्रमण गर्नुभयो जुन ढोका भएर ऊ चीवर छोड्न जानुपर्थ्यो । भगवान् बुद्धले के भयो, के समस्या छ भनी दयाकरुणा पूर्वक उसलाई सोध्नुभयो । बुद्धले उसलाई सँगै लिएर जानुभई एउटा सेतो कपडाको टुक्रा दिनुभयो । भगवान् बुद्धले उसलाई सूर्य उदाइरहको दिशातर्फ हेरेर त्यो कपडालाई दुबै हातले "रजो हरणं, रजो हरणं" भन्दै मोल्नु भनेर भन्नुभयो ।*



https://dhamma.digital

इतिहासमा सबै समाज सुधारकहरू जस्तै बुद्धले पनि धेरै ठाउँमा धेरै पटक फूल मालाको सम्मान पनि पाउनु भयो भने कहिले काहीं विरोधीहरूले विभिन्न लाञ्छना लगाएर तल झार्न पनि धेरै प्रयास गरे । लाखौं अनुयायीहरू उहाँको पछि लागेर पूजा गरे भने कसै कसैले उहाँको प्राण हरण गर्नेसम्मको प्रयास गरे । तर उहाँको सच्चा आदर्शमय जीवन सत्य, विचार र शक्तिको आनुभवले विरोधीहरूको सबै प्रयास विफल पारी उहाँ बस्नुभयो ।

भगवान् बुद्धलाई तत्कालीन समाजका उच्च तहका ब्राह्मण र कुलीन समाजले नै छड्के आँखाले हेर्ने गर्थे । तर उहाँले उनीहरूको गलत परम्परा कर्म काण्ड र व्यवस्था विरुद्ध आवाज उठाई क्रान्तिकारी सुधारको थालनी गरे । बलिप्रथाको विरोध गरे । अरु प्राणीको प्राण हनन् गर्नु ठूलो पाप हो भनी आवाज बुलन्द गरे । मानव समाजमा महिला माथि हुने हिंसा विभेद र बन्धन विरुद्ध आवाज उठाए । नारी स्वतन्त्रताको चेतना थालनी गरे । मानिससँग बुद्धि विवेक छ भने महिला हुनुमा के खराबी छ भन्ने सवाल समाजमा राखे ।

एक पटक कोसल राजा आफ्नो राजदरबारमा भगवान् बुद्धसँग कुशल वार्तालाप गरिरहेको समयमा एक दूत आई उनको कानमा कानेखुसी गरे। दूतले गोप्य सूचना दिएजस्तै गरी रानी मल्लिकाले छोरी पो जन्माइन् भनी खबर दिए। त्यो खबर सुनेर राजाको अनुहार मलीन र दुःखी देखियो। राजाको उदास र खिन्नता भावलाई देखेर बुद्धले भन्नुभयो, “हे राजन ! कुनै कुनै नारीहरू महान् बुद्धिमता, कार्य कुशलता र निपूण हुन्छन्। रानी मल्लिकाले जन्माएकी छोरी पनि तेजसी हुन्छिन्। जुन स्त्री बुद्धिमान, नैतिकवान र परिवारको व्यवस्था गर्छिन् ती नारी आफैले र उनका सन्तानले देशको कुशल नेतृत्व दिन सक्छिन्। बुद्धको यो भनाई पछि राजाको उदासीनता हराएर गयो ।

भगवान् बुद्धले त्यसबेलाको सामाजिक रितिथितीमा ब्राह्मणहरूको एकाधिकार र हैकमको सुधार हुनुपर्ने पक्षबारे जनचेतना जगाउनु भयो । त्यस बेलाको बौद्धिक विचार, शिक्षा प्रणाली, सामाजिक दृष्टिकोण, नीति नियममा ब्राह्मण जातिको मात्र अधिकार सीमित भएकोलाई प्रकृतिको हावा, पानी र घाम जस्तै सबैका लागि सधैं पहुँच हुनु आवश्यक छ भन्ने सर्वजनिक धारणा बुद्धले अगाडि ल्याउनु भयो ।

त्यसबेलाको कुसंस्कार, कुप्रथा र रुढीवादी धारणालाई सशक्तरुपमा सर्वजनिक रुपमा ब्राह्मण परम्परामाथि चुनौति दिने बुद्ध नै हुनुहुन्थ्यो। उहाँको धर्म, न्याय, विज्ञानसम्मत तर्क, सिद्धान्त र विचारलाई साँच्चिकै गहन अध्ययन गरेका ब्राह्मणहरूले उहाँलाई समर्थन गरे। त्यस मध्येमा कोही कोही त भिक्षु हुन आए। उहाँका दुई



https://dhamma.digital

प्रमुख शिष्यहरू सारिपुत्र र मौद्‌गल्यायन ब्राह्मण परिवारका युवाहरू नै थिए। कोही ब्राह्मणहरू उहाँको विरुद्ध गई उहाँलाई मुण्डक, चण्डाल, वृषल आदि भनी गाली गर्ने पनि थिए।

भगवान् बुद्धले सामाजिक स्तर, वर्ग, नाप्ने क्रममा जन्मले उँचनीच हुने मान्यतालाई सशक्तरुपमा विरोध गर्दै व्यक्तिको कुल, गोत्र जन्मले कोही श्रेष्ठ, उच्च हुँदैन। तर उसको बोलि व्यवहार कार्यले नै उँचनीचको मूल्याङ्कन हुन्छ भन्ने धारणा अगाडि सारे। मानिस बीचमा एक आपसमा पर्खालले छुट्याए जस्तै सभ्य समाजको निर्माणमा बाधक विषयको रुपमा रहेको वर्ण व्यवस्था, जातपात प्रथालाई बुद्धले उन्मूलन गर्नुपर्दछ भने। यसरी मानव अधिकारको विषयमा उहाँले सधैँ वकालत गर्नुभयो।

एक दिन भगवान् बुद्धले ब्राह्मण परिवारबाट भिक्षु हुन आएका भिक्षु वासेट्ठसँग यसप्रकार वार्तालाप गर्नुभयो। बुद्धः वासेट्ठ ! तिमी ब्राह्मण परिवारबाट भिक्षु हुन आएका हौ ?

वासेट्ठः हो भगवान् ! उनीहरूले मलाई भेदभाव गरि गाली गर्छन्, दोष लगाउने गर्छन्।

बुद्धः उनीहरूले के भनी गाली गर्छन् ? के भनी दोष लगाउँछन् ?

वासेट्ठः ब्राह्मणहरू मात्र यो संसारमा श्रेष्ठ छन्, ब्राह्मणहरू पवित्र र शुद्ध अग्र हुन्, किनभने ब्राह्मणहरू महाब्रह्माको मुखबाट श्रृष्टि भएका हुन्। त्यसैले ब्राह्मण बाहेक अरु गोत्र जातहरूसबै अशुद्ध छन्। सबै तल्लो स्तरका नीच हुन्। तर यस्तो उच्च पवित्र ब्राह्मण गोत्र छोडेर मुण्डक श्रमणहरू जो महाब्रह्माको खुट्टाबाट निस्किएको समूहसँग जात घटाएर तल्लो स्तरको नीच कुजाति हुने भयो भनेर आरोप र गाली गरी निन्दा गर्छन्।

भारतवर्षमा ब्राह्मण जातिले जस्तोसुकै हिंसा, पाप, गलत कार्य गरेता पनि उनीहरू निन्दाबाट बची परिशुद्ध जाति हो भनी ठान्दथे। ब्राह्मण कुलमा जन्मेपछि स्वतः यज्ञसि, तेजसि र श्रीशौभाग्यले युक्त हुने तथा उनीहरू शुद्ध र गुणवान हुने भन्ने धारणा रहेको छ। ब्राह्मण रगत मात्र आर्य हो भन्ने ब्राह्मण अर्थलाई थप सुधार गरी बुद्धले ब्राह्मणको अर्थ फरक ढङ्गले दर्शाउनु भएको छ।

"टाउकोमा जटा धारण गरी पकडी लगाउँदैमा, ब्राह्मण कुल र गोत्रमा जन्मँदैमा ब्राह्मण भनिँदैन। जसले सत्य, शील र धर्माचरण गर्छ ऊ नै शुद्ध छ, ऊ नै सही ब्राह्मण हो। जसले पाप गर्दैन, मन वचन र कर्मले पाप पखालेकालाई नै शुद्ध ब्राह्मण भनिन्छ। पुण्य पापबाट अलग्ग भई, क्लेशबाट छुटी शोकरहित निर्मल शुद्धलाई म ब्राह्मण भन्दछु। अक्रोधि भई व्रतमा बस्ने शीलवान, तृष्णा नभएको संयमी, अन्तिम देहधारी



https://dhamma.digital



भगवान् बुद्धले सोच्नुभयो, "यो भिक्षुलाई उसको साथीहरूले दुर्गन्ध सहन नसकी एक्लै छोडेका हुन् । म केवल मानसिसक र आध्यात्मिक समस्या हल गर्ने चिकित्सक मात्र होइन, शारीरिक रोगहरूको पनि हेरचाह गर्नसक्ने एक चिकित्सक हुँ । उसलाई अहिले मेरो बाहेक अरुको सहयोग छैन । म उसको शरीरको उपचार नगरी मनको उपचार गर्न सक्दिन । त्यसैले अहिले उसको सेवा गर्ने कोहि नभएकोले मैले भएपनि गर्दिनुपर्छ ।"



https://dhamma.digital

व्यक्तिलाई म ब्राह्मण भन्दछु" भनी इत्यादि प्रकारले बुद्धले धम्मपदमा ब्राह्मणको नयाँ परिभाषाको बारेमा बताउनु भएको छ ।

भगवान् बुद्धले त्यसबेलाको समाजले लिएको वसल, चण्डालको नीच जात, छुन नहुने, पानी नचल्ने, विवाहवारी पनि गर्न नहुने जस्ता सामाजिक विभेद बारे "ब्राह्मण वर्गमा" भने जस्तै चण्डाल, नीच पनि जातले होइन कर्मले हुने बताउँदै वृषल चण्डालको थप सुधारको व्याख्या यसप्रकार गरिएको छ। "जुन व्यक्ति वैरि, रिसालु स्वभाव हुन्छ, पापी र ईर्ष्यालु स्वभावको हुन्छ, त्यसलाई वृषल भनी जान्नु । जुन व्यक्तिले घृणा भाव लिएर ब्याज नतिरी मैले लिएको छैन भन्छ, त्यसलाई चण्डाल भनिन्छ ।" यदि आफूलाई जन्म दिने आमा बुबालाई भरण पोषण गर्दैन भने त्यसलाई पनि चण्डालको संज्ञा दिइएको छ। जो व्यक्ति अरुको घरमा मिठो खाएर आउँछ, तर आफ्नो घरमा आउँदा कुनै पाहुना सत्कार गर्दैन भने त्यो पनि चण्डाल हो ।

अतीत कालमा ब्राह्मण गुण भएका सच्चा ब्राह्मणहरू प्रशस्तै थिए। अहिले ब्राह्मण भनिएकाहरू जन्मले ब्राह्मण हुँदैन, कर्म र गुण वृद्धि हुनु आवश्यक छ भनी समकालीन ब्राह्मणहरूलाई सम्झाउनु हुन्थ्यो। त्यतिबेला ब्राह्मण समाजमा घर परिवारमा नारीहरूलाई कुनै स्वतन्त्रता थिएन। घरभित्र मात्रै चार पर्खालमा खुम्चिएर घरको काम निर्वाह तथा बच्चा जन्माउने काम गरी महिलाहरूको जीवन सिद्धिन्थ्यो। धर्म ज्ञान केही पढ्ने सिक्ने अभ्यास गर्ने मौका र अवस्था थिएन। त्यस्तो समयमा बुद्धले नारीहरूलाई विधिवत दीक्षा दिई भिक्षुणी बनाउनु भयो र ती भिक्षुणीहरू आफ्नो नीति नियममा अभ्यास गरी स्वतन्त्र रुपले घुमफिर गर्न पाउने भए ।

यस सम्बन्धमा नारीहरूको आदर्शमय जीवनीलाई "थेरी गाथा" मा भिक्षुणीहरूको सहर्ष उद्‌गारको रुपमा गाथाद्वारा उहाँहरूको जीवन चर्चा गरिएको छ। उहाँहरूको जीवन गाथा अध्ययन गर्दा उहाँहरूको प्रीति उद्‌गार भिक्षुणी भई सकेपछि पाएको स्वतन्त्रता आनन्द बारे चर्चा पाइन्छ। घर परिवारमा भान्छा, चूलो, काठ, दाउरा, पानीको खोजी, पकाउने, खुवाउने, लुगा धुने, मालिकहरूबाट दासीको व्यवहार, श्रीमान् सासु ससुराबाट पाइने गालीगलौज, पूर्व श्रीमान्, पूर्व श्रीमती, सौता सौतेनीको व्यवहार बन्धनबाट आफूहरूलाई हाइसन्चो भएको नारीहरूको गाथा वर्णन संगालो "थेरी गाथा" मा पाइन्छ ।

यसप्रकार ब्राह्मण पुरुष प्रधान समाजमा नारीलाई बन्धन मुक्त गर्नुपर्छ भनी समाज सुधारको अभियान थालनी गरी लैङ्गिक समानता र नारी अधिकारको चेतना जगाई समाज सुधारको थालनी गरे। त्रिशरण सहित पञ्चशील नै सुखमय जीवनको



https://dhamma.digital

आधार हो । त्यसैले दैनिक जीवनमा पुरुष वा महिला दुवैले पाँच नराम्रा कामबाट अलगग हुने शिक्षालाई जोड दिनुभयो ।

पञ्चशीलमा आधारित समाज निर्माण भएमा कुसंस्कार, अपराध हटेर सभ्य समाज र असल नागरिकहरू वृद्धि हुने र यस अभियानलाई भगवान् बुद्धले समाजको मेरुदण्ड नै पञ्चशील हो भनी प्रमुख नीति नियम बनाउनु भयो । बुद्धले सम्पूर्ण विश्वलाई नै त्याग गरी सबै भिक्षु नै हुनुपर्छ, सबै मानिसले निर्वाण नै प्राप्त गर्नुपर्छ भनी ढिपी गर्नुभएन । उहाँले त धार्मिक समतामूलक समाज, न्यायपूर्ण संसार, जुन पञ्चशीलको आधारमा निर्माण होस् भन्ने मनसाय राख्नुभयो । लामो समय बितिसक्दा पनि हाल पूर्व एसियाका थुप्रै देशका नागरिकहरूले व्यक्तिगत रुपमा पञ्चशीललाई पालना गर्ने अठोटका साथ अगाडि बढेको देखिन्छ ।

हामीले पञ्चशील पालना गरेको समाज भएको देश र पञ्चशील पालना नगर्ने देशका नागरिकहरूको भिन्नता देख्न सक्दछौँ । तर कुनै कुनै देशमा पञ्चशील मात्र मुख, श्लोक र कागजमा सीमित भई त्यो पनि कर्मकाण्ड हुन गएको छ । त्यस कुरालाई मनन गरी बुद्ध अनुयायीहरूले विकृति विसंगतिबाट अलग बुद्धको दर्शन अनुसारको समाज निर्माण हुनु आवश्यक छ ।

मानव समाजमा भगवान् बुद्ध महान् समाज सुधारक हुन् । सुधार गर्ने क्रममा उहाँलाई फूलमाला अर्पण र ढुङ्गा मुढा गरेपनि कत्ति पनि विचलित नभई निःस्वार्थ भावले करुणा र मैत्रीले सामाजिक सुव्यवस्था कायम गर्न लाग्नु हुने, आग्रह गर्ने, नायकको रुपमा बुद्धलाई सधैँ मानव समाजले कृतज्ञता ज्ञापन गर्नुपर्ने हुन्छ ।

Dhamma.Digital



## अरु धर्मलाई चुनौती

*बुद्ध धर्म काल्पनिक आदिकालीन प्रणाली नभई एक साँच्चै नै अभिलेख गरिएको धर्म भनेर प्रमाणित भइसकेको छ जुन अरु धेरै धर्मलाई चुनौतीको विषय बनेको छ ।*

*- Bishop Gore. "Buddha and the Christ"*



https://dhamma.digital



*अहिलेसम्म कोहिपनि राजनीतिक दार्शनिकले यस्तो महान र सबैलाई समेट्ने किसिमको, प्रजातान्त्रिक र समाजवादी नारा बोलेका छैनन्, "सबै प्राणीहरू दुःखबाट मुक्त होउन्", "सबै प्राणीहरू स्वस्थ होउन्", "सबै प्राणीहरू खुसी होउन्"। उहाँले सम्पूर्ण प्राणीहरको हित र सुखको निम्ति यसरी अभिव्यक्ति दिनुहुन्थ्यो, "सबै प्राणीहरू सुखी होउन्", "सब्बे सत्ता भवन्तु सुखितत्ता"।*



https://dhamma.digital



*बुद्धले भन्नुभयो: "हे भिक्षुहरू ! मैले ज्ञानले विचार गर्दा महिलाको जस्तो पुरुषलाई असाध्यै मोहित पार्ने आवाज अरुको देखेको छैन ।" (नाहमं भिक्खवे अञ्ञं एकसद्दम्पि समनु पस्सामि यं एवं पुरिसस्स चित्तं परियादाय तिट्ठति यथइदं भिक्खवे इत्थिसद्दं । इत्थि सद्दं भिक्खवे पुरिसस्स चित्तं परियादाय तुट्ठति ।)*



https://dhamma.digital



# भगवान् बुद्ध लोकतन्त्र र समाजवादको मार्गदर्शक

भगवान् बुद्धले सर्वप्रथम आफ्ना ६० जना अर्हत भिक्षुहरू बोलाईकन लोकजनमा रहेका सत्व प्राणीहरूको कल्याणको लागि यसरी सम्बोधन गर्नुभयोः "हे भिक्षुहरू ! एक गाउँबाट अर्को गाउँ, एक निगमबाट अर्को निगम, एक शहर बजारबाट अर्को शहर बजार, धेरै जनाको हित र सुखको निमित्त लोकलाई अनुकम्पा राखी देव, मनुष्य प्राणीहरूको कल्याणार्थ चारिका गर । बहुजन हित र सुखको निमित्त एक बाटोमा दुई जना नगईकन, एक बाटोमा एक जना मात्र गएर प्राणीको जीवनमा शुरुको कल्याण, मध्यम कल्याण र अन्तको कल्याण हुने धर्मको प्रकाश गर" भनी निर्देशन दिँदै आफू चाहीं उरुवेलको सेनानी ग्राममा जान्छु भनी भगवान् बुद्ध पाल्नुभयो ।

औपचारिक रुपमा त्यसबेला प्रजातन्त्र, समाजवाद तथा लोकतन्त्र भन्ने सिद्धान्त व्यवस्था नभएतापनि यो व्यवस्थासँग प्रत्यक्ष सम्बन्ध भएका तीन शब्दहरू, अभिव्यक्ति थिए । "**बहुजनहिताय**" : धेरै जनाको हित, कल्याणको निम्ति, "**बहुजनसुखाय**" : धेरै जनाको सुख सम्बृद्धिको निम्ति र "**लोकानुकम्पाय**" : लोकप्रति अनुकम्पा राखी मानव इतिहासमा यी तीन अभिव्यक्ति लोकतन्त्र र समाजवादसँग मेल खान्छ ।

भगवान् बुद्धले लोक कल्याण कार्यमा वर्ग विभाजन हुनेगरी पूर्वमा बस्नेहरूको कल्याणको निम्ति, पश्चिमेलीहरूको हित सुखको निम्ति, गरीबहरूको हित सुखको निम्ति, धनीहरूको हितसुखको निम्ति, केवल यो फलाना जातको हितसुखको निम्ति, आर्यहरूको हितसुखको निम्ति र अनार्यहरूको हितसुखको निम्ति मात्र भनेर कहिल्यै भन्नुभएन । उहाँले बहुजनको हित सुखको निम्ति, धेरै जनाको कल्याणको निम्ति, सबैजनाको सुखको निम्ति र लोकप्रति अनुकम्पा करुणा राखी भन्ने आशयले समष्टिगत हितसुख कल्याणको निम्ति हो भन्ने दर्शाउँछ ।

कुनैपनि राजनीतिज्ञ, दार्शनिक र शासकहरूले लोकतन्त्र समाजवादमा यस्तो भनाई राख्न सकेका छैनन् । सबै सत्व प्राणीहरू दुःख मुक्त होउन्, सबै सत्व प्राणीहरू स्वस्थ होउन् र सबै सत्व प्राणीहरू सुखी होउन् भनी भगवान् बुद्ध



https://dhamma.digital

सम्पूर्णमा मैत्री फैलाउनु हुन्छ। धेरैजसो राजनीतिज्ञ र दार्शनिकहरूले मानिसहरूको आर्थिक वृद्धिदर, अर्थतन्त्रको समृद्धि चाहन्छ, तर भगवान् बुद्धले आर्थिक विकास मात्र नभई मानसिक, शारीरिक रुपमा पनि यो लोक र परलोक समेत सुख शान्तिको लागि लक्ष लिन प्रेरणा दिनुहुन्छ। त्यसप्रकारको सत्व प्राणीहरूको हितसुख, कल्याण प्राप्त गर्न अहिंसा र सही बाटो अपनाई सफलता हासिल गर्नुपर्ने बारे ध्यानाकर्षण गराउनु हुन्छ।

भगवान् बुद्धले अप्रमाण ज्ञानले नीति नियम सहित "**भिक्खु सासन**" अर्थात् भिक्षुसंघ भनेर संस्था सुरु गर्नुभयो। जुन प्रजातान्त्रिक संस्था हो। मानव इतिहासमा विधि प्रक्रिया पुऱ्याएर संस्थागत रूपमा अगाडि बढेको संघको स्थापना बुद्धले गर्नुभयो। सबै सदस्यहरू संघमा आबद्ध हुन्छन्। संघ भनेकै सर्वभाव, भाइचारा, आत्मीयताको प्रतीक हो। पुरुष सदस्यहरूलाई भिक्षु र महिलाहरूलाई भिक्षुणी भनिन्छ। जनुसुकै देश, जुनसुकै राष्ट्रियता, जुनसुकै जातको, जो कोही व्यक्ति पनि यस संघमा प्रवेश गर्न सक्छन्।


संक्षिप्तमा, बुद्धले बुद्धत्व प्राप्त गरेपछि उहाँको कीर्ति टाढा टाढा देशसम्म पनि फैलियो। राजा, महाजन, मन्त्री, श्रद्धालुहरू आई उहाँलाई आदर पूर्वक दर्शन गर्न आउँथे। सयौं शाक्य राजकुमारहरू बुद्धको सम्मुखमा भिक्षु बने।

अनाथपिण्डिक महाजन जस्ता दाताहरूले खाद्यान्न भोजनमा ठूलो धनराशी खर्च गरे। चार प्रत्ययहरू गाँस, बास, कपास र औषधीको सेवा गर्नेहरूको ठूलो जमात नै बाढी आए जसरी आए। कोही कोही व्यक्तिहरू लाभ सत्कारको लागि पनि भिक्षु हुन आए। त्यसबेलाका प्रमुख चिकित्सक जीवक वैद्यले राजाहरूको बाहेक भिक्षु संघलाई पनि औषधी उपचार गर्थे। साधारणतया: सामान्य मानिसले उहाँबाट उपचार पाउँदैन थियो। त्यसैले रोगीहरू पनि भिक्षु बन्न आए। उपचार गरिसकेपछि निको भई चीवर छोड्ने भिक्षुहरू पनि देखापरे।

कोही कोही अभिभावकले ५, ६ वर्षको सानो बच्चाहरूलाई पनि खान लाउनको लागि भिक्षु बनाए। सयौंको संख्यामा बच्चाहरू राति भोकले रुन थाले। भगवान् बुद्धले यो कुरा थाहा पाइसकेपछि सानो बच्चालाई प्रव्रजित हुन बन्देज लगाए। चोरी काममा आरोपित र अपराधीहरू पनि भिक्षु जीवनमा आफूलाई सुरक्षित हुने ठानेर भिक्षु हुनेको संख्या बढ्दै हजारौंमा पुगे। समाजमा गृहस्थ मानिसहरू विभिन्न बहानामा भिक्षु हुनेको लहर बृद्धि भयो। जसले गर्दा मानिसहरूले यस्तो भन्न थाले: "श्रमण गौतमले समाजलाई परिवारमा बच्चाहीन बनाउने भए, विधवा, एकल नारी बढ्ने भए। कुल गोत्र नाश हुने भयो। जटिलहरूले पनि हजारौं संख्यामा परिव्राजक बनाए। संजय गुरुले मात्रै



https://dhamma.digital



*धनसम्पत्ति भएको व्यक्तिले चाहिने भन्दा बढी धन थुपार्न खोज्नु हुँदैन । बरु उनीहरूले नभएकोहरूलाई दिनुपर्छ । अरुको हित हुने कार्यमा आफूलाई लगाउनुपर्छ । उनीहरूले अरुको बारेमा सोच्नुपर्छ । अरुको सेवाको लागि कार्य गर्नुपर्छ ।*



https://dhamma.digital

मगधको सम्भ्रान्त परिवारबाट २५० परिव्राजक बनाए । अब फेरि कति केटाहरू भिक्षु हुन जाने हो ?" भनी बुद्धलाई लाञ्छना लगाए ।

*- महावग्गपाली, सारिपुत्त मोग्गल्लान पब्बजा ।*

यसप्रकार दिनानुदिन संघको संख्या वृद्धि हुँदै आएकोले प्रव्रज्या दिक्षामा पनि केही शर्त स्वीकृति चाहिने नियम बन्यो । त्यसबेला बनेका भिक्षुहरू समाजकै प्रसिद्ध प्रतिनिधि भएकोले समाजकै ध्यानाकर्षणको पात्र हुनगए । उहाँहरूको पहिरन नै विभिन्न खालको थियो, वस्त्र गृहस्थी समाजको भन्दा बिल्कुल फरक थियो । पहेँलो रङ्गले झिङ्गा र लामखुट्टेलाई धपाउँथ्यो । वातावरणसँग सुहाउँदो मेल खान्थ्यो । यो पहेँलो रङ्ग आँखालाई पनि राम्रो झल्किने, समुदायलाई पनि शोभा बढाउने खालको थियो ।

गृहस्थ समाजभन्दा पृथक ढङ्गले कपालमा केश हुँदैन थियो । कपालमा केश नुहुनु एक प्रकारले धर्म गौरव र नम्रताको प्रतीक थियो । भिक्षु संघ भन्नासाथ शान्त, सौम्य र आनन्दको समुदाय मानियो । संघमा आबद्ध सबै सदस्यहरूले सादा जीवन बिताउँथे । यही अनुरुप समुदायलाई सेवा र ज्ञान दिने गर्थे । त्यसप्रकार एक भिक्षु संघमा पूर्णरुपले समर्पित हुन्थे । ऊसँग भएका सबै चीजहरू सांघिक हुन्थ्यो । उहाँ बस्ने विहार व्यक्ति विशेषको वा नीजि हुँदैन थियो । यी विहार सबै संघकै मातहतमा जान्थ्यो । भिक्षुहरूमा कुनैपनि प्रकारको आशक्ति तथा बन्धन हुँदैन थियो । उहाँहरू कोहीसँग परनिर्भर हुनुपर्दैन थियो । उहाँहरू फर्किन्छन् भनेर कोही पनि व्यक्तिहरू कुरेर बस्दैन थिए । उहाँहरू फर्कैन भनेर कोही पनि भोकै हुँदैन थियो । उहाँहरूका लागि कोही पनि रुने, शोक गर्ने हुँदैन थियो । उहाँहरूको कोहीसँग नाता र सम्बन्ध हुँदैन थियो । तसर्थ भिक्षुहरूले कहिले विलाप गर्नुपर्दैन (**नहि सोचति भिक्खु कदाचि**) ।

Dhamma.Digital *- संयुक्त निकाय*

उनले आफ्नो सम्पूर्ण जीवन सांघिक शासनमा समर्पण गर्दथे । संघको लागि भिक्षुको जीवन उपहार हुन्थ्यो । यदि सामुहिक व्यक्तिहरू पवित्र जीवनको लागि आफ्नो जीवन अर्पण गर्ने समष्टिगत भिक्षुहरूको एकबद्ध समूहलाई संघ भनिन्थ्यो भने समुदायलाई सांघिक मानियो । यस संघ र सांघिकको स्थापना भगवान् बुद्ध स्वयम्ले गर्नुभएको हो ।

राजकुमार सिद्धार्थलाई शिशु अवस्थादेखि हुर्काउनु हुने सिद्धार्थकी सौतेनी आमा प्रजापति गौतमीले एक पटक उहाँलाई चीवर कपडा दान दिने इच्छा प्रकट गरिन् । उनी आफैले कपास कातेर, धागो बुनेर, कपडा सिलाएर बुद्धलाई यो नितान्त हजुरको नीजि प्रयोगलाई भनेर बनाएको भनी श्रद्धापूर्वक चढाइन् । बुद्धले उत्तम खालको कपडालाई स्वीकार्नु भएन र आफ्नो माता प्रजापति गौतमीलाई यसो भन्नुभयो: "गौतमी ! संघलाई दिनुस् । संघलाई चढाएमा थप पुण्य मिल्छ र म पनि यही संघमा छु । त्यसैले संघलाई



https://dhamma.digital

नै चढाउँदा बेस् हुन्छ (**संघे गोतमी देहि, संघे दिन्ने अहं चेव पूजित्वो भविस्सामि संघो च**) **।**" त्यति भन्नुहुँदै बुद्धले संघलाई दान दिन लगाउनुभयो ।

त्यस्तै गरी बुद्धले संघको गुण आफैले वर्णन गर्नुभएको छ। संघको गुणलाई यसप्रकार दर्शाउनु भएको छः "**सुप्पटिपन्नो** (राम्ररी शिक्षित भएका), **उजुपटिपन्नो** (सोझो आचरण गर्ने), **ञायपटिपन्नो** (निर्वाण मार्गमा लाग्ने गरी आचरण गर्ने), **सामीचिपटिपन्नो** (शुद्ध रुपमा जीवन यापन गरी आदरसत्कार गर्न योग्य हुने गरी आचरण गर्ने) भगवान्का श्रावक संघहरू हुन्। **आहुनेय्यो** (आह्वान, निमन्त्रणा गर्नयोग्य), **पाहुनेय्यो** (सत्कार गर्नयोग्य), **दक्खिणेय्यो** (दान दक्षिणा दिनयोग्य), **अञ्जलिकरणीयो** (हात जोडी नमस्कार गर्नयोग्य), **अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स** (लोकमा पुण्यरुपी बीऊ रोप्न अनुत्तर खेत वा क्षेत्र समानका हुनुहुन्छ।)

त्यसताका जम्बुद्वीपमा भिक्षुसंघ जस्तो सुशिक्षित, अनुशासित, कडा नियम पालना गर्ने अरु तपस्वीहरू थिएनन्। त्यसबेलाका सन्यासीहरू, आजीवक, जटिलहरू, अचेलकहरू र परिव्राजकहरूलाई ऋषिमुनि, साधु, सन्तमा गनिन्थ्यो। तर बुद्धका शिष्य भिक्षुहरू उनीहरूभन्दा विशेष सांघिक जीवन अपनाउँथे। एकदिन भिक्षु आनन्द केही भिक्षु समूहका साथ देवकतासोभा भन्ने स्थानमा जानुभयो। त्यस समयमा सन्दक नामको तपस्वी त्यस स्थानमा ठूल्ठूलो स्वरले हाँसी हल्ला खल्ला गरी कराई रहेका थिए। सन्दक तपस्वीले भिक्षु आनन्दलाई टाढैदेखि देख्नासाथ आफ्ना अनुयायीहरूलाई शान्त हुन यसो भने, "अहिले नकराउनु, नचिच्याउनु, हल्ला नगर्नु, श्रमण गौतमको शिष्य भिक्षु आनन्द यहींबाट आइरहेको छ। उनीहरू शान्त, ध्यानी, सौम्य र एकान्त मन पराउँछन्। त्यसैले सबैजना हल्ला नगरी निःशब्द हुनुहोस्। शान्त र स्वस्थ वातावरण बनाउनुहोस्।" तुरुन्तै सबै परिषद शान्त र निःशब्द भए। यसप्रकार संघको मर्यादा र गरिमा भिक्षुहरूको आचरण व्यवहारमा शिष्टताको प्रभाव फैलिएको थियो। त्यतिमात्र नभई खाई पिई रहेको बेला, आउँदै जाँदै गर्दा, उठबस गर्दा, सबै इर्यापथमा कडाइका साथ अनुशासन कायम गरी शिष्टाचार कायम हुन्थ्यो।

सभ्य समाजको निर्माणको क्रममा मानिसको जीवन व्यवस्थित हुनुपर्ने शिष्टाचार र अनुशासन कायम गरी समाजमा एक आपसमा भाइचारा वृद्धि गरी नियम तोड्नेहरूलाई सजायकोपनि व्यवस्था गरिएको थियो। ठूल-ठूला थेर महाथेरहरूको धार्मिक सभा हुन्थ्यो। उक्त सभाले नीति नियम, विनय संविधान बनाएको दस्तावेज "महावग्ग" र "चूलवग्ग" ग्रन्थहरूमा पाइन्छ। भिक्षुहरूले ती विनय नियमहरूलाई उच्च आदरका साथ पालना गर्थे। सांघिक जीवनमा नीति नियमलाई प्रमुख मान्यता दिँदै विनय नै शासनको आयु हो भन्ने प्रमुख मान्यता थियो (**विनयो नाम सासनस्स आयु**)। जसरी नियम कानुन



https://dhamma.digital

बनाउनेहरूलाई कानुन विज्ञ भनिन्छ त्यसरी नै भिक्षुहरूको नियम विनयमा दक्ष हुनेलाई "**विनयधर**" भनिन्थ्यो। सबै अनुशासनका कार्यहरू भिक्षु विनय अनुसार कारबाही गर्ने विषयवस्तुलाई चार प्राथमिक सूचनाको रुपमा **ञत्ति चतुर्थी** भनिन्थ्यो। ञत्तिले विनय अनुशासनको काम कर्तव्य अधिकार बारे लक्षित गरी व्यवस्था गरिन्थ्यो। आजकलको भाषामा भन्दाखेरि मस्यौदा प्रस्तावना र मस्यौदा पारित गर्ने जुन लोकतन्त्र विधि प्रक्रिया अपनाई आधुनिक सांसदमा बहुमतले पास गरिन्छ त्यसरी नै कर्म वाचा वाक्य तीन पटक पढ्ने चलन छ।

संघको संसद संघ सभा भनिन्थ्यो। यसमा २० जनाले भोट हाल्ने अधिकार हुन्छ। उपसम्पदा दीक्षा लिएका सबैले भोट हाल्ने अधिकार पाउँछन्। तर आरोपित र दण्डको शंका गरिएको भिक्षुले भोट हाल्न पाउँदैन। जसरी आजकल पत्र मार्फत भोट हाल्न सकिन्छ, त्यसरी नै अनुशासनको कारबाहीमा भिक्षुहरूले अधिकार पत्र दाखिल गर्न सकिन्छ। आफू अनुपस्थित भएको खण्डमा अरु भिक्षु मार्फत मत जाहेर गर्न सकिन्छ। कुनै भिक्षु २० वर्ष पूराभई भिक्षु भएमा ऊ संघ सभामा आई आफ्नो मत व्यक्त गर्न सक्छन्। तर कुनै अवस्थामा संघ सभामा अयोग्यताको प्रश्न उठेमा त्यसलाई अपवादमा **आन्तरीक धम्म** भन्ने व्यवस्था रहेको छ।

यसप्रकार संघको विधि विधान र व्यवस्था संघबाटै, संघको लागि र संघकै निम्ति हुनेगर्दछ। कुनै भिक्षुले गल्ति गरेको खण्डमा नियम मिचे बापत लोकतान्त्रिक पद्धति अनुसार नै सजायँ दिने गरिन्छ। यो नै प्रजातान्त्रिक, मानवता र न्याय व्यवस्थाको सुन्दर पक्ष हो। कुनै भिक्षुले नराम्रो काम गरेमा संघको भेला गराइन्छ। आरोपित भिक्षुलाई संघसभा हुनु अगाडि नै बयान लिइन्छ। उसको बयान संघ समक्ष राखिन्छ। उसको कार्य विनयको दफा उपदफा बमोजिम अनुकूल छ, छैन बुझिन्छ। उसलाई दिइने दण्डबारे पनि तीन पटक पढिन्छ। त्यसपछि सर्वसम्मतले अनुमोदन गरी सजायँ घोषणा गरिन्छ।

भिक्षु छन्न नराम्रो काममा दोषी पाइए। तर उसले आफ्नो दोष स्वीकार गरेन। भगवान् बुद्धलाई यस विषयमा जानकारी गराइयो। भगवान् बुद्धले संघ भेला गराएर उसको विषयमा जाँचबुझ गराउनुभयो। त्यसपछि भगवान् बुद्धले भिक्षु छन्नलाई सजायँ दिनु भन्नुभयो। त्यसपछि दण्डको प्रस्ताव पारित भयो। सर्वप्रथम उसले गरेको दोषको प्रस्ताव गरी विनय सम्मत नभएको ठहर गरियो। उसबाट भएको गल्तिको गुनासो बारे केलफेल, साक्षी प्रमाण विधिवत प्रक्रिया पूरा गरी जेष्ठ प्रवक्ता भिक्षुले संघ सभामा यसरी घोषणा गरियोः "भो संघहरू, मेरो कुरा सुन्नुहोस्। त्यो भिक्षु छन्नलाई नराम्रो कार्यको दोषारोपण छ। तर उसले स्वीकार गर्न तयार छैन। यदि भेला भएका संघको



https://dhamma.digital



*"हे भिक्षुहरू ! रोग दुई प्रकारको हुन्छः शारीरिक र मानसिक । यहाँ कोहि एक वर्ष, दुई वर्ष, तीन वर्ष, चार वर्ष, पाँच वर्ष, दश-वीस वर्ष, तीस वर्ष, चालिस वर्ष, पचास वर्ष र कोहि कोहि त सय वर्षसम्म पनि कुनै रोग नलागिकन नै बाँच्नेहरू पनि छन् । तर यहाँ एक क्षणको लागि भएपनि कुनैपनि मानसिक रोग नलागेको व्यक्ति खोज्न भने असाध्यै गाह्रो छ र अर्हतहरूमात्रै अपवाद हुन् ।"*



https://dhamma.digital

आज्ञा भएमा निज भिक्षुलाई निलम्बनको प्रस्ताव राख्दछु। (**उक्खेपनीय कम्म**) जुन दण्ड पारित भएमा अरु भिक्षुसँग सत्संगत र सहकार्य गर्न पाउने छैन। यस घटनाको विनयानुकूल न्याय सूचित गर्दछु। श्रद्धेय संघबाट भिक्षु छन्नले गरेको गलत कार्यमा नियम मुताबिक न्याय निसाफ गर्ने समय भयो। उसले स्वयम् गल्ति महसुस गरेको छैन। उपस्थित साक्षी संघले छन्न नामक भिक्षुको उपर उक्खेपनीय कर्म पारित गर्दछु। यदि निज भिक्षुलाई दण्ड सजाय पारित र अनुमोदन गर्नको लागि संघ भेलाले सहमति गर्दछ भने मौन बसिदिनुस्। उपस्थित संघ भेलालाई उक्त दण्ड सजाय असहमति भएमा आफ्नो धारणा राख्नुस्। यस प्रकार दोस्रो पटक, तेस्रो पटक अनुमोदनार्थ संघ समक्ष पेस गर्दछु। उपस्थित संघ भेलाले मौन भई शान्त रहेमा दण्ड पारित भएको तथा असहमति जनाएमा पारित नभएको निर्णय हुनेछ।" त्यसपछि उक्त आरोपित छन्न भिक्षुमाथि निष्कासनको ऐन सबै समक्ष पेश गरी संघ भेलाले शान्त भई उक्त दण्ड सजाय कार्यन्वयनमा लागु हुन्छ।

पुनः "हे भिक्षुहरू ! आरोपित भिक्षु छन्नलाई आज यो समयदेखि भिक्षु मर्यादालाई उलङ्घन गरी नटेरेको दण्ड सजायँ स्वरुप निलम्बनको सजायँ सुनाइन्छ। यो कानुन अनुसार कुनै पनि अन्य भिक्षुले सत्संगत, सहयोग र सहकार्य गर्नुपर्दैन। बोल्नु पर्दैन। व्यवहार गर्नुपर्दैन। यो सूचना सबै बुद्ध शासनका सदस्यहरू र संघावासमा पुऱ्याइने छ।"

यसप्रकार उग्र नभईकन नागरिकको नैतिक गुण, धर्म, न्याय र प्रजातन्त्रको सुगन्ध हुनेगरी बौद्ध नीति न्याय र कानुन विकास भएको छ। यसरी बौद्ध श्रद्धालुहरू जो भगवान् बुद्धको लोकतन्त्र सिद्धान्तको परिपाटी बुझेका छन्, उनीहरूले विहार बनाई भिक्षुहरूलाई दान गर्दा चार दिशाबाट पाल्नु हुने संघलाई उद्देश्य गरी दान दिने चलन छ। जब विहार बनाई दान दिइन्छ, तब व्यक्तिगत उद्देश्य नभईकन प्राचीन विहारहरूमा गुफाहरूमा समेत संघदानको शिलापत्र यसरी कुँदिएको छ।

"**आगता अनागता चतुदिसा संघस्स दिन्ने**" भनी बौद्ध देश श्रीलंकाको प्राचीन विहारमा समेत अभिलेख पाइएको छ। यसमा अहिले भएका संघ र भविष्यमा चारै दिशाबाट आउनु हुने संघलाई निमित्त गरी दानको उद्देश्य सहित वर्णन गरिएको छ। यो महान् कार्यलाई केही शब्दमा व्यक्त गर्न गाह्रो छ।

लोकतन्त्र समाजवादी समाजको मुख्य गुण र सैद्धान्तिक लक्षण भनेकै सम्पत्ति र अर्थतन्त्रलाई नीजिकरण नगर्नु हो। **आगता अनागता चतुदिसा संघस्स दिन्ने** भन्ने शब्दले समष्टिगत संघलाई नै भन्ने अभिप्राय प्रष्ट हुन्छ।

जब भगवान् बुद्धले समाजवाद र लोकतान्त्रिक सिद्धान्त अनुसार संघमा लागु गर्नुहुँदा त्यसबेलाका पूँजीपति महाजन अनाथपिण्डिक, महान धनी सेंठहरूलाई पनि केही




https://dhamma.digital

फरक परेन । उहाँले उनीहरूलाई सम्पत्ति थुप्रै छ भनेर दोष लगाउनु भएन । उहाँले सबै सम्पत्ति गरीबलाई बाँड्नुपर्छ भनेर कहिल्यै सुझाव दिनुभएन । तर सम्पत्तिलाई धेरै भन्दा धेरै कसरी उपयोग गर्ने बारे भन्नुभएको छ । उहाँले सम्पत्तिमा टाँसिन नहुने, कञ्जुस भएर लोभी भएर सम्पत्ति थुपार्नाले त्यसबाट झन दुःख हुने विषयमा एक दुई पटक होइन हजारौं पटक जोड दिनुभएको छ । संक्षेपमा भगवान् बुद्धले आत्म नहुने विषयमा सिकाउनु भएकोले नीजि सम्पत्ति र स्वार्थीपनले भय उत्पन्न हुन्छ भनी दर्शाउनु भएको छ । उहाँले त अझ धर्मलाई समेत बेस्कन समाइ राख्न नहुने भन्नु हुँदै धर्म त केवल संसाररुपी सागर पार गर्ने डुङ्गा जस्तै प्रयोग गर्नु पर्दछ भनी भन्नुहुन्छ ।

भगवान् बुद्धले यहाँ हरेकले सबैसँग विधि व्यवहार गर्दा चन्द्रमा सरह धनी र गरीबको अन्तरलाई नहेरिकन नातेदार र परजन भनी, चिनेको नचिनेको मिलेको साथी र शत्रु, सहयोगी र असहयोगी भनी नछुट्याईकन व्यवहार गर्नुपर्ने विषयमा यस्तो देशना गर्नुभएको छ । "हे भिक्षुहरू ! कहिल्यै, कसैमाथि अन्याय र भेदभाव नगर । जसरी आकाशमा चन्द्रमा छाईरहेको छ, त्यसै प्रकार शरीर र मनले शीतल व्यवहार गर । परिवार नाता कुटुम्बमा धेरै नजिकिएर नबस । सहयोग गर्ने घरपरिवार र दाताहरूमा समेत आशक्ति नराखी बस ।"

जब हामीले त्रिपिटक ग्रन्थमा यसप्रकार बुद्ध वचन, घटना, प्रसङ्गहरू भेट्टाउँछौं, तब प्राचीन आध्यात्मिक गुरुमध्ये प्रजातान्त्रिक समाजवादी संस्थाको विकास गरी लोकतान्त्रिक सोच, विधि र पद्धतिलाई सहयोग गर्नुहुने लोकतन्त्र र समाजवादको मार्गदर्शक २६०० वर्ष अगाडिका भगवान् बुद्ध नै हुनुहुन्छ भन्ने स्पष्ट हुन्छ ।



Dhamma Digital

### *हर्षोल्लासमय धर्म*

*उदासीनता, दुःखी र पश्चताप सत्य बोधको अवरोध भएको कारणले*
*बुद्धधर्म यस्ता मनोवृत्तिको विरोधि छ ।*
*यहाँ उल्लेखनीय कुरा के छ भने, प्रीति, सुख, पसद्धि इत्यादि गुणहरू बोधिपक्षिय धर्म हुन्, निर्वाण साक्षात्कारको खुड्किलाहरू हुन् ।*

*- Ven. Dr. W. Rahula, "What the Buddha Taught"*



https://dhamma.digital



## अनुमान र अड्कल रहित बुद्धधर्म

*निर्वाण साक्षात्कारमा प्रज्ञा-ज्ञान अनिवार्य हुनु*
*बुद्धधर्मको एक महिमा रहेको छ ।*
*बौद्ध दर्शनमा नैतिक आचरण र ज्ञानलाई एकआपसबाट छुट्याउन सकिदैँन ।*
*नैतिक आचरण वा शीलले सम्यक जीवनको लागि*
*आधार दिन्छ भने प्रज्ञा र ज्ञानले त्यसलाई पूर्णता दिन्छ । प्रतित्यसमुत्पादको पूर्ण*
*ज्ञानविना कोहि पनि साँच्चै नै नैतिकवान हुन्छ*
*भनेर भन्न सकिदैँन जब*
*उसमा आधारभूत अन्तरदृष्टि र ज्ञानको अभाव हुन्छ ।*
*यस सन्दर्भमा बुद्धधर्म अरु धर्मभन्दा फरक रहेको छ । सबै एकेश्वरवादी*
*धर्महरू अनुमानबाट सुरु हुन्छन्*
*जुन विज्ञानको उदयसँगै धेरै कुराहरू असत्य साबित भएका छन् ।*
*तर बुद्धधर्म अनुमानमा आधारित होइन ।*
*यो वास्तविकता र*
*तथ्यमा अडिग भएर उभिएको छ । त्यसैले नयाँ ज्ञानले पनि*
*बुद्धको दर्शनलाई सुक्खा पार्न सक्दैन ।*

*- Prof. Lakshimi Narasu, “The Essence of Buddhism”*



https://dhamma.digital



## वसल सुत्त
## (वृषल चण्डाल सम्बन्धित देशना)

भगवान् बुद्धको शिक्षा त्यसबेलाका गन्यमाण्य र प्रभावशाली समाजमा सामाजिक परिवर्तन ल्याउन अभूतपूर्व योगदान हुनगयो । भारतवर्षको बुद्धकालीन समाज जाति वर्ण व्यवस्थाले असाध्यै ग्रस्त समाज थियो । उहाँको सामाजिक सुधार र विज्ञानसम्मत आर्य शिक्षाले त्यसबेलाको कट्टरवादी समाजको केही भागलाई चुनौती र धक्का दिई समाजमा नयाँ सोचाई र चिन्तनको विकास गर्नमा पहिलो कदम लियो । २५०० वर्ष अगाडि अहिले जस्तो आधुनिक चिन्तक दार्शनिकहरू नभएको बेला मानव अधिकार र समानता बारे भगवान् बुद्धले आवाज उठाउनु भयो ।



https://dhamma.digital

भगवान् बुद्धले विशेषगरी थिचोमिचोमा परेका शोषण र दमनबाट पिल्सिएका र समाजबाट बहिष्कृत एवं अपहेलितमा परेकाहरूको कुनै दोष होइन, मानव समाज कै कमजोरी हो भनी ज्ञान बाँड्नु भयो । सामाजिक सन्दर्भमा ब्राह्मण जातिको हावी रहेको, उच्च रुपमा जन्मजातले नै प्रश्न गर्न नपाउने गरी महान् श्रेष्ठ ठान्ने प्रवृत्ति विरुद्ध भगवान् बुद्धले क्रान्तिकारी विचार ल्याउनु भयो । जुन आजको दिनसम्म पनि सुधार गर्नु आवश्यक देखिन्छ । भगवान् बुद्धको क्रान्तिकारी विचार उहाँको थुप्रै देशना ज्ञानहरूमा रहेको छ । त्यसमध्ये एक वसल सूत्रमा बुद्धको चुनौतीपूर्ण धारणा प्रष्ट देखिन्छ । वसल सूत्र जातिवादको घमण्डले पूर्ण ब्राह्मणहरूलाई आफ्नो धारणा सच्याउन, अग्नीपूजा गरी शुद्धिभन्दा पनि वास्तवमा शुद्ध र श्रेष्ठ कसरी हुन्छ भन्ने बारे व्याख्या पाइन्छ ।

## वसल सुत्त : पालि

**एवं मे सुतं – एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे । अथ खो भगवा पुब्बण्हसमयं निवासेत्वा पत्तचीवरमादाय सावत्थिं पिण्डाय पाविसि । तेन खो पन समयेन अग्गिकभारद्वाजस्स ब्राह्मणस्स निवेसने अग्गि पज्जलितो होति आहुति पग्गहिता । अथ खो भगवा सावत्थियं सपदानं पिण्डाय चरमानो येन अग्गिकभारद्वाजस्स ब्राह्मणस्स निवेसनं तेनुपसङ्कमि ।**

**अद्दसा खो अग्गिकभारद्वाजो ब्राह्मणो भगवन्तं दूरतोव आगच्छन्तं । दिस्वान भगवन्तं एतदवोच – "तत्रेव, मुण्डकस तत्रेव, समणकस तत्रेव, वसलक तिट्ठाही" ति ।**

**एवं वुत्ते, भगवा अग्गिकभारद्वाजं ब्राह्मणं एतदवोच – "जानासि पन त्वं, ब्राह्मण, वसलं वा वसलकरणे वा धम्मे" ति ? "न ख्वाहं, भो गोतम, जानामि वसलं वा वसलकरणे वा धम्मेस साधु मे भवं गोतमो तथा धम्मं देसेतु, यथाहं जानेय्यं वसलं वा वसलकरणे वा धम्मे"ति । "तेन हि, ब्राह्मण, सुणाहि, साधुकं मनसि करोहिस भासिस्सामी"ति । "एवं, भो"ति खो अग्गिकभारद्वाजो ब्राह्मणो भगवतो पच्चस्सोसि । भगवा एतदवोच –**

१. **कोधनो उपनाही च, पापमक्खी च यो नरो ।**
**विपन्नदिट्ठि मायावी, तं जञ्ञा वसलो इति ॥**

२. **एकजं वा द्विजं वापि, योध पाणं विहिंसति ।**
**यस्स पाणे दया नत्थि, तं जञ्ञा वसलो इति ॥**

३. **यो हन्ति परिरुन्धति, गामानि निगमानि च ।**
**निग्गाहको समञ्ञातो, तं जञ्ञा वसलो इति ॥**



https://dhamma.digital

४. गामे वा यदि वा रञ्ञे, यं परेसं ममायितं ।
थेय्या अदिन्नमादेति, तं जञ्ञा वसलो इति ॥

५. यो हवे इणमादाय, चुज्जमानो पलायति ।
न हि ते इणमत्थीति, तं जञ्ञा वसलो इति ॥

६. यो वे किञ्चिक्खकम्यता, पन्थस्मिं वजन्तं जनं ।
हन्त्वा किञ्चिक्खमादेति, तं जञ्ञा वसलो इति ॥

७. अत्तहेतु परहेतु, धनहेतु च यो नरो ।
सक्खिपुट्ठो मुसा ब्रूति, तं जञ्ञा वसलो इति ॥

८. यो ञातीनं सखीनं वा, दारेसु पटिदिस्सति ।
साहसा सम्पियेन वा, तं जञ्ञा वसलो इति ॥

९. यो मातरं पितरं वा, जिण्णकं गतयोब्बनं ।
पहु सन्तो न भरति, तं जञ्ञा वसलो इति ॥

१०. यो मातरं पितरं वा, भातरं भगिनिं ससुं ।
हन्ति रोसेति वाचाय, तं जञ्ञा वसलो इति ॥

११. यो अत्थं पुच्छितो सन्तो, अनत्थमनुसासति ।
पटिच्छन्नेन मन्तेति, तं जञ्ञा वसलो इति ॥

१२. यो कत्वा पापकं कम्मं, मा मं जञ्ञाति इच्छति ।
यो पटिच्छन्नकम्मन्तो, तं जञ्ञा वसलो इति ॥

१३. यो वे परकुलं गन्त्वा, भुत्वान सुचिभोजनं ।
आगतं नप्पटिपूजेति, तं जञ्ञा वसलो इति ॥

१४. यो ब्राह्मणं समणं वा, अञ्ञं वापि वनिब्बकं ।
मुसावादेन वञ्चेति, तं जञ्ञा वसलो इति ॥

१५. यो ब्राह्मणं समणं वा, भत्तकाले उपट्ठिते ।
रोसेति वाचा न च देति, तं जञ्ञा वसलो इति ॥

१६. असतं योध पब्रूति, मोहेन पलिगुण्ठितो ।
किञ्चिक्खं निजिगीसानो, तं जञ्ञा वसलो इति ॥



https://dhamma.digital

१७. यो चत्तानं समुक्कंसे, परे च मवजानाति ।
निहीनो सेन मानेन, तं जञ्ञा वसलो इति ॥

१८. रोसको कदरियो च, पापिच्छो मच्छरी सठो ।
अहिरिको अनोत्तप्पी, तं जञ्ञा वसलो इति ॥

१९. यो बुद्धं परिभासति, अथ वा तस्स सावकं ।
परिब्बाजं गहट्ठं वा, तं जञ्ञा वसलो इति ॥

२०. यो वे अनरहं सन्तो, अरहं पटिजानाति ।
चोरो सब्रह्मके लोके, एसो खो वसलाधमो ॥

एते खो वसला वुत्ता, मया येते पकासिता । न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो । कम्मुना वसलो होति, कम्मुना होति ब्राह्मणो । तदमिनापि जानाथ, यथामेदं निदस्सनं । चण्डालपुत्तो सोपाको, मातङ्गो इति विस्सुतो । सो यसं परमं पत्तो, मातङ्गो यं सुदुल्लभं । आगच्छुं तस्सुपट्ठानं, खत्तिया ब्राह्मणा बहू । देवयानं अभिरुय्ह, विरजं सो महापथं । कामरागं विराजेत्वा, ब्रह्मलोकूपगो अहु । न नं जाति निवारेसि, ब्रह्मलोकूपपत्तिया ।

अज्झायककुले जाता, ब्राह्मणा मन्तबन्धवा । ते च पापेसु कम्मेसु, अभिण्हमुपदिस्सरे । दिट्ठेव धम्मे गारय्हा, सम्पराये च दुग्गति । न ने जाति निवारेति, दुग्गत्या गरहाय वा ।

न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो । कम्मुना वसलो होति, कम्मुना होति ब्राह्मणो”ति ।

एवं वुत्ते, अग्गिकभारद्वाजो ब्राह्मणो भगवन्तं एतदवोच “अभिक्कन्तं, भो गोतम, अभिक्कन्तं, भो गोतम । सेय्यथापि, भो गोतम, निक्कुज्जितंवा उक्कुज्जेय्य, पटिच्छन्नं वा विवरेय्य, मूळ्हस्स वा मग्गं आचिक्खेय्य, अन्धकारे वा तेलपज्जोतं धारेय्य, ‘चक्खुमन्तो रूपानिदक्खन्ती’ति, एवमेवं भोता गोतमेन अनेकपरियायेन धम्मो पकासितो । एसाहं, भो गोतम, सपुत्तो सभरियो सपरिसो सामच्चो भवन्तं गोतमं सरणं गच्छामि धम्मञ्चभिक्खुसङ्घञ्च । उपासकं मं भवं गोतमो धारेतु अज्जतग्गे पाणुपेतं सरणं गतं ।





https://dhamma.digital

# वसल सुत्र : अर्थ अभिप्राय

मैले यस्तो सुनेको छु । एक समय भगवान् बुद्ध अनाथपिण्डिक महाजनले बनाउनु भएको जेतवनाराममा बस्नु भएको थियो । त्यसबेला भगवान् बुद्ध विहानको समयमा पात्र चीवर धारणा गरी पिण्डपात्रको लागि श्रावस्थीको नगरमा जानुभयो । त्यसबेला अग्गिक भारद्वाज ब्राह्मणको घरमा होम यज्ञको सामाग्रीको साथ आगो पनि बालिराखेको थियो । तथागत बुद्ध घरै पिच्छै भिक्षाटन गर्दै जाँदा अग्गिक भारद्वाजको घर अगाडि आइपुग्नु भयो ।

अग्गिक भारद्वाज ब्राह्मणले तथागत टाढाबाट आइरहनु भएको देख्यो । देख्नासाथ भगवान् बुद्धलाई "हे मुण्डक ! त्यहि बस । हे श्रमण त्यहि बस । हे वसल ! त्यहि वस ।" भन्यो ।

तथागतले यस्तो भनेको सुनेर अग्गिक भारद्वाजलाई भन्नुभयो । "हे ब्राह्मण वसल भनेको को हो ? वसलले गर्ने काम के हो ? भो भगवान् वसल कसलाई भनिन्छ वा उसको काम के हो मलाई थाहा छैन । भो गौतम ! तपाईले मलाई उपदेश दिनुभएको खण्डमा वेश हुनेथियो, जुन उपदेश सुनेर वसल र वसलको काम जान्न सकुँ ।" "हे ब्राह्मण त्यसो भए सुन । राम्ररी मनमा धारण गर । म बताउँदछु ।" "हुन्छ, हवस्" भनी अग्गिक भारद्वाज ब्राह्मणले तथागतलाई जवाफ दिए । भगवान् बुद्धले यस्तो आज्ञा गर्नुभयो ।

१. जुन ब्यक्ति रिसाहा र वैरी स्वभावको हुन्छ, जो पापी र इर्ष्यालु छ, मिथ्यावादी र मायावी छ उसलाई वसल भनिन्छ ।

२. जसले एक प्राणीहिंसा (**एकज द्विज**) गर्दछ, जो प्राणीप्रति दयाभाव राख्दैन, उसलाई वसल भनिन्छ ।

३. जसले गाउँ सानो, गाउँ घेरेर नष्ट गर्दछ, जो अत्याचारी नामले प्रशिद्ध हुन्छ, उसलाई वसल भनिन्छ ।

४. जसले गाउँमा वा अन्य ठाउँमा (जङ्गलमा) अरूले आफ्नो बनाएको वस्तु चोर्दछ, उसलाई वसल भनिन्छ ।

५. जसले ऋण लिएर साहु आएको बेला तिमीलाई मैले तिर्नुपर्ने ऋण छैन भनी भागेर जान्छ, उसलाई वसल भनिन्छ ।

६. जसले कुनै वस्तुको आसमा बाटोमा हिँड्ने बटुवालाई मारेर लुट्ने काम गर्दछ, उसलाई वसल भनिन्छ ।



https://dhamma.digital

७. जसले आफ्नो लागि, अरुको लागि, कुनै ब्यक्तिलाई धनको कारणले साक्षिदिने बेलामा झूठो कुरा गर्दछ, उसलाई वसल भनिन्छ ।

८. जो ब्यक्ति आफन्त होस् वा साथीहरूको स्त्रीसँग बलात्कारले वा प्रेमभावले अनुपयुक्त कार्य गर्दछ, उसलाई वसल भनिन्छ ।

९. जसले आफूसँग सामर्थ्य भएतापनि बृद्ध भएका आफ्ना आमा बुबाको पालन पोषण गर्दैन, उसलाई वसल भनिन्छ ।

१०. जसले आमाबुबा, दाजुभाइ, दिदीबहिनी, सासु-ससुरालाई हात उठाउँदछ वा नराम्रो वचन प्रयोग गर्दछ, उसलाई वसल भनिन्छ ।

११. जसले अर्थयुक्त प्रश्न सोध्दा अनर्थयुक्त जवाफ दिन्छ, फेरि कुरा घुमाई राख्दछ, उसलाई वसल भनिन्छ ।

१२. जसले पापकर्म गरेर पनि अरुले थाहा नपाओस् भनी इच्छा राख्दछ, जो प्रतिछिन्न कर्म गर्दछ,उसलाई वसल भनिन्छ ।

१३. जो अरुको घरमा जाँदा मिठो खानेकुरा खाई, आफ्नो घरमा आउँदा खानपिन दिँदैन, उसलाई वसल भनिन्छ ।

१४. जसले श्रमण, ब्राह्मण वा याचकलाई झुक्याउँदछ, उसलाई वसल भनिन्छ ।

१५. जसले खानेसमयमा आएको श्रमण, ब्राह्मणलाई भगाउँदछ, उसलाई वसल भनिन्छ ।

१६. जो ब्यक्ति मोहमा फसेर कुनै वस्तुको लागि असत्य कुरा गर्दछ, उसलाई वसल भनिन्छ ।

१७. जसले अभिमानी भै अरुलाई तल्लो स्तरमा राखेर कुरा गर्दछ, कर्महीन भएका त्यस्ता ब्यक्तिलाई वसल भनिन्छ ।

१८. जो रुष्ट स्वभावको हुन्छ, अरुलाई पुण्यकर्म गर्न दिँदैन, नराम्रो इच्छा गर्ने, कंजुस छलकपटी हो, फेरि जसलाई नराम्रो कर्म गर्नलाई लज्जा भय हुँदैन, उसलाई वसल भनिन्छ ।

१९. जसले बुद्ध, श्रावक, परिब्राजक वा गृहस्थको निन्दा गर्दछ, उसलाई वसल भनिन्छ ।

२०. जसले आफू अर्हत नभैकन पनि आफूलाई अर्हत भन्दछ उ नै संसारको सबैभन्दा ठूलो पाखण्डि हो, उसलाई वसल भनिन्छ ।



https://dhamma.digital

यीनिहरूलाई नै वसल भनिन्छ भनी मैले तिमीलाई भनिसकें। कोहिपनि जातले ब्राह्मण हुँदैन, वसल पनि हुँदैन। कर्मले नै ब्राह्मण र वसल हुने हो। सोपाक भन्ने चण्डाल-पुत्र हो तर मातङ्ग नामले प्रशिद्ध भयो। यो कुराले पनि वसल बारे बुझ्ने कोसिस गर्नुपर्दछ। जब त्यस मातङ्गले ठूलो यशकीर्ति प्राप्त गऱ्यो तब उसको सेवाको लागि धेरै क्षत्री तथा ब्राह्मणहरू आए। कामरागादि दमन गरी शुद्ध मार्गमा हिँडेर दिव्ययानमा बसी ब्रह्मलोकमा गए। जातले उसलाई ब्रह्मलोकमा जानको लागि रोकेन।

अज्झापन कुलमा जन्मेका मन्त्र वन्धु ब्राह्मणरूले पनि धेरै जसो पाप कर्म गरिरहेको देखिन्छ। ती यस लोकमा निन्दित हुन्छन्। अर्को जन्ममा पनि दुर्गतिमा जान्छन्। जातले उनीहरूलाई दुर्गतिबाट बचाउन सकेन। जातले उनीहरूलाई निन्दाबाट बचाउन सकेन।

कोहि पनि जातले वसल हुँदैन। कोहि पनि जातले ब्राह्मण हुँदैन। कर्मले वसल हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ।

तथागतद्वारा यस्तो आज्ञा भएपछि अग्गिक भारद्वाज ब्राह्मणले तथागतलाई बिन्ति गऱ्यो। "आश्चर्य हो गौतम। आश्चर्य हो गौतम। जसरी घोप्टाएको भाँडो सुल्टो पारेझैँ, छोपिराखेको ठाउँ खोलेर देखाएझैँ, बाटो भूलेकोलाई बाटो देखाएझैँ, अध्यारो ठाउँमा दियो बालिदिएझैँ, आँखा हुनेहरूले रूप देखेझैँ तपाईले मलाई अनेकौँ प्रकारले धर्मदेशना गर्नुभयो। अब देखि म तपाईको शरणमा आए। धर्म र भिक्षु संघको शरणमा आए। जीवनभरसम्म तपाइको उपासकको रुपमा स्वीकार्नुहोस्।

Dhamma.Digital





https://dhamma.digital



*एक समयमा भगवान् बुद्ध श्रावस्थी नगर नजिक रहेको जेतवन विहारमा बसिरहनु भएको थियो । एक बिहानी, भगवान् बुद्ध पारुपन गरेर भिक्षा लिनको लागि पात्र लिएर श्रावस्थी नगर प्रस्थान गर्नुभयो ।*




https://dhamma.digital



*त्यहि समयमा, अग्गिक भारद्वाज ब्राह्मिण यज्ञको लागि आगो बालिरहेको थियो । भगवान् बुद्ध भिक्षा लिने क्रममा विभिन्न घरहरूमा जाँदैगर्दा अग्गिक भारद्वाज ब्राह्मिणको घर अगाडि पुग्नुभयो ।*



https://dhamma.digital



*भगवान् बुद्ध आफ्नो घर नजिक आइरहेको देखेर ब्राह्मिण अलिक चिन्तित देखिए । उसले बुद्धलाई कडा शब्दमा भने, "ओइ मुण्डक त्यहि रोक । ओइ दरिद्र वसल श्रमण त्यहि बस ।"*




https://dhamma.digital



कत्तिपनि हतोत्साहित नभइकन भगवान् बुद्धले ब्राह्मिणसँग कुरा गर्नुभयो, "हे ब्राह्मिण ! तिमीलाई थाहा छ को वसल हो भनेर ? अथवा कसरी एक मानिस वसल हुन्छ ?" "अह, मलाई थाहा भएन भन्ते। को वसल हो र कसरी वसल भइन्छ भन्ने कुरा मलाई जानकार छैन। कृपया तपाईलाई को वसल हो र कसरी वसल भइन्छ भन्ने धर्म थाहा भए मलाई पनि बताइदिनुहोला।" "त्यसोभए ब्राह्मिण ध्यान दिएर मनमा राख म भन्नेछु" भनेर भगवान् बुद्धले सुरु गर्नुभयो: ।



https://dhamma.digital



*जो व्यक्ति रिसालु छ, गर्जिन्छ र गनगन गर्छ, निर्दयी छ, मिथ्यादृष्टिको छ र छलकपट गर्छ भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital



जो व्यक्तिले एक चोटि जन्मिने र दुईचोटि जन्मिने (चल्ला आमाबाट एकचोटि र अण्डाबाट एकचोटि गरेर दुईचोटि जन्मिन्छ) को प्राणीहिंसा गर्छ, उसमा प्राणीहरूप्रति दया करुणा नै छैन भने उसलाई वसल भनेर जान्नु ।



https://dhamma.digital



जो व्यक्तिले गाउँघरमा, शहर बजारमा डरत्रास देखाएर लुटपाट गर्छ, एक आतंककारीको रुपमा चिनिन्छ भने उसलाई वसल भनेर जान्नु ।



https://dhamma.digital



*जो व्यक्तिले चाहे गाउँमा होस् या जङ्गलमा, चोरि गर्छ भने अथवा नदिइकन लिन्छ भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital




जो व्यक्तिले ऋण त लिन्छ तर समय आएपछि फिर्ता माग्दा विभिन्न बाहना बनाएर भाग्छ, “मैले ऋण लिएको छैन” भनी भन्छ भने उसलाई वसल भनेर जान्नु ।




https://dhamma.digital



*जो व्यक्तिले सानो लालचको कारणले बाटोमा आवत जावत गर्ने मान्छेलाई मारेर उसको सामान लिन्छ भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital




जो व्यक्तिले आफ्नो लागि, अरुको लागि अथवा पैसाको लागि साक्षीको रुपमा झूठ कुरा प्रस्तुत गर्छ भने उसलाई वसल भनेर जान्नु ।



https://dhamma.digital



*जो व्यक्ति करकापले अथवा सहमतिमै आफ्नो छिमेकी अथवा साथीको श्रीमतिसँग सँगसँगै हिँड्छ भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital



*जो व्यक्ति धनाड्य अथवा सरसम्पत्ति भएर पनि आफ्नो आमाबुबा बुढाबुढी हुँदा हेरचाह गर्दैन भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital



*जो व्यक्तिले शारीरिक रुपमा अथवा कडा वचनले आफ्नो आमा, बुबा, दाजुभाई, दिदीबहिनी, ससुरा तथा आमालाई प्रहार गर्छ भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital




*जो व्यक्तिले कसैले राम्रो कुराको सल्लाह माग्दा खराब सल्लाह दिन्छ अथवा घुमाउरो तरिकाले कुरा गर्छ भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital



*जो व्यक्तिले पापकर्म गर्छ तर अरुले थाहा नपाओस् भनी इच्छा राख्दछ र फेरि गोप्य रुपमा खराब काम गर्छ भने उसलाई वसल भनेर जान्नु ।*




https://dhamma.digital



*जो व्यक्तिले अरुको घरमा गएर मिठो मिठो खान्छ तर आफ्नो घरमा आउँदा राम्रोसँग सत्कार गर्दैन भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital



जो व्यक्तिले झूठ बोलेर ब्राह्मण, श्रमण अथवा याचकलाई ठग्छ भने उसलाई वसल भनेर जान्नु ।




https://dhamma.digital



*जो व्यक्तिले ब्राह्मण अथवा श्रमण भिक्षाको लागि आउँदा नदिइकन खेदाउँछ भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital



*जो व्यक्ति मोहमा फसेर सामान्य फाइदाको लागि पनि भूठ बोल्दछ भने उसलाई वसल भनेर जान्नु ।*



https://dhamma.digital



*जो अभिमानी भई भै अरुलाई तल्लो स्तरमा राखेर कुरा गर्दछ, कर्म हिन भएका त्यस्ता व्यक्तिलाई वसल भनिन्छ ।*



https://dhamma.digital



जो रुष्ट स्वभावको हुन्छ, अरुलाई पुण्यकर्म गर्न दिदैन, नराम्रो इच्छा गर्ने, कंजुस छल कपटी हो, फेरि जसलाई नराम्रो कार्म गर्न लाज लाग्दैन, उसलाई वसल भनिन्छ ।




https://dhamma.digital



जसले बुद्ध, श्रावक, परिब्राजक वा गृहस्थको निन्दा गर्दछ, उसलाई वसल भनिन्छ ।



https://dhamma.digital



*जसले आफु अर्हत नभैकन पनि आफुलाई अर्हत भन्दछ उ नै संसारको सबभन्दा ठूलो पाखन्डि हो, उसलाई वसल भनिन्छ ।*



https://dhamma.digital



*यिनिहरूलाई नै वसल भनिन्छ भनी मैले तिमीलाई भनिसकें । कोहिपनि जातले ब्राह्मण हुँदैन, वसल पनि हुँदैन । कर्मले नै ब्राह्मण र वसल हुने हो ।*



https://dhamma.digital



*सोपाक भन्ने चण्डाल पुत्र हो तर मातंग नामले प्रशिद्ध भयो । यो कुराले पनि वसल बारे बुझ्न कोशिस गर्नुपर्दछ ।*



https://dhamma.digital



जब त्यस मातंगले ठूलो यसकीर्ति प्राप्त गऱ्यो तब उसको सेवाको लागि धेरै क्षत्री तथा ब्राह्मणहरू आए ।



https://dhamma.digital



*कामरागादि दमन गरी शुद्ध मार्गमा हिँडेर दिब्ययानमा बसी ब्रह्मलोकमा गए । जातले उसलाई ब्रह्मलोकमा जानको लागि रोकेन ।*



https://dhamma.digital



*अज्झापन कुलमा जन्मेका मन्त्र वन्धु विद्वान ब्राह्मणहरूले पनि धेरै जसो पाप कर्म गरिरहेको देखिन्छ। वर्तमान जन्ममा पनि पाप कर्म गर्छन् र उनीहरू मरणपछि दुर्गतिमा पतन हुन्छन्। जन्मले उनीहरूलाई दुर्गति जानबाट वा दोषारोपण हुनबाट रोक्न सक्दैन।*



https://dhamma.digital



# भगवान् बुद्धको पवित्र अस्थिधातु (अङ्गार)

मानव सभ्यताको इतिहासमा महान कार्य गरेका व्यक्तित्वहरूको सम्झनामा भव्य, अनौठो सम्पदा महल तथा स्मरणीय स्थलहरू निर्माण गरी लामो समयदेखि सम्झिने र सजाउने चलन यत्रतत्र रहेको पाइन्छ। उदाहरणको रुपमा लिनु पर्दा प्राचीन समयमा शासन गरेका शक्तिशाली शासकहरूले सम्झना स्वरुप ठूलठूला संरचनाहरू जस्तै इजिप्टको पिरामिड, भारतको ताजमहललाई लिन सकिन्छ।

तर मानव इतिहासमा यही अनुपातमा सम्बन्धित कथासहित असंख्यसम्पदा, स्तुपा, प्यागोडा र चैत्यहरू स्थापना गरी अत्यन्त श्रद्धाभावसाथ पूजा गर्ने जीवन परम्परा कसैको छ भने त्यो बुद्धको अस्थिधातु प्रतिस्थापित गरी पूजा गर्ने चलन हो जुन आजसम्म चलिआएको छ। पछिल्लो अस्थिधातु बृहत प्रदर्शन ऐतिहासिक रुपमा ताइवानमा भएको देखिन्छ। भारतको भिक्षुले बुद्धको दन्तधातु प्रदान गरेकोमा त्यस पवित्रधातुलाई थाइल्याण्ड हुँदै राजकीय सम्मानका साथ ताइवानमा सरकारी सलामी दिई बृहत पवित्र अस्थिधातु स्थापित गरियो।

भगवान् बुद्धको अस्तु सम्बन्धी आ-आफ्नै गाथा तथा उपासना २५०० वर्षदेखि ठाउँ ठाउँमा फैलिएर पूजा अर्चनाको विषय भएको छ। समय युग बित्ने क्रममा बुद्धको अस्तु पनि वृद्धि भई बुद्धप्रति श्रद्धा, आस्था वृद्धि हुनुका साथै बुद्धको शिक्षा विश्वव्यापी रुपमा प्रचारप्रसार र विस्तार हुनमा यसले ठूलो सहयोग गरेको छ। बुद्धका पवित्र अस्थिधातुहरूलाई तीन भागमा विभाजित गरिएको छ। ती हुन् :

१) शारीरिक अस्थि: शरीरको अस्थिधातु वा भगवान् बुद्धको शरीरबाट उत्पन्न भएका अङ्गबाट प्रादुर्भाव भएका पवित्र धातुहरूलाई शारीरिक अस्थिधातु भनिन्छ।

२) पारिभोगिक अस्थि: व्यक्तिले परिभोग गरेका सामानहरू वा अस्थिधातु भगवान् बुद्ध स्वयम्ले आफ्नो जीवनकालमा प्रयोग गरेका विषयवस्तुहरू जस्तै पात्र, चीवर र उहाँले बोधिज्ञान प्राप्त गर्नुभएको बोधिबृक्ष आदि पारिभोगिक अस्थि हुन्।



https://dhamma.digital

३) उद्देशियक अस्थि: सम्झनामा अस्थि वा भगवान् बुद्धका असंख्य मूर्ति, प्रतिमाहरू जुन आ-आफ्नो संस्कृति अनुसार बुद्धको सम्झनामा निर्माण गरिएका प्रतिमाहरू सबै उद्देशियक अस्थिधातुहरू हुन् ।

यी तीन अस्थिधातुहरू मध्ये बुद्धको शारीरिक अस्थिधातुलाई बौद्ध जगतमा व्यापक प्रचार गरिएको छ । (यस भित्रका कथा उच्च सम्मान अस्थिधातुसँग जोडिएका घटना धारावाहिक सम्बन्ध अस्थिधातुको जगेर्ना र सम्बर्द्धन आदि विषयसँग मानिसको भित्री भक्तिभावसँग जोडिएका ठाउँ ठाउँमा फैलिएको छ ।) बुद्धको अस्थिधातुको इतिहासलाई हेर्ने हो भने बौद्धहरू नभएको दुर्गम ठाउँमा पनि त्यस क्षेत्रका मानिसहरूको आध्यात्मिक पारमी संस्कारको कारण तत्तत् स्थानमा फैलिएर गएको थुप्रै कथाहरू छन् ।

## बुद्धको पवित्र अस्तिधातु शुभारम्भको कथा

भगवान् बुद्धले बुद्धत्व ज्ञान प्राप्त गरेसँगै शारीरिक अस्थिधातु प्रादुर्भाव भएको कथा जोडिएको छ । भगवान् बुद्धले गहिरो समापत्ति ध्यानबाट उठेको क्षणमा दुई दाजुभाइ तपस्सु र भल्लुक व्यापारको सिलसिलामा राजगृह जाने क्रममा बुद्धलाई भेटेका थिए । दुई व्यापारी दाजुभाइले देवताको अनुरोधमा बुद्धलाई सतु र मह दान गरे ।

बुद्धको आध्यात्मिक यात्रामा त्यस समयमा उक्त दान सामान पात्र नभएको हुँदा शास्त्रीय वर्णन अनुसार चार आरक्षण देवताहरूले चार पात्र प्रदान गरे । त्यसपछि भगवान्ले उक्त खाना स्वीकार्नु भयो । ती दुई व्यापारी दाजुभाइ सर्वप्रथम बुद्ध र धर्मको द्वेवाचक उपासक भए । त्यति बेलासम्म संघ स्थापना भएको थिएन । दुई दाजुभाइको सत्कारले भगवान् बुद्ध प्रशन्न हुनुभएको अवस्थामा उनीहरूले सम्झना स्वरुप भगवान्को शिरको केश रौँ धातु मागे । यो नै बौद्ध इतिहासमा बुद्धको पवित्र शारीरिक अस्थिधातुको कथा हो । ती दुई दाजुभाइले ठूलो श्रद्धा अर्चनाका साथ केश धातु स्थापना गरी उक्कला (वर्तमान ओरिस्सा) मा स्तुप बनाई पूजा गरे । कालान्तरमा यो केश धातु विभिन्न ठाउँमा फैलिंदै हाल म्यान्मारमा सुवर्णमय स्तुप स्वेतगौँ स्तुप भनी भव्यरुपमा बुद्धको केशधातु प्रतिस्थापित गरी पूजा गर्दै आएको छ ।

बुद्धको शारीरिक अस्थिधातु सम्बन्धी औपचारिक इतिहासको शुभारम्भ विषय महापरिनिर्वाण सूत्रमा पनि पाईन्छ । बुद्धको महापरिनिर्वाण सम्बन्धी उल्लेख गरिएको यस देशनामा बुद्ध स्वयम्ले उहाँको शरीर कुन रुपमा प्रयोगमा ल्याउने कुन रुपमा विधिव्यवहार गर्ने भन्ने बारे आज्ञा गर्नुभएको छ । भिक्षु आनन्द भगवान् बुद्धका निकट



https://dhamma.digital

भक्त तथा उपस्थापक थिए । उहाँले तथागतको दाहसंस्कार पूर्व नै भगवान् तथागतको परिनिर्वाण पछि तथागतको चिरकालसम्म सम्झनाको लागि के कस्तो अग्नि संस्कार र विधि गर्नुपर्ला भनी जिज्ञासा राख्नुभएको थियो । त्यसपछि भगवान् तथागतले भन्नुभयो: "आनन्द ! तथागतको चिरकालसम्म स्मरणको लागि तिमीले चिन्ता नगर । तिमी आफ्नो श्रमण धर्ममा लाग । आनन्द,यहाँ थुप्रै बुद्धिमान गृहस्थ क्षेत्री, ब्राह्मण र गृहपतिहरू छन्, जसले तथागतप्रति आस्था राख्नेछन् । उनीहरूले नै तथागतको शरीरको अन्त्येष्टि प्रदान गर्नेछन् ।"

भो भगवान् ! तथागतको शरीरलाई अन्त्येष्टिको व्यवहार कुन रुपमा गर्ने ? आनन्द ! तथागतको शरीरलाई पनि चक्रवर्ती राजाको शरीरलाई अन्त्येष्टि व्यवहार गरे सरह नै गर्ने हो ।

भो भगवान् ! चक्रवती राजाको शरीरलाई कसरी अन्त्येष्टि गरिन्छ ? आनन्द, चक्रवती राजाको शरीरलाई सर्वप्रथम नयाँ कपडाले बेरिन्छ । धेरै पटकसम्म कपडाले बेरिसकेपछि सुती कपडा, ऊनले बेरेर फेरि नयाँ कपडाले ढाक्ने । यसप्रकार चक्रवर्ती राजाको शरीरलाई ५०० पटक नयाँ कपडा र ५०० पटक सुती धागोले बेरेको शरीरलाई धातुको बाकसमा सुगन्धित तेल राखेर धातुकै बाकसले ढाक्ने गरिन्छ । त्यसपछि दाउराको चिता बनाई विभिन्न सुगन्धित चन्दन (तगर) वास्नायुक्त धुप र सुगन्धित शरीरमा लेपी चितामा राखी आगोले जलाईन्छ । त्यसपछि चौबाटोमा स्तुपा बनाई अंगार राखी चक्रवर्ती राजाको सम्झना स्तुप स्थापना गरिन्छ । त्यसैले आनन्द, चक्रवर्ती राजाको शरीरलाई जुन विधि अपनाईने हो, त्यही अनुसार तथागतको शरीरको पनि काजक्रिया गर्नु । चौबाटोमा तथागतको स्तुपा निर्माण गरेमा आवतजावत गर्ने श्रद्धालुहरूले फूल, धुप, कपुर, आदि चढाई सुख शान्तिको स्वस्तिको कामना गर्ने छ । त्यसैले आनन्द, चार व्यक्तिहरूको स्तुप बनाउन योग्य छ । ती चार को को हुन्: अर्हतहरू सहित तथागत सम्यक सम्बुद्धको स्तुप बनाउन योग्य छ । प्रत्येक बुद्धहरूको स्तुप बनाउन योग्य छ । तथागतका शिष्य श्रावकहरूको पनि स्तुपा बनाउन योग्य छ । र चक्रवर्ती राजाको पनि स्तुपा बनाउन योग्य छ ।

आनन्द, के कारण अर्हत तथागतहरूको स्तुप बनाउन योग्य छ ? आनन्द धेरै मानिसको हृदयमा यो स्तुप भगवान् अर्हत सम्यक सम्बुद्धको गुणमा, स्मरणमा निर्माण भएको स्तुप भनी सुखी हुन्छन् । त्यो श्रद्धा विभोरले पुण्य कार्य गरी सुगति देवगामी हुन्छन् । त्यसैले तथागत अर्हत सम्यक सम्बुद्धको स्तुप निर्माण योग्य छ ।

आनन्द, के कारण प्रत्येक बुद्धको स्तुप स्थापना गर्नयोग्य छ ? आनन्द, धेरै मानिसको हृदयमा प्रशन्न भई श्रद्धा चित्तले यो स्तुप प्रत्येक बुद्ध भगवान्को गुण स्मरण



https://dhamma.digital

गरी प्रतिस्थापना भएको सम्झी श्रद्धा व्यक्त गर्दछन् । यसप्रकार उनीहरूको मन खुशी भई यो संसार त्याग गर्दा उनीहरू सुगतिगामी हुन्छन् । तसर्थ हे आनन्द, प्रत्येक बुद्धको स्तुप पूजा गर्न योग्य छ ।

आनन्द, के कारणले तथागतका शिष्य श्रावकहरूको स्तुप बनाउन योग्य छ ? आनन्द, धेरै मानिसहरूले अत्यन्त प्रशन्न भई यो स्तुप भगवान्का शिष्य श्रावक अर्हतहरूको स्तुप हो भनी श्रद्धा व्यक्त गर्दा यो संसार छोडी परलोक जाँदा सुगति जाने हुन्छ । त्यसैले आनन्द, तथागतका शिष्य श्रावक अर्हतहरूको अस्थिधातु राखी सम्झना स्वरुप स्तुप निर्माण गरी पूजा गर्नयोग्य छ । आनन्द, के कारण चक्रवर्ती राजाको सम्झनामा स्तुप बनाउन योग्य छ ? आनन्द, धेरै मानिसहरूले यो स्तुप हेरी हृदय खुसी हुन्छन् र यो स्तुप धर्म न्याय पूर्वक राज्य गर्ने धार्मिक राजाको सम्झनामा बनाईएको स्तुप हो भनी चित्त प्रशन्न गरी परलोक हुँदा सुगतिगामी हुन्छन् । तसर्थ आनन्द, चक्रवर्ती राजाको अन्त्येष्टि पछि चैत्य निर्माण गर्नयोग्य छ । त्यसरी आनन्द, चार प्रकारका व्यक्तिहरूको स्तुप निर्माण गरी पूजा गर्न योग्य छ । भिक्षु आनन्दले सोध्नुभएको प्रश्नको उत्तर दिने सिलसिलामा पछिसम्म कुनै विवाद शंका नहुने गरी बुद्धको पवित्र अस्थिधातु र अङ्गारलाई स-श्रद्धा भक्तिभावले पूजा आर्चना गरिरहेको खण्डमा बुद्ध शासन चिरकालसम्म स्थायी हुनेछ ।

भगवान् सम्यक सम्बुद्धको परिनिर्वाण पश्चात् उहाँको शारीरिक अस्थिधातु अग्नि संस्कार अन्त्येष्टि क्रियाको कथाधार लामो गरी महापरिनिर्वाण सूत्रमा व्याख्या गरिएको छ । महापरिनिर्वाण सूत्रको अन्तिम अध्यायमा विभिन्न व्यक्ति र घटना सम्बन्धी कथाको सविस्तार बुद्धको शारीरिक अस्थिधातुसँग सम्बन्धित गराई बताइएको छ । भगवान्को शारीरिक अस्थिधातु सम्बन्धी कथामा अत्यन्त दैवीय अद्भूत घटनाहरू जोडिएका छन् ।

यस बखत मल्लका प्रमुखहरूले बुद्धको अन्त्येष्टिको लागि अग्नि संस्कार गर्ने जोरजाम गरे, तर उनीहरूको योजना मुताबिक अग्नि संस्कार भएन । जब भिक्षु महाकाश्यपले भगवान् बुद्धको पार्थिव शरीरमा दण्डवत प्रणाम गरे र तीन पटक प्रदक्षिणा गरे, सो गर्नासाथ स्वतः अग्नि प्रज्वलित भयो । भिक्षु महाकाश्यपले भगवान् बुद्धको शिर र पाऊमा छोएर अन्तिम दर्शन गरे । तत्क्षण् मै आगो प्रज्वलित भई दाहसंस्कार कार्य भयो । अग्नि संस्कारको ज्वालाले भगवान् बुद्धको हाड धातु मात्रै शेष रही खरानी र धुलो अङ्गार केही पनि बाँकी रहेन ।

कुशीनगरका मल्ल राजाहरू नै बुद्धको शारीरिक अस्थिधातु संरक्षण गर्ने प्रमुख रक्षकहरू हुन् । मल्लहरूले भगवान् बुद्धको शारीरिक अस्थिधातुहरू एक हप्तासम्म सभा हलमा पूजा अर्चना गरे । ठूलो राजकीय सम्मान साथ भव्य र अद्भूत तरीकाले



https://dhamma.digital

बुद्धको अग्नि संस्कार पश्चात् शेष रहेको अस्थिधातुलाई अत्यन्त उच्च सम्मानका साथ सर्वसाधारण जनले आस्था प्रकट गरे । बुद्धको अस्थिधातु दर्शनार्थ जहाँ जहाँ लगियो त्यो ठाउँमा बाजा गाजा, नाच गान, उत्सव गरी फूल माला गुच्छाले सिंगारी, पुष्पमालाले सुसज्जित गरी पूजा चढाए ।

पहिलो चरणमा भगवान् बुद्धको शारीरिक अस्थिधातु वितरण कार्य सुरु भयो । बुद्धको शारीरिक अस्थिधातु माग गर्ने र भाग लिने यसप्रकारका देखा परे –

१) मगधका शासक बैदेही पुत्र राजा अजातशत्रुले कुशीनगरका मल्लहरूलाई संदेश पठाउँदै बुद्धको शारीरिक अस्थिधातु आफूहरूलाई आवश्यक भएको जानकारी दिए । राजा अजातशत्रुले, “भगवान् बुद्ध क्षत्रीय हुनुहुन्छ, हामी पनि क्षत्रीय हौं, हामीलाई बुद्धको अस्थिधातु चाहिन्छ” भनी दावी गरी अस्थिधातु माग गरे ।

२) वैशालीका लिच्छवीहरूले पनि आफ्नो धर्म, गौरव र अस्तित्वको लागि अस्थिधातु माग गरे ।

३) कपिलवस्तुका शाक्यहरूले पनि दावी गरे कि हाम्रो वंशको गोत्र प्रमुख भगवान् बुद्ध नै हुनुहुन्छ । त्यसैले अस्थिधातु हामीलाई चाहिन्छ ।

४) अलकप्प देशका वुलियाहरूले पनि अस्थिधातुको लागि त्यसप्रकार नै आफूहरूलाई चाहिन्छ भनी अस्थिधातुको माग गरे ।

५) रामग्रामका कोलियहरूले पनि अस्थिधातुको भागबण्डामा आफ्नो हक दाबी गरे ।

६) वेठदिपका ब्राह्मणहरूले पनि भगवान्को अस्थिधातु आफूहरूलाई पाउनुपर्ने भनी अनुरोध गरे ।

७) पावाका मल्लहरूले पनि यस सम्बन्धमा बहस गरे कि हामीहरू क्षत्रीय हौं र भगवान् बुद्ध पनि समान क्षत्रीय कुल कै हुनुहुन्छ । तसर्थ हामीलाई पनि अस्थिधातु भाग गरिदिनुपर्छ ।

८) यी सबै कुरा र माग बारे सुनिसकेपछि कुशीनगरका मल्लहरूले झन उग्ररुपमै दाबी गरे कि भगवान् बुद्ध हाम्रो क्षेत्र भूमिमा परिनिर्वाण हुनुभयो, तसर्थ यो नितान्त हाम्रै भएकोले यहाँबाट बाहिर जान दिदैनौं । बाहिरबाट माग आएपनि कसैलाई बाँडेर वितरण गर्दैनौं भन्न थाले ।

यसप्रकार विभिन्न बहसपछि पनि अस्थिधातु वितरणको विषयमा चर्को वादविवाद हुनथाल्यो । यति नै बेला द्रोण नामको ब्राह्मणले यस विवादको समयमा हस्तक्षेप गरी शान्तिदूतको कार्य गरे । उहाँ जस्तो भगवान्को अस्थिधातु वितरणमा विवाद गर्नु राम्रो होइन् । करुणा र सहनशीलता नै बुद्धको गुण शिक्षा हो । त्यसैले सहनशील भई समझदारीपूर्वक यो विवादलाई शान्त पारौं ।



https://dhamma.digital

माग गरिरहेका समूहहरूलाई द्रोण ब्राह्मणको कुरा सही नै लाग्यो । त्यसपछि ती समूहले नै मित्र द्रोण ब्राह्मण, त्यसो भए तपाईले नै अस्थिधातुलाई भाग लगाई वितरण गरिदिन भने । सबैको माग बमोजिम उसले अस्थिधातुलाई आठ भागमा बराबर हुने गरी विभाजन गरी नापेर कलशमा राखी अस्थिधातु विभाजन गरीदिए ।

यसप्रकार महापरिनिर्वाण सूत्रमा उल्लेख भएको पाएतापनि कुनै कुनै फरक परम्पराको रेकर्डमा आए अनुसार श्रीलंकाको शास्त्रीय थुपवंश भन्ने ग्रन्थमा फरक घटना देखाइएको छ । द्रोण ब्राह्मणले सबै अस्थिधातु भएको बाकस खोल्नासाथ उपस्थित सबै राजाहरू, मन्त्रीहरू, अमात्यहरू र अन्य सबैजना भावविभोर भए र उनीहरू अधिकांश रोई कराई शोक विलाप गरे । त्यही बखतमा द्रोण ब्राह्मणले कसैले नदेख्ने गरी बुद्धको दायाँ बङ्गाराको दन्तलाई आफ्नो शिरको कपालभित्र लुकाएका थिए । त्यसबखत देव राजा शक्र इन्द्रले ब्राह्मणले गरेको त्यो कार्य दिव्यचक्षुले देख्नुभई ब्राह्मण द्रोणले बुद्धको दन्तधातु आदर गौरवका साथ पूजा गर्न नसक्ने देखी शक्र इन्द्रले उसको केशको चूल्ठोबाट दैवीय शक्तिले प्राप्त गरी सुनौलो कलश सहितको बाकसमा प्रतिस्थापित गरे । यो दन्त धातुलाई देवलोकमा प्रतिस्थापित गरी चूलामणि चैत्यको रुपमा पूजा सुरु गरे भन्ने उल्लेख छ। त्यस भनाई अनुसार द्रोण ब्राह्मणले सबैलाई वितरण गरी आफूले दन्तधातु आफ्नो लागि लुकाई सकेको हुनाले कुनै दाबी गरेन । यसरी अस्थिधातु भाग गर्दा यो दन्तधातु जाँच गर्दा लोप भईसकेको थियो । तसर्थ उनले हतारमा कलशमा राखी धातु विभाजन गरेको प्रसङ्ग पाइन्छ ।

अस्थिधातु वितरण सम्बन्धी कथाको पुनः महापरिनिर्वाण सूत्रमा फर्किएर हेर्दा पिप्पली वनका मौरीयाहरूले पनि माग गरे । भगवान् बुद्ध क्षत्रीय हुनुहुन्छ र उहाँसँग हाम्रो पनि पारिवारिक नाता पर्दछ, त्यसैले हामीलाई पनि अस्थिधातु उपलब्ध गराई दिनु पर्ने भनी अधिकार खोज्न आए। यस समयमा अस्थिधातु सबैलाई बाँडिसकेको थियो । ८ जना राजाहरूले त्यस सम्बन्धमा तिमीहरू ढिला आइपुग्यौ । अब अस्थिधातु सकिसकेको छ। अब बाँकी रहेको केही अङ्गार भष्महरू भएपनि संकलन गरी लैजानु भनेपछि पिप्पलीवनका मौरीयाहरूले बाँकी रहेको भष्म अङ्गार संकलन गरी लगे भन्ने वर्णन छ ।



https://dhamma.digital

# भारतमा रहेको भगवान् बुद्धको अस्थिधातुको इतिहास

भगवान् बुद्धको अन्त्येष्टि अग्नि संस्कार पछि पहिलो चरणमा उहाँको शारीरिक अस्थिधातु प्रतिस्थापित गरी १० स्तुपहरू निर्माण गरी सम्मान प्रकट गरेका ठाउँहरू यसप्रकार छन्:

१) राजा अजातशत्रुले अस्थिधातु राखी राजगृहमा स्तुप बनाए ।
२) लिच्छवीहरूले पनि बुद्धको पवित्र धातु राखी वैशालीमा स्तुप बनाए ।
३) शाक्यहरूले पनि आफ्नो ठाउँ कपिलवस्तुमा स्तुप बनाए ।
४) बुलियाहरूले पनि आफ्नो ठाउँ अलकप्पमा भगवान् बुद्धको स्मरणमा स्तुप बनाए ।
५) कोलियहरूले रामग्राममा स्तुप बनाए ।
६) वेठदिपका ब्राह्मणहरूले आफ्नो ठाउँ वेठदिपमा स्तुप निर्माण गरे ।
७) मल्लहरूले पावामा स्तुप बनाए ।
८) लिच्छवीहरूले बुद्धको अस्थिधातु निर्धान गरी कुशीनगरमा स्तुप बनाए ।
९) द्रोण ब्राह्मणले कलश मात्र राखी स्तुप बनाए ।
१०) मौरीयाहरूले अङ्गार भष्म राखी पनि स्तुप बनाए ।

यी १० स्तुपहरू निधान भईसकेपछि प्रतिस्थापन समारोह सहित तुरुन्तै पवित्र अस्थिधातु जात्रा परम्परा सुरुबाट पनि त्यो बेलाका राजा र शासकहरूले राजकीय सम्मानका साथ प्रारम्भ गरे । प्राचीन भारतको परम्पराको इतिहासमा बुद्धको अस्थिधातुलाई विशेष राजकीय सम्मानका साथ मगधका राजा अजातशत्रुले ठूलो लावालस्करका साथ उत्सव मनाई सम्मान गरेको वर्णन छ ।

उहाँले कुशीनगरदेखि सयौं माईल टाढा राजगृहसम्म भव्य शोभायात्रा गरी दर्शनीय पवित्र अस्थिधातुप्रति सम्मान गरेको देखिन्छ । यो एक यस्तो ऐतिहासिक महान् शोभायात्रा थियो कि यो आयोजना गरी कार्य सम्पन्न गर्दा ७ वर्ष ७ महिना र ७ दिन लगाएर सारा राजकीय तामझाम सलामी सहित दर्शनीय शोभायात्रा राजगृह पुऱ्याइएको भनिएको पाइन्छ । त्यसबेला अर्हत महाकाश्यपको अनुरोधमा राजा अजातशत्रुले बुद्धको अस्थिधातु सुरक्षा र संरक्षणको लागि चैत्य गर्भमै विशेष सुरक्षा अपनाइएको थियो । परम्परा मान्यता अनुसार राजा अजातशत्रुले संसारकै सबै बहुमूल्य रत्नहरू स्थापना गरी भविष्यमा आउने राजाहरूले समेत अस्थिधातु जात्रा पर्व गर्न सकोस् भनी धन खजाना राखेका थिए । राजा अजातशत्रुले अस्थिधातु सुरक्षाको लागि अनौठो भव्य किसिमको यन्त्र मानव पनि जडान गरेको मानिन्छ । राजाको यस स्तुपको गर्भमा ८० श्रावक शिष्य, राजा सुद्धोदन, रानी महामाया, बोधिवृक्ष, रानी यशोधरा, कालुदायी मन्त्री, छन्द अमात्य,



https://dhamma.digital

अन्यको पनि अस्थिधातु चैत्यको गर्भमा निधान गरिएको थियो। त्यस्तै गरी अर्हत महाकाश्यपले भविष्यमा सम्राट अशोकको उदय भई पछिल्लो शदीमा उक्त राजाको नेतृत्वमा जम्बुद्वीप भारतवर्षमा व्यापक रुपमा बुद्धका अस्थिधातु फैलिने भविष्यवाणी गरेको मानिन्छ ।

यही दूरदर्शी भविष्यवाणी अनुसार नै, घटनाक्रममा, प्रियदर्शी सम्राट अशोकको उदय भयो । शुरुमा हत्याहिंसाको बाटो अपनाई शत्रु सबैलाई खत्तम गरेका क्रुर निर्दयी शासकको रुपमा रहेका अशोकलाई श्रामणेर निग्रोधले बुद्ध दर्शनमा परिचित गराए । जस अनुसार अशोक राजा धर्मराजा भए । धर्मराजा सम्राट अशोकले बुद्ध शासनको चौरासी हजार धर्मखण्डको प्रतीक स्वरुप चौरासी हजार स्तुप नै निर्माण गरी पूजा गरे ।

एक समयमा स्तुपहरू निर्माण गर्दा सम्राट अशोकलाई अस्थिधातु राखिएको गर्भबाट ती धातुहरू निकाल्न ठूलो समस्या आईपऱ्यो । जसमा अर्हत महाकाश्यपको निर्देशनमा राजगृहका राजा अजातशत्रुले विशेषतः सुरक्षा संयन्त्र राखेको हुनाले निकाल्न गाह्रो भयो । राजा अजातशत्रुले त्यो बेलाको विशेष सुरक्षा संयन्त्र अपनाई सुरक्षित राखिएको मानव यन्त्रको विधि प्रक्रिया साँचो खोल्ने छिटो तरीका र हातहतियार प्रहारबाट बच्ने उपाय त्यो बेलासम्म सक्रिय भएकोले ती जम्मै व्यवधान हटाई अस्थि राखेको गर्भगृहमा प्रवेश गरी त्यस स्तुपबाट निकालिएको सबै अस्थिधातुलाई चौरासी हजार भागमा भाग लगाई चौरासी हजार नै स्तुपहरू निर्माण गरेका थिए ।

यसरी सम्राट अशोकद्वारा निर्माण गरिएका स्तुपहरूको प्रभावले बुद्धधर्म सारा भारतमा मात्र नभई थुप्रै देशका सीमा परिधि नाघेर व्यापक प्रचारप्रसार भयो । अर्हत् मोग्गलीपुत्ततिस्स थेरले सम्राट अशोकको धर्मदूत प्रचार कार्यमा मुख्य योगदान दिई भारतका छिमेकी राष्ट्रहरूमा धर्मप्रचार गर्न भिक्षुहरू खटाए ।

मगधका राजा अजातशत्रुले प्रतिस्थापन गरेको अस्थिधातु सहित रत्न खजाना भण्डारलाई पत्ता लगाई सम्राट अशोकले बुद्धधर्मलाई व्यापक बनाए । जब उहाँहरू चैत्यको गर्भमा प्रवेश गरे, यस बेला सुरक्षा संयन्त्रका विज्ञहरूको सहयोग लिई यन्त्र मानवको हतियार प्रयोगलाई रोकी गर्भगृह जाने साँचो पत्ता लगाई तुरुन्त ढोका खोली अमूल्य रत्नहरू संग्रह गरे । जस अनुसार राजा अजातशत्रुले ती दिनमा सन्देश भनेका थिए,'पछिल्ला पुस्तामा आउने राजाहरूले यी बहुमूल्य रत्नहरूको खजानाको आर्थिक प्रयोग गरी अस्थिधातुको जात्रा पर्व उत्सव गरिने छ ।'

सम्राट अशोक केही बेर मनमा आकुल व्याकुल भए । यस सन्देशमा भने अनुसार कम द्रव्यवान, कम यशवान राजाहरूलाई राखिएको भन्ने सन्देश भएकोले पछिल्लो क्रममा आउने कम यशवान राजा भनिएकोले के म कम यशस्वीवान हो र ? म पनि कुनै



https://dhamma.digital

प्रकारले गरीब छैन भनी त्यस गर्भधातुमा प्रवेश गर्दा अर्हत महाकाश्यपले भविष्यवाणी गरे जस्तै सुनौलो अभिलेख भेट्टाए। भविष्यमा प्रियदर्शी नामको चक्रवर्ती सम्राट उदय भई उहाँ धर्माशोक हुनेछ र भारतवर्षमा चौरासी हजार धर्म स्तुपहरू निर्माण गरी बुद्ध धर्मलाई रक्षा गर्नेछ। यो सन्देश थाहा पाएर असाध्यै गद्‌गद् भई वन्दना प्रणाम गरी अर्हत महाकाश्यपले दूरदर्शी भविष्यलाई हेरी नै यो स्तुप बनाउनु भएको हो भन्ने थाहा पाए। यी सबै जोडजाम गरी सम्राट अशोक आफ्नो राज्यको पहुँच भएको सबै देश र देश बाहिर पनि फैलाउनु भयो। साथै बुद्धको परम भक्तको नाताले बुद्ध शिक्षालाई प्रचारप्रसार गरी फैलाउनु आ-आफ्नो पवित्र कर्तब्य हो भनी निर्णय गरे।

उहाँले थप रुपमा आफ्नो संरक्षकत्वमा धर्म संगायना गरी बुद्धको शिक्षालाई शुद्धिकरण गरे। साथै बुद्धशासन कमजोर हुने विकृतिहरूलाई हटाई सुधार गरे। यस बौद्ध संगायनको प्रमुखता अर्हत मोग्गलिपुत्ततिस्स थेरले गर्नुभयो। संगायनको अन्तमा बौद्ध धर्मदूतहरू थुप्रै प्रदेशमा पठाए। धर्मदूतको साहित्यिक स्रोत अनुसार त्यसबेला धेरै टाढा युरोप, ग्रीकको योवनसम्म धर्मदूतहरू फैलिए। थुप्रै ठाउँमा खटाइएका सम्राट अशोकका धर्मदूत मैसूर, गान्धार, काश्मीर, हिमालय, महाराष्ट्र, सूवर्णभूमिसम्म फैलिए। अशोकको धर्मदूत कार्य पठाउने क्रममा अहिलेको मलेशिया र इन्डोनेसियासम्म पुगेको देखिन्छ। यी भूभागहरूलाई बौद्ध साहित्यमा सूवर्णभूमि भनिन्थ्यो।

सम्राट अशोकको धर्मदूत प्रचारप्रसार कार्यले सिरिया देशको राजा अन्टोकस दोस्रो, इजिप्टको पितलोमि, मेसोडोनियाको ऐतिगोनस, एपिरसको एलेक्जेण्डर र उत्तर अफ्रिकाका सारेनियाको मगजहरूसम्म सम्बन्ध स्थापित भई जोडिन पुगेको देखिन्छ। सम्राट अशोकले भारतबाट पठाइएका ती धर्मदूतहरू सँगै बुद्धको अस्थिधातु पनि सँगै दिएर पठाएको देखिन्छ। यसको प्रमाणित विवरण अर्हत महिन्दलाई श्रीलंका पठाउँदा धातु समेत दिई पठाएकोमा ती धातुहरू निधान गरी श्रीलंकामा स्तुपहरू बनाए।

एक प्रसङ्गमा चाइनामा पाइएको धातु स्तुप पनि भारत कै कुनै ठाउँबाट सम्राट अशोकको पालामा प्रचार अभियान अर्न्तगत पठाइएको मान्न सकिन्छ। यसरी भूगोलमा टाढा टाढासम्म विभिन्न पुरातात्विक विधि अपनाई प्राचीन बौद्ध सम्पदा कला, संस्कृति विकास भई अस्थिधातु निधान गरेका कयौं ठाउँहरू आज सुरक्षित नै छन् भने कयौं ठाउँहरू भग्नावशेष वा लुप्त अवस्थामा र सम्भावित अस्थिधातु पाउने क्षेत्रको रुपमा फैलिएको छ।



https://dhamma.digital

## श्रीलंकामा बुद्धको अस्थिधातु सम्बन्धित प्रचलित कथा

भगवान् बुद्धको अस्थिधातु सम्बन्धित इतिहाससँग जोडिएका कथा वृत्तान्तहरू श्रीलंकामा अत्यन्त प्रचलित छन्। सम्राट अशोकको धर्मदूत मिसन कार्यदेखि यसको ऐतिहासिक तिथी मिति जोडिन आई उक्त धर्मदूत गतिविधिले श्रीलंकालाई विशेष स्थान दिएको छ। सम्राट अशोक श्रीलंकाको शासकको नदेखिने मित्र हुनुहुन्थ्यो। सम्राट अशोक र श्रीलंकाका राजा देवानंपियतिस्स बीच एक आपसमा सन्देश र उपहार आदानप्रदान गरी मित्रवत् सम्बन्ध रहेको पाइन्छ। सम्राट अशोकले प्रारम्भमा नै मैत्री सम्बन्ध उपहार आदानप्रदानको रुपमा आफूले बुद्ध धर्मको अभ्यास गरेको जानकारी गराए। सम्राट अशोकले राजा देवानंपियतिस्सको श्रीलंकामा भएको राज्याभिषेकको अवसरमा उपहार पाए। उनले राज्याभिषेकलाई चाहिने ५ प्रकारका मङ्गल वस्तुहरू पठाएर दुई जनाको बीच मित्रवत् सम्बन्धलाई सुमधुर बनाएका थिए।

सम्राट अशोकका छोरा अर्हत महिन्द श्रीलंकामा स्वयम् आफू बुद्धको शिक्षा र सन्देश लिएर आउनुभयो। सम्राट अशोकका नाति सुमन श्रामणेर पनि अर्हत महिन्दको समूहमा सदस्य भएर आउनु भयो। जब श्रीलंकाका राजा देवानंपियतिस्सले आफ्नो देशमा स्तुप चैत्य बनाउने निर्णय गरे, तब सुमन श्रामणेर आफ्नो हजुरबुबा सम्राट अशोककोमा गएर बुद्धको अस्थिधातु लिइकन उक्त पवित्र धातुलाई स्तुपमा प्रतिस्थापन गरीस्तुप बनाउन लगाए।

श्रामणेर सुमनले सम्राट अशोककोबाट अस्थिधातु मात्र ल्याएको नभई इन्द्र शक्रले उपहार दिएको भगवान् बुद्धको दायाँ दन्तअस्थि पनि लिएर आएका थिए। यी अस्थिहरू स्थापना गरी श्रीलंकाको पहिलो बौद्ध चैत्यको रुपमा थुपाराम चैत्य स्थापना गरे। यही परम्परा अनुसार सुमन श्रामणेरले श्रीलंकामा भगवान् बुद्धको पात्र पनि साथमा लिएर आएको मानिन्छ।

त्यस्तै गरी अर्को विशाल भव्य चैत्यको रुपमा राजा दुट्ठगामिनीले बनाइदिएको रत्नमाली चैत्यलाई लिइन्छ। यस चैत्यभित्र पनि नागहरूको भूमिबाट ल्याइएको अस्थिधातु राखिएको मान्यता पाइन्छ। रामग्राममा कोलियहरूले स्थापना गरेको स्तुपकै केही धातुहरू नागहरूले लगेको मानिन्छ। त्यो स्तुप समुद्रमा बगाउँदा समुद्रले बगाएको, तर नागहरूले उक्त अस्थिको कलशलाई सुरक्षित बनाई चैत्य बनाएको भन्ने मान्यता छ। जब रत्नमाली चैत्य बनाए, तब श्रामणेर सोनुत्तर नागभूमिमा गई धातुहरू लिएर राजा दुट्ठगामिनीको श्रद्धामा अनुराधपुरमा रत्नमाली चैत्य बनाएका थिए।

यी प्राचीन समयदेखि नै बुद्धको अस्थिधातु सम्बन्धि कथा वृत्तान्तहरू श्रीलंकामा विभिन्न तहमा प्रचलित र प्रसिद्ध छ। बुद्धको अस्थिधातुको इतिहास सम्बन्धमा कथा



https://dhamma.digital

वृत्तान्तलाई जोड्दा बुद्धको (बाँया आँखा) र दन्तधातु श्रीलंकामा पुगेको प्रचलित दस्तावेजहरू छन् । सन् ६१ मा राजा मेधवर्णनको शासनकालमा राजकुमार दत्ता र राजकुमारी हेमामालाले आफ्नो केशको चूल्ठोमा लुकाई सजाईकन श्रीलंकामा ल्याएको कथा पनि निकै मार्मिक छ ।

उक्त धातु श्रीलंकामा ल्याई पुऱ्याएदेखि यस विषयवस्तु समग्र देशकै राज्यको सम्पत्ति हुनगयो । जसले दन्तधातुलाई रक्षा गर्छ, ऊ नै शासक र राज्य सत्तामा टिक्ने भए । यस क्रममा सिंहासनमा बस्नेहरूले दन्तधातुलाई रक्षा गर्ने जिम्मेवारी पाए ।

## हालको अवस्थामा अस्थिधातुको विवरण

अहिले श्रीलंकामा रहेका अस्थिधातुहरूको विवरणलाई हेर्दा प्राचीन र महत्वपूर्ण विहारहरूबाट संकलन गरिएको पाइन्छ। त्यसमध्ये महियाङ्गन विहारबाट संकलित अस्थिधातुहरू विभिन्न समय र चरणमा पूजा अर्चना र प्रदर्शन गरेको देखिन्छ। यो विभिन्न कारणले असाध्यै पवित्र स्थल हुनगयो । जन विश्वास अनुसार त्यही स्थल भगवान् बुद्धले पहिलो पल्ट श्रीलंकामा पदार्पण गर्नुभएको ठाउँको रुपमा चिनिन्छ। भगवान् तथागतको बुद्धत्व प्राप्तिको ९ महिनापछि उहाँले श्रीलंकामा पहिलोपल्ट आउनुभएको भन्ने जनश्रुति छ। भगवान् बुद्धको यस धर्मप्रचार कार्यलाई समुद्री द्वीपमा रहेका यक्ष राक्षसहरूले मेटाउन खोजेका थिए, तर भगवान् बुद्धले ती नराम्रा स्वभावहरूलाई दमन गरी उनीहरूलाई धर्म अवबोध गराएको भन्ने मान्यता छ ।

त्यसबखत सुमना नामको देवताले श्रोतापन्न ज्ञान हासिल गरेको मानिन्छ। उहाँले भगवान् बुद्धलाई उहाँको प्रतिमा स्वरुप दर्शन गर्न रुपकाय प्रादुर्भाव गरिदिनुस् भनी प्रार्थना गरेको भन्ने विश्वास छ। भगवान् बुद्धले उक्त देवतालाई आफ्नो शरीरबाट केशधातु प्रदान गर्नुभएको र बुद्धको केशधातु राखी महियाङ्गनमा स्तुप बनाई पूजा गरेको इतिहासमा वर्णन छ। यो भगवान् बुद्ध स्वयम्‌को जीवनकालमै भएको बताइन्छ।

भगवान्‌को अस्थिधातु स्थापना सम्बन्धमा अर्को परम्परागत धारणा रहेको छ। भगवान् बुद्धको घाँटीको धातु सरभू नामक भिक्षुले बुद्धको चिता जलिरहेको बेलामै ल्याएको मानिन्छ। केही अस्तुहरू, वर्तमान समयमा प्रदर्शनमा ल्याइएका धातुहरू, प्राचीन तिस्समहाराम विहारबाट ल्याइएको हो । जुन श्रीलंकाको दक्षिणी भेगमा अवस्थित छ। यो चैत्य निकै प्रख्यात छ। जुन २२२६ वर्षसम्मको इतिहास जोडिएको छ। श्रीलंकाको दक्षिण प्रदेशको राजा कवनतिस्सले उक्त स्तुप निर्माण गर्न लगाएका थिए। यस ठाउँमा स्वयम् बुद्धको उपस्थिति भएको हुनाले पवित्र मानिन्छ। भगवान् बुद्धले श्रीलंका तेस्रो बार प्रस्थान गरी केही समय समापत्ति ध्यानमा बस्नुभएको स्थलको रुपमा पुज्ने चलन छ। साथै तिस्स महाराम स्तुप उहाँ बित्नु भएको ३१५ वर्षपछि निर्माण



https://dhamma.digital

गरिएको मानिन्छ। तिस्स महाराम विहारको मुख्य प्राङ्गणमा बुद्धको पवित्र अस्थिधातु विहारको रुपमा स्थापित छ। त्यस स्तुपमा बुद्धको चित्र सुनौलो अक्षरले लेखिएको छ साथै सुनौलो प्रतिमा पनि बनाइएको छ। धेरै शताब्दीसम्म यो विहार बौद्ध अध्ययन केन्द्रको रुपमा विकसित भयो। धेरे ठाउँका भिक्षुहरू समागम भई धर्म विनयको छलफल गर्ने केन्द्र हुनगएको मानिन्छ।

उक्त विहारमा रहेको निम वृक्षको आफ्नै चमत्कारी कथा छ। उक्त निम वृक्षको पातहरू निकै तीतो थिए, तर निम वृक्षको हाँगाका पातहरू त्यस विहारको वरपर झाँगिएर रहेका पातहरू भने तीता थिएनन्। यहीं बुद्धका अस्थिधातुहरू उक्त प्राचीन तेलवत विहारमा पनि भेट्टाइयो। यो पनि श्रीलंकाको दक्षिणी भागमा अवस्थित छ। यसको प्राचीन नाम रामपथ विहार हो। जुन विहारमा सुनौलो टाइल बिछ्याइएको छ। यस विहारमा निकै प्रभावशाली ज्ञानी, विद्वान भिक्षुले उक्त ठाउँमा बसी १५ औं शताब्दीमा उक्त विहारबाट बुद्ध शासनका धेरैकाम गरेका थिए। उहाँ ६ भाषाका ज्ञाता थिए। र उहाँलाई राजकीय सम्मान प्राप्त थियो। तर जीवनको अन्तिम कालमा उहाँ पनि अदालतको मुद्दा मामिला जालमा फँस्नुभयो। उक्त प्रकाण्ड भिक्षुको नाम तोतागामय श्री राहुल थियो र उहाँ ऋद्धि सिद्धिले सम्पन्न हुनुहुन्थ्यो। एक कहावत अनुसार उहाँले समुद्री तटमा रहेका यक्ष, दैत्य, प्रेतहरूलाई समेत दमनगरी बुद्धशासन प्रतिष्ठित गरेको कथा वर्णन छ।

उहाँ बित्नु केही समय अगाडि विशेष प्रकारको आफूले बनाएको औषधी सेवन गरी आफ्नो शरीरलाई चिरकालसम्म आरक्षण गरेको मानिन्छ। जुन विश्वास अनुसार सयौं वर्षसम्म पनि उहाँको शरीर केही भएन। रगत बन्द भई सकेतापनि उहाँको शरीरलाई इन्दुक गलेन भन्ने गुफामा राखिएको मानिन्छ। यो विहार विज्ञ भिक्षुहरूको वासस्थान र अध्ययन केन्द्रको रुपमा प्राचीन समयदेखि नाम चले सँगै यस विहारमा रहेको बुद्धको अस्थिधातु सञ्चय गरेको कारणले सयौं वर्षदेखि यस विहार ऐतिहासिक महत्व देखिन्छ।

***वास्तविकताको अन्तिम सत्य :***

*यहाँ बुद्धधर्मको अर्को एउटा अनुपम गुणलाई उल्लेख गर्न आवश्यक छ। संसारमा धेरै धर्मगुरु आएतापनि बुद्धधर्म मात्र यस्तो एउटा भिन्न धर्म हो जहाँ दर्शनको सिद्धान्तमा अनियमितता छैन। यसप्रकार बौद्धदर्शनले संसारको अस्तित्व र वास्तविकता उजागार गर्ने दावी गर्दछ। बुद्धले देशना गर्नुभएको धर्म तथ्यमा आधारित भएको जीवन जिउने कला पनि हो जहाँ ज्ञानको प्रकृति बुझ्नु नितान्त आवश्यक रहेको छ।*

*- Dr. K. N. Jayatilleke, "Buddhism and Peace"*



https://dhamma.digital



# महापरिनिर्वाण सूत्र

## पवित्र अस्थिधातु वितरण

यस समयमा भिक्षु महाकाश्यप पावादेखि कुशिनगरको बाटो हुदै ५०० जनाको ठूलो संख्यामा भिक्षुसंघको नेतृत्व गर्दै यात्रामा हुनुहुन्थ्यो । भिक्षु महाकाश्यप चारिकाको सिलसिलामा बाटो छेउ रहेको रुखमुनि आराम गर्नु भयो । त्यसै समयमा कुशिनगरदेखि मन्दार फूलगुच्छा हातमा लिई केही आजीवकहरू पावाको लागि हिँडिरहेको देखे । भिक्षु महाकाश्यपले ती आजीवकहरूलाई बोलाउनुहुँदै सोध्नु भयो,“मित्र, के तपाईले हाम्रो गुरु चिन्नु हुन्छ ?” “हो,मित्र म चिन्छु । श्रमण गौतम परिनिर्वाण हुनु भएको आजले ७ दिन भयो । यो मन्दार फूल त्यहाँबाट नै हामीले टिपेर ल्याएका हौं ।” त्यसबखत भिक्षुहरू प्रायजसो आफूले आफुलाई सम्हाल्न नसकी शोक बिलाप गरी रुन थाले । कोही कोही त ज्यादै अपशोच गरी जमीनमै लडिबुडि गरी दुःख मनाई यसो भन्न थाले । भगवान् शास्ता परिनिर्वाण हुनु भयो, सुगत तथागत बित्नुभई परिनिर्वाणमा जानु भयो,संसारमा ज्ञानरुपी आँखा लोप हुने भयो । उहाँले हामीलाई छाडी जानुभयो, भनी छाती पिटी पिटी धुरुधुरु रुन कराउन थाले । त्यसमध्ये स्मृतिवान, प्रज्ञावान भिक्षुहरू चाहीं सम्हाल्दै मनमा प्रत्यवेक्षण गर्दै, संस्कार सबै अनित्य हुन भनी धर्म संवेजको अभ्यास गरे ।



https://dhamma.digital

ठीक त्यही समयमा सुभद्र नामको वृद्ध भिक्षुले संघसमक्ष आई भिक्षुहरूलाई यसो भने, "पुग्यो साथीहरू नरोऊ, बिलाप नगर । अब हामी उहाँ महान् श्रमणबाट स्वतन्त्र र छुटकारा मिल्ने भयो । हामीलाई सधैं यसो गर्नु हुन्छ, यसो गर्नु हुदैन भनी उपदेश अनुशासन गर्ने उहाँ रहनु भएन अब हामीलाई जे मन लाग्छ, आफै हेरी गर्न सक्छौं । त्यसपछि महाकाश्यप भिक्षुले अन्य भिक्षुहरूलाई बोलाउनुहुँदै, मित्रहरू शोक विलाप नगर्नु, भगवान् बुद्धले सांसारिक स्वभाबबारे हामीलाई धर्म ज्ञान दिनु भएको छ । तथागतकै शिक्षा अनुसार जहाँ शरीर उत्पन्न हुन्छ, त्यहाँ अवश्य क्षयकाल विलय गर्नुपर्ने हुन्छ । तसर्थ सायद तथागतको अन्त्येष्टि पूरा गर्नुपर्छ होला । हामीले त्यतातिर ध्यान दिउँ ।

त्यसपछि ठीक त्यही समयमा चार जना प्रमुख मल्लहरूले आफनो शरीर नुहाई धुवाई गरी नयाँ चोखो कपडा लगाई यसो विचार गरे । भगवान् बुद्धको चितामा हामी आगो लगाउँछौं भनी चिताको दागबत्ती तयार गरी अग्नी संस्कार गर्न खोज्दा त्यो कार्य हुनसकेन । त्यसपछि ती कुशीनगरका मल्लहरूले भिक्षु अनिरुद्धसँग सोधे ! भन्ते, अनिरुद्ध के कारणले होला ? यी चार मल्ल प्रमुखहरू जसले शुद्ध रुपमा नुहाईधुवाई, नयाँ चोखो कपडा लगाई चिताको प्रबन्ध गरी दागबत्ती दिन खोज्दा आगो नै बलेन, के कति कारणले होला ? वशिष्ठहरू देवताहरूको इच्छा आकांक्षा फरक होलान् । भन्ते, देवताहरूले के इच्छा र अपेक्षा राखेको होला ? वशिष्ठहरू यो समयमा महाकाश्यप महास्थविर ५०० जनाको ठूलो संख्यामा भिक्षुसंघका साथ पावादेखि कुशीनगरमा पुग्नै लाग्नु भएको छ, त्यसकारण महाकाश्यप महास्थविरले दर्शन गरेको देवताहरूले हेर्न चाहनु भएको छ । तसर्थ महाकाश्यप महास्थविरले बुद्धको पाउमा नढोगेसम्म बुद्धको चितामा कसैले अग्नी संस्कार गर्न सक्दैन । त्यसो भए, भन्ते, देवताहरूले चाहे जस्तै, इच्छा गरे जस्तै होस् ।

## महाकाश्यपको उपस्थिति

यसपछि भिक्षु महाकाश्यप मल्लहरूको कुशीनगरमा अवस्थित मुकुट बन्धन चैत्य परिसरमा रहेको भगवान् बुद्धको पार्थिव शरीर सहितको चिता नजिक पुग्नु भयो । अगाडि पुगिसकेपछि उहाँले एकांश चीवर पारुपण गरी दुईहात जोडी तीन पटक चिता परिक्रमागरी दर्शन गरे । उहाँले भगवान् बुद्धको पाउमा शिर निहुराई प्रणाम गरी ढोग्न सुरु गरे । त्यसपछि उहाँसंगै आएका ५०० जना भिक्षुहरूले पनि सामूहिक रुपमा एकांश गरी तीन पटक दायाँ दिशा हुँदै प्रदक्षिणा गरी बुद्धको पाउमा शिर निहुराई श्रद्धा प्रकट गरे । तत्पश्चात् महाकाश्यप सहित ५०० भिक्षुहरूको अन्तिम श्रद्धाञ्जली सहितको



https://dhamma.digital

दर्शन पूरा हुना साथ भगवान् बुद्धको चितामा आफ्से आफ आगोको ज्वाला उत्पन्न भई अग्निदाह भयो ।

यसप्रकार भगवान् बुद्धको पार्थिव शरीर अग्नि दहन हुँदा उहाँको शरीरका कुनै पनि अंगहरू रगत छाला मासु जोड्ने सबै दहन भई केही मात्रामा भस्म अंगार मात्र बाँकि रह्यो । सम्पूर्ण अग्निदाह भई शारीरिक धातु अवशेष मात्र शेष रह्यो । त्यहाँ कपुर जलेजस्तै बलेको कारण कुनै पनि धूलो, धुवाँ, मोसो नरही घिउ तेल जलेजस्तै बुद्धको शरीर दनदन बल्यो । तर बेरिराखेको कपडा नछोईकन चितामात्रै जली अद्‌भूत तवरले आकाश र शालवृक्षबाट पानीको वृष्टि भई निभ्यो । यही नै बेला कुशीनगरका मल्लहरूले चितामा सुगन्धित जलले लेपन गरी पूजा गरे ।

त्यस बखत कुशीनगरका मल्लहरूले बुद्धको शारीरिक शेष रहेको अस्थिधातुलाई आँखिझ्याल बाट निर्मित सभाहलमा महान् धर्म गौरवका साथ सजाएर हरेक किल्लाबाट दर्शनीय हुने गरी प्रदर्शनीमा ७ दिनसम्म सुगन्धित पूष्प, धूप, दीप, माला, नैबेद्य, तगरचन्दनले सजाई नित्य गीत र संगीतले पूजा अर्चना गरे ।

## अस्थिधातुको माग


वैदेहि पुत्र मगधका राजा अजातशत्रुले भगवान् बुद्ध कुशीनगरमा परिनिर्वाण हुनु भयो भन्ने खबर सुने । त्यसपछि उनले कुशीनगरका मल्लहरूलाई सन्देश पठाए । के भगवान् बुद्ध खट्टिय क्षेत्रीय हुन् । साथै म पनि क्षेत्रीय नै हुँ, त्यसैले बुद्धको शारीरिक धातुको अंश मैले पनि पाउनु पर्छ । म पनि अस्थिधातु राखी स्तुप निर्माण गरी श्रद्धापूर्वक समारोह पर्व मनाउँदछु ।

त्यस्तै गरी वैशालीका लिच्छवीहरूले पनि बुद्ध बित्नु भई कुशीनगरमा परिनिर्वाण हुनु भयो भन्ने खबर सुने। त्यसैले वैशालीका लिच्छवीहरूले पनि कुशीनगरका मल्लहरूलाई खबर पठाए। भगवान् बुद्ध क्षत्रीय हुनुहुन्थ्यो। हामी पनि क्षत्रीय कुलकै हौं । हामीलाई पनि बुद्धको अस्थि चाहिन्छ, हामी पनि उहाँको अस्थि राखी स्तुप बनाई पुजा चढाउँछौं ।

कपिलवस्तुका शाक्यहरूले पनि कुशीनगरमा बुद्धको परिनिर्वाण हुनु भयो भन्ने खबर थाहा पाएर सन्देश पठाए,'भगवान् बुद्ध हाम्रो सम्मानित कुलको नाता कुटुम्ब हुनुहुन्छ । तसर्थ हामीलाई पनि अस्थिधातु जरुरत छ । हामी पनि स्तुप बनाई अस्थिधातु निधान गरी श्रद्धा राख्दछौं ।' अलकप्पका वुलियहरूले पनि यो खबर सुनेर हामीलाई पनि



https://dhamma.digital



*भदन्त महाकाश्यप भगवान् बुद्धको अन्त्येष्टि स्थलमा आउनुभयो । अनि दुई हात जोडि भगवान् बुद्धको शरीरलाई तीन पटक परिक्रमा गर्नुभयो । परिक्रमा गरिसकेपछि महाकाश्यप भन्तेले भगवान् बुद्धको खुट्टालाई छोपिराखेको कपडालाई माथि उठाएर अन्तिम पटक आफ्नो शिरले छोएर गुरूप्रतिको आफ्नो आदरसम्मान दर्शाउनुभयो । यति गर्नासाथ नै भगवान् बुद्धको शरीरमा आफसे आफ आगो लाग्न सुरु भयो ।*



https://dhamma.digital

बुद्धको अस्थिधातु दिनु होला र हामी पूजा अर्चना गर्छौं भनी माग गरे । रामग्रामका कोलियहरूले पनि भगवान्को परिनिर्वाण बारे समाचार सुने । रामग्रामका कोलियहरूले पनि कुशीनगरका मल्लहरूलाई भगवान् बुद्धको अस्थिधातुको माग गरे र स्तुपा बनाई पूजा गर्ने खबर पठाए । एवम् प्रकारले वेठदिपका ब्राम्हणहरू, पावाका मल्लहरूले पनि अस्थिधातुको माग गरी कुशीनगरका मल्लहरूलाई सन्देश पठाए ।

यी सबै संन्देश खबर आउनासाथ कुशीनगरका मल्लहरू सामुहिक रुपमा भेला भई भगवान् तथागत हाम्रो निगम क्षेत्रमा परिनिर्वाण हुनु भएको हो । त्यसैले बुद्धको अस्थिधातु अवशेष हामी कसैलाई दिन्नौं भनी निर्णय गरे ।

## द्रोण ब्राह्मणको हस्तक्षेप

यो कुरा सुनेर भेला भएका परिषदमा द्रोण ब्राम्हण प्रवेश गरी त्यस सभामा यसो भने, "महोदयहरू मेरो कुरा सुनिदिनुस् । भगवान् बुद्ध महाकारुणिक क्षमाशील, दयावान् हुनुहुन्थ्यो । उहाँजस्तो सम्यक सम्बुद्धको अस्थि व्यापक हुनु आवश्यक छ । वादविवाद गर्नुभन्दा सबैको सुख शान्ति अमन चैन र श्रद्धाको कदर गरी अवशेष अस्थिधातु आठ भागमा विभाजन गरौं । सबै दिशा क्षेत्रमा स्तुप फैलिने छ । जो जसले दर्शन गर्छन् उनीहरूलाई पुण्य मिल्ने छ ।"

त्यस पश्चात् उनले सभामा उपस्थित परिषद लाई पुनः सम्बोधन गरे, भो महानुभावहरू, त्यसो भए तपाईहरूले मलाई नाप्ने मापक दिनुहोस् । मैले पनि नाप अनुसार स्तुप बनाई पुनित कार्य गर्ने छु । त्यहाँ उपस्थित सबैले द्रोण ब्राम्हणलाई नापेर धातु वितरण गर्ने जिम्मा दिए । त्यस बखतमा पिपली वनका मौर्यहरूले कुशीनगरमा बुद्ध भगवान्को परिनिर्वाण भएको खबर सुनेर तुरुन्तै तिनीहरूले कुशीनगरका मल्लहरूलाई सन्देश पठाउँदै भने, "भगवान् बुद्ध एक क्षत्रीय हुनुहुन्छ, हामी पनि क्षत्रीय कुलका नै हौं । त्यसैले भगवान्को शरीरको पवित्र अस्थिधातु हामीले पनि पाउनु पर्छ । हामी पनि बुद्धको अस्थिधातु प्रतिस्थापित गरी स्तुप बनाई पुजाआजा गर्छौं ।" यस अवस्थामा त्यहाँ बुद्धका शारीरिक अस्तु भाग सबैलाई नाप तौल गरी बराबर भागमा वितरण गरी सकेको हुँदा तिमीहरूको भागमा बाँकि रहेन, अब केही अंङ्गार खरानी शेष रहेको छ भनी चिताबाट बाँकि भएको अंङ्गार खरानी लिन सकिन्छ भनी अंङ्गार समेत बाँकि नरहने गरी वितरण गरियो ।



https://dhamma.digital



कुशीनगरका मल्लहरूले भगवान् बुद्धको अस्तिधातुलाई आफ्नो परिषद्हलमा एक हप्ताको लागि राखे । सशस्त्र रक्षकहरूले त्यस स्थानमा सुरक्षा दिए । यो नै भगवान् बुद्धको पवित्र अस्तिधातुको प्रथम प्रदर्शनी थियो ।



https://dhamma.digital

# स्तुपको स्थापना

मगधका राजा वैदेही पुत्र अजातशत्रुले भगवान्‌को अस्थिधातु प्रतिस्थापित गरी राजगृह नगरमा पुजाआजा गरी सम्मान व्यक्त गरे । वैशालीका लिच्छवीहरूले बुद्धको शारीरिक धातु स्थापना गरी वैशाली नगरमा स्तुप निर्माण गरे, पुजा अर्चना गरे । कपिलवस्तुमा प्रतिस्थापित गरी पुजा गरे । अलकप्पका बुलियहरूले पनि श्रद्धा व्यक्त गर्ने क्रममा अलकप्पमा बुद्ध गुण स्मरण गरी अस्थिधातु राखी चैत्यको पुजा अर्चना गरे । रामग्रामबासी कोलियहरूले पनि भगवान् बुद्धको शरीर धातु ठूलो धर्म गौरवकासाथ रामग्रामम स्तुप निर्माण गरी पुजाअर्चना गरे । वेठदिपका ब्राम्हणहरूले पनि यस्तै नै धातुसहित स्तुप स्थापना गरे । पावाका मल्लहरूले पनि भगवान्‌को अस्थिधातु गर्भगृहमा राखी सत्कार समान गरी बुद्धको प्रतीक चैत्य विस्तार गरे । कुशीनगरका मल्लहरूले पनि बुद्धको पवित्र शारीरिक धातु रत्नमय भाँडोमा राखी पुजा अर्चना गरे । द्रोण ब्राम्हणले पनि अस्थि मापन गरिएको भाँडो राखी स्तुप बनाई पुजाचढाए । यसै क्रममा पिप्पली वनका मौर्यहरूले पनि आफ्नो भागमा पाएको अंङ्गार खरानी गोल राखी पुजा गरे । यसरी भगवान्‌को शारीरिक धातु राखी स्थापना गरिएको आठ स्तुपहरू, त्यस्तै नवौं स्तुपको रुपमा तौल मापन गरिएको भाँडा राखिएको तथा अंङ्गार राखी स्थापना गरिएको दश स्तुपहरू विभिन्न स्थानमा प्रतिस्थापित भए । भगवान्‌को शारीरिक धातु सबैले दर्शनीय हुनेगरी आठ भागमा बाडियो । ती सात भागमा बाडिएका स्थानहरू जम्बुद्विप क्षेत्रमा अवस्थित रहेको छ भने एक भाग चाहिं नागहरूको राजाले रामग्राममा पुजा गर्न लगियो । ती मध्ये दन्त धातु त्रायतिंश देवलोकमा पुजा अर्चनाको लागि लगियो । एक भाग गान्धार शहरमा प्रतिस्थापित गरी पुजा गरियो भने कलिङ्गका राजाले पनि आफ्नो राज्यमा पुजा चढाए । अर्को नाग राजाहरूले पनि पुजाको लागि लगियो । यसरी बुद्धको पवित्र अस्थिधातु देव मनुष्यहरूले चिरकालसम्म दर्शन र पुजा अर्चना गर्नको लागि फैलिएर गयो । उहाँको पवित्र अस्थिधातु देवगण, मनुष्य, नाग र अरु श्रद्धावान् मानिसहरूले श्रद्धा विभोर भई पुजा गरे । अभिनन्दन गरे । बुद्धको प्रादुर्भाव दुर्लभ हुने भएकोले बुद्धको अस्थिधातु चिरकालसम्म गौरवमय हुने भयो । ४० प्रकारका दन्तधातु, केशधातु, शारीरिक रौं धातु भनी देवताहरूले छुट्याएर लोकमा पुजा अर्चनाको लागि प्रतिस्थापन गरिएको पनि वर्णन रहेको छ ।



https://dhamma.digital

# INTRODUCTION



## VEN. WERAGODA SARADA MAHA THERO

The rich and fertile history of mankind has yielded several human treasures that are for all time, and for all places. These universal beings have etched themselves in the collective memory of humanity by their victories, triumphs and conquests of peace, love and affection They stand out vividly, leagues above those so-called conquerors who waded through oceans of tears to reach thrones of blood for one passing moment in history's eternity.

The great men of mankind, who epitomize the positive and wholesome urges of life, are venerated as leaders of religious systems, saints, sages, seers, philosophers, men of letters, artists and scientists, who have illuminated the path of mankind's progress out of the morass of ignorance, into enlightened thinking in variegated fields. Of all those human beings who assisted the world of men and women to win the upper reaches of spiritual experience, discarding the gross and the grotesque, only a handful stand out as the greatest in terms of their service to man.

From among this limited and restricted coterie of such great personalities, who adorned the annals of man so far, who is the greatest man who ever lived? To anyone whose vision is not clouded by prejudices, and whose capacity for objective thinking is not impaired even slightly, there just cannot be any ambiguity about responding to this question. The greatest man who ever lived in this world of ours, dominating the whole of human history by his boundless compassion and unrestricted loving-kindness, is no other than the **Supreme Buddha**.

No other being in the whole of mankind has ever made such sacrifices as He has done in order to achieve liberation for Himself and for all men and women. The luxury He discarded in His unswerving quest for Truth, in His search for the ending of human suffering, is rarely paralleled, to say the least. Giving up even a trivial possession may prove an intensely troubling ordeal for ordinary men and women. But, what Prince Siddhartha turned his back on, was a golden cocoon of luxury that had been carefully choreographed by a fond royal father who would have gone to any extent to prevent the intrusion of life's sordid realities on his privileged son's pristine mind.

He renounced all that, and accepted an austere, ascetic way of life by choice. He tortured His body in a totally committed episode of intense self-mortification that lasted six gruelling years. His mission of forty-five years was an era of unprecedented challenge in the whole of man's spiritual progress.



https://dhamma.digital

The profile of the Supreme Buddha's life has been chartered in millions of books and other creative works. But, the subtleties and significant details of the events, incidents, episodes and encounters that make up his life as the Supreme Buddha, have been recorded at book-length only very rarely.

The present work has succeeded in delving deep into some very unlikely places in the Tipitaka (the Three Baskets) to explore aspects of the life of the Supreme Buddha that most of those spiritual chroniclers tend to miss. As a result of this sustained exercise this book has been able to reveal details that will, without any doubt, surprise most readers who had been persuading themselves that they knew everything that was to be known about the life of the Supreme Buddha.

The present work is inspired largely by the assiduous research done by late **Ven. Pandit Ganegama Saranankara Maha Thero** who, with his unmitigated devotion, viewed the life of the Buddha with an entirely fresh vision. Those who will recall this work will invariably experience an unusual spiritual joy when they explore this work with an ever sharpening sense of discovery. When the material mustered here is studied by the moderns, they will begin to appreciate that the Supreme Buddha is the greatest man who ever lived.

The views and concepts generated by the Supreme Buddha have an unfailing capacity to stand the test of time. They possess the potentiality to provide the proper responses to the challenges that emerge in each passing era. As is our publications habit we have illustrated the present work, too, with especially commissioned art-works. These illustrations visualize some of the stories, episodes and events in the life of the Buddha, with such vividness that these incidents come alive to those devotees who study this work.

Along with the main offering, which is **"The Greatest Man Who Ever Lived - The Supreme Buddha"** we offer in this work additional material of equal significance. One of the special segments of the present publication is the story of the Buddha's sacred relics. Since the epic of the dissemination of the Buddha's relics, through the length and the breadth of the Buddhist world, had its historical beginning in the Great Demise, we have included in this work a brief segment the **Mahā Parinibbāna Sutta** (the Discourse on the Great Demise of the Enlightened One).

The story of the Buddha's relics is a narration of the annals of the bodily relics of the Enlightened One. The immediate reason for the printing of this segment on the relics is the unprecedented Exposition of the Buddha's relics from India and Sri Lanka, at Phor Kark See Buddhist Temple, Bright Hill, Singapore. This Exposition is jointly sponsored by The Singapore Buddhist Meditation Centre and the Phor Kark See Buddhist Temple.

The primary intention in bringing out this book is to give a totally new vision of the life of the Buddha as "**The Greatest Man Who Ever Lived**". This book will establish beyond doubt, that the Supreme Buddha is truly a universal Man who is unchallenged and unparalleled in this stature. In our publications programme we have always had a special consideration for the younger generation or readers. Here, too, the illustrations, done on a very lavish scale, will attract the young ones, enabling them to take a lively interest in the life of the Buddha, as a personality who stands out as a universal spiritual Victor.

A work of this kind of complexity has inevitably to be the outcome of sustained team effort. As the author of this important publication, I have been blessed with the rare privilege of receiving the



https://dhamma.digital

dedicated and committed assistance of outstanding individuals and groups. Of those, I must make special mention of Mr. Edwin Ariyadasa, the well-known Media Expert of Sri Lanka who has been an integral part of our Institution as the Editor of our publications.

Equally important is the contribution of Mr. P. Wickramanayaka, eminent Sri Lankan Artist, who has consistently elevated the quality of our publications by his unique illustrations. My special sense of gratitude to Mr. Piyaratne Hewabatage has to be recorded here. His graphics and illustrations, for SBMC publications have given them a distinguished personality. The present work is partly an adjunct to the Relics Exposition Ceremony, organized by The Singapore Buddhist Meditation Centre in collaboration with Phor Kark See Temple, Bright Hill, Singapore.

I must acknowledge here the closest collaboration I was able to receive from the Phor Kark See Temple, for the publication of this significant work. It was their sponsorship that enabled this publication to be brought out as part of the Relics Exposition ceremony. While acknowledging the contribution made by Ven.Sik Kwang Sheng, chief administrator of Phor Kark See Temple. I must extend my thanks to young Mr. Shen Shi An of, Phor Kark See Temple, for his tireless coordinating effort.

As always, Mr. Sito Woon Chee, President and members of the Singapore Buddhist Meditation Centre have cooperated on this publication effort, with their usual enthusiasm and understanding.

**Among numerous supporters, who have made this a successful project, some names stand out. The total text was made print-ready by Ms. Ang Lian Swee (Sita), challenging the insistent imperatives of time. Sacrificing vast segments of her leisure, Ms. Ang Lian Swee saw to it that the text was available on time to the Author-Editor team for their scrutiny.**

Rev. Sunanda, kept urging everyone on, with an alert eye on all aspects of the progress of the work. A dynamic trio of female lay devotees, made up of Ms. Yeo Lee Choo, Ms. Tan Jiak Koon Janet and Ms.Terene Seow always found the time to attend to significant details that needed looking into. Ven. Wandurambe Sangharatana, assisted us with the proof of this publication. May much merit accrue to him, for that service to the Dhamma. To all those, who contributed towards the fulfillment of this Dhamma project, I wish happiness, good health and prosperity.

Dhamma.Digital

Metta Cittena

**Ven. Weragoda Sarada Maha Thero**
Chief Monk
Singapore Buddhist Meditation Centre
No. 1, Jalan Mas Puteh
Singapore 128607
8th May 1998.



https://dhamma.digital

## अनुवादकको संक्षिप्त परिचय :



नाम : भिक्षु निग्रोध (सिद्धार्थ)

बुबा : माईला महर्जन

आमा : बाँला महर्जन

आचार्य : भिक्षु ज्ञानपूर्णिक महास्थविर,
श्रामणेर उपाध्याय : भिक्षु बुद्धघोष महास्थविर,
उपसम्पदा उपाध्याय : सयादो उ पण्डिताभिवंस महास्थविर

e-mail: bhantez@gmail.com

| | | |
|---|---|---|
| ठेगाना | : | विश्व शान्ति विहार, मीनभवन, काठमाडौं |
| शिक्षा | : | एम.ए. (समाजशास्त्र, मानवशास्त्र) |
| जिम्मेवारी | : | उपप्रमुख- विश्व शान्ति विहार, प्रिन्सिपल विश्व शान्ति बौद्ध शिक्षालय<br>अध्यक्ष- थेरवाद बुद्धिष्ट ऐकेडमि, अध्यक्ष विपस्सना धम्माराम विहार, बडिखेल |
| सेवा | : | निवर्तमान उपाध्यक्ष- लुम्बिनी विकास कोष,<br>सचिव- अखिल नेपाल भिक्षु महासंघ<br>सह सचिव- नेपाल बौद्ध परियत्ति शिक्षा परिषद<br>पूर्व सचिव- बुद्ध विहार भृकुटी मण्डप, पूर्व प्रधानाध्यापक- सिद्धार्थ शिशु निकेतन<br>पूर्व कार्यकारिणी सदस्य- गुम्बा विहार शिक्षा परिषद्<br>सल्लाहकार सदस्य- बुद्धिष्ट सर्किट अफ नेपाल (BCN)<br>परिषद् सल्लाहकार सदस्य- ज्यापू समाज, यल: |
| General Secretary | : | **International Buddhist Conference, Lumbini-2014** |
| Exco Member | : | **International Council for the Day of Vesak (ICDV)** |
| Exco Member | : | **International Association of Buddhist University (IABU)** |
| Coordinator | : | **Pariyatti Dhamma Cup, Nationwide Buddhist Quiz Contest** |
| सचिव | : | विश्व शान्ति विहार संरक्षण समिति |
| अध्यक्ष | : | सुखीहोतु नेपाल, संरक्षक, वेलुवानाराम विहार, ठेचो |
| कृति | : | परियत्ति शिक्षा भाग-१ (प्रारम्भिक तह वर्षको पाठ्यपुस्तक)<br>परियत्ति शिक्षा भाग-२<br>परियत्ति शिक्षा भाग-३ |
| पूर्व सम्पादक | : | आनन्दभूमि बौद्ध मासिक पत्रिका, विभिन्न बौद्ध स्मारिका, विशेषाङ्क<br>सम्पादक- **Bhikshu Jnanapurnik; A Pictorial Retrospect** |
| सम्मान | : | धर्मशीला विद्वत वृत्ति वि.सं. २०६६, बोधिचक्र अवार्ड, थाइल्याण्ड, इ.सं.२०१८,<br>महासद्धम्म जोतिकधज इ.सं. २०२३ म्यानमार |
| भ्रमण | : | भारत, चिन, श्रीलंका, थाईल्याण्ड, म्यानमार, कम्बोडिया, भियतनाम, इण्डोनेसिया, मलेसिया, सिंगापुर, जापान, बङ्गलादेश, यु.के., जर्मन, फ्रान्स, स्पेन, ताईवान, आयरल्याण्ड । |

https://dhamma.digital